
# संस्कृत व्याकरणको रूपरेखा




डा. मतिप्रसाद ढकाल

ई-पुस्तकालयको प्रयोजनका लागि
२०७३।२।१६

# संस्कृत व्याकरणको रूपरेखा


**डा. मतिप्रसाद ढकाल**

*बिभागाध्यक्ष तथा सहप्राध्यापक*

नेपाल संस्कृत विश्वविद्यालय

कालिका संस्कृत विद्यापीठ (क्याम्पस)

गैंडाकोट, नवलपरासी



**आस्था आगम प्रकाशन**

गैंडाकोट, नवलपरासी

आस्था आगम प्रकाशनमालाको सप्तम पुष्प


| | | |
|---|---|---|
| कृति | : | संस्कृत व्याकरणको रूपरेखा |
| लेखक | : | डा.मतिप्रसाद ढकाल |
| विधा | : | व्याकरण (संस्कृत) |
| प्रकाशक | : | आस्था आगम प्रकाशन, गैंडाकोट न.पा.-१<br>नवलपरासी, ९८४९२७९४३१ |
| संस्करण | : | प्रथम |
| सर्वाधिकार | : | लेखकमा |
| प्रकाशन मिति | : | २०७५ वैशाख १७ बुद्धजयन्ती |
| प्रति | : | ५०० |
| कम्प्युटर/सेटिङ | : | लेखक स्वयम् |
| आवरण/मुद्रण | : | क्वालिटि प्रेस<br>भरतपुर–१०, चितवन, ०५६-५२६७०१<br>इमेल : qualitypress14@gmail.com |
| मूल्य | : | रू. ३७५।- (तीन सय पचहत्तर) |
| ISBN | : | 978-9937-0-4053-2 |


SANSKRIT VYAKARANA KO RUPREKHA

by

Dr. Mati Prasad Dhakal

# पाणिनीय व्याकरणको आधारभूत ज्ञान गराउने प्रयास

प्रा.डा.माधवशरण उपाध्याय

पौरस्त्य ज्ञानको संवाहक संस्कृत भाषा शिक्षणको मुख्य साधन व्याकरण नै मानिन्छ । वेदका ६ अङ्गहरूमा पनि व्याकरणलाई नै मुख्य अङ्गका रूपमा लिइएको पाइन्छ । कणाद मुनिद्वारा प्रतिपादित न्यायशास्त्र एवं पाणिनिमुनिप्रोक्त व्याकरण सबै शास्त्रका उपकारक हुन्, यिनको समग्र अध्ययन अपेक्षित छ र यिनमा त्याज्य अंश केही छैन भनेर पाणिनीय व्याकरणको महत्ता दर्शाइएको छ–

'काणादं पाणिनीयञ्च पदसाधुत्वलक्षणम् ।<br>
सर्वोपकारकं ग्राह्यं कृत्स्नं त्याज्यं न किञ्चन ।।'

यद्यपि यस्ता महत्त्वपूर्ण विषयको अध्ययन-अध्यापनमा कठिनताको अनुभव गरेर यसको अध्ययनलाई सरल र सुबोध्य बनाउन निकै प्रयासहरू गरिएका छन् र तिनबाट शिक्षार्थीहरू लाभान्वित पनि हुँदै आएका छन् तथापि अझै सरलतम पुस्तकको आवश्यकता अध्येताहरूमा भइ नै रहेको देखिन्छ । यसै क्रममा नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत कालिका संस्कृत विद्यापीठ, गैंडाकोटमा नव्यव्याकरण विषयको सहप्राध्यापक पदमा कार्यरत डा. मतिप्रसाद ढकालले पाणिनीय व्याकरणको प्रक्रियाक्रमको चिनारी दिनाका साथै 'वैयाकरणसिद्धान्तकौमुदी'अनुसारका विषयवस्तुको नेपाली भाषामा प्रस्तुति दिने प्रयासस्वरूप 'संस्कृत व्याकरणको रूपरेखा' नामक पुस्तक तयार गरेर पाण्डुलिपिको अध्ययन गर्ने अवसर जुटाइदिएकामा मलाई ज्यादै प्रसन्नताको अनुभव भएको छ ।

नेपाली भाषामा पाणिनीय व्याकरणका संज्ञा, सन्धि, सुबन्त, तिङन्त, कृदन्त, तद्धित, कारक र समासजस्ता प्रक्रियासम्बद्ध विषयवस्तुको प्रस्तुतिले पुस्तक निकै उपयोगी बनेको छ । लौकिक प्रक्रियासँग वैदिक प्रक्रिया र स्वरको समेत परिचय दिने प्रयासले यसलाई सर्वाङ्गपूर्ण बनाउन मद्दत पुऱ्याएको छ । यसप्रकारका कार्यले नेपालीभाषी सामान्य अध्येतालाई पनि पाणिनीय व्याकरणका प्रक्रियाहरूको आधारभूत ज्ञान गर्न सघाउ पुऱ्याउने निश्चित छ ।

डा. ढकालका यस्ता कार्यको विद्वत्समुदायबाट समुचित समादर हुनेछ भन्ने अपेक्षा राख्तै यस पुस्तकको प्रचारप्रसारका निमित्त शुभेच्छा व्यक्त गर्दछु ।

२०७५ वैशाख १०<br>
वाल्मीकि विद्यापीठ, काठमाडौं ।

# नेपालीमा लेखिएका संस्कृत व्याकरणको खाँचो

प्रा.डा.माधवप्रसाद पोखरेल

म आफ्नो गुरुकुलमा अनुसन्धान गर्ने चेलाहरूलाई के भन्दछु भने कसैले पिएचडी गर्ने भनेको उसले अनुसन्धान गर्न रोजेको विषयमा अद्वितीय हुने हो । अद्वितीय भनेको के हो भने उसले अनुसन्धान गरेका विषयमा ऊभन्दा जान्ने संसारमै कोही हुनु हुँदैन अर्थात् ऊ नै उसले अनुसन्धान गरेका विषयको उसका गुरुभन्दा पनि आधिकारिक विद्वान् हो । यसै हुनाले म आफूले नजानेको अथवा आफूलाई शङ्का लागेका ठाउँमा त्यस विषयमा अनुसन्धान गर्ने मेरै चेलाहरूलाई सोध्दछु । यस अर्थमा मेरा चेलाहरू नै पनि मैले सिकेको कुराका लागि मेरा गुरु हुन् । म उनीहरूलाई गुरुवत् सम्मानको व्यवहार गर्दछु । डा. मतिप्रसाद ढकाल मेरा त्यस्तै चेला हुन् । मैले उनका किताब र लेखहरूबाट सधैं केही न केही सिकेको छु । यसै शृङ्खलामा डा. ढकालले लेखेको संस्कृत व्याकरणको यस किताबबाट पनि मैले आफूले नजानेका र आफू अल्मलिएका धेरै कुरा सिक्न पाएँ । डा. ढकाललाई साधुवाद ।

डा. ढकालले संस्कृत व्याकरणको सन्धि नियममा पिएचडी गरेका हुन्, त्यसैले संस्कृत व्याकरण उनकै अधिकार क्षेत्र हो । संस्कृतमा पिएचडी र नेपालीमा पनि एमए गरेकाले उनले आफ्ना दुइटै गुरुकुलको सन्धि गरेर यस पुस्तकमा नेपाली भाषामा संस्कृत व्याकरण लेखेका छन् । पाणिनीय संस्कृत व्याकरणलाई सकेसम्म कसरी सजिलो पारेर विद्यार्थीहरूलाई सिकाउन सकिन्छ भन्ने साधना उनले यस किताबमा पनि गरेको देखिन्छ । उनले यसभन्दा अगाडि प्रकाशित गरेका पुस्तकहरूमा पनि उनको लेखकीय धर्म त्यही हो ।

नेपाली भाषालाई समृद्ध बनाउन डा. मतिप्रसाद ढकालजस्ता संस्कृत व्याकरणका विद्वान्हरूको ठूलो खाँचो छ किनभने लिखित नेपालीमा संस्कृत शब्दहरूको प्रयोग ६० प्रतिशतभन्दा कम छैन भन्ने मेरो अड्कल छ । त्यसो भएकाले नेपालीमा प्रयोग हुने संस्कृत शब्दहरू (कृदन्त, तद्धितान्त, समस्त, स्त्रीप्रत्ययान्त, णिजन्त आदि) को मानक अथवा शुद्ध रूप के हुन्छ र ती शब्दहरू कुन व्याकरणले सिद्ध हुन्छन् भन्ने कुरो संस्कृत व्याकरण नपढेका नेपाली पढाउने गुरुहरूले बुझ्ने गरी सिकाउने किताबहरुको नेपालीमा धेरै खाँचो छ । त्यस्ता शब्दहरूको निर्माणपद्धति कसरी सकेसम्म सजिलो पारेर सिकाउन र बुझाउन सकिन्छ भन्ने कुराको खोजी गर्ने, लेख्ने र अभ्यास तथा प्रचार गराउने जिम्मा राष्ट्रले मति ढकाल जस्तै संस्कृत व्याकरणका निष्णातहरूलाई सुम्पेको छ

यस्तो कुरो हाम्रो सरकारले चाल पाउने सम्भावना म देख्तिनँ तर हरेक नेपाली आफ्नो राष्ट्रको स्वघोषित राजदूत हो भन्ने मलाई लाग्छ, त्यसैले सरकारले चाल पाएन भने पनि जान्ने विद्वान्हरूको यो कर्तव्य हो भन्ने ठानेर आफ्नै निरन्तर तपस्यामा डा. ढकालजस्ता व्याकरणविद्हरू लागिरहून् भन्ने मेरो शुभकामना छ । मति ढकालले यसभन्दा अगाडि प्रकाशित गरेका किताबमा पनि नेपाली भाषामा प्रचलित संस्कृत शब्दहरूका उदाहरण भ्याउने गरी संस्कृत र प्राकृत भाषाका नियमहरू लेखेका छन् । डा. ढकालको यो मार्ग प्रशस्त होस् ।

डा. मतिप्रसाद ढकालले नेपाली भाषाको शक्ति चाल पाएका छन् । त्यसैले संस्कृत विश्वविद्यालयले नेपालीलाई भन्दा संस्कृत भाषामा लेखेका अनुसन्धानपत्रलाई बढ्ता प्राथमिकता दिएको भए पनि उनले नेपाली भाषाको अनौ समाउन छोडेका छैनन् । मेरा विचारमा नेपालमा नेपाली भाषाका पाठक जति छन्, त्यति अङ्ग्रेजी भाषाका छैनन् अनि संस्कृत भाषाका पाठक त संस्कृत विश्वविद्यालयकै प्राध्यापकहरू पनि छैनन् । मेरा मूल्याङ्कनमा अहिले संस्कृत विश्वविद्यालयका स्नातकहरू संस्कृतमा त्यति नै कमजोर छन्, जति अङ्ग्रेजी अनिवार्य गर्ने अरू विश्वविद्यालयका स्नातकहरू अङ्ग्रेजीमा कमजोर छन् । यस्ता अवस्थामा नेपालमा न संस्कृत माध्यममा लेखेका किताब संस्कृतका स्नातकहरूले पढ्छन्, न अङ्ग्रेजी माध्यममा लेखेका किताब अङ्ग्रेजी अनिवार्य गर्ने विश्वविद्यालयका स्नातकहरूले पढ्न सक्छन् । यस्ता अवस्थामा डा. मति ढकालले रोजेको नेपाली माध्यमको बजार नै सबभन्दा फराकिलो छ । यसै परिप्रेक्ष्यमा डा. ढकालको नेपाली माध्यममा लेखेको संस्कृत व्याकरणको म उच्च मूल्याङ्कन गर्दछु । यस्ता सरल किताबको अझै खाँचो छ । यस्ता किताबको अभिमुखीकरण र स्तुतीकरण अझ धेरै हुँदै जानु आवश्यक छ ।

२०७५ वैशाख ६ गते
सानेपा, ललितपुर ।

# महासागरबाट एक अँजुली जल

पाणिनीय संस्कृत व्याकरण विश्वकै अद्वितीय र वैज्ञानिक व्याकरण मानिन्छ । यसका अष्टाध्यायीक्रम, प्रक्रियाक्रम र दार्शनिकक्रम गरी मुख्यत: तीन परम्पराहरू विकसित भएका पाइन्छन् । तीमध्ये तुलनात्मक रूपमा प्रक्रियाक्रम नै व्यवहारमा बढ्ता उपयोगी रहेको देखिन्छ । आठ अध्याय र प्रत्येक अध्यायभित्र पनि चार चार पाउमा विभक्त पाणिनीय 'अष्टाध्यायी'का सूत्रहरूको क्रमिक अध्ययनको शृङ्खला अध्येताहरूका लागि कठिन बन्दै गएपछि यथासम्भव सरल र सहज किसिमले छिटोछरितो रूपमा शब्दनिर्माण गर्ने उद्देश्यले अपेक्षित सूत्रहरूलाई एकै ठाउँमा राखेर अध्ययन गर्ने प्रक्रियाक्रम पद्धतिले क्रमश: अध्येताहरूलाई आकृष्ट गर्दै गयो । फलस्वरूप १६ औं शताब्दीपछि पाणिनीय व्याकरणको सम्पूर्ण पठनपाठन प्रक्रियाक्रमद्वारा हुन थालेको हो र त्यो क्रम अद्यावधि जीवन्त रहँदै आएको छ ।

पाणिनीय व्याकरणको परम्परामा प्रक्रियाक्रमको प्रारम्भ धर्मकीर्तिले 'रूपावतार' ग्रन्थबाट गरेका हुन् । यही ग्रन्थ प्रक्रियाकौमुदी, सिद्धान्तकौमुदी आदि ग्रन्थहरूको मूल आधार मानिन्छ । 'रूपावतार' दुई भागमा विभक्त छ । सुबन्तसँग सम्बद्ध पहिलो भागमा संज्ञावतार, संहितावतार, विभक्त्यवतार, अव्ययावतार, स्त्रीप्रत्ययावतार, कारकावतार, समासावतार र तद्धितावतार गरी आठ प्रकरणहरू रहेका छन् । त्यस्तै तिङन्तसँग सम्बद्ध 'धातुप्रत्ययपञ्चिका' नामक दोस्रो भागमा सार्वधातुकपरिच्छेद, आर्धधातुकपरिच्छेद र कृदन्तपरिच्छेद गरी मुख्यत: तीन प्रकरणहरू रहेका छन् । सार्वधातुकपरिच्छेदमा लट्, लङ्, विधिलिङ् र यक् प्रत्ययको चर्चा छ भने आर्धधातुकपरिच्छेदमा लिट्, लुङ्, लुट्, आशीर्लिङ्, भावकर्मलिङ्, चिण्वद्भाव, सन्नन्त, यङन्त, यङ्लुक्, णिच्, प्रत्ययमाला, सुब्धातु र तिङ्विभक्त्यर्थको अध्ययन गरिएको छ । कृदन्तपरिच्छेद कृत्य प्रकरण र कृत् प्रकरणमा विभक्त छ । यसरी सिद्धान्तकौमुदी आदि ग्रन्थको प्रकरणविभाजन र शब्दनिर्माणको वीनतम पद्धतिको मुहान धर्मकीर्तिको रूपावतारमा भेट्न सकिन्छ ।

आचार्य विमलसरस्वतीले 'रूपमाला'को रचना गरेका छन्, जसमा २०१९ वटा पाणिनीय सूत्रहरूको व्याख्यान गरिएको छ । यसमा प्रौढ विद्वान्हरू रमाउने कठिन पक्षहरूको चर्चा नगरी बालमस्तिष्क रमाउने सरलतम पक्षहरूको मात्र उल्लेख गरिएको छ । वरदराजाचार्यले लघुसिद्धान्तकौमुदीको रचना गर्दा रूपमालाको प्रकरणक्रमको पर्याप्त अनुसरण गरेका छन् ।

आचार्य रामचन्द्रले 'प्रक्रियाकौमुदी'मा स्वरवैदिक प्रकरणबाहेकका प्राय: सबै पाणिनीय सूत्रहरूको व्याख्या गरेका छन् । यसमा अत्यन्त सरल पद्धति र सरल शब्दहरूको आश्रय लिइएको छ । भट्टोजिदीक्षितले यही ग्रन्थको पर्याप्त प्रेरणा र प्रोत्साहन प्राप्त गरेर सिद्धान्तकौमुदीको रचना गरेका हुन् ।

नारायणभट्टले 'प्रक्रियासर्वस्व'मा पाणिनिका सम्पूर्ण सूत्रहरूको व्याख्या गरेका छन् । २० खण्डमा विभक्त यस ग्रन्थमा हालसम्म १–६ खण्डमात्र प्रकाशित छन् र तिनको अध्ययन गर्दा यो ग्रन्थ सिद्धान्तकौमुदीभन्दा पनि विस्तृत रहेको पुष्टि हुन्छ । केरलाका राजा देवनारायणबाट पाणिनिका सम्पूर्ण सूत्रहरूको स्पष्ट र सारगर्भित व्याख्या गर्ने आदेश प्राप्त भएका कारण नारायणभट्टले ६० दिनमा यसको रचना गरेर आफ्नो विलक्षण प्रतिभाको परिचय दिएका थिए । प्रक्रियासर्वस्व ग्रन्थका २० खण्ड वा प्रकरणहरू यसप्रकार छन् : संज्ञा, परिभाषा, सन्धि, कृत्, तद्धित, समास, स्त्रीप्रत्यय, सुबर्थ, सुब्विधि, आत्मनेपदविभाग, तिङ्, लार्थविशेष, सन्नन्त, यङ्, यङ्लुक्, सुब्धातु, न्याय, धातु, उणादि र वैदिक । व्याकरणशास्त्रले भाषागत उपयोगिताको व्याख्या गर्न सक्छ तर भाषामा शासन गर्न सक्तैन भन्ने उनको मान्यता रहेको थियो ।

भट्टोजिदीक्षितले 'वैयाकरणसिद्धान्तकौमुदी'मा वैदिक प्रक्रियाका २६३ सूत्र, स्वरप्रक्रियाका ३२९ सूत्र र लौकिक प्रक्रियाका ३६८६ सूत्र गरी अष्टाध्यायीका सम्पूर्ण ३९७८ सूत्रहरूको व्याख्यान गरेका छन् । लौकिक र वैदिक दुवै प्रक्रियाबाट पाणिनीय सम्पूर्ण सूत्र र कात्यायनका प्रक्रियोपयोगी सम्पूर्ण वार्तिकहरूको सर्वाङ्गपूर्ण व्याख्यान गरिएकाले यसको लोकप्रियता अद्यावधि कायम रहँदै आएको छ । यसमा संज्ञाप्रकरणदेखि स्वरप्रक्रियासम्मका १४ वटा प्रकरणहरू समावेश गरिएका छन् । भट्टोजिदीक्षितले यी प्रकरणहरूमा रूपसिद्धिप्रक्रियाको मात्र विवेचना नगरी व्याकरणसिद्धान्तहरूको पनि प्रासङ्गिक गम्भीर विश्लेषण गरेका कारण कौमुदी शब्दसँगै 'सिद्धान्त' शब्द जोड्नुको सार्थकता देखिन्छ । उनले प्रारम्भमा अष्टाध्यायीक्रमकै अनुसरण गरी 'शब्दकौस्तुभ' नामक ग्रन्थको रचना गरे पनि पछि आएर उनको ध्यान प्रक्रियाक्रमतर्फ आकृष्ट भएकाले यसैमा समर्पित भएर उनले 'वैयाकरणसिद्धान्तकौमुदी'को रचना गरेका हुन् ।

सिद्धान्तकौमुदीको रचना भइसकेपछि क्रमशः जनसमुदायले व्याकरणका सिद्धान्तलाई भन्दा पनि मुख्य नियमहरूलाई मात्र बुझ्न आफूलाई सीमित गर्दै गएका कारण सिद्धान्तकौमुदीको साररूपमा छुट्टै ग्रन्थको रचना गर्नुपर्ने आवश्यकता देखियो । यही आवश्यकतालाई दृष्टिगत गरी वरदराजाचार्यले विशेषतः धर्मकीर्तिको 'रूपावतार'लाई आधार बनाएर १२७२ वटा पाणिनीय सूत्रहरू समावेश गरी 'लघुसिद्धान्तकौमुदी'को रचना गरेका हुन् । 'लघुसिद्धान्तकौमुदी'बाट पाणिनीय व्याकरणको प्रारम्भिक ज्ञान हासिल गरिसकेका विद्यार्थीहरूका लागि 'सिद्धान्तकौमुदी' पढ्न कठिन नहोस् भन्नका लागि वरदराजाचार्य नै लघु र सिद्धान्त दुवैको सेतुका रूपमा २३१५ सूत्रहरू समावेश गरी 'मध्यसिद्धान्तकौमुदी'को रचना गर्न अग्रसर भएका हुन् । लघु र मध्य दुवै कौमुदीको रचनाबाट पनि सन्तुष्ट नभएर वरदराजाचार्यले ७५० वटा पाणिनीय सूत्रहरू समावेश गरी 'सारसिद्धान्तकौमुदी' को रचना गरे । तत्कालीन केही शैक्षिक संस्थाहरूले यसलाई पाठ्यक्रममा राखे पनि सिद्धान्तकौमुदीको अत्यन्त सङ्क्षिप्त र दुरुह भएका कारण लघुसिद्धान्तकौमुदी र मध्यसिद्धान्तकौमुदीले झैं यसले लोकप्रियता कायम गर्न सकेन ।

सिद्धान्तकौमुदीलाई साररूपमा ग्रहण गर्ने परम्पराको विकास भइरहे पनि नेपालका विद्वान् सोमनाथ सिग्द्यालले सिद्धान्तकौमुदीलाई नै आधार बनाएर स्वरप्रक्रिया र वैदिकप्रक्रियाका सूत्रहरूबाहेक लौकिकप्रक्रियाका ३६८६ सूत्रहरू समावेश गरी 'प्रतिसंस्कृता सिद्धान्तकौमुदी'को रचना गरे । यसमा उनले सिद्धान्तकौमुदीका प्रक्रियापद्धति र सैद्धान्तिक निर्णयहरूमाथि विशेष विचार गरेर आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरेका छन् । कौमुदीमा अपेक्षित विषयहरूको मात्र सन्निवेश हुनु, प्रक्रियाका क्रममा ग्रन्थलाई दुरुह बनाउने गरी आएका फक्किकाहरूलाई परित्याग गरी कौमुदीलाई सरल र लाघव बनाउनु र महाभाष्य, शेखर आदि ग्रन्थबाट प्रामाणिक प्रसङ्गहरू यथास्थानमा समावेश गराएर सिद्धान्तकौमुदीलाई प्रतिसंस्कार गर्नु यसका मुख्य विशेषता मानिन्छन् । नेपालका विद्वान्द्वारा तयार गरिएको प्रस्तुत ग्रन्थलाई भारतीय विद्वान्हरूले उच्च मूल्याङ्कनका साथ प्रशंसा गर्नु (पाण्डेय, २०५८, पृ.२३७–२५२) तर नेपालका संस्कृत शिक्षणसंस्थाहरूमा पाठ्यक्रममा समावेश नहुनु र नेपालभित्रै यसको विशेष चर्चा-परिचर्चा एवं मूल्याङ्कन पनि हुन नसक्नु गम्भीर चिन्ताको विषय हो ।

अन्तमा, नेपालमा लोपोन्मुख र प्रचलित विविध भाषाहरूको अध्ययन एवं अनुसन्धानका सन्दर्भमा संस्कृत व्याकरणको महत्त्व र उपयोगिता अप्रत्यक्ष रूपमा दिनानुदिन बढ्दै गएको छ । नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतका विद्यापीठ (क्याम्पस) हरूमा र गुरुकुल तथा संस्कृत माध्यमिक विद्यालयहरूमा समेत अद्यावधि 'लघुसिद्धान्तकौमुदी'देखि 'वैयाकरणसिद्धान्तकौमुदी'सम्म र त्यसका व्याख्यात्मक ग्रन्थहरूको समेत पठनपाठन हुँदै आएको छ । नव्यव्याकरण मूल विषय लिएर वा अन्य संस्कृत विषय लिई संस्कृत अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि मात्र होइन संस्कृत व्याकरणको अध्यापन गराइरहेका शिक्षक र संस्कृत व्याकरणको आधारभूत ज्ञान हासिल गर्न चाहनेहरूका लागि समेत सन्दर्भ सामग्रीका रूपमा उपयोग हुन सकोस् भन्ने उद्देश्यले यस पुस्तकको लेखन, सम्पादन तथा प्रकाशन गरिएको हो । साथै नेपाली र अङ्ग्रेजी विषय अध्यापन गराइरहेका भाषागत शिक्षकका लागि पनि यो पुस्तक केही मात्रामा उपयोगी हुनेछ भन्ने अपेक्षा राखिएको छ । पाणिनीय व्याकरणमा आधारित 'प्रारम्भिक संस्कृत व्याकरण र रचना' (२०५६) नामक पहिलो पुस्तक प्रकाशन गरेको १९ वर्षपछि तिर्खाएर मैले 'वैयाकरणसिद्धान्तकौमुदी'रूपी महासागरबाट एक अँजुली जल ल्याउने यस किसिम धृष्टता गरेको हुँ । यसका लागि महत्त्वपूर्ण मार्गनिर्देशनसहित गहनतम भूमिका लेखिदिएर कृति प्रकाशनका लागि मेरो हौसला बढाइदिनुहुने पूजनीय गुरुद्वय प्रा.डा.माधवशरण उपाध्यायज्यू र प्रा.डा.माधवप्रसाद पोखरेलज्यूप्रति कृतज्ञतापूर्वक हार्दिक आभार प्रकट गर्दछु । साथै प्रकाशनका लागि बालसुलभ उत्साह देखाउने आस्था आगम प्रकाशनलाई हार्दिक धन्यवाद दिन्छु ।

विनीत

डा.मतिप्रसाद ढकाल

२०७५ वैशाख १७ बुद्धजयन्ती

गैंडाकोट-१, नवलपरासी ।

# विषय-सूची


## १. विषय-प्रवेश १५–१७

| | | |
|---|---|---|
| १.१ | मुनित्रयको परिचय | १५ |
| १.२ | प्राचीन व्याकरण र नव्यव्याकरण | १५ |
| १.३ | कौमुदीको परिचय | १५ |
| १.४ | मङ्गलाचरण | १६ |
| १.५ | प्रत्याहार सूत्र | १६ |
| १.६ | प्रत्याहारको निर्माण | १७ |

## २. संज्ञा प्रकरण १८–२६

इत्, लोप, प्रत्याहार, ह्रस्व, दीर्घ, प्लुत, उदात्त, अनुदात्त, स्वरित, अनुनासिक र सवर्ण संज्ञा, वर्णहरूका उच्चारण स्थानहरू, यत्न र यसका प्रकारहरू, आभ्यन्तर प्रयत्नका प्रकारहरू, बाह्य यत्नका प्रकारहरू, घोषत्वका आधारमा बाह्य यत्नका प्रकारहरू, प्राणत्वका आधारमा बाह्य यत्नका प्रकारहरू, सवर्णग्राहक, समकाल, वृद्धि, गुण, धातु, निपात, उपसर्ग, गति, संहिता, पद, संयोग, टि, प्रातिपदिक, विभक्ति, सम्बुद्धि, अङ्ग, सर्वनाम, सर्वनामस्थान, पद, भ, घि, उपधा, अपृक्त, नदी, सम्प्रसारण, उपसर्जन, उपपद, सार्वधातुक, आर्धधातुक, अभ्यास र कृत् संज्ञा ।

## ३. परिभाषा प्रकरण २७–२९

## ४. सन्धि प्रकरण ३०–५०

| | | |
|---|---|---|
| ४.१ | अच्सन्धि | ३० |
| | ४.१.१ यण्सन्धि | ३१ |
| | ४.१.२ अयादिसन्धि | ३१ |
| | ४.१.३ गुणसन्धि | ३२ |
| | ४.१.४ वृद्धिसन्धि | ३३ |
| | ४.१.५ पररूपसन्धि | ३४ |
| | ४.१.६ सवर्णदीर्घसन्धि | ३४ |
| | ४.१.७ पूर्वरूपसन्धि | ३५ |
| ४.२ | प्रकृतिभाव सन्धि | ३६ |
| | ४.२.१ प्लुत प्रकृतिभावसन्धि | ३६ |
| | ४.२.२ प्रगृह्य प्रकृतिभावसन्धि | ३६ |

| | | |
|---|---|---|
| | ४.२.३ इक् प्रकृतिभावसन्धि | ३७ |
| | ४.२.४ अक् प्रकृतिभावसन्धि | ३७ |
| ४.३ | हल्सन्धि | ३७ |
| | ४.३.१ श्चुत्वसन्धि | ३७ |
| | ४.३.२ ष्टुत्वसन्धि | ३८ |
| | ४.३.३ जश्त्वसन्धि | ३८ |
| | ४.३.४ अनुनासिकसन्धि | ३९ |
| | ४.३.५ परसवर्णसन्धि | ३० |
| | ४.३.६ पूर्वसवर्णसन्धि | ४१ |
| | ४.३.७ छत्वसन्धि | ४२ |
| | ४.३.८ चर्त्वसन्धि | ४२ |
| | ४.३.९ अनुस्वारसन्धि | ४३ |
| | ४.३.१० रुत्वसन्धि | ४३ |
| | ४.३.११ आगमसन्धि | ४४ |
| ४.४ | विसर्गसन्धि | ४६ |
| | ४.४.१ विसर्गको विसर्गसन्धि | ४६ |
| | ४.४.२ विसर्गको षत्वसन्धि | ४६ |
| | ४.४.३ विसर्गको सत्वसन्धि | ४७ |
| ४.५ | स्वादिसन्धि | ४८ |
| | ४.५ १ रुत्वसन्धि | ४८ |
| | ४.५.२ उत्वसन्धि | ४९ |
| | ४.५.३ यत्वसन्धि | ४९ |
| | ४.५.४ दीर्घसन्धि | ४९ |
| | ४.५.५ लोपसन्धि | ५० |
| | **५. सुबन्त प्रकरण** | ५१–७१ |
| ५.१ | अजन्तपुंल्लिङ्ग प्रकरण | ५२ |
| | ५.१.१ अकारान्त पुंल्लिङ्गी राम शब्द र सर्व शब्द | ५२ |
| | ५.१.२ आकारान्त पुंल्लिङ्गी विश्वपा शब्द र हाहा शब्द | ५५ |
| | ५.१.३ इकारान्त पुंल्लिङ्गी हरि शब्द र उकारान्त गुरु शब्द | ५६ |
| | ५.१.४ ईकारान्त बहुश्रेयसी शब्द र ऊकारान्त स्वभू शब्द | ५८ |
| | ५.१.५ ऋकारान्त पुंल्लिङ्गी पितृ शब्द र धातृ शब्द | ६० |
| | ५.१.६ ओकारान्त पुंल्लिङ्गी गो शब्द र ऐकारान्त रै शब्द | ६२ |

५.२ अजन्तस्त्रीलिङ्ग प्रकरण ६३

५.२.१ आकारान्त स्त्रीलिङ्गी रमा शब्द र सर्वा शब्द ६३

५.२.२ इकारान्त स्त्रीलिङ्गी मति शब्द र ईकारान्त नदी शब्द ६४

५.२.३ स्त्रीलिङ्गी त्रि, चतुर् र स्त्री शब्द ६५

५.३ अजन्तनपुंसकलिङ्ग प्रकरण ६६

५.३.१ अकारान्त नपुंसकलिङ्गी ज्ञान शब्द र इकारान्त वारि शब्द ६६

५.३.२ इकारान्त नपुंसकलिङ्गी दधि शब्द र उकारान्त मधु शब्द ६७

५.४ हलन्तपुंल्लिङ्ग प्रकरण ६८

५.४.१ इकारान्त विद्यार्थिन् शब्द र तकारान्त महत् शब्द ६८

५.४.२ तकारान्त श्रीमत् शब्द र बुद्धिमत् शब्द ६९

५.५ हलन्तस्त्रीलिङ्ग प्रकरण ७०

५.६ हलन्तनपुंसकलिङ्ग प्रकरण ७०

५.७ अव्यय प्रकरण ७१

## ६. स्त्रीप्रत्यय प्रकरण ७२–७४

टाप्, ङीप्, ङीष्, ङीन् र ति प्रत्यय

## ७. कारक प्रकरण ७५–८०

७.१ कर्ता कारक र प्रथमा विभक्ति ७५

७.२ कर्म कारक र द्वितीया विभक्ति ७६

७.३ करण कारक र तृतीया विभक्ति ७८

७.४ सम्प्रदान कारक र चतुर्थी विभक्ति ७८

७.५ अपादान कारक र पञ्चमी विभक्ति ७९

७.६ षष्ठी विभक्ति ८०

७.७ अधिकरण कारक र सप्तमी विभक्ति ८०

## ८. समास प्रकरण ८१–९०

८.१ अव्ययीभाव समास ८१

८.२ तत्पुरुष समास ८३

८.२.१ विभक्ति तत्पुरुष समास ८३

८.२.२ नञ् तत्पुरुष समास ८५

८.२.३ प्रादि तत्पुरुष समास ८६

८.२.४ उपपद तत्पुरुष समास ८६

८.३ कर्मधारय समास ८६
८.४ द्विगु समास ८७
८.५ बहुव्रीहि समास ८८
८.५.१ समानाधिकरण बहुव्रीहि समास ८८
८.५.२ व्यधिकरण बहुव्रीहि समास ८८
८.६ द्वन्द्व समास ८९
८.६.१ इतरेतर द्वन्द्व समास ९०
८.६.२ समाहार द्वन्द्व समास ९०

## ९. तद्धित प्रकरण ९१–९३

अण्, इञ्, ढक्, छ, ठञ्, यत्, त्व, तल्, मतुप्, इनि, ठन्, तसिल्, त्रल् र च्वि प्रत्यय

## १०. तिङन्त प्रकरण ९४–१०९

१०.१ भ्वादि प्रकरण ९५
१०.१.१ परस्मैपदी भू धातुका प्रमुख रूपहरूको सिद्धिप्रक्रिया ९५
१०.१.२ आत्मनेपदी एध् धातुका प्रमुख रूपहरूको सिद्धिप्रक्रिया १०१
१०.१.३ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत १०५
१०.२ अदादि प्रकरण ११०
१०.२.१ हन् धातुका रूपहरू ११०
१०.२.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत ११०
१०.३ जुहोत्यादि प्रकरण ११२
१०.३.१ दा धातुका रूपहरू ११२
१०.३.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत ११२
१०.४ दिवादि प्रकरण ११३
१०.४.१ दिव् धातुका रूपहरू ११३
१०.४.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत ११३
१०.५ स्वादि प्रकरण ११५
१०.५.१ चि धातुका रूपहरू ११५
१०.५.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत ११५
१०.६ तुदादि प्रकरण ११६
१०.६.१ लिख् धातुका रूपहरू ११६
१०.६.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत ११६

१०.७ रुधादि प्रकरण ११८
१०.७.१ भिद् धातुका रूपहरू ११८
१०.७.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत ११८
१०.८ तनादि प्रकरण ११९
१०.८.१ कृ धातुका रूपहरू ११९
१०.८.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत ११९
१०.९ क्र्यादि प्रकरण १२०
१०.९.१ क्री धातुका रूपहरू १२०
१०.९.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत १२०
१०.१० चुरादि प्रकरण १२२
१०.१०.१ चुर् धातुका रूपहरू १२२
१०.१०.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत १२२
१०.११ णिच् प्रकरण १२५
१०.१२ सन् प्रकरण १२६
१०.१३ नामधातु प्रकरण १२७
१०.१४ भावकर्म प्रकरण १२८

**११. कृदन्त प्रकरण** १२९–१४०

११.१ कृत्य प्रकरण १२९
तव्यत्, तव्य, अनीयर्, यत्, क्यप् र ण्यत् प्रत्यय ।
११.२ पूर्वकृदन्त प्रकरण १३०
ण्वुल्, तृच्, ल्यु, णिनि, अच्, क, अण्, ट, क्विप्, क्त, क्तवतु, शतृ, शान्, ष्वुन्, घिनुण्, आलुच्, ष्ट्रन् र इत्र प्रत्यय ।
११.३ उत्तरकृदन्त प्रकरण १३५
उण्, तुमुन्, ण्वुल्, घञ्, अच्, अप्, क्तिन्, अ, अङ्, युच्, ल्युट्, क्त्वा, ल्यप् र णमुल् प्रत्यय ।

**१२. स्वरवैदिक प्रकरण** १४१–१४२

१२.१ वैदिक प्रकरण १४१
१२.२ स्वर प्रकरण १४२

**सन्दर्भ कृति-सूची** १४३

# १. विषय-प्रवेश

## १.१ मुनित्रयको परिचय

महर्षि पाणिनिले करिब चार हजार सूत्रहरू भएको 'अष्टाध्यायी' ग्रन्थ लेखे । कात्यायनले तिनै सूत्रहरूको विवेचना गर्दै करिब सात हजार 'वार्तिक'हरू बनाए । पतञ्जलिले तिनै सूत्र र वार्तिकहरूको सूक्ष्मतम विचारविमर्श गर्दै 'महाभाष्य'को रचना गरे । यिनी तीन मुनिले रचना गरेको समष्टि व्याकरण नै विश्वभर पाणिनीय व्याकरणका नामले प्रसिद्ध छ भने यसका रचनाकार तथा व्याख्याता तीनै मुनिहरू 'त्रिमुनि' का नामले प्रसिद्ध छन् । यी तीन मुनिहरूमध्ये पाणिनिभन्दा कात्यायन र कात्यायनभन्दा पनि पतञ्जलिका विचारहरू बढ्ता प्रामाणिक मानिन्छन् ।

## १.२ प्राचीन व्याकरण र नव्यव्याकरण

ऐतिहासिक विकासक्रमसँगै पाणिनीय व्याकरणको परम्परामा शब्दनिर्माणप्रक्रियाको मान्यतालाई विशेष महत्त्व दिँदै रामचन्द्र, भट्टोजिदीक्षित आदिले प्रक्रियापद्धतिको प्रारम्भ गरे । अष्टाध्यायी पद्धतिमा आधारित पठनपाठनको परम्परालाई 'प्राचीन व्याकरण' र प्रक्रिया वा कौमुदी पद्धतिमा आधारित पठनपाठनको परम्परालाई 'नव्यव्याकरण'का नामले चिन्न थालियो । वर्तमान समयमा प्राचीन व्याकरणको पठनपाठन परम्परा प्रायः लुप्त भइसकेको छ भने नव्यव्याकरणको पठनपाठन परम्परा कायमै रहेको छ ।

## २.३ कौमुदीको परिचय

नव्यव्याकरणको परम्परामा लघु, मध्य र सिद्धान्त गरी तीन किसिमका कौमुदीहरूको पठनपाठन हुने गरेको छ । चन्द्रमाको प्रकाशलाई कौमुदी भनिन्छ । सानो भएर पनि सिद्धान्तकौमुदीको फल दिनसक्ने भएकाले 'लघुसिद्धान्तकौमुदी' भनिएको हो । न सानो न ठूलो मध्यमस्तरको कौमुदी भएकाले 'मध्यसिद्धान्तकौमुदी' नाम राखिएको हो । पाणिनीय व्याकरणका प्रक्रियागत सम्पूर्ण सिद्धान्तको समावेश गरिएको ग्रन्थलाई 'वैयाकरणसिद्धान्तकौमुदी' भनिएको हो । कौमुदीलाई मुख्यतः संज्ञा, परिभाषा, सन्धि, सुबन्त, स्त्रीप्रत्यय, कारक, समास, तद्धित, तिङन्त र कृदन्त गरी १० प्रकारमा विभाजन गरिएको छ । विशेषतः प्रारम्भिक तहका विद्यार्थीहरूले वरदराजाचार्यद्वारा तयार पारिएको १२७२ वटा सूत्रहरू समावेश भएको लघुसिद्धान्तकौमुदी पढ्दछन्, माध्यमिक तहका विद्यार्थीहरूले वरदराजाचार्यद्वारा नै निर्माण गरिएको २३१५ वटा सूत्रहरू समावेश भएको मध्यसिद्धान्तकौमुदीको अध्ययन गर्दछन् भने उच्च तहका विद्यार्थीहरूले भट्टोजदीक्षितद्वारा तयार पारिएको ३९७८ वटा सूत्रहरू समावेश भएको सिद्धान्तकौमुदीको अध्ययन गर्दै आएका छन् । यसै सन्दर्भमा यहाँ तीनै किसिमका कौमुदीहरूको सारसङ्क्षेपमा आधारित रहेर संस्कृत व्याकरणको रूपरेखा तयार पार्ने प्रयत्न गरिएको छ ।

### १.४ मङ्गलाचरण

'नत्वा सरस्वती देवी शुद्धां गुण्यां करोम्यहम् । पाणिनीयप्रवेशाय लघुसिद्धान्त कौमुदीम् ।।' अर्थात् म वरदराजाचार्यले दोषरहित र प्रशस्त गुणले युक्त भएकी सरस्वती देवी लाई नमस्कार गरेर बालकहरूको पाणिनीय व्याकरणशास्त्रमा प्रवेशका लागि लघु भएर पनि सिद्धान्तकौमुदीको फल दिनसक्ने कौमुदीको रचना गर्दछु भनेर लघुसिद्धान्तकौमुदीको मङ्गलाचरण गरेका छन् । त्यसैगरी वरदराजले 'नत्वा वरदराज: श्रीगुरून् भट्टोजिदीक्षितान् । करोति पाणिनीयानां मध्यसिद्धान्तकौमुदीम् ।।' अर्थात् आफ्ना पूज्य गुरु श्रीभट्टोजिदीक्षितलाई प्रणाम गरेर पाणिनीय व्याकरण पढ्ने विद्यार्थीहरूका लागि मध्यमस्तरको भएर पनि सिद्धान्तकौमुदीको फल दिनसक्ने कौमुदीको रचना गर्दछु भनेर मध्यसिद्धान्तकौमुदीको मङ्गलाचरण गरेका छन् । यसैगरी भट्टोजिदीक्षितले 'मुनित्रयं नमस्कृत्य तदुक्ती: परिभाव्य च । वैयाकरणसिद्धान्तकौमुदीयं विरच्यते ।।' अर्थात् पाणिनि, कात्यायन र पतञ्जलि तीनै मुनिहरूलाई नमस्कार गरी उनीहरूका विचारहरूलाई समेत राम्रोसँग चिन्तन गरेर वैयाकरणसिद्धान्तकौमुदी नामक ग्रन्थको रचना गर्दछु भनी सिद्धान्तकौमुदीको मङ्गलाचरण गरेका छन् ।

### १.५ प्रत्याहारसूत्र

| | | | |
|---|---|---|---|
| १. अइउण् | २. ऋऌक् | ३. एओङ् | ४. ऐऔच् |
| ५. हयवरट् | ६. लण् | ७. ञमङणनम् | ८. झभञ् |
| ९. घढधष् | १०. जबगडदश् | ११. खफछठ-थचटतव् | |
| १२. कपय् | १३. शषसर् | १४. हल् । | |

तपस्यारत पाणिनिबाट प्रसन्न भएर भगवान् शङ्करले नाच्दै चौधपटक डमरु बजाएका र डमरुको त्यही आवाजबाट प्रेरणा ग्रहण गरी पाणिनिले उपर्युक्त १४ सूत्रहरू निर्माण गरेका हुन् । महेश्वरको वरप्रसादबाट प्राप्त भएकाले यिनलाई 'माहेश्वर सूत्र' भनिन्छ । यी सूत्रहरू अण् आदि प्रत्याहार संज्ञाका लागि रचना गरिएका हुन् । यिनकै आधारमा प्रत्याहारहरूको निर्माण गरिने भएकाले यिनलाई 'प्रत्याहार सूत्र' पनि भनिन्छ । यिनले अण् आदि प्रत्याहारको संज्ञा निर्धारण गर्ने भएकाले यिनलाई संज्ञासूत्र नै पनि मान्न सकिन्छ । यी चौधवटा प्रत्येक सूत्रको अन्त्यमा रहेका ण्, क्, ङ् आदि व्यञ्जनवर्णको इत्संज्ञा भएर लोप हुन्छ । त्यस्तै लण् सूत्रका अकारको पनि इत्संज्ञा भएर लोप हुन्छ । त्यसैले इत्संज्ञा भई लोप हुने त्यस्ता वर्णहरूको प्रत्याहारभित्र गणना गरिँदैन ।

हयवरट् आदि सूत्रमा रहेका ह, य, व आदि व्यञ्जनवर्णको अन्त्यमा रहेको अकार उच्चारण गर्नका लागि हो । त्यसैले प्रत्येक व्यञ्जनवर्णको खुट्टा काटिएको हुन्छ । सबै स्वरवर्ण अच् प्रत्याहारभित्र पर्ने भएकाले तिनलाई 'अच्वर्ण' भनिएको हो भने सबै व्यञ्जनवर्ण हल् प्रत्याहारभित्र पर्ने भएकाले तिनलाई 'हल्वर्ण' भनिएको हो । प्रत्याहारसूत्रमा पढिएका ह्रस्व स्वरवर्णले नै दीर्घ र प्लुत स्वरवर्णको पनि बोध गराउँछन् । त्यसैले प्रत्याहारसूत्रमा अच् प्रत्याहारभित्र पर्ने स्वरवर्णमा दीर्घ र प्लुत स्वरवर्णको ग्रहण नगरिएको हो । क्+ष्+अ =क्ष, त्+र्+अ =त्र, ज्+ञ्+अ =ज्ञ, द्+य्+अ =द्य द्+व्+अ =द्व आदि दुई दुई व्यञ्जनवर्ण मिलेर बन्ने संयुक्त व्यञ्जनवर्णको वर्णमालाम

पृथक् ग्रहणको आवश्यकता नदेखिएकाले तिनलाई प्रत्याहारसूत्रमा समावेश नगरिएको हो । हयवरट् र हल् सूत्रमा हकार दुईपटक पढ्नुको विशेष प्रयोजन छ । अ, अं, अः जस्ता अयोगवाह वर्णको प्रत्याहार सूत्रमा उल्लेख नगरिए पनि तिनको अध्ययन स्वरवर्णभित्रै गरिन्छ । प्रत्याहारसूत्रमा वर्गीय व्यञ्जनवर्णको पाठ आरोहक्रम (क्, ख्, ग्, घ्, ङ्) ले नभई अवरोहक्रम (ङ्, घ्, ग्, ख्, क्) ले भएको छ । उपर्युक्त प्रत्याहारसूत्र वा वर्णसमाम्नायका आधारमा संस्कृतका स्वरवर्ण र व्यञ्जनवर्णको निर्धारण निम्नानुसार गर्न सकिन्छ –

| स्वरवर्ण - २१ वटा | व्यञ्जनवर्ण - ३३ वटा |
|---|---|
| अ, आ, आ ३, इ, ई, ई ३, | क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, |
| उ, ऊ, ऊ ३, ऋ, ॠ, ॠ ३, | ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, |
| ऌ, ए, ए ३, ओ, ओ ३, | प, फ, ब, भ, म, य, र, ल, व, |
| ऐ, ऐ ३, औ, औ ३ । | श, ष, स, ह । |

## १.६ प्रत्याहारको निर्माण

प्रत्याहार भन्नु नै धेरै वर्णलाई छोटकरीमा वा सङ्क्षेपमा भन्नु भन्ने बुझिन्छ । पाणिनीय व्याकरणमा अधिकांश विधिसूत्रहरू प्रत्याहारमै आश्रित छन् । प्रत्याहार निर्माण गर्दा निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्छ–

(अ) सर्वप्रथम सबै प्रत्याहारसूत्र कण्ठस्थ गर्ने ।

(आ) प्रत्याहारको पहिलो वर्ण र अन्तिम खुट्टा काटेको वर्ण प्रत्याहारसूत्रमा कहाँ कहाँ छन् ? खोज्ने ।

(इ) प्रत्याहारको सुरु र अन्त्य वर्णका बीचमा केकति वर्णहरू पर्छन् ? पत्ता लगाउने ।

(ई) सम्बद्ध प्रत्याहारको सुरुदेखि खुट्टा काटिएको अन्तिम वर्णभन्दा अघि आएका सबै वर्ण कति भए ? चिन्तन गर्ने ।

जस्तै : इक् प्रत्याहारमा सुरुको वर्ण इ, अन्तिमको वर्ण क् र बीचमा परेका वर्ण उ, ऋ, ऌ जम्मा वर्ण इ, उ, ऋ र ऌलाई इक् प्रत्याहार भनिन्छ । पाणिनीय व्याकरणमा ४३ वटा प्रत्याहारहरूको उपयोग गरिएको छ । ती प्रत्याहारहरू यसप्रकार छन्– अण् (अघिल्लो णकारसम्म), अक्, अच्, अट्, अण् (पछिल्लो णकारसम्म), अम्, अश्, अल्, इक्, इच्, इण् (पछिल्लो णकारसम्म), उक्, एङ्, एच्, ऐच्, हश्, हल्, यण्, यम्, यञ्, यय्, यर्, वश्, वल्, रल्, मय्, ङम्, झष्, झश्, झय्, झर्, झल्, भष्, जश्, बश्, खय्, खर्, छव्, चय्, चर्, शर्, शल्, र । यीमध्ये अण् प्रत्याहार दुईप्रकारका छन् । तीमध्ये पछिल्लो अण् 'अणुदित्सवर्णस्य चाप्रत्ययः' सूत्रमा मात्र प्रयुक्त छ भने अन्यत्र अघिल्लो अण् प्रत्याहारको प्रयोग गरिन्छ । अघिल्लो णकारलाई आधार मानेर इकार र उकार बुझाउने इण् प्रत्याहारको निर्माण गर्न सकिए पनि पाणिनीय व्याकरणमा त्यसको कहीं पनि उपयोग नगरिएकाले पछिल्लो णकारसम्मका वर्णलाई बुझाउने इण् प्रत्याहारको प्रयोग गरिन्छ । 'र' प्रत्याहार अन्य प्रत्याहारहरूभन्दा भिन्नै किसिमको छ । रप्रत्याहारको उपयोग 'उरण् रपरः' सूत्रमा गरिएको छ । रप्रत्याहारले रेफ र लकार दुई वर्णलाई बुझाउँछ । 'इको यणचि' सूत्रमा इक्, यण् र अच् तीन प्रत्याहारको उपयोग गरिएको छ भने 'झलां जश् झशि' सूत्रमा झल्, जश् र झश् प्रत्याहारको प्रयोग गरिएको छ । पाणिनीय व्याकरणका अधिकांश विधिसूत्रहरूमा यसरी नै विभिन्न प्रत्याहारहरूको उपयोग गरिएको छ ।

◆

# २. संज्ञा प्रकरण

संज्ञा भन्नाले नाम वा सङ्केतलाई जनाउँछ । 'संज्ञाकरणं व्यवहारार्थं लोके' अर्थात् लोकव्यवहारका लागि व्यक्ति वा पदार्थहरूको नाम राखिन्छ । पाणिनीय व्याकरणमा संज्ञासूत्र, परिभाषासूत्र, विधिसूत्र, नियमसूत्र, अतिदेशसूत्र र अधिकारसूत्र गरी ६ प्रकारका सूत्रहरू छन् ।

'अष्टाध्यायी'को पहिलो अध्यायमा करिब २८० संज्ञासूत्रहरूको अध्ययन गरिएको छ । संज्ञासूत्रहरू विधिसूत्रका उपकारक वा सहयोगी मानिन्छन् । पाणिनिले मुख्यत: अन्वर्थ संज्ञा, कृत्रिम संज्ञा र परम्परागत संज्ञा गरी तीन प्रकारका संज्ञाहरूको प्रयोग गरेका छन् । अर्थका आधारमा नामकरण गरिएका संज्ञालाई अन्वर्थ संज्ञा भनिन्छ । सर्वनाम, इत्, सम्प्रदान, अव्यय आदि अन्वर्थ संज्ञा हुन् । टि, घ, घु, भ आदिलाई कृत्रिम संज्ञा मानिन्छ । सर्वनामस्थान, प्रातिपदिक, सार्वधातुक, आर्धधातुक, अङ्ग इत्यादि परम्परागत संज्ञाहरूलाई पाणिनिले परम्पराप्रतिको आदरभावका साथ जस्ताको तस्तै आफ्नो व्याकरणमा प्रयोग गरेका हुन् ।

सिद्धान्तकौमुदीको संज्ञाप्रकरणमा पाणिनीय व्याकरणका सबै संज्ञासूत्रहरूको उल्लेख नगरी सन्धिकार्यका लागि उपयोगी केही सूत्रहरूको मात्र उल्लेख गरिएको पाइन्छ । यस अध्ययनमा पाणिनीय व्याकरणमा प्रयोग गरिएका बहुप्रचलित थप संज्ञाहरूको समेत अध्ययन गर्ने प्रयत्न गरिएको छ ।

(१) **उपदेशेऽजनुनासिक इत् १।३।२** (अच्वर्णको इत्संज्ञा)

पाणिनि आदि आचार्यहरूको पहिलो उच्चारणलाई उपदेश भनिन्छ । उपदेश अवस्थामा रहेको अनुनासिक अच्वर्णको इत्संज्ञा हुन्छ । इत्संज्ञा भएका वर्णको लोप हुन्छ, जस्तै : 'सु' प्रत्ययका उकारको इत्संज्ञा हुनु ।

(२) **हलन्त्यम् १।३।३** (अन्त्य हल्वर्णको इत्संज्ञा)

उपदेश अवस्थामा अन्तिममा रहेको हल्वर्णलाई इत्संज्ञा हुन्छ, जस्तै : 'अइउण्' मा णकारको इत्संज्ञा हुनु ।

(३) **अदर्शनं लोप: १।१।६०** (लोपसंज्ञा)

पहिला विद्यमान रहेर पछि नदेखिनुलाई लोपसंज्ञा हुन्छ, जस्तै : 'अइउण्' मा णकारको इत्संज्ञा भएपछि त्यसको लोप हुनु ।

(४) **आदिरन्त्येन सहेता १।१।७१** (प्रत्याहारसंज्ञा)

अन्तिम इत्संज्ञक वर्णले सहित भएको अघिल्लो वर्ण, बीचका वर्णहरू र आफ्नो पनि प्रत्याहारसंज्ञा हुन्छ, जस्तै : 'यण्' प्रत्याहार भन्नाले अघिल्लो य् वर्ण, बीचका व् र् ल् वर्ण तथा 'यण्' आफ्नो समेत बोध हुन्छ । यसरी नै अन्य प्रत्याहारको पनि अवगत गर्नुपर्छ ।

(५) **ऊकालोऽज्झ्रस्वदीर्घप्लुत: १।२।२७** (ह्रस्व-दीर्घ-प्लुतसंज्ञा)

एकमात्रिक उकारको उच्चारणकालको समान उच्चारण हुने उकारलाई

ह्रस्वसंज्ञा, द्विमात्रिक ऊकारको उच्चारणकालको समान उच्चारण हुने ऊकारलाई दीर्घसंज्ञा र त्रिमात्रिक ऊकारको उच्चारणकालको समान उच्चारण हुने ऊकारलाई प्लुतसंज्ञा हुन्छ । प्लुतसंज्ञालाई बुझाउन दीर्घ ऊकारदेखि ३ अङ्कको प्रयोग गरिन्छ । यसरी नै अन्य स्वरको पनि संज्ञा हुन्छ । ह्रस्व, दीर्घ र प्लुतका भेदले तीन प्रकारको स्वर पुन: उदात्त, अनुदात्त र स्वरितका भेदले तीन प्रकारको हुन्छ ।

**(६) उच्चैरुदात्तः १।२।२९** (उदात्तसंज्ञा)

तालु आदि सावयव स्थानको माथिल्लो भागमा उच्चार्यमाण अच्लाई उदात्तसंज्ञा हुन्छ, जस्तै : 'आ ये मित्रावरुण' यहाँ आकार र एकारलाई उदात्तसंज्ञा भएको छ ।

**(७) नीचैरनुदात्तः १।२।३०** (अनुदात्तसंज्ञा)

तालु आदि सावयव स्थानको तल्लो भागमा उच्चार्यमाण अच्लाई अनुदात्तसंज्ञा हुन्छ, जस्तै : 'अर्वाङ् यज्ञसंक्रम' यहाँ आद्य अकारलाई उदात्तसंज्ञा भएको छ ।

**(८) समाहारः स्वरितः १।२।३१** (स्वरितसंज्ञा)

उदात्त र अनुदात्त दुवै स्वरको वर्णधर्म जहाँ एकत्रित हुन्छ, त्यस्तो अच्लाई स्वरितसंज्ञा हुन्छ, जस्तै : 'अग्निमीले' । यहाँ 'अग्नि' शब्द प्रत्यय स्वरका कारण अन्तोदात्त भएको छ भने 'अम्' प्रत्यय सुप् भएकाले अनुदात्त भएको छ । 'अमि पूर्वः' ले उदात्त इकार र अनुदात्त अकार दुवैका स्थानमा पूर्वरूप एकादेश भएपछि उदात्त र अनुदात्त दुवै स्वरको वर्णधर्म एकत्रित भएको 'अग्नि' शब्दको इकारलाई 'उदात्तादनुदात्तस्य स्वरितः' सूत्रले स्वरित भएको हो ।

**(९) मुखनासिकावचनोऽनुनासिकः १।१।८** (अनुनासिकसंज्ञा)

मुखसहित नाकको सहायताले उच्चारण हुने वर्णलाई अनुनासिकसंज्ञा हुन्छ, जस्तै : ङ्, ञ्, ण्, न्, म् । यसरी अ, इ, उ र ऋ चार वर्णका ह्रस्व, दीर्घ, प्लुत, उदात्त, अनुदात्त, स्वरित, अनुनासिक र अननुनासिक भेदले प्रत्येकका १८/१८ भेद हुन्छन् । दीर्घ नहुने भएकाले ऌकारका १२ भेद हुन्छन् । ह्रस्व नहुने भएकाले ए, ओ, ऐ र औका १२/१२ भेद हुन्छन् ।

**(१०) तुल्यास्यप्रयत्नं सवर्णम् १।१।९** (सवर्णसंज्ञा)

तालु आदि वर्णोच्चारण स्थान र आभ्यन्तर प्रयत्न समान हुने वर्णको एकआपसमा सवर्णसंज्ञा हुन्छ, जस्तै : ककार र गकारको कण्ठ स्थान तथा दुवैको स्पृष्ट आभ्यन्तर प्रयत्न भएकाले एकआपसमा सवर्णसंज्ञा हुन्छ । यसैगरी ऋकार र ऌकारको पनि परस्परमा सवर्णसंज्ञा हुन्छ ।

## १०.१ वर्णहरूका उच्चारण स्थानहरू

**(क) अकुहविसर्जनीयानां कण्ठः–** अ, आ, कवर्ग (क् ख् ग् घ् ङ्), ह् तथा विसर्ग (:) को कण्ठस्थान ।

**(ख) इचुयशानां तालु–** इ, ई, चवर्ग (च् छ् ज् झ् ञ्) तथा श्-को तालुस्थान ।

(ग) **ऋटुरषाणां मूर्धा–** ऋ, ॠ, टवर्ग (ट् ठ् ड् ढ् ण्), र् तथा ष्-को मूर्धास्थान ।

(घ) **लृतुलसानां दन्ता:–** लृ, तवर्ग (त् थ् द् ध् न्), ल् तथा स्-को दन्तस्थान ।

(ङ) **उपूपध्मानीयानामोष्ठौ–** उ, ऊ, पवर्ग (प् फ् ब् भ् म्) तथा उपध्मानीय विसर्गको ओष्ठस्थान ।

(च) **ञमङणनानां नासिका च–** ञ्, म्, ङ्, ण्, न्-को नासिकास्थान पनि ।

(छ) **एदैतोः कण्ठतालु–** एकार र ऐकारको कण्ठस्थान र तालुस्थान ।

(ज) **ओदौतोः कण्ठोष्ठम्–** ओकार र औकारको कण्ठस्थान र ओष्ठस्थान ।

(झ) **वकारस्य दन्तोष्ठम्–** वकारको दन्तस्थान र ओष्ठस्थान ।

(ञ) **जिह्वामूलीयस्य जिह्वामूलम्–** जिह्वामूलीय विसर्गको जिह्वामूलस्थान ।

(ट) **नासिकाऽनुस्वारस्य–** अनुस्वार (ं) को नासिकास्थान ।

## १०.२ यत्न र यसका प्रकारहरू

वर्णको उच्चारणमा जुन किसिमको चेष्टा वा प्रयास गरिन्छ त्यसलाई यत्न भनिन्छ । आभ्यन्तर र बाह्य गरी यत्न दुई प्रकारका हुन्छन् । सवर्णसंज्ञामा आभ्यन्तर यत्नको मात्र उपयोग गरिने भएकाले आभ्यन्तरलाई प्रयत्न र बाह्यलाई यत्नमात्र भन्ने गरिन्छ ।

### १०.२.१ आभ्यन्तर प्रयत्नका प्रकारहरू

आभ्यन्तर प्रयत्नलाई लघुकौमुदी र मध्यकौमुदीमा स्पृष्ट, ईषत्स्पृष्ट, विवृत, ईषद्विवृत र संवृत गरी पाँच प्रकारमा विभाजन गरिएको छ भने सिद्धान्तकौमुदीमा स्पृष्ट, ईषत्स्पृष्ट, विवृत र संवृत गरी चार प्रकारमा विभाजन गरिएको छ ।

(क) **स्पृष्टं प्रयत्नं स्पर्शानाम्–** स्पर्शसंज्ञक कदेखि मसम्मका वर्णको स्पृष्ट प्रयत्न ।

(ख) **ईषत्स्पृष्टमन्तःस्थानाम्–** अन्तःस्थसंज्ञक य्, व्, र्, ल्-को ईषत्स्पृष्ट प्रयत्न ।

(ग) **विवृतमूष्माणां स्वराणाञ्च–** ऊष्मसंज्ञक श्, ष्, स्, ह् तथा स्वरवर्णको विवृत प्रयत्न ।

(घ) **ह्रस्वस्यावर्णस्य प्रयोगे संवृतम्–** ह्रस्व अवर्णको प्रयोग गर्दा संवृत प्रयत्न ।

लघुकौमुदी र मध्यकौमुदीमा श्, ष्, स्, ह्-लाई ईषद्विवृत र स्वरलाई विवृत प्रयत्न मानेर पाँच प्रयत्नको चर्चा गरिएको भए पनि 'स्वरणामूष्माणाञ्च विवृतं करणं स्मृतं' भनेर पाणिनीय शिक्षा (श्लोक २१) ले ऊष्मसंज्ञक वर्णको पनि विवृत प्रयत्न नै मानेको हुँदा सिद्धान्तकौमुदीअनुसार चार प्रयत्न नै उपयुक्त देखिन्छन् । 'दण्ड+आढकम् =दण्डाढकम्' जस्ता शब्दनिर्माणको प्रक्रियाका अवस्थामा ह्रस्व अकारको पनि विवृत नै प्रयत्न हुने भएकाले अकार र आकारलाई सवर्ण (विवृत) मानेर सन्धि आदि कार्य प्रवृत्त हुन्छन् । त्यसैले स्पृष्ट, ईषत्स्पृष्ट र विवत तीन प्रयत्नको नै प्राधान्य देखिन्छ ।

### १०.२.२ बाह्य यत्नका प्रकारहरू

बाह्य यत्न एघार प्रकारको हुन्छ : विवार, संवार, श्वास, नाद, घोष, अघोष, अल्पप्राण, महाप्राण, उदात्त, अनुदात्त र स्वरित । यीमध्ये स्वरवर्णको मात्र उदात्त, अनुदात्त र स्वरित यत्न हुन्छ भने व्यञ्जनवर्णको मात्र बाँकी आठ यत्न हुन्छ । त्यसमध्येमा पनि व्यवहारमा घोषत्व र प्राणत्वका आधारमा तिनको व्यापक चर्चा गर्ने गरिएको पाइन्छ ।

#### १०.२.२.१ घोषत्वका आधारमा बाह्य यत्नका प्रकारहरू

(क) **अघोष–** खर् प्रत्याहारमा पर्ने वर्णहरू (वर्गका १, २, श्, ष्, स् गरी १३ वर्ण) ।

(ख) **घोष–** हश् प्रत्याहारमा पर्ने वर्णहरू (वर्गका ३, ४, ५, ह्, य्, व्, र्, ल् गरी २० वर्ण) ।

विवार र श्वास यत्न अघोषभित्र तथा संवार र नाद घोषभित्र पर्दछन् । नेपाली व्याकरणमा घोषलाई सघोष भनेर चिन्ने गरिएको छ ।

#### १०.२.२.२ प्राणत्वका आधारमा बाह्य यत्नका प्रकारहरू

(क) **अल्पप्राण–** 'वर्गाणां प्रथम-तृतीय-पञ्चम-यणश्चाल्पप्राणाः' अर्थात् वर्गका १, ३, ५ तथा यण् प्रत्याहारमा पर्ने य्, व्, र्, ल् वर्ण अल्पप्राण (१९ वर्ण) ।

(ख) **महाप्राण–** 'वर्गाणां द्वितीय-चतुर्थौ शलश्च महाप्राणाः' अर्थात् वर्गका २, ४ तथा शल् प्रत्याहारमा पर्ने श्, ष्, स्, ह् वर्ण महाप्राण (१४ वर्ण) ।

**(११) अणुदित्सवर्णस्य चाप्रत्ययः १।१।६९** (सवर्णग्राहकसंज्ञा)

जसको विधान गरिन्छ, त्यसलाई प्रत्यय भनिन्छ । विधान नगरिने पछिल्लो णकारसम्मको अण् प्रत्याहारमा पर्ने अच्वर्ण, य्, व्, र्, ल् वर्ण तथा कु, चु, टु, तु, पु यी उदित्हरू पनि सवर्णसंज्ञक वा सवर्णका बोधक हुन्छन् । त्यसैले अकार, इकार र उकार प्रत्येकको १८/१८ प्रकारको बोध हुन्छ । ऋकार र ऌकारको सवर्णसंज्ञा भएकाले दुवैको ३०/३० प्रकारको बोध हुन्छ । ह्रस्व नहुने भएकाले ए, ओ, ऐ र औ प्रत्येक वर्णको १२/१२ प्रकारको बोध हुन्छ । अनुनासिक (ँ) र अननुनासिकका भेदले य्, व्, र्, ल् पनि दुई दुई प्रकारका हुन्छन् । तिनीहरूलाई समेत यही सूत्रले दुई दुई प्रकारको बोध गराउँछ । त्यसैले यस सूत्रलाई सवर्णको ग्राहक सूत्र मानिएको हो ।

**(१२) तपरस्तत्कालस्य १।१।७०** (समकालसंज्ञा)

तकार पर छ जसदेखि वा तकारदेखि पर छ जुन अच् त्यसले उच्चार्यमाण समान कालको नै बोध गराउँछ । ह्रस्व स्वरदेखि पर तकार भए ह्रस्व स्वरको मात्र, दीर्घ स्वरदेखि तकार भए दीर्घ स्वरको मात्र र प्लुत स्वरदेखि पर तकार भए प्लुत स्वरको मात्र बोध गराउँछ । जस्तै : 'अदेङ् गुणः' सूत्रमा 'अत्'ले ह्रस्व अकारको मात्र र 'वृद्धिरादैच्' सूत्रमा 'आत्'ले दीर्घ आकारको मात्र बोध गराएका छन् ।

**(१३) वृद्धिरादैच् १।१।१** (वृद्धिसंज्ञा)

आत् =आकार तथा ऐच् =ऐकार र औकारलाई वृद्धि भनिन्छ ।

**(१४) अदेङ् गुण: १।१।२** (गुणसंज्ञा)

अत् =अकार तथा एङ् =एकार र ओकारलाई गुण भनिन्छ ।

**(१५) भूवादयो धातव: १।३।१** (धातुसंज्ञा)

क्रियालाई बताउने भू आदिलाई धातु भनिन्छ ।

**(१६) सनाद्यन्ता धातव: ३।१।३२** (धातुसंज्ञा)

सन्, क्यच्, काम्यच्, क्यङ्, क्यष्, क्विप्, णिच्, यङ्, यक्, आय, इयङ् र णिङ् यी १२ प्रत्यय जसको अन्तमा छन् त्यसलाई पनि धातु भनिन्छ ।

**(१७) चादयोऽसत्त्वे १।४।५७** (निपातसंज्ञा)

द्रव्यभिन्न चादिगणमा पढिएका शब्दलाई निपात भनिन्छ । चादिगणमा च, वा, ह, अह, एव, एवम्, नूनम्, शश्वत्, युगपत्, भूयस्, कूपत्, सूपत्, कुवित्, नेत्, चेत्, चण्, कच्चित्, किञ्चित्, यत्र, नह, हन्त, माकि:, माकिम्, नकि:, नकिम्, माङ्, नञ्, यावत्, तावत्, त्वै, द्वै, न्वै, रै, श्रौषट्, वौषट्, स्वाहा, स्वधा, वषट्, तुम्, तथाहि, खलु, किल, अथो, अथ, सुष्ठु, स्म, आदह, अवदत्तम्, अहंयु:, अस्तिक्षीरा, अ, आ, इ, ई, उ, ऊ, ए, ऐ, ओ, औ, पशु, शुकम्, यथाकथाच, पाट्, प्याट्, अङ्ग, है, हे, भो:, अये, द्य, विषु, एकपदे, युत् र आत: शब्द पढिएका छन् । यस गणलाई आकृतिगण मानिएकाले यस्तै किसिमका यत्, तत्, आहोस्वित्, सम्, कम्, सुकम्, अनु, शंबद्, ब, दिष्टि, चटु, चाटु, हुम्, इव, अद्यत्वे आदि अन्य शब्दहरू पनि यस गणमा समावेश हुन सक्छन् ।

**(१८) प्रादय: १।४।५८** (निपातसंज्ञा)

द्रव्यभिन्न प्रादिलाई पनि निपात भनिन्छ । प्रादि भन्नाले प्र, परा, अप, सम्, अनु, अव, निस्, निर्, दुस्, दुर्, वि, आङ्, नि, अधि, अपि, अपि, सु, उत्, अभि, प्रति, परि र उपलाई बुझिन्छ ।

**(१९) उपसर्गा: क्रियायोगे १।४।५९** (उपसर्गसंज्ञा)

क्रियाको योगमा उपर्युक्त प्र, परा आदि २२ वटा निपातलाई उपसर्ग भनिन्छ ।

**(२०) गतिश्च १।४।६०** (गतिसंज्ञा)

क्रियाको योगमा उपर्युक्त प्र, परा आदि २२ वटा निपात र उपसर्गलाई गति पनि भनिन्छ । यिनलाई गतिसंज्ञा गर्नुको मुख्य उद्देश्य गतिसमास गर्नु हो ।

**(२१) पर: सन्निकर्ष: संहिता १।४।१०९** (संहितासंज्ञा)

वर्णहरूको अत्यन्त सामीप्य हुनुलाई संहिता भनिन्छ । संहितासंज्ञा गर्नुको मुख्य प्रयोजन 'सुधी+उपास्य:' आदि शब्दहरूलाई संहिताको अवस्थामा सन्धि गर्नु हो ।

**(२२) सुप्तिङन्तं पदम् १।४।१४** (पदसंज्ञा)

सु, औ, जस् आदि २१ सुप् प्रत्यय अन्तमा हुने र तिप्, तस्, झि आदि १८ तिङ्

प्रत्यय अन्तमा हुने शब्दलाई पद भनिन्छ । जस्तै : 'रामः पठति' यहाँ 'रामः' सुबन्त पद हो भने 'पठति' तिङन्त पद हो ।

**(२३) हलोऽनन्तराः संयोगः १।१।७** (संयोगसंज्ञा)

स्वरवर्णहरूले व्यवधान नगरिएका हल्वर्णलाई संयोग भनिन्छ, जस्तै : 'सखान्स्' यहाँ 'स्'लाई संयोगसंज्ञा हुन्छ ।

**(२४) अचोऽन्त्यादि टि १।१।६४** (टिसंज्ञा)

अन्तिममा अच्वर्ण भए त्यसलाई वा अन्तिममा हल्वर्ण भए त्योसहित पूर्ववर्ती अच्वर्णलाई टि भनिन्छ, जस्तै : 'राम' शब्दको अन्तिम अकारलाई र 'राजन्' शब्दको 'अन्'लाई टिसंज्ञा हुन्छ ।

**(२५) अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम् १।२।४५** (प्रातिपदिकसंज्ञा)

धातुलाई, प्रत्ययलाई र प्रत्ययान्त शब्दलाई पनि छाडेर अर्थवान् शब्दस्वरूपलाई प्रातिपदिक भनिन्छ । शब्द व्युत्पन्न र अव्युत्पन्न गरी दुई किसिमका हुन्छन् । यो सूत्रले अव्युत्पन्न शब्दलाई प्रातिपदिकसंज्ञा गर्दछ ।

**(२६) कृत्तद्धितसमासाश्च १।२।४६** (प्रातिपदिकसंज्ञा)

कृदन्त, तद्धितान्त र समस्त शब्दलाई पनि प्रातिपदिक भनिन्छ । यो सूत्रले कृत् प्रत्यय र तद्धित प्रत्यय लागेका शब्द तथा समास भएका शब्दलाई प्रातिपदिकसंज्ञा गर्दछ । धातुदेखि लाग्ने तिङ्भिन्न प्रत्ययलाई कृत् प्रत्यय र शब्ददेखि लाग्ने प्रत्ययलाई तद्धित प्रत्यय भनिन्छ ।

**(२७) विभक्तिश्च १।४।१०४** (विभक्तिसंज्ञा)

सुप् र तिङ् प्रत्ययलाई विभक्ति भनिन्छ । तीन तीन समुदायमा विभाजन गर्ने भएकाले सुप् र तिङ् प्रत्ययलाई विभक्ति भनिएको हो । त्यसैले सु, औ, जस् प्रत्ययले प्रथमाविभक्ति; अम्, औट् र शस् प्रत्ययले द्वितीयाविभक्ति; टा, भ्याम् र भिस् प्रत्ययले तृतीयाविभक्ति; ङे, भ्याम् र भ्यस् प्रत्ययले चतुर्थीविभक्ति; ङसि, भ्याम् र भ्यस् प्रत्ययले पञ्चमीविभक्ति; ङस्, ओस् र आम् प्रत्ययले षष्ठीविभक्ति तथा ङि, ओस् र सुप् प्रत्ययले सप्तमीविभक्तिलाई बुझाएका हुन् । त्यसैगरी परस्मैपदी तिप्, तस् र झि प्रत्ययले प्रथमपुरुष; सिप्, थस् र थ प्रत्ययले मध्यमपुरुष तथा मिप्, वस् र मस् प्रत्ययले उत्तमपुरुषको बोध गराएका हुन् भने आत्मनेपदी त, आताम् र झ प्रत्ययले प्रथमपुरुष; थास्, आथाम् र ध्वम् प्रत्ययले मध्यमपुरुष तथा इट्, वहि र महिङ् प्रत्ययले उत्तमपुरुषको बोध गराएका हुन् । सुप् र तिङ् प्रत्ययहरूको विभक्तिसंज्ञा भएकै कारणले तिनमा रहेका तवर्ग, सकार र मकारको इत्संज्ञा निषेध (अ.१।३।४) भएको हो ।

**(२८) एकवचनं सम्बुद्धिः २।३।४९** (सम्बुद्धिसंज्ञा)

सम्बोधनमा प्रथमाको एकवचन (सु प्रत्यय) लाई सम्बुद्धि भनिन्छ । सम्बोधनमा

पनि प्रथमा विभक्ति नै हुने (सूत्र २०४) भएकाले सम्बुद्धिमा सु प्रत्ययको प्रयोग गरिन्छ ।

**(२९) यस्मात्प्रत्ययविधिस्तदादिप्रत्ययेऽङ्गम् १।४।१३** (अङ्गसंज्ञा)

जुन धातु वा प्रातिपदिकदेखि प्रत्ययको विधान गरिन्छ त्यो प्रत्यय पर भएमा प्रत्ययविशिष्ट धातु वा प्रातिपदिकलाई अङ्ग भनिन्छ । प्रत्ययविशिष्टको ग्रहण गरिएकाले 'भव+मि' आदि स्थलमा भवलाई धात्वङ्ग मानेर दीर्घ भई 'भवामि' आदि प्रयोगहरू सिद्ध हुन्छन् ।

**(३०) सर्वादीनि सर्वनामानि १।१।२७** (सर्वनामसंज्ञा)

सर्व, विश्व, उभ, उभय, डतर, डतम, अन्य, अन्यतर, इतर, त्वत्, त्व, नेम, सम, सिम, पूर्व, पर, अवर, दक्षिण, उत्तर, अपर, अधर, स्व, अन्तर, त्यद्, तद्, यद्, एतद्, इदम्, अदस्, एक, द्वि, युष्मद्, अस्मद्, भवतु र किम् शब्द तथा तदन्त शब्दस्वरूपलाई पनि सर्वनाम भनिन्छ ।

**(३१) शि सर्वनामस्थानम् १।१।४२** (सर्वनामस्थानसंज्ञा)

नपुंसकलिङ्गमा जस् र शस् प्रत्ययका स्थानमा आदेश गरिएको 'शि' लाई सर्वनामस्थान भनिन्छ । 'शि'लाई सर्वनामस्थानसंज्ञा गर्नुको मुख्य प्रयोजन 'सर्वनामस्थाने चासम्बुद्धौ' सूत्रले ज्ञानानि, वारीणि आदि नपुंसकलिङ्गी शब्दमा दीर्घ गर्नु हो ।

**(३२) सुडनपुंसकस्य १।१।४३** (सर्वनामस्थानसंज्ञा)

नपुंसकलिङ्गमा बाहेक सु, औ, जस्, अम् र औट् पाँच प्रत्ययलाई सर्वनामस्थान भनिन्छ । पाँच प्रत्यय समावेश भएको सुट् प्रत्याहारलाई सर्वनामस्थानसंज्ञा गर्नुको मुख्य प्रयोजन दीर्घ, गुण आदि गर्नु हो ।

**(३३) स्वादिष्वसर्वनामस्थाने १।४।१७** (पदसंज्ञा)

सुबन्त र तिङन्त शब्दलाई मात्र होइन सर्वनामस्थानसंज्ञक प्रत्यय, यकार आदिमा हुने प्रत्यय र अच् आदिमा हुने प्रत्ययहरूलाई समेत छाडेर सु, औ, जस्देखि कप् प्रत्ययसम्मका अन्य प्रत्ययहरू पर भएमा पूर्ववर्ती प्रातिपदिकसंज्ञक शब्दलाई पनि पद भनिन्छ । नपुंसकलिङ्गमा सु, भ्याम्, भिस्, भ्यस्, नुडागमसहितको नाम् र सुप् प्रत्यय पर भएमा पदसंज्ञा हुन्छ भने औ, जस्, अम्, औट्, शस्, टा, ङे, ङसि, ङस्, ओस्, आम्, ङि आदि अजादि प्रत्यय पर भएमा उत्तरवर्ती सूत्रले भसंज्ञा हुन्छ ।

**(३४) यचि भम् १।४।१८** (भसंज्ञा)

सु, औ, जस् आदिदेखि लिएर कप् प्रत्ययसम्मका सर्वनामस्थानसंज्ञक प्रत्ययलाई छाडेर यकार आदिमा हुने प्रत्यय तथा अच् आदिमा हुने प्रत्यय पर भएमा पूर्ववर्ती प्रातिपदिकसंज्ञक शब्दलाई भ भनिन्छ । साथै मत्वर्थीय मतुप्, वतुप् आदि तकारान्त र सकारान्त शब्द प्रत्यय पर भएमा पनि पूर्ववर्ती प्रातिपदिकलाई भसंज्ञा हुन्छ । भसंज्ञा गर्नुको मुख्य प्रयोजन 'यस्येति च' आदि सूत्रहरूद्वारा टिलोप आदि गर्नु र पदसंज्ञालाई निमित्त मानेर गरिने कार्यहरूको निवारण गर्नु हो ।

**(३५) शेषो घ्यसखि १।४।७** (घिसंज्ञा)

नदीसंज्ञा नभएका ह्रस्व जुन इकार र उकार अन्तमा हुने सखि शब्ददेखि बाहेकका शब्द छन् तिनलाई घि भनिन्छ । घिसंज्ञा गर्नुको मुख्य उद्देश्य इकारान्त र

उकारान्त शब्दको रूपसिद्धिका क्रममा ना आदेश, गुण आदेश र अत्व गर्नु हो ।

**(३६) अलोऽन्त्यात् पूर्व उपधा १।१।६५** (उपधासंज्ञा)

अन्तिम वर्णभन्दा पूर्ववर्ती वर्णलाई उपधा भनिन्छ । जस्तै : 'ज्ञानन्+इ =ज्ञानानि' यहाँ सर्वनामस्थानसंज्ञक शि (इ) प्रत्यय पर भएकाले 'ज्ञानन्' का उपधामा रहेका अकारको दीर्घ भएर 'ज्ञानानि' सिद्ध भएको हो ।

**(३७) अपृक्त एकाल् प्रत्ययः १।२।४२** (अपृक्तसंज्ञा)

प्रत्ययसम्बन्धी जुन असहाय वा एक्लो वर्ण छ त्यसलाई अपृक्त भनिन्छ । जस्तै : 'सखि+सु–... सखान्+स् =सखा' यहाँ सु प्रत्ययसम्बन्धी असहाय सकारलाई अपृक्तसंज्ञा भएकाले 'हल्ङ्याब्भ्यो दीर्घात्सुतिस्यपृक्तं हल्' सूत्रले अपृक्तसंज्ञक सकारको लोप भएर 'सखा' रूप सिद्ध भएको हो ।

**(३८) यू स्त्र्याख्यौ नदी १।४।३** (नदीसंज्ञा)

ईकार र ऊकार अन्तमा हुने नित्यस्त्रीलिङ्गी शब्दलाई नदीसंज्ञा हुन्छ । जस्तै : गौरी आदि ईकारान्त र वधू आदि ऊकारान्त शब्दलाई नदीसंज्ञा भएकाले त्यसलाई आधार मानेर आट् आगम, सम्बोधनमा ह्रस्व र ङि प्रत्ययका स्थानमा आम् आदेश भएर गौर्यै, गौर्याः, हे वधु, वध्वाम् आदि शब्दको निर्माण भएको हो ।

**(३९) ङिति ह्रस्वश्च १।४।६** (नदीसंज्ञा)

ङित् विभक्ति (ङे, ङसि, ङस् र ङि) पर भएमा इयङ् र उवङ्को स्थानी स्त्री शब्ददेखि भिन्न नित्य स्त्रीलिङ्गवाची दीर्घ ईकार, ऊकार तथा ह्रस्व इकार र उकार अन्तमा हुने शब्दलाई विकल्पले नदीसंज्ञा हुन्छ । विकल्पले नदीसंज्ञा गर्नुको प्रयोजन ङित् विभक्ति (ङे, ङसि, ङस् र ङि) मा नदीसंज्ञालाई आधार मानेर आट् आगम, सम्बोधनमा ह्रस्व र ङि प्रत्ययका स्थानमा आम् आदेश गर्नु हो । त्यसैले विकल्पले नदीसंज्ञा हुने मति, गौरी आदि शब्दका उक्त चार प्रत्ययमा वैकल्पिक रूपहरूको निर्माण भएको पाइन्छ ।

**(४०) इग्यणः सम्प्रसारणम् १।१।४५** (सम्प्रसारणसंज्ञा)

यण् (य्, व्, र्, ल्) का स्थानमा प्रयोग गरिने इक् (इ, उ, ऋ, लृ) लाई सम्प्रसारण भनिन्छ । जस्तै : वच्+क्ति– वच्+ति– उ+अच्+ति– उच्+ति– उक्+ति– उक्ति+सु =उक्तिः । यहाँ वकारको सम्प्रसारण भएर उकार भएको हो ।

**(४१) प्रथमानिर्दिष्टं समास उपसर्जनम् १।२।४३** (उपसर्जनसंज्ञा)

समासविधायक सूत्रमा प्रथमा विभक्तिद्वारा निर्दिष्ट पदले बुझाउने शब्दलाई उपसर्जन भनिन्छ । यस सूत्रले उपसर्जनसंज्ञा गर्नुको प्रयोजन उपसर्जनसंज्ञक शब्दको पूर्वप्रयोग गर्नु हो । जस्तै : 'कृष्णं श्रितः =कृष्णश्रितः' यहाँ समास गर्ने 'द्वितीया श्रितातीतपतितगतात्यस्तप्राप्तापन्नैः' सूत्रमा प्रथमाविभक्तिद्वारा निर्दिष्ट 'द्वितीया' पदले

द्वितीयान्त 'कृष्ण' शब्दलाई बुझाएकाले त्यसलाई उपसर्जनसंज्ञा भई पूर्वप्रयोग गर्न सम्भव भएको हो ।

**(४२) तत्रोपपदं सप्तमीस्थम् ३।१।९२** (उपपदसंज्ञा)

धातुको अधिकारमा पढिएका सप्तमी विभक्तिद्वारा निर्दिष्ट पदलाई उपपद भनिन्छ । 'कर्मण्यण्' सूत्रमा 'कर्मणि' पद सप्तम्यन्त छ र सप्तमी विभक्तिद्वारा कुम्भ आदि कर्मलाई उपपदसंज्ञा भएकाले 'कुम्भकारः' आदि समस्त शब्दहरूको निर्माण गर्न सम्भव भएको हो ।

**(४३) तिङ्शित्सार्वधातुकम् ३।४।११३** (सार्वधातुकसंज्ञा)

धातुको अधिकारमा पढिएका तिप्, तस्, झि आदि तिङ् प्रत्ययलाई र शकारको इत्संज्ञा हुने शतृ, श्यन्, श्नु, श, श्नम्, श्ना, शतृ, शानच् आदि प्रत्ययलाई सार्वधातुक भनिन्छ । सार्वधातुकसंज्ञा गर्नुको उद्देश्य शतृ, श्यन् आदि विकरण प्रत्ययको विधान र गुण आदि गर्नु हो ।

**(४४) आर्धधातुकं शेषः ३।४।११४** (आर्धधातुकसंज्ञा)

तिप्, तस्, झि आदि तिङ् प्रत्यय र शकारको इत्संज्ञा हुने शतृ, शानच् आदि प्रत्ययलाई छाडेर धातुदेखि विधान गरिएका प्रत्ययलाई आर्धधातुक भनिन्छ । सार्वधातुकसंज्ञा नभएका सबैजसो प्रत्ययलाई आर्धधातुकसंज्ञा हुन्छ । जस्तै : कृ+तृच्– कृ+तृ– कर्+तृ– कर्तृ+सु... =कर्ता । यहाँ धातुदेखि विहित तिङ् र शित्देखि भिन्न प्रत्यय भएकाले 'तृच्' प्रत्ययलाई आर्धधातुकसंज्ञा भएर धात्वन्त ऋकारको 'अर्' गुण भई 'कर्ता' शब्दको निर्माण भएको हो । आर्धधातुकसंज्ञक प्रत्ययलाई निमित्त मानेर इट् आगम, गुण आदि कार्यहरू प्रवृत्त हुन्छन् ।

**(४५) पूर्वोऽभ्यासः ६।१।४** (अभ्याससंज्ञा)

षाष्ठ द्वित्व प्रकरणमा जुन द्वित्व गरिएका छन् तीमध्ये अघिल्लालाई अभ्यास भनिन्छ । लिट् लकार तथा श्लु, चङ्, सन् र यङ् प्रत्यय लगाएर तिङन्त शब्दको निर्माण गर्ने क्रममा अभ्याससंज्ञक शब्दका आदि हल्वर्णको शेष राखी अन्य हल्वर्णको लोपका साथै अवशिष्ट वर्णको जश्त्व र चर्त्व गर्नु अभ्याससंज्ञाको मुख्य प्रयोजन रहेको देखिन्छ ।

**(४६) कृदतिङ् ३।१।९३** (कृत्संज्ञा)

तिप्, तप्, झि आदि तिङ् प्रत्ययबाहेकका धातुदेखि विधान गरिएका सबै प्रत्ययहरूलाई कृत् भनिन्छ । कृत्संज्ञक प्रत्यय अन्तमा हुने सबै शब्दहरूलाई प्रातिपदिकसंज्ञा हुने भएकाले सुबन्त हुन्छन् भने आर्धधातुकसंज्ञक प्रत्यय अन्तमा हुने केही शब्दहरू सुबन्त र केही शब्दहरू तिङन्त हुन्छन् । कृत्संज्ञक प्रत्ययलाई भन्दा आर्धधातुकसंज्ञक प्रत्ययलाई निमित्त मानेर गरिने कार्यहरूको व्यापकता बढ्ता देखिन्छ ।

◆

# ३. परिभाषा प्रकरण

'अनियमे नियमकारिणी परिभाषा' अर्थात् नियम नरहेका ठाउँमा नियम वा व्यवस्था गर्नुलाई परिभाषा भनिन्छ । नियमको स्थिरता गरिने भएकाले परिभाषासूत्रलाई निर्णायक सूत्र पनि भन्न सकिन्छ । परिभाषासूत्रहरू स्वयं विधायक नभएर विधिसूत्र र निषेधसूत्रका सहयोगी मानिन्छन् । विधिसूत्रको प्रवृत्तिमा जहाँ जहाँ सन्देहात्मक स्थिति उत्पन्न हुन्छ त्यहाँ त्यहाँ आफ्नो उपस्थिति जनाएर त्यस सन्देहको निवारण गर्नु परिभाषासूत्रको काम हो । परिभाषालाई मुख्यत: वाचनिकी, ज्ञापकसिद्ध र लोकन्यायसिद्ध गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ । पूर्वाचार्यहरूद्वारा वचनरूपमा पठित परिभाषालाई वाचनिकी भनिन्छ र यसअन्तर्गत 'इको गुणवृद्धि' जस्ता परिभाषासूत्रहरू पर्दछन् । साक्षात् नपढिएका तर आचार्यको शैली वा उपदेशद्वारा ज्ञापित परिभाषालाई ज्ञापकसिद्ध परिभाषा भनिन्छ । यसअन्तर्गत पाणिनीय परिभाषासूत्रहरू नरहे पनि 'असिद्धं बहिरङ्गमन्तरङ्गे' जस्ता परिभाषाहरू रहेका छन् । लोकव्यवहारमा आधारित परिभाषालाई लोकन्यायसिद्ध परिभाषा भनिन्छ र यसअन्तर्गत 'व्यपदेशिवदेकस्मिन्' जस्ता परिभाषाहरू पर्दछन् ।

नागेश भट्टले 'परिभाषेन्दुशेखर:' नामक ग्रन्थमा शास्त्रत्वसम्पादनोद्देश्य, बाधबीज र शास्त्रशेष गरी परिभाषालाई तीन प्रकारमा विभाजन गर्दै तिनमा क्रमश: ३७, ३४ र ६२ गरी जम्मा १३३ वटा परिभाषाको अध्ययन-विश्लेषण गरेका छन् भने पाणिनिले आफ्नो अष्टाध्यायीमा ३६ वटा परिभाषासूत्रहरूको चर्चा गरेका छन् । लघुकौमुदी र मध्यकौमुदीमा परिभाषाको छुट्टै प्रकरणको व्यवस्था गरिएको छैन । सिद्धान्तकौमुदीमा भने परिभाषा प्रकरणको पृथक् व्यवस्था गरिएको छ र यसमा १३ वटा परिभाषासूत्रहरू पढिएका छन् । यस अध्ययनमा परिभाषा प्रकरणमा र अन्यत्र पनि पढिएका निम्नलिखित १४ परिभाषासूत्रहरूको चर्चा गरिएको छ ।

(४७) **इको गुणवृद्धी १।१।३**

गुण र वृद्धि विधिविषयक सूत्रहरूमा जहाँ प्रत्यक्ष वा परोक्षरूपमा स्थानीको निर्देश गरिएको छैन, त्यहाँ विधीयमान गुणकार्य र वृद्धिकार्य 'इक:' अर्थात् इ, उ, ऋ र ऌका स्थानमा नै हुन्छन्, जस्तै :

(क) **गुणकार्य–** 'सार्वधातुकार्धधातुकयो:' नी+तृच् =नेता (ईकारका स्थानमा) ।

(ख) **वृद्धिकार्य–** 'मृजेर्वृद्धि:' मृज्+घञ् =मार्ग: (ऋकारका स्थानमा) ।

(४८) **अचश्च १।२।२८**

ह्रस्व, दीर्घ र प्लुत शब्दद्वारा जहाँ अच् आदेशको विधान गरिन्छ, त्यहाँ 'अच:' अर्थात् अच्का स्थानमा नै आदेश हुन्छ, जस्तै :

(क) **ह्रस्वद्वारा–** 'गोस्त्रियोरुपसर्जनस्य' उपगो =उपगु: (ओकारका स्थानमा) ।

(ख) **दीर्घद्वारा–** 'अकृत्सार्वधातुकयोर्दीर्घ:' चि+यक् =चीयते (इकारका स्थानमा) ।

(ग) **प्लुतद्वारा–** 'वाक्यस्य टे: प्लुत उदात्त:' देवदत्त =देवदत्त३ (अन्तिम अकारका स्थानमा) ।

**(४९) आद्यन्तौ टकितौ १।१।४६**

षष्ठी विभक्तिद्वारा निर्दिष्ट हुने टित् आगम आदिको अवयवमा र कित् आगम अन्त्यको अवयवमा हुन्छन्, जस्तै :

**(क) टित् आगम–** पठ्+स्य+ति– पठ्+इट् स्य+ति =पठिष्यति (स्यको आद्य अवयवमा) ।

**(ख) कित् आगम–** लक्ष्मी+छाया– लक्ष्मी तुक्+छाया =लक्ष्मीच्छाया (लक्ष्मीको अन्त्य अवयवमा) ।

**(५०) मिदचोऽन्त्यात्पर: १।१।४७**

अच्हरूका मध्येमा जुन अन्त्य अच् छ त्यसदेखि पर अन्त्यावयवका रूपमा मित् आगम हुन्छ, जस्तै : ज्ञान+जस्– ज्ञान+शि– ज्ञान+इ– ज्ञान+नुम् इ– ज्ञानन्+इ =ज्ञानानि ।

**(५१) षष्ठी स्थानेयोगा १।१।४९**

निर्धारण नगरिएको सम्बन्धविशेष षष्ठी स्थानको सम्बन्धी हुन्छ, जस्तै : 'इको यणचि' सूत्रमा षष्ठ्यन्त 'इक:' को कुनै निश्चित सम्बन्ध छैन, त्यसैले यसको अर्थ 'इक्का स्थानमा' गर्नुपर्छ ।

**(५२) स्थानेऽन्तरतम: १।१।५०**

एउटा स्थानमा अनेक आदेशहरूको प्रसङ्ग भएमा जुन स्थान, अर्थ, गुण र प्रमाणद्वारा स्थानीको सदृशतम छ, त्यही नै आदेश हुन्छ, जस्तै :

**(क) स्थान-सदृशतम–** दधि+अत्र ='दध्यत्र' (तालुस्थानीय) ।

**(ख) अर्थ-सदृशतम–** 'तृज्वत्क्रोष्टु:' क्रोष्टु शब्दका उकारको तृजन्त आदेश हुँदा अर्थको साम्यताले 'क्रोष्टृ' शब्द नै तृजन्त आदेश हुनु ।

**(ग) गुण (प्रयत्न) सदृशतम–** वाक्+हरि ='वाग्घरि:' स्थानी हकार घोष, नाद, संवार र महाप्राणवान् भएकाले त्यसको गकारसवर्णी चतुर्थ घकार हुनु ।

**(घ) प्रमाण (मात्रा) सदृशतम–** 'अदसोऽसेर्दादु दो म:' ह्रस्वका स्थानमा ह्रस्व उकार, दीर्घका स्थानमा दीर्घ ऊकार आदेश हुनु ।

**(५३) तस्मिन्निति निर्दिष्टे पूर्वस्य १।१।६६**

सप्तमी विभक्तिद्वारा निर्देश गरिने कार्य त्यसदेखि अव्यवहित पूर्व वर्णका स्थानमा हुन्छ, जस्तै : 'सुधी+उपास्य' यहाँ 'इको यणचि' सूत्रले इक्का स्थानमा अच् पर हुँदा यण् प्राप्त छ । अब सन्देह हुन्छ कि 'सुधी' शब्दमा ईकार र उकार दुवै छन्, कुन इक्का ठाउँमा यण् गर्ने ? 'उपास्य'को उकार अव्यवहित अच्का रूपमा पछाडि रहेकाले त्यसदेखि अव्यवहित पूर्ववर्ती 'सुधी'का ईकारका स्थानमा स्थानत: आन्तर्यद्वारा 'य्' यण् हुन्छ ।

**(५४) तस्मादित्युत्तरस्य १।१।६७**

पञ्चमी विभक्तिद्वारा निर्देश गरिने कार्य अन्य वर्णको व्यवधानद्वारा रहित परका स्थानमा हुन्छ, जस्तै : 'आस्+आन' यहाँ 'ईदास:' सूत्रले आस् धातुदेखि ईत्व प्राप्त भयो । 'आस:' पञ्चम्यन्त भएकाले त्यसदेखि उत्तरवर्ती 'आन' का अन्त्य वर्णका स्थानमा प्राप्त भए पनि 'आदे: परस्य' परिभाषाले 'आन' का आकारका स्थानमा ईत्व हुन्छ ।

**(५५) अलोऽन्त्यस्य १।१।५२**

षष्ठी विभक्तिद्वारा निर्दिष्ट जुन आदेश वा लोप कार्य छ त्यो अन्त्य वर्णका स्थानमा हुन्छ, जस्तै :

(क) 'त्यदादीनाम:' त्यद् को अत्व नभई अन्त्य दकारको अत्व हुनु ।

(ख) 'संयोगान्तस्य लोप:' संयोगान्त पदको लोप नभई संयोगसंज्ञक अन्त्य वर्णको लोप हुनु ।

(ग) 'दिव औत्' सम्पूर्ण दिव् शब्दको औत्व नभई अन्त्य वकारका स्थानमा औत्व हुनु ।

(घ) 'रायो हलि' सम्पूर्ण रै शब्दको आत्व नभई अन्त्य ऐकारको मात्र आत्व हुनु ।

**(५६) ङिच्च १।१।५३**

षष्ठी विभक्तिद्वारा निर्दिष्ट जुन ङकारको इत्संज्ञा हुने आदेश छ त्यो अनेक अल् भए तापनि अन्त्य वर्णका स्थानमा हुन्छ । यो सर्वादेश (सूत्र ५८) को अपवाद हो । जस्तै : माता च पिता च– मातृ+पितृ– मात् आनङ्+पितृ– मातान्+पितृ– मातापितृ+औ– मातापित् अर् +औ =मातापितरौ ।

**(५७) आदे: परस्य १।१।५४**

परलाई जुन कार्य विधान गरिएको छ त्यो कार्य त्यसको आदिमा होस् । यो अन्त्यविधि (सूत्र ५५) को अपवाद हो । जस्तै : द्विर्गता आपो यस्मिन्– द्वि+अप– द्वि+ईप– द्वीप+सु =द्वीपम् ।

**(५८) अनेकाल्शित्सर्वस्य १।१।५५**

षष्ठी विभक्तिद्वारा निर्दिष्टका स्थानमा जुन अनेक वर्णले युक्त भएको आदेश वा शकारको इत्संज्ञा हुने आदेश छ त्यो कुनै एउटा वर्णका स्थानमा नभएर सम्पूर्ण स्थानीका स्थानमा हुन्छ । यो सूत्र 'अलोऽन्त्यस्य' र 'आदे: परस्य' दुवै सूत्रको अपवाद हो । जस्तै :

(क) अनेकाल् आदेश– राम+भिस्– राम+ऐस् =रामै: ।

(ख) शित् आदेश– इदम्+तसिल्– इश्+तस् =इत: ।

**(५९) उरण् रपर: १।१।५१**

ऋवर्णका स्थानमा विधान गरिने जुन अण् (अ, आ, इ, ई, उ, ऊ) छ त्यो 'र्' पछाडि जोडिएर अर्थात् अर्, आर्, इर्, ईर्, उर्, ऊर् भएर मात्र प्रवृत्त हुन्छ । यसरी अण्मा 'र्' पछाडि जोडिनुलाई रपरत्व भनिन्छ । जस्तै : कृ+तृच्– कृ+तृ– क् अर्+तृ– कर्तृ+सु... =कर्ता, कॄ+अति =किरति, द्विमातृ+अण् =द्वैमातुर: आदि ।

**(६०) प्रत्ययलोपे प्रत्ययलक्षणम् १।१।६२**

प्रत्ययको लोप वा अदर्शन भए पनि प्रत्ययलाई निमित्त मानेर गरिने कार्य हुन्छन्, जस्तै : अग्नि+चि+क्विप्– अग्निचि– अग्निचि तुक्– अग्निचित्+सु– अग्निचित्+स् =अग्निचित् । यहाँ क्विप् प्रत्ययको लोप भए पनि त्यसलाई निमित्त मानेर तुक् (त्) आगम भएको छ ।

◆

# ४. सन्धि प्रकरण

सन्धि भन्नाले कुनै दुई पक्षको मिलन भन्ने बुझिन्छ । व्याकरणमा सार्थक दुई पद अथवा प्रकृति र प्रत्ययलाई सन्धिसूत्रको नियमानुसार जोडेर एउटै बनाउनुलाई सन्धि भनिन्छ । 'नै+अक: =नायक:' जस्ता एउटै पदमा, 'प्र+आप्त: =प्राप्त:' जस्ता उपसर्ग र धातुका बीचमा तथा 'सुधीभि: उपास्य:– सुधी+उपास्य: =सुद्ध्युपास्य:' जस्ता समास भएका शब्दमा पनि सन्धिकार्य अनिवार्यरूपमा हुन्छ । मौखिक वाक्यमा सन्धि गर्ने कि नगर्ने भन्ने कुरा वक्ताको इच्छामा भरपर्ने भए तापनि लिखित वाक्यमा भने सन्धि अनिवार्यरूपमा नै गरिन्छ ।

प्रत्याहारसूत्रमा र कतिपय पाणिनीय सूत्रहरूमा पनि सन्देह उत्पन्न नहोस् भन्नका लागि सन्धिकार्य नभएको पाइन्छ । सूत्र भएकाले तिनमा सन्धि नहुनुलाई क्षम्य मानिएको छ । त्यसैले 'अइउण्, ऋलृक्, एओङ र ऐऔच्' प्रत्याहारसूत्रमा स्वरसन्धि नभएको हो । त्यसैगरी 'अट्कुप्वाङ्नुम्व्यवायेऽपि' सूत्रमा मकारको अनुस्वारसन्धि नहुनु, 'अल्पाच्तरम्' सूत्रमा चकारको कुत्व नहुनु आदिलाई पनि सूत्र भएकै कारण क्षम्य मानिएको हो ।

पाणिनीय व्याकरणमा सन्धिलाई मुख्यत: अच्सन्धि, प्रकृतिभावसन्धि, हल्सन्धि, विसर्गसन्धि र स्वादिसन्धि गरी पाँच प्रकारमा विभाजन गरिएको छ । लघुकौमुदीमा प्रकृतिभावलाई अच्सन्धिभित्र र स्वादिसन्धिलाई विसर्गसन्धिभित्रै समावेश गरी अच्सन्धि, हल्सन्धि र विसर्गसन्धि गरी तीन प्रकारका सन्धिको चर्चा गरिएको छ भने मध्यकौमुदी र सिद्धान्तकौमुदीमा पाँचवटै सन्धिको पृथक्रूपमा चर्चा गरिएको छ । सिद्धान्तकौमुदीको सन्धिप्रकरणमा १३१ सूत्रहरू पढिएका छन् । ती सूत्रले विशेषत: दुई पदका बीचमा हुने बाह्य सन्धिको चर्चा गरेका छन् भने एउटै पदभित्र हुने आन्तरिकसन्धिको चर्चा गरेको पाईंदैन । त्यसैले पाणिनीय व्याकरणमा आन्तरिक सन्धिलाई भन्दा बाह्यसन्धिलाई नै मुख्य प्राथमिकता दिइएको छ ।

## ४.१ अच्सन्धि

पूर्ववर्ती र उत्तरवर्ती स्वरवर्णका प्रभावमा पूर्ववर्ती वा उत्तरवर्ती स्वरवर्णव परिवर्तन हुने र पूर्ववर्ती एवं उत्तरवर्ती दुवै स्वरवर्णका स्थानमा अर्कै स्वरवर्णको परिवर्त भई सन्धि हुने प्रक्रियालाई अच्सन्धि भनिन्छ । सिद्धान्तकौमुदीको अच्सन्धि प्रकरणमा स्वरवर्णका साथै प्रसङ्गवश व्यञ्जनवर्णको परिवर्तन र लोप हुने तथा व्यञ्जनवर्णको द्वित्व हुने सूत्रहरू पनि पढिएका छन् । यस अध्ययनमा सन्धिकार्यका आधारमा अच्सन्धिलाई मुख्यत: यण्सन्धि, अयादिसन्धि, गुणसन्धि, वृद्धिसन्धि, पररूपसन्धि, सवर्णदीर्घसन्धि र पूर्वरूपसन्धि गरी ७ प्रकारमा विभाजनका साथमा तिनको चर्चा गरिएको छ ।

### ४.१.१ यण्सन्धि

**(६१) इको यणचि ६।१।७७** (इक्+अच्)

इक्=यण्+अच् अर्थात् अच् पर भएमा इ/ई=य्, उ/ऊ=व्, ऋ/ॠ=र् तथा लृ=ल् । अच् वर्ण आदिमा हुने पद वा प्रत्यय पछाडि भएमा पूर्ववर्ती पद वा प्रकृतिको अन्तमा इक् वर्ण छ भने त्यसका स्थानमा क्रमशः य्, व्, र्, ल् परिवर्तन हुनुलाई यण्सन्धि भनिन्छ । यण्सन्धिका ६ अवस्था हुन्छन् :

**(क) इ=य्+अच्–** अति+अधिकः =अत्यधिकः, प्रति+अयः =प्रत्ययः, यदि+अपि =यद्यपि, इति+अत्र =इत्यत्र, इति+अवस्थायाम् =इत्यवस्थायाम्, इति+आदिः =इत्यादिः, प्रति+आहारः =प्रत्याहारः, प्रति+उत्तरम् =प्रत्युत्तरम्, उपरि+उक्तः =उपर्युक्तः, अभि+उदयः =अभ्युदयः, प्रति+एकम् =प्रत्येकम् आदि ।

**(ख) ई=य्+अच्–** सुधी+उपास्यः =सुध्युपास्यः/सुद्ध्युपास्यः, गौरी+अस्ति =गौर्यस्ति आदि ।

**(ग) उ=व्+अच्–** देवी+उवाच =देव्युवाच, मधु+अरिः =मध्वरिः/मद्ध्वरिः, अनु+अयः =अन्वयः, सु+अल्पम् =स्वल्पम्, सु+आगतम् =स्वागतम्, अनु+एषणम् =अन्वेषणम् आदि ।

**(घ) ऊ=व्+अच्–** वधू+अपि =वध्वपि आदि ।

**(ङ) ऋ=र्+अच्–** धातृ+अंशः =धात्रंशः/धात्त्रंशः, पितृ+अनुमतिः =पित्रनुमतिः, पितृ+आ =पित्रा, मातृ+आ =मात्रा, मातृ+आदेशः =मात्रादेशः, भ्रातृ+आ =भ्रात्रा, पितृ+ए =पित्रे, मातृ+ए =मात्रे आदि ।

**(च) लृ=ल्+अच्–** लृ+आकृतिः =लाकृतिः आदि ।

'अनचि च' सूत्रले अच्देखि पर रहेको यर् प्रत्याहारस्थ वर्णको विकल्पले द्वित्व भएर 'सुध्ध्+उपास्यः' 'मध्ध्व्+अरिः' हुन्छन् भने 'झलां जश् झशि' सूत्रले झल् प्रत्याहारस्थ वर्णका स्थानमा जश् प्रत्याहारस्थ वर्णको परिवर्तन भएर 'सुद्ध्युपास्यः' 'मद्ध्वरिः' शब्द बन्दछन् ।

### ४.१.२ अयादिसन्धि

**(६२) एचोऽयवायावः ६।१।७८** (एच्+अच्)

अच् आदिमा हुने प्रत्यय वा पद पर भएमा पूर्ववर्ती एच्का ठाउँमा क्रमशः अय्, आव्, आय् र आव् आदेश अर्थात् ए=अय्, ओ =अव्, ऐ=आय् र औ=आय् को परिवर्तन हुनुलाई अयादिसन्धि भनिन्छ । अयादिसन्धिका ४ अवस्था छन् :

**(क) ए=अय्+अच्–** शे+अनम् =शयनम्, ने+अनम् =नयनम्, ने+अति =नयति, हरे+ए =हरये, कवे+ए =कवये आदि ।

**(ख) ओ=अव्+अच्–** भो+अति =भवति, भो+अनम् =भवनम्, भानो+ए =भानवे, गुरो+ए =गुरवे, विष्णो+ए =विष्णवे आदि ।

**(ग) ऐ=आय्+अच्–** नै+अकः =नायकः, गै+अकः =गायकः, विनै+अकः =विनायकः,

सखै+औ =सखायौ, सखै+अः =सखायः, आदि ।

**(घ) औ=आव्+अच्–** पौ+अकः =पावकः, भौ+अकः =भावकः, भौ+उकः =भावुकः, गौ+औ =गावौ, गौ+अः =गावः आदि ।

**(६३) वान्तो यि प्रत्यये ६।१।७९** (ए/ओ+य)

यकार आदिमा हुने प्रत्यय पर भएमा ओकारका स्थानमा अव् र औकारका स्थानमा आव् परिवर्तन हुन्छ । यसका २ अवस्था हुन्छन् :

**(क) ओ=अव्+य–** गो+यम्– ग् अव्+य =गव्यम् आदि ।

**(ख) औ=आव्+य–** नौ+यम्– न् आव्+य =नाव्यम् आदि ।

विशेष अवस्थामा अन्य सूत्र र वार्तिकले 'गो+यूतिः =गव्यूति, लो+यम् =लव्यम्, ऋे+यम् =ऋव्यम्' आदि प्रयोगमा अय् र अव् आदेशको विधान गरेको पाइन्छ । अश् प्रत्याहारस्थ वर्ण आदिमा हुने शब्द पर भएमा अय्, अव्, आय् र आव् आदेश गरिसकेपछि 'लोपः शाकल्यस्य' सूत्रले विकल्पले यकार र वकारको लोप गर्दछ, जस्तै : हरे+इह– हरय्+इह =हर इह/हरयिह, विष्णो+इह विष्णव्+इह =विष्ण इह/विष्णविह, श्रियै+उद्यतः– श्रियाय्+उद्यतः =श्रिया उद्यतः/श्रियायुद्यतः, गुरौ+उत्कः– गुराव्+उत्कः =गुरा उत्कः/गुरावुत्कः आदि ।

## ४.१.३ गुणसन्धि

**(६४) आद् गुणः ६।१।८७** (अ/आ+इक्)

अघिल्लो शब्द वा प्रकृतिको अन्तमा अ वा आ छ र पछिल्लो शब्द वा प्रत्ययको आदिमा इ वा ई छ भने अघिपछि दुवैका स्थानमा ए; उ वा ऊ छ भने अघिपछि दुवैका स्थानमा ओ; ऋ वा ॠ छ भने अघिपछि दुवैका स्थानमा अर् र ऌ छ भने अघिपछि दुवैका स्थानमा अल् परिवर्तन हुनुलाई गुणसन्धि भनिन्छ । बहुप्रचलित प्रयोगका दृष्टिले गुणसन्धिका ९ अवस्था छन् :

**(क) अ+इ=ए–** उप+इन्द्रः =उपेन्द्रः, गज+इन्द्रः =गजेन्द्रः, सुर+इन्द्रः =सुरेन्द्रः, वीर+इन्द्रः =वीरेन्द्रः, मम+इच्छा =ममेच्छा आदि ।

**(ख) अ+ई=ए–** गण+ईशः =गणेशः, राज+ईशः =राजेशः, सुर+ईशः =सुरेशः आदि ।

**(ग) आ+इ=ए–** तथा+इति =तथेति आदि ।

**(घ) आ+ई=ए–** महा+ईशः =महेशः, महा+ईश्वरः =महेश्वरः आदि ।

**(ङ) अ+उ=ओ–** वार्षिक+उत्सवः =वार्षिकोत्सवः, जन्म+उत्सवः =जन्मोत्सवः, सूर्य+उदयः =सूर्योदयः, चन्द्र+उदयः =चन्द्रोदयः, भाग्य+उदयः =भाग्योदयः, मानव+उचितम् =मानवोचितम्, पुरुष+उत्तम =पुरुषोत्तमः, नर+उत्तमः =नरोत्तमः, पूर्व+उक्तः =पूर्वोक्तः आदि ।

**(च) आ+उ=ओ–** महा+उत्सवः =महोत्सवः, महा+उदयः =महोदयः, गङ्गा+उदकम् =गङ्गोदकम्, परीक्षा+उत्तीर्णः परीक्षोत्तीर्णः, विद्या+उन्नतिः =विद्योन्नतिः, यथा+उचितम् =यथोचितम्, यथा+उक्तम् =यथोक्तम् आदि ।

**(छ) अ+ऋ=अर्–** देव+ऋषिः =देवर्षिः, सप्त+ऋषिः =सप्तर्षिः, राज+ऋषिः =राजर्षिः, कृष्ण+ऋद्धिः =कृष्णर्द्धिः, ग्रीष्म+ऋतुः =ग्रीष्मर्तुः आदि ।

**(ज) आ+ऋ=अर्–** वर्षा+ऋतुः =वर्षर्तुः, महा+ऋषिः =महर्षिः, ब्रह्मा+ऋषिः =ब्रह्मर्षिः आदि ।

**(झ) अ+ऌ=अल्–** तव+ऌकारः =तवल्कारः, मम+ऌकारः =ममल्कारः ।

## ४.१.४ वृद्धिसन्धि

**(६५) वृद्धिरेचि ६।१।८८** (अ/आ+एच्)

अघिल्लो शब्द वा प्रकृतिको अन्तमा अ वा आ छ र पछिल्लो शब्द वा प्रत्ययको आदिमा ए वा ऐ छ भने अघिपछि दुवैका स्थानमा ऐ हुनु र ओ वा औ छ भने अघिपछि दुवैका स्थानमा औ परिवर्तन हुनुलाई वृद्धिसन्धि भनिन्छ । बहुप्रचलित प्रयोगका दृष्टिले वृद्धिसन्धिका ८ अवस्था छन् :

**(क) अ+ए=ऐ–** कृष्ण+एकत्वम् =कृष्णैकत्वम्, मम+एव =ममैव, तव+एव =तवैव, तत्र+एव =तत्रैव, अद्य+एव =अद्यैव, पञ्च+एव =पञ्चैव आदि ।

**(ख) अ+ऐ=ऐ–** देव+ऐश्वर्यम् =देवैश्वर्यम्, तव+ऐश्वर्यम् =तवैश्वर्यम्, मम+ऐश्वर्यम् =ममैश्वर्यम्, मत+ऐक्यम् =मतैक्यम्, राम+ऐस् =रामैः, कृष्ण+ऐस् =कृष्णैः आदि ।

**(ग) आ+ए=ऐ–** तथा+एव =तथैव, सदा+एव =सदैव, वसुधा+एव =वसुधैव, रमाया+ए =रमायै, सर्वस्या+ए =सर्वस्यै आदि ।

**(घ) आ+ऐ=ऐ–** महा+ऐश्वर्यम् =महैश्वर्यम् आदि ।

**(ङ) अ+ओ=औ–** तण्डुल+ओदनम् =तण्डुलौदनम्, परम+ओजस्वी =परमौजस्वी, जल+ओघः =जलौघः आदि ।

**(च) आ+ओ=औ–** गङ्गा+ओघः =गङ्गौघः आदि ।

**(छ) अ+औ=औ–** कृष्ण+औत्कण्ठ्यम् =कृष्णौत्कण्ठ्यम्, परम+औषधिः =परमौषधिः, वन+औषधिः =वनौषधिः, तस्य+औषधिः =तस्यौषधिः आदि ।

**(ज) आ+औ=औ–** महा+औषधिः =महौषधिः आदि ।

विशेष अवस्थामा अन्य सूत्र र वार्तिकले पनि वृद्धिसन्धि गर्दछन् । पररूपसन्धि र गुणसन्धिको अपवादका रूपमा 'एत्येधत्यूठ्सु' सूत्रले 'उप+एति =उपैति, उप+एधते =उपैधते, प्रष्ठ+ऊहः =प्रष्ठौहः' जस्ता प्रयोगमा वृद्धि हुन्छ । गुणसन्धिको अपवादमा 'अक्ष+उहिनी =अक्षौहिणी सेना' मा 'अक्षादूहिन्यामुपसङ्ख्यानम्' वार्तिकले औ वृद्धि हुन्छ भने 'स्व+ईरः =स्वैरः, स्व+ईरिणी =स्वैरिणी' मा 'स्वादीरेरिणोः' वार्तिकले ऐ वृद्धि हुन्छ । गुणसन्धि र पररूपसन्धिको अपवादका रूपमा प्र+ऊहः =प्रौहः, प्र+ऊढः =प्रौढः, प्र+ऊढिः =प्रौढिः, प्र+एषः =प्रैषः र प्र+एष्यः =प्रैष्यः शब्दमा 'प्रादूहोढोढ्येषैष्येषु' वार्तिकले औ वृद्धि हुन्छ । गुणसन्धिकै अपवादमा 'सुख+ऋतः =सुखार्तः' मा 'ऋते च तृतीयासमासे' वार्तिकले रपरत्वसहित आ वृद्धि भएर 'सुखार्तः' बन्दछ । 'प्रवत्सतरकम्बलवसनार्णदशानामृणे' वार्तिकले गुणसन्धिकै अपवादमा रपरत्वसहित आ

वृद्धि भएर प्र+ऋणम् =प्रार्णम्, वत्सतर+ऋणम् =वत्सतरार्णम्, कम्बल+ऋणम् =कम्बलार्णम्, वसन+ऋणम् =वसनार्णम् र ऋण+ऋणम् =ऋणार्णम् शब्दको निर्माण हुन्छ ।

अवर्ण अन्तमा हुने उपसर्गदेखि ऋकार आदिमा हुने धातु पर भएमा गुणसन्धिको अपवादका रूपमा 'उपसर्गादृतिधातौ' सूत्रले रपरत्वसहित आ वृद्धि भएर 'उपार्च्छति, प्रार्च्छति' जस्ता प्रयोगहरू बन्दछन् । अवर्ण अन्तमा हुने उपसर्गदेखि ऋकार आदिमा हुने सुब्धातु (नामधातु) पर भएमा गुणसन्धिकै अपवादका रूपमा 'वा सुप्यापिशलेः' सूत्रले रपरत्वसहित आ वृद्धि भएर 'प्रार्षभीयति' जस्ता प्रयोगको निर्माण हुन्छ ।

## ४.१.५ पररूपसन्धि

**(६६) एङि पररूपम् ६।१।९४** (अ/आ+ए/ओ)

अवर्ण अन्तमा हुने उपसर्गदेखि एकार वा ओकार आदिमा हुने धातु पर भएमा अघिपछि दुवैका स्थानमा पछिल्लो एकार वा ओकारका रूपमा परिवर्तन हुनुलाई पररूपसन्धि भनिन्छ । अघिल्लो वर्ण पछिल्लो वर्णमा मिसिएर पछिल्लो वर्णजस्तै हुनु नै पररूप हुनु हो । पररूपसन्धिका २ अवस्था हुन्छन् :

**(क) अ/आ+ए=ए–** प्र+एजते =प्रेजते, उप+एडकीयति =उपेडकीयति ।

**(ख) अ/आ+ओ=ओ–** उप+ओषति =उपोषति, प्र+ओघीयति =प्रोघीयति ।

विशेष अवस्थामा 'शकन्ध्वादिषु पररूपं वाच्यम्', 'सीमन्तः केशवेशे', 'सारङ्गः पशुपक्षिणोः' र 'ओत्वोष्ठयोः समासे वा' वार्तिक तथा 'ओमाङोश्च' र 'अव्यक्तानुकरणस्यात इतौ' सूत्रले पनि पररूपसन्धि गर्दछन्, जस्तै : शक+अन्धुः =शकन्धुः, कर्क+अन्धुः =कर्कन्धुः, मनस्+ईषा =मनीषा, सीमन्+अन्तः =सीमन्तः, हल+ईषा =हलीषा, लाङ्गल+ईषा =लाङ्गलीषा, पतत्+अञ्जलिः =पतञ्जलिः, सार+अङ्गः =सारङ्गः, कुल+अटा =कुलटा, मृत+अण्डः (मृतण्ड+अण्) =मार्तण्डः, क्व+एव =क्वेव, स्थूल+ओतुः =स्थूलोतु/स्थूलौतुः, विम्ब+ओष्ठः =विम्बोष्ठः/विम्बौष्ठः, शिवाय+ओम् नमः =शिवायों नमः, शिव+आ+इहि– शिव+एहि =शिवेहि, पटत्+इति =पटिति । यी उदाहरणहरूमा अघिल्लो शब्दको अन्तमा रहेका अ, अस्, अन् र अन् वर्ण वा वर्णसमुदाय पछिल्लो शब्दको आदिमा रहेका स्वरवर्णसँगै विलय भएका छन् । माथि उदाहृत अधिकांश शब्दहरू गुणसन्धि, वृद्धिसन्धि र दीर्घसन्धिका अपवादका रूपमा देखिएका हुन् ।

## ४.१.६ सवर्णदीर्घसन्धि

**(६७) अकः सवर्णे दीर्घः ६।१।१०१** (अक्+सवर्ण अक्)

अक् प्रत्याहारमा पर्ने अ, इ, उ, ऋ वर्णदेखि पछाडि पनि उस्तै वर्ण भएमा अघि र पछि दुवै वर्णका स्थानमा सवर्णी आ, ई, ऊ, ॠ दीर्घवर्ण हुनुलाई सवर्णदीर्घसन्धि भनिन्छ । अ र आ, इ र ई, उ र ऊ तथा ऋ र ॠ दुवै ह्रस्वदीर्घ वर्णलाई सवर्ण मानिन्छ । बहुप्रयुक्त प्रयोगका दृष्टिले सवर्णसन्धिका १० अवस्था हुन्छन् :

**(क) अ+अ=आ–** दैत्य+अरिः =दैत्यारिः, दण्ड+अग्रम् =दण्डाग्रम्, कुश+अग्रः =कुशाग्रः, वेद+अन्तः =वेदान्तः, देह+अन्तः =देहान्तः, अद्य+अवधिः =अद्यावधिः, एक+अन्तः =एकान्तः,

उप+अध्यक्ष: =उपाध्यक्ष:, कोष+अध्यक्ष: =कोषाध्यक्ष: आदि ।

**(ख) अ+आ=आ–** हिम+आलय: =हिमालय:, शिव+आलय: =शिवालय:, पुस्तक+आलय: =पुस्तकालय, शौच+आलय: =शौचालय:, छात्र+आवास: =छात्रावास:, वृद्ध+आश्रम: =वृद्धाश्रम:, अल्प+आयु: =अल्पायु:, गृहस्थ+आश्रम: =गृहस्थाश्रम:, प्र+आचार्य: =प्राचार्य: आदि ।

**(ग) आ+अ=आ–** विद्या+अर्थी =विद्यार्थी, परीक्षा+अर्थी =परीक्षार्थी, दीक्षा+अन्त: =दीक्षान्त:, आज्ञा+अर्थक: =आज्ञार्थक:, यथा+अर्थ: =यथार्थ:, सीमा+अङ्कनम् =सीमाङ्कनम्, सीमा+अन्त: =सीमान्त: आदि ।

**(घ) आ+आ=आ–** विद्या+आलय: =विद्यालय:, प्रतीक्षा+आलय: =प्रतीक्षालय:, महा+आशय: =महाशय: वार्ता+आलापम् =वार्तालापम्, सत्ता+आरूढ: =सत्तारूढ:, परम्परा+आगतम् =परम्परागतम् आदि ।

**(ङ) इ+इ=ई–** रवि+इन्द्र: =रवीन्द्र:, कवि+इन्द्र: =कवीन्द्र:, गिरि+इन्द्र: =गिरीन्द्र:, अभि+इष्टम् अभीष्टम्, अति+इत: =अतीत:, अति+इव =अतीव आदि ।

**(च) इ+ई=ई–** गिरि+ईश: =गिरीश:, क्षिति+ईश: =क्षितीश:, प्रति+ईक्षा =प्रतीक्षा आदि ।

**(छ) ई+इ=ई–** मही+इन्द्र: =महीन्द्र: आदि ।

**(ज) ई+ई=ई–** श्री+ईश: =श्रीश:, नारी+ईश्वर: =नारीश्वर:, नन्दी+ईश: =नन्दीश: आदि ।

**(झ) उ+उ=ऊ–** विष्णु+उदय: =विष्णूदय:, भानु+उदय: =भानूदय:, अनु+उदित: =अनूदित:, सु+उक्ति: =सूक्ति: आदि ।

**(ञ) ऋ+ऋ=ॠ–** होतृ+ऋकार: =होतॄकार: आदि ।

## ४.१.७ पूर्वरूपसन्धि

**(६८) एङः पदान्तादति ६।१।१०९** (ए/ओ+अ)

पदको अन्तमा रहेका एकार वा ओकारदेखि पछाडि रहेको अकार एकार वा ओकारमै मिसिनुलाई पूर्वरूपसन्धि भनिन्छ । यसरी मिसिंदा अकारको पूर्ण विलय भए पनि त्यसको सम्झनास्वरूप खण्डाकार (ऽ) को उल्लेख गरिन्छ । पूर्वरूपसन्धिका २ अवस्था हुन्छन् :

**(क) ए→अ=ऽ–** हरे+अव =हरेऽव, सर्वे+अपि =सर्वेऽपि, अक्षरे+अपि =अक्षरेऽपि, वने+अत्र =वनेऽत्र, वृक्षे+अस्मिन् =वृक्षेऽस्मिन् आदि ।

**(ख) ओ→अ=ऽ–** विष्णो+अव =विष्णोऽव, को+अपि =कोऽपि, मो+अनुस्वार: =मोऽनुस्वार:, एचो+अयवायाव: =एचोऽयवायाव:, गुरो+अपि =गुरोऽपि, रामो+अपि= रामोऽपि, रामो+अयम् =रामोऽयम्, शिवो+अहम् =शिवोऽहम् आदि ।

◆

## ४.२ प्रकृतिभाव सन्धि

'स्वस्वरूपेणावस्थानं प्रकृतिभाव:' अर्थात् आआफ्नो स्वरूपमा रहनुलाई प्रकृतिभाव भनिन्छ । प्रकृतिभाव भएका ठाउँमा कुनै किसिमको अच्सन्धि प्रवृत्त हुँदैन । स्वरको मात्र प्रकृतिभाव हुने भएकाले प्रकृतिभाव सन्धिलाई अच्सन्धिकै निषेधको अवस्था वा अपवाद मान्न सकिन्छ । प्रकृतिभाव सन्धिलाई मुख्यत: प्लुतसन्धि, प्रगृह्यसन्धि, इक्सन्धि र अक्सन्धि गरी चार प्रकारमा विभाजन गर्न सकिन्छ ।

### ४.२.१ प्लुत प्रकृतिभाव सन्धि

**(६९) प्लुतप्रगृह्या अचि नित्यम् ६।१।१२५**

अच् प्रत्याहारस्थ वर्ण आदिमा हुने शब्द पछाडि भएमा पूर्ववर्ती प्लुतसंज्ञक शब्दहरू जस्ताको तस्तै रहनुलाई प्लुत प्रकृतिभाव सन्धि भनिन्छ । शूद्रदेखि भिन्न प्लुत प्रत्यभिवादन गर्दा जुन वाक्यको प्रयोग गरिन्छ त्यसको अन्तिम स्वरवर्णलाई, टाढाबाट सम्बोधन गर्दा जुन वाक्यको प्रयोग गरिन्छ त्यस वाक्यको अन्तिम स्वरवर्णलाई, वाक्यमा प्रयुक्त 'है' एवं 'हे' शब्दलाई र टाढाबाट सम्बोधन गर्दा प्रयोग गरिने ऋकारभिन्न अन्तिमसहितका सबै स्वरवर्णलाई पनि प्लुतसंज्ञा हुन्छ । यस्ता प्लुतसंज्ञक शब्दलाई बुझाउन ३ अङ्कको प्रयोग गरिन्छ र यी सबै ठाउँमा उपर्युक्त सूत्रले प्रकृतिभाव सन्धि गर्दछ । जस्तै : आयुष्मान् भव देवदत्त ३, आगच्छ कृष्ण ३ अत्र गौश्चरति, सक्तून् पिब देवदत्त ३, है ३ राम, राम हे ३, दे३वदत्त, देवद३त्त, देवदत्त३ । प्रकृतिभाव भएका कारणले नै उपर्युक्त 'कृष्ण ३ अत्र' मा सवर्णदीर्घसन्धिको प्रवृत्ति नभएको हो ।

### ४.२.२ प्रगृह्य प्रकृतिभाव सन्धि

**(६९) प्लुतप्रगृह्या अचि नित्यम् ६।१।१२५**

अच् प्रत्याहारमा पर्ने वर्ण आदिमा हुने शब्द पर भएमा पूर्ववर्ती प्रगृह्यसंज्ञक शब्दहरू जस्ताको तस्तै रहनुलाई प्रगृह्य प्रकृतिभाव सन्धि भनिन्छ । ईकार, ऊकार र एकार अन्तमा हुने द्विवचनलाई, अस्मत् शब्ददेखि पर रहेका ईकार र अकारलाई, शे प्रत्ययान्त शब्दका एकारलाई, आङ्देखि भिन्न एउटा अच् भएका निपात शब्दलाई, ओकार अन्तमा हुने निपात शब्दलाई, 'इति' शब्द पर भएमा सम्बुद्धिनिमित्तक ओकारलाई र सप्तम्यर्थक ईकार एवं ऊकार अन्तमा हुने शब्दलाई पनि प्रगृह्यसंज्ञा हुन्छ । यस्ता प्रगृह्यसंज्ञक शब्दलाई पनि उक्त सूत्रले प्रकृतिभाव सन्धि गर्दछ । जस्तै : हरी एतौ, विष्णू इमौ, गङ्गे अमू, पचेते इमौ, अमी ईशा, रामकृष्णावमू आसाते, अस्मे इन्द्र बृहस्पति, इ इन्द्र:, उ उमेश:, आ एवं नु मन्यसे, आ एवं किल तत्, अहो ईशा, विष्णो इति, सोमो गौरी अधिश्रित:, मामकी तनू इति । प्रकृतिभाव सन्धि भएकाले दुई स्वरको सान्निध्य भए तापनि यिनमा कुनैपनि प्रकारको अच्सन्धि प्वत्त नभएको हो ।

### ४.२.३ इक् प्रकृतिभाव सन्धि

**(७०) इकोऽसवर्णे शाकल्यश्च ह्रस्वश्च ६।१।१२७**

असवर्ण अच् पर भएमा पदान्तमा रहेका इक् प्रत्याहारस्थ वर्णको विकल्पले प्रकृतिभाव र ह्रस्वसमेत हुनुलाई इक् प्रकृतिभाव सन्धि भनिन्छ, जस्तै : चक्री+अत्र =चक्रि अत्र/चक्रयत्र, मधू+अत्र =मधु अत्र/मध्वत्र, दधी+अत्र =दधि अत्र/दध्यत्र, कुमारी+अत्र =कुमारि अत्र/कुमार्यत्र, किशोरी+अत्र =किशोरि अत्र/किशोर्यत्र । उपर्युक्त सूत्रद्वारा ह्रस्वविधान गर्नुको सामर्थ्यले 'चक्रि अत्र, मधु अत्र, दधि अत्र, कुमारि अत्र र किशोरि अत्र' मा यणसन्धि हुँदैन । तर समासमा र सकारको इत्संज्ञा हुने प्रत्यय पर भएमा भने प्रकृतिभाव र ह्रस्व नभई स्वरसन्धि नै हुन्छ, जस्तै : वाप्यामश्वः– वापी+अश्वः =वाप्यश्वः, (पर्शू+णस्)– पार्शु+अम् =पार्श्वम् ।

### ४.२.४ अक् प्रकृतिभाव सन्धि

**(७१) ऋत्यकः ६।१।१२८**

ऋकार पर भएमा पदान्तमा रहेका अक् प्रत्याहारस्थ वर्णको विकल्पले प्रकृतिभाव र ह्रस्वसमेत हुनुलाई अक् प्रकृतिभाव सन्धि भनिन्छ, जस्तै : ब्रह्मा+ऋषिः =ब्रह्म ऋषि/ब्रह्मर्षिः, सप्त+ऋषिणाम् =सप्त ऋषिणाम्/सप्तर्षिणाम्, खट्वा+ऋश्यः =खट्व ऋश्यः/खट्वर्श्यः, माला+ऋश्यः =माल ऋश्यः/मालर्श्यः, कुमारी+ऋश्यः =कुमारि ऋश्यः/कुमार्यृश्यः, होतृ+ऋश्यः =होतृ ऋश्यः/होतृश्यः आदि ।

## ४.३ हल्सन्धि

पूर्ववर्ती हल् अर्थात् व्यञ्जनवर्णका प्रभावमा उत्तरवर्ती व्यञ्जनवर्णको परिवर्तन हुनु, उत्तरवर्ती व्यञ्जनवर्णका प्रभावमा पूर्ववर्ती व्यञ्जनवर्णको परिवर्तन हुनु र पदान्तमा रहेका व्यञ्जनवर्णको समेत परिवर्तन हुनुलाई हल्सन्धि भनिन्छ । सन्धिका आधारमा हल्सन्धिलाई मुख्यतः श्चुत्वसन्धि, ष्टुत्वसन्धि, जश्त्वसन्धि, अनुनासिकसन्धि, परसवर्णसन्धि, पूर्वसवर्णसन्धि, छत्वसन्धि, चर्त्वसन्धि, अनुस्वारसन्धि, रुत्वसन्धि र आगमसन्धि गरी ११ प्रकारमा विभाजन गर्न सकिन्छ ।

### ४.३.१ श्चुत्वसन्धि

**(७२) स्तोः श्चुना श्चुः ८।४।४०** (श/चवर्ग योग)

अगाडि वा पछाडि शकार र चवर्ग (च्, छ्, ज्, झ्, ञ्) ले योग भएमा अगाडि वा पछाडि रहेका सकारका स्थानमा शकार र तवर्ग (त्, थ्, द्, ध्, न्) का स्थानमा क्रमशः चवर्गको परिवर्तन हुनुलाई श्चुत्वसन्धि भनिन्छ । बहुप्रचलित प्रयोगका दृष्टिले श्चुत्वसन्धिका निम्नलिखित ४ अवस्था हुन्छन् :

**(क) स्=श्–** रामस्+चिनोति =रामश्चिनोति, हरिस्+शेते =हरिश्शेते आदि ।

**(ख) त्=च्–** सत्+चित् =सच्चित्, उत्+चारणम् =उच्चारणम्, सत्+चरित्रम् =सच्चरित्रम् आदि ।

**(ग) द्=ज्–** तत्+शिवः– तद्+शिवः– तद्+छिवः– तज्+छिवः =तच्छिवः आदि ।

**(घ) न्=ञ्–** शार्ङ्गिन्+जयः =शार्ङ्गिञ्जयः आदि ।

शकारदेखि पर रहेको तवर्गको भने चुत्व हुँदैन, जस्तै : विश्+नः =विश्नः, प्रश्+नः =प्रश्नः ।

## ४.३.२ ष्टुत्वसन्धि

**(७३) ष्टुना ष्टुः ८।४।४१** (ष्/टवर्ग योग)

अगाडि वा पछाडि षकार र टवर्ग (ट्, ठ्, ड्, ढ्, ण्) ले योग भएमा अगाडि वा पछाडि रहेका सकारका स्थानमा षकार र तवर्गका स्थानमा क्रमशः टवर्ग हुनुलाई ष्टुत्वसन्धि भनिन्छ । बहुप्रचलित प्रयोगका आधारमा ष्टुत्वसन्धिका निम्नलिखित ५ अवस्था हुन्छन् :

**(क) स्=ष्–** रामस्+षष्ठः =रामष्षष्ठः, रामस्+टीकते =रामष्टीकते, आदि ।

**(ख) त्=ट्–** तत्+टीका =तट्टीका, पेष्+ता =पेष्टा, ईट्+ते =ईट्टे सर्पिष्+तमम् =सर्पिष्टमम् आदि ।

**(ग) थ्=ठ्–** अधिष्+थाता =अधिष्ठाता, प्रतिष्+थानम् =प्रतिष्ठानम् आदि ।

**(घ) द्=ड्–** उद्+डयनम् =उड्डयनम्, उद्+डीयते =उड्डीयते आदि ।

**(ङ) न्=ण्–** चक्रिन्+ढौकसे =चक्रिण्ढौकसे, षड्+नाम् =षण्णाम्, षड्+नवति =षण्णवतिः, षड्+नगर्यः =षण्णगर्यः आदि ।

नाम्, नवति र नगरी शब्दलाई छाडेर पदान्तमा रहेका टवर्गदेखि पर रहेका सकार र तवर्गको ष्टुत्व हुँदैन, जस्तै : षट् सन्तः, षट् ते । त्यसैगरी षकार पर भएमा पनि तवर्गको ष्टुत्व हुँदैन, जस्तै : सन्+षष्ठः =सन्षष्ठः आदि ।

## ४.३.३ जश्त्वसन्धि

वर्गीय प्रथम, द्वितीय र चतुर्थ झल्वर्णका स्थानमा तृतीय जश्वर्णको परिवर्तन हुनुलाई जश्त्वसन्धि भनिन्छ । जश्त्वसन्धि पदान्त र अपदान्तका दृष्टिले २ प्रकारको हुन्छ ।

**(७४) झलां जशोऽन्ते ८।२।३९** (पदान्तमा)

पदको अन्तमा रहेका झल् प्रत्याहारमा पर्ने वर्णका स्थानमा जश् प्रत्याहारमा पर्ने वर्णहरू परिवर्तन हुनुलाई पदान्त जश्त्वसन्धि भनिन्छ । यस सन्धिमा प्रायः वर्गीय प्रथम वर्णका स्थानमा तृतीय वर्णको परिवर्तन भएको पाइन्छ । वर्णात्मक परिवर्तनका दृष्टिले पदान्त जश्त्वसन्धिका निम्नलिखित ५ अवस्था हुन्छन् :

**(क) च्=ज्–** अच्+अन्तः =अजन्तः, अच्+आदिः =अजादिः आदि ।

**(ख) प्=ब्–** सुप्+अन्तः =सुबन्तः आदि ।

**(ग) क्=ग्–** वाक्+ईशः =वागीशः, दिक्+गजः =दिग्गजः, दिक्+अम्बरः =दिगम्बरः, दिक्+भ्रमः =दिग्भ्रमः, वाक्+जाल्ः =वाग्जालः आदि ।

**(घ) ट्=ड्–** षट्+वर्गः =षड्वर्गः, षट्+आननः =षडाननः, षट्+आनन्दः =षडानन्दः, षट्+आचार्यः =षडाचार्यः, षट्+रसः =षड्रसः, षट्+विकारः =षड्विकारः आदि ।

**(ङ) त्=द्–** चित्+रूपम् =चिद्रूपम्, जगत्+ईशः =जगदीशः, जगत्+ईश्वरः =जगदीश्वरः, जगत्+इह =जगदिह, उत्+देश्यः =उद्देश्यः, भगवत्+गीता =भगवद्गीता, सत्+आचारः =सदाचारः, चित्+आनन्दः =चिदानन्दः, सत्+भावः =सद्भावः, सत्+आनन्दः =सदानन्दः, सत्+धर्मः =सद्धर्मः, रामात् =रामाद् आदि ।

**(७५) झलां जश् झशि ८।४।५३** (झल्+झश्)

झश् प्रत्याहारमा पर्ने वर्ण पर भएमा झल् प्रत्याहारस्थ वर्णका स्थानमा जश् प्रत्याहारमा पर्ने वर्णहरू परिवर्तन हुनुलाई अपदान्त जशत्वसन्धि भनिन्छ । यस सन्धिमा प्रायः वर्गीय चतुर्थ वर्णका स्थानमा तृतीय वर्णको परिवर्तन भएका प्रयोगहरू बढ्ता पाइन्छन् । बहुप्रचलित प्रयोगका आधारमा अपदान्त जशत्वसन्धिका निम्नलिखित ३ अवस्था हुन्छन् :

**(क) भ्=ब्–** लभ्+धः =लब्धः, उपलभ्+धः =उपलब्धः, आरभ्+धम् =आरब्धम्, क्षुभ्+धः =क्षुब्धः आदि ।

**(ख) घ्=ग्–** दुह्+तृच्–... दोघ्+धृ– दोग्धृ+सु =दोग्धा आदि ।

**(ग) ध्=द्–** सुध्ध्य्+उपास्यः =सुद्ध्युपास्यः, बुध्+धिः =बुद्धिः, सिध्+धि =सिद्धिः, वृध्+धिः =वृद्धिः आदि ।

## ४.३.४ अनुनासिकसन्धि

निरनुनासिक वर्ण अनुनासिकका रूपमा परिवर्तन हुनुलाई अनुनासिकसन्धि भनिन्छ । अनुनासिकसन्धि खण्डीय वर्ण र खण्डेतर वर्णका दृष्टिले दुई किसिमको हुन्छ ।

**(७६) यरोऽनुनासिकेऽनुनासिको वा ८।४।४५** (यर्+अनुनासिक)

अनुनासिकसंज्ञक (ङ्, ञ्, ण्, न्, म्) वर्ण पर भएमा पदान्तमा रहेका यर् प्रत्याहारमा पर्ने वर्णका स्थानमा विकल्पले स्ववर्गीय अनुनासिक वर्ण (ङ्, ञ्, ण्, न्, म्) को परिवर्तन हुनुलाई खण्डीय अनुनासिकसन्धि भनिन्छ । अनुनासिक वर्णपरिबर्तनका आधारमा खण्डीय अनुनासिकसन्धिका निम्नलिखित ४ अवस्था हुन्छन् :

**(क) ग्=ङ्–** वाक्+नयति– वाग्+नयति =वाङ्नयति/वाग्नयति, ऋक्+मन्त्रः-ऋग्+मन्त्रः =ऋङ्मन्त्रः/ऋग्मन्त्रः, वाक्+मधु– वाग्+मधु =वाङ्मधु/वाग्मधु आदि ।

**(ख) ड्=ण्–** श्वलिट्+नयति– श्वलिड्+नयति =श्वलिण्नयति/श्वलिड्नयति, डमुट+नित्यम्– डमुड्+नित्यम् =डमुण्नित्यम् आदि ।

**(ग) द्=न्–** एतत्+मुरारिः- एतद्+मुरारिः =एतन्मुरारिः/एतद्मुरारिः, उत्+मानम्– उद्+मानम् =उन्मानम्/उद्मानम्, सत्+मनोहरम्– सद्+मनोहरम् =सन्मनोहरम्/सद्मनोहरम्, अग्निचित्+नयति–अग्निचिद्+नयति =अग्निचिन्नयति/अग्निचिद्नयति आदि ।

(घ) ब्=म्– त्रिष्टुप्+नयति– त्रिष्टुब्+नयति =त्रिष्टुम्नयति/त्रिष्टुब्नयति आदि ।

उपर्युक्त प्रयोगहरूमा वर्गीय प्रथमवर्णका स्थानमा तृतीय वर्ण (जश्त्व) भएपछि मात्र खण्डीय अनुनासिक (पञ्चमवर्ण) सन्धि भएको छ । लौकिक प्रयोगमा अनुनासिक वर्ण आदिमा हुने प्रत्यय पर भएमा खण्डीय अनुनासिकसन्धि नित्य नै हुन्छ, जस्तै : वाक्+मयम्– वाग्+मयम् =वाङ्मयम्, त्वक्+मयम्– त्वग्+मयम् =त्वङ्मयम्, वाक्+मात्रम्– वाग्+मात्रम् =वाङ्मात्रम्, तत्+मात्रम्– तद्+मात्रम् =तन्मात्रम्, चित्+मयम्– चिद्+मयम् =चिन्मयम्, विपत्+मयम्–विपद्+मयम् =विपन्मयम्, अप्+मात्रम्– अब्+मात्रम् =अम्मात्रम्, अप्+मयम्– अब्+मयम् =अम्मयम् आदि ।

**(७७) अत्रानुनासिकः पूर्वस्य तु वा ८।२।३** (अ/इ/उ=अँ/इँ/उँ)

रुत्वको प्रकरणमा रुभन्दा पूर्ववर्ती स्वरको विकल्पले अनुनासिक (ँ) हुनुलाई खण्डेतर अनुनासिकसन्धि भनिन्छ, जस्तै : सम्+कर्ता– सम्+स्कर्ता– स रु+स्कर्ता– सँ र्+स्कर्ता =सँस्कर्ता/संस्कर्ता, सम्+कृतः =सँस्कृतः/संस्कृतः, सम्+कृतिः =सँस्कृतिः/संस्कृतिः, पुम्+कोकिलः =पुँस्कोकिलः/पुंस्कोकिलः, सम्+कर्तुम् =सँस्कर्तुम्/संस्कर्तुम्, सम्+कर्तव्यम् =सँस्कर्तव्यम्/संस्कर्तव्यम्, पुम्+पुत्रः =पुँस्पुत्रः/पुंस्पुत्रः, कान्+कान् =काँस्कान्/कांस्कान्, नृन्+पाहि =नॄँः पाहि/नॄंः पाहि आदि ।

## ४.३.५ परसवर्णसन्धि

अघिल्लो वर्ण पछिल्लो वर्णको सवर्णसंज्ञक वर्णजस्तै हुनुलाई परसवर्ण भनिन्छ । परसवर्ण हुने वर्णहरू तवर्ग र अनुस्वार गरी दुई प्रकारका छन् । त्यसैले परसवर्णसन्धिलाई तवर्गको परसवर्णसन्धि र अनुस्वारको परसवर्णसन्धि गरी दुई भागमा विभाजन गर्न सकिन्छ । अनुस्वारको परसवर्णसन्धि पनि अपदान्त र पदान्त गरी दुई किसिमको हुन्छ ।

**(७८) तोर्लि: ८।४।६०** (तवर्ग+ल्)

लकार (लवर्ण) पर भएमा तवर्गका स्थानमा लकार हुनुलाई तवर्गको परसवर्ण भनिन्छ । तवर्गको नकारका स्थानमा परसवर्ण हुँदा अनुनासिक लँकार हुन्छ । जस्तै : तत्+लयः– तद्+लयः =तल्लयः, विपत्+लीनः– विपद्+लीनः =विपल्लीनः, अग्निचित्+लुनाति– अग्निचिद्+लुनाति =अग्निचिल्लुनाति, सोमसुत्+लुनाति– सोमसुद्+लुनाति =सोमसुल्लुनाति, भवान्+लुनाति =भवाँल्लुनाति, महान्+लुनाति =महाँल्लुनाति, विद्वान्+लिखति =विद्वाँल्लिखति, कुशान्+लाति =कुशाँल्लाति आदि ।

**(७९) अनुस्वारस्य ययि परसवर्णः ८।४।५८** (अपदान्त ं +यय्)

यय् प्रत्याहारमा पर्ने वर्ण पर भएमा अपदान्त अनुस्वार (ं) का स्थानमा परसवर्णी पञ्चमवर्ण ङ्, ञ्, ण्, न्, म् को परिवर्तन हुनुलाई अपदान्त अनुस्वारको परसवर्णसन्धि भनिन्छ । परसवर्णी पञ्चमवर्णका दृष्टिले अपदान्त अनुस्वारको परसवर्णसन्धिलाई निम्नानुसार ५ प्रकारमा विभाजन गर्न सकिन्छ :

(क) ं=ङ्– अं+कित: =अङ्कित:, शं+का =शङ्का, सं+ख्या =सङ्ख्या, अं+क: =अङ्क: आदि ।
(ख) ं=ञ्– अ+चित: =अञ्चित:, उं+छितुम् =उञ्छितुम्, एधां+चक्रे =एधाञ्चक्रे, गोपायां+चकार =गोपायाञ्चकार आदि ।
(ग) ं=ण्– कुं+ठित: =कुण्ठित:, कुं+ड: =कुण्ड:, मुं+ड: =मुण्ड:, खं+डित: =खण्डित:, मं+डित: =मण्डित: आदि ।
(घ) ं=न्– शां+त: =शान्त:, शां+ति: =शान्ति: क्रां+ति: =क्रान्ति:, भ्रां+ति =भ्रान्ति: आदि ।
(ङ) ं =म्– गुं+फित: =गुम्फित:, कं+पित: =कम्पित: आदि ।

**(८०) वा पदान्तस्य ८।४।५९** (पदान्त ं +यय्)

यय् प्रत्याहारमा पर्ने वर्ण पर भएमा पदान्तमा रहेका अनुस्वारका स्थानमा विकल्पले परसवर्णी पञ्चमवर्ण ङ्, ञ्, ण्, न्, म् तथा अनुनासिक यँ, वँ, लँ को परिवर्तन हुनुलाई पदान्त अनुस्वारको परसवर्णसन्धि भनिन्छ । परसवर्ण अनुनासिक वर्णका आधारमा पदान्त अनुस्वारको परसवर्णसन्धिलाई निम्नानुसार ७ प्रकारमा विभाजन गर्न सकिन्छ :

(क) ं=ङ्– त्वं+करोषि =त्वङ्करोषि/त्वं करोषि, सं+कुचित: सङ्कुचित:, सं+गठनम् =सङ्गठनम्, शं+कर: =शङ्कर:, सं+क्षेप: =सङ्क्षेप:, सं+कलक: =सङ्कलक:, सं+क्षिप्त: =सङ्क्षिप्त: आदि ।
(ख) ं=ञ्– सं+चार: =सञ्चार:/संचार:, सं+जय: =सञ्जय:, कथं+चित् =कथञ्चित्, किं+चित् =किञ्चित्, सं+चालित: =सञ्चालित:, सं+चालक: =सञ्चालक: आदि ।
(ग) ं=न्– सं+देश: =सन्देश:/संदेश:, सं+तोष: =सन्तोष:/संतोष:, गं+तव्य: =गन्तव्य:,सं+तति: =सन्तति:, सं+न्यास: =सन्न्यास:, सं+धि: =सन्धि:, सं+तुष्ट: =सन्तुष्ट: आदि ।
(घ) ं=म्– सं+मति: =सम्मति/संमति:, सं+पत्ति: =सम्पत्ति:, सं+पादक: =सम्पादक:, सं+बोधनम् =सम्बोधनम्, सं+मेलनम् =सम्मेलनम्, सं+बन्ध: =सम्बन्ध:, सं+मान: =सम्मान: आदि ।
(ङ) ं = यँ– सं+यन्ता =सँय्यन्ता/संयन्ता आदि ।
(च) ं =वँ– सं+वत्सर: =सँव्वत्सर:/संवत्सर: आदि ।
(छ) ं = लँ– यं+लोकम् =यँल्लोकम्/यंल्लोकम् आदि ।

### ४.३.६ पूर्वसवर्णसन्धि

पछिल्लो वर्ण अघिल्लो वर्णको सवर्णसंज्ञक वर्णजस्तै हुनुलाई पूर्वसवर्णसन्धि भनिन्छ । पाणिनीय व्याकरणमा सकार र हकारको पूर्वसवर्णसन्धि भएको पाइन्छ । पूर्वसवर्ण हुने वर्णका दृष्टिले पूर्वसवर्णसन्धिलाई सकारको पूर्वसवर्णसन्धि र हकारको पूर्वसवर्णसन्धि गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

**(८१) उद: स्थास्तम्भो: पूर्वस्य ८।४।६१** (उद्+स्था/स्तम्भ)

उद् उपसर्गदेखि पर रहेका स्था र स्तम्भ् धातुका सकारको पूर्वसवर्णी

थकारमा परिवर्तन हुनुलाई सकारको पूर्वसवर्णसन्धि भनिन्छ, जस्तै : उद्+स्थानम्– उद्+थ्थानम्– उद्+थानम् =उत्थानम्, उद्+स्तम्भनम्– उद्+थ्तम्भनम्– उद्+तम्भनम् =उत्तम्भनम्, उद्+स्थापयति– उद्+थ्थापयति– उद्+थापयति =उत्थापयति, उद्+स्तम्भिता– उद्+थ्तम्भिता– उद्+तम्भिता =उत्तम्भिता आदि ।

उपर्युक्त उदाहरणहरूमा 'झरो झरि सवर्णे' सूत्रले विकल्पले थकारको लोप हुन्छ भने दकारको चर्त्व (सूत्र ८४) भएर तकार हुन्छ ।

**(८२) झयो होऽन्यतरस्याम् ८।४।६२** (झय्+ह)

झय् प्रत्याहारमा पर्ने वर्णदेखि पर रहेको हकारका स्थानमा विकल्पले पूर्वसवर्णी वर्गीय चतुर्थ घ्, झ्, ढ्, ध्, भ् वर्णको परिवर्तन हुनुलाई सकारको पूर्वसवर्णसन्धि भनिन्छ । यसरी परिवर्तन हुँदा हकारदेखि अघि जुन वर्गको वर्ण छ त्यसका स्थानमा सोही वर्गको चतुर्थ वर्णको परिवर्तन हुन्छ । वर्गीय वर्णपरिवर्तनका आधारमा यस सन्धिका निम्नलिखित ५ अवस्था हुन्छन् :

**(क) ग्→ह=घ्–** वाक्+हरिः– वाग्+हरिः =वाग्घरिः/वाग्हरिः, वाक्+हसति– वाग्+हसति =वाग्घसति/वाग्हसति आदि ।

**(ख) ज्→ह्=झ्–** अच्+हीनः– अज्+हीनः =अज्झीनः/अज्हीनः आदि ।

**(ग) ड्→ह्=ढ्–** श्वलिट्+हसति– श्वलिड्+हसति =श्वलिड्ढसति/श्वलिड्हसति आदि ।

**(घ) द्→ह्=ध्–** तत्+हितः– तद्+हितः =तद्धितः/तद्हितः, जगत्+हिताय– जगद्+हिताय =जगद्धिताय/जगद्हिताय, तत्+हीनम्– तद्+हीनम् =तद्धीनम्/तद्हीनम्, सम्पत्+हानिः– सम्पद्+हानिः =सम्पद्धानिः/सम्पद्हानिः, अग्निचित्+हसति– अग्निचिद्+हसति =अग्निचिद्धसति/अग्निचिद्हसति आदि ।

**(ङ) ब्→ह्=भ्–** त्रिष्टुप्+हसति– त्रिष्टुब्+हसति =त्रिष्टुब्भसति/त्रिष्टुब्हसति आदि ।

## ४.३.७ छत्वसन्धि

**(८३) शश्छोऽटि ८।४।६३** (श्+अट्)

अट् प्रत्याहारमा पर्ने वर्ण पर भएमा पदान्तमा रहेका झय् प्रत्याहारदेखि पर रहेका शकारका स्थानमा विकल्पले छकार हुनुलाई छत्वसन्धि भनिन्छ, जस्तै : तत्+शिवः– तद्+शिवः– तद्+छिवः– तज्+छिवः =तच्छिवः/तच्शिवः, वाक्+शेते =वाक्छेते/वाक्शेते । अम् पर भएमा पनि झय्देखि पर रहेका शकारको छत्व हुन्छ, जस्तै : तत्+श्लोकेन– तद्+श्लोकेन– तद्+छ्लोकेन– तज्+छ्लोकेन =तच्छ्लोकेन, तत्+श्मश्रुणा =तच्छ्मश्रुणा आदि ।

## ४.३.८ चर्त्वसन्धि

**(८४) खरि च ८।४।५५** (झल्+खर्)

खर् प्रत्याहारमा पर्ने वर्ण पर भएमा झल् प्रत्याहारमा पर्ने वर्णका स्थानमा चर् प्रत्याहारमा पर्ने वर्णहरूको परिवर्तन हुनुलाई चर्त्वसन्धि भनिन्छ । चर्त्व हुँदा वर्गका तृतीय वर्णका स्थानमा वर्गका प्रथम वर्णको परिवर्तन हुन्छ । बहुप्रयुक्त प्रयोगका दृष्टिले

चर्त्वसन्धिका निम्नलिखित ३ अवस्था हुन्छन् :

(क) **ज्=च्–** तत्+शिव:– तद्+शिव:– तद्+छिव:– तज्+छिव: =तच्छिव: आदि ।

(ख) **द्=त्–** उद्+स्थानम्–... उद्+थानम् =उत्थानम्, उद्+स्तम्भनम्–... उद्+तम्भनम् =उत्तम्भनम्, भिद्+तृच्– भिद्+तृ– भेद्+तृ– भेत्+तृ– भेत्तृ+सु... =भेत्ता, भिद्+तुमुन् =भेत्तुम्, भिद्+तव्यम् =भेत्तव्यम् आदि ।

(ग) **ब्=प्–** लभ्+स्यते– लब्+स्यते लप्स्यते आदि ।

### ४.३.९ अनुस्वारसन्धि

मकार वा नकारको अनुस्वार (ं) हुनुलाई अनुस्वारसन्धि भनिन्छ । पदान्त र अपदान्तका आधारमा अनुस्वारसन्धि दुई किसिमको हुन्छ ।

**(८५) मोऽनुस्वार: ८।३।२३** (म्+हल्)

हल् अर्थात् व्यञ्जनवर्ण पर भएमा पदको अन्तमा रहेका मकारको अनुस्वार (ं) हुनुलाई पदान्त अनुस्वारसन्धि भनिन्छ, जस्तै : हरिम्+वन्दे =हरिं वन्दे, सत्यम्+वद =सत्यं वद, धर्मम्+चर =धर्मं चर, अहम्+पठामि =अहं पठामि, गृहम्+गच्छति =गृहं गच्छति आदि ।

पछाडि व्यञ्जनवर्ण छैन भने पदान्तमा रहेको मकार जस्ताको तस्तै रहन्छ, जस्तै : अहम् आगच्छामि =अहमागच्छामि । राज् धातु पर भएमा पनि सम्‌को मकार जस्ताको तस्तै रहन्छ, जस्तै : सम्+राट् =सम्राट्, साम्राज्यम् । मकार पर हुने हकार पर भएमा भने मकारको विकल्पले मकार हुने हुँदा एकपक्षमा अनुस्वारसमेत हुन्छ, जस्तै : किम् ह्म्यलयति/किं ह्म्यलयति । मकार पर हुने हकार पर भएमा भने मकारका स्थानमा विकल्पले नकार हुने हुँदा एकपक्षमा अनुस्वार हुन्छ, जस्तै : किम् ह्नुते/किं ह्नुते आदि ।

**(८६) नश्चापदान्तस्य झलि ८।३।२४** (न्/म्+झल्)

झल् प्रत्याहारमा पर्ने वर्ण पर भएमा पदान्तमा नरहेका नकार र मकारका स्थानमा अनुस्वार (ं) हुनुलाई अपदान्त अनुस्वारसन्धि भनिन्छ । अनुस्वार हुने वर्णका दृष्टिले अपदान्त अनुस्वारसन्धिका निम्नलिखित दुई अवस्था हुन्छन् :

(क) **न्=ं+झल्–** यशान्+सि =यशांसि, पयान्+सि =पयांसि, सर्पीन्+षि =सर्पींषि, धनून्+षि =धनूंषि आदि ।

(ख) **म्=ं+झल्–** आक्रम्+स्यते =आक्रंस्यते, अधिजिगाम्+सते =अधिजिगांसते आदि ।

### ४.३.१० रुत्वसन्धि

पदान्तमा रहेका नकार र मकारका स्थानमा रु हुनुलाई रुत्वसन्धि भनिन्छ । रुत्व हुने वर्णका आधारमा रुत्वसन्धिलाई नकारको रुत्वसन्धि र मकारको रुत्वसन्धि गरी मुख्यत: दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

**(८७) नश्छव्यप्रशान् ८।३।७** (न्=रु+छव्←अम्)

अम् प्रत्याहार पर हुने छव् प्रत्याहार पर भएमा पदान्तमा रहेका नकारको रु हुन्छ, जस्तै : शार्ङिन्+छिन्धि– शार्ङि रु +छिन्धि– शार्ङि:+छिन्धि– शार्ङिस्छिन्धि =शार्ङिंश्छिन्धि/शार्ङिँश्छिन्धि, चक्रिन्+त्रायस्व... =चक्रिँस्त्रायस्व/चक्रिंस्त्रायस्व आदि ।

पकार पर भएमा नृन् शब्दका नकारको विकल्पले रुत्व हुन्छ, जस्तै : नृन्+पाहि– नृरु+पाहि =नृँ:पाहि/नृं:पाहि । त्यस्तै कान् शब्द पर भएमा पूर्ववर्ती कान् शब्दका नकारको पनि रुत्व हुन्छ, जस्तै : कान्+कान्– कारु+कान् =काँस्कान्/कांस्कान् । सम्, पुम् र कान् शब्दसम्बन्धी विसर्गको रुत्व हुन्छ ।

**(८८) समः सुटि ८।३।५** (म्=रु+सुट्)

सुट् आगम पर भएमा सम् शब्दका मकारका स्थानमा रुत्व हुन्छ, जस्तै : सम्+कर्ता– सम्+स्कर्ता– सरु+स्कर्ता... =सँस्कर्ता/संस्कर्ता, सम्+कृतः– सम्+स्कृतः– सरु+स्कृत... =सँस्कृतः/संस्कृतः, सम्+कृतिः– सम्+स्कृतिः– सरु+स्कृति... =सँस्कृति/संस्कृति आदि ।

**(८९) पुमः खय्यम्परे ८।३।६** (म्=रु+खय्←अम्)

अम् प्रत्याहार पर हुने खय् प्रत्याहार पर भएमा पुम् शब्दका मकारको रुत्व हुन्छ, जस्तै : पुम्+कोकिलः– पुरु+कोकिल... =पुँस्कोकिलः/पुंस्कोकिलः, पुम्+पुत्रः– पुरु+पुत्रः... =पुँस्पुत्रः/पुंस्पुत्रः, पुम्+कामः... =पुँस्कामः/पुंस्कामः, पुम्+फलम्... =पुँस्फलम्/पुंस्फलम्, पुम्+चली... =पुँश्चली/पुंश्चली आदि ।

## ४.३.११ आगमसन्धि

कुनै नयाँ वर्ण थपिने प्रक्रियालाई आगम भनिन्छ । सिद्धान्तकौमुदीको हल्सन्धि प्रकरणमा कुक्, डुट्, टुक्, णुट्, तुक्, नुट्, धुट् र अनुस्वार गरी ८ प्रकारको आगम गर्ने १० वटा सूत्रहरू पढिएका छन् । वर्णात्मक आगमका दृष्टिले आगमसन्धिलाई ८ प्रकारमा विभाजन गर्न सकिन्छ ।

**(९०) ङ्णोः कुक् टुक् शरि ८।३।२८**

शर् प्रत्याहारमा पर्ने वर्णहरू पर भएमा विकल्पले ङकारको कुक् (क्) आगम र णकारको टुक् (ट्) आगम हुन्छ, जस्तै :

**(क) कुक् आगम–** प्राङ्+षष्ठः– प्राङ् कुक्+षष्ठः =प्राङ्क्षष्ठः/प्राङ्क्षष्ठः/प्राङ्षष्ठः ।

**(ख) टुक् आगम–** सुगण्+षष्ठः– सुगण् टुक्+षष्ठः =सुगण्ठ्षष्ठः/ सुगण्ट्षष्ठः/सुगण्षष्ठः ।

**(९१) डः सि धुट् ८।३।२९**

पदान्तमा डकारदेखि पर रहका सकारका ।ववकल्पल धुट् (ध्) आगम हुन्छ, जस्तै : षट्+सन्तः– षड्+सन्तः– षड् धुट्+सन्तः– षड्ध्+सन्तः =षट्त्सन्तः/षट् सन्तः ।

**(९२) नश्च ८।३।३०**

पदान्त नकारदेखि पर रहेका सकारको विकल्पले धुट् (ध्) आगम हुन्छ, जस्तै :

सन्+सः– सन् धुट्+सः– सन्ध्+सः =सनत्सः/सन्सः ।

(९३) ङमो ह्रस्वादचि ङमुण्नित्यम् ८।३।३२

ह्रस्वदेखि पर रहेको जुन ङ्, ण्, न् अन्तमा हुने पद त्यसदेखि पर रहेका अच्वर्णको नित्य नै क्रमशः ङुट्, णुट् र नुट् आगम हुन्छ । प्रकारान्तरले यसलाई अच्निमित्तक ह्रस्वपूर्वी पदान्त ङ्, ण्, न्को द्वित्व हुन्छ भनेर पनि बुझ्न सकिन्छ । जस्तै :

(क) **ङुट् आगम–** प्रत्यङ्+आत्मा– प्रत्यङ् ङुट्+आत्मा =प्रत्यङ्ङात्मा, प्रत्यङ्+आस्ते =प्रत्यङ्ङास्ते, तिङ्+अतिङः =तिङ्ङतिङः आदि ।

(ख) **णुट् आगम–** सुगण्+ईशः– सुगण् णुट्+ईशः =सुगण्णीशः आदि ।

(ग) **नुट् आगम–** सन्+अच्युतः– सन् नुट्+अच्युतः =सन्नच्युतः, कुर्वन्+आस्ते =कुर्वन्नास्ते, कृषन्+अवोचत् =कृषन्नवोचत्, पठन्+एति =पठन्नेति, तस्मिन्+इति =तस्मिन्निति आदि ।

(९४) शि तुक् ८।३।३१

शकार पर भएमा पदान्तमा रहेका नकारको विकल्पले तुक् (त्) आगम हुन्छ, जस्तै : सन्+शम्भुः– सन् तुक्+शम्भुः... =सञ्छम्भुः/सञ्च्छम्भुः/सञ्चशम्भुः/सञ्शम्भुः, भवान्+शेते =भवाञ्छेते/भवाञ्च्छेते/भवाञ्चशेते/भवाञ्शेते, कुर्वन्+शेते =कुर्वञ्छेते/कुर्वञ्च्छेते/कुर्वञ्चशेते/कुर्वञ्शेते आदि ।

(९५) छे च ६।१।७३

छकार पर भएमा ह्रस्व स्वरवर्णको तुक् (त्) आगम हुन्छ, जस्तै : स्व+छाया– स्व तुक्+छाया– स्वत्+छाया– स्वद्+छाया– स्वज्+छाया =स्वच्छाया, शिव+छाया =शिवच्छाया, स्वतन्त्र+छात्रः =स्वतन्त्रच्छात्रः, ग+छति =गच्छति, इ+छति =इच्छति आदि ।

छकार पर भएमा आङ् र माङ्देखि नित्य तुक् आगम हुन्छ भने अपदान्त दीर्घदेखि र पदान्त दीर्घदेखि पनि विकल्पले तुक् आगम भएको पाइन्छ, जस्तै : आ+छादयति =आच्छादयति, मा+छिद्यत् =माच्छिद्यत्, चे+छिद्यते =चेच्छिद्यते, लक्ष्मी+छाया =लक्ष्मीच्छाया/लक्ष्मीछाया आदि ।

(९६) अनुनासिकात्परोऽनुस्वारः ८।३।४

अनुनासिकलाई छाडेर 'रु'भन्दा पूर्वको स्वरवर्णलाई अनुस्वार आगम हुन्छ, जस्तै : सम्+कर्ता... =संस्कर्ता, सम्+कृतः... =संस्कृतः, सम्+कृतिः... =संस्कृतिः, सम्+कारः... =संस्कारः, पुम्+कोकिलः... =पुंस्कोकिलः, कान्+कान्... =कांस्कान्, नृन्+पाहि... =नॄंःपाहि आदि ।

◆

## ४.४ विसर्गसन्धि

सामान्यतया पदान्तमा खर् प्रत्याहार पर भएमा वा शब्दको अन्तमा रहेका रेफ (र्) का स्थानमा विसर्ग हुन्छ (अ.८।३।१५) । त्यस्ता विसर्गको विसर्गकै रूपमा वा षकार र सकारमा परिवर्तन हुनुलाई विसर्गसन्धि भनिन्छ । विसर्गका स्थानमा हुने परिवर्तनलाई आधार मानेर विसर्गसन्धिलाई विसर्गको विसर्गसन्धि, विसर्गको षत्वसन्धि र विसर्गको सत्वसन्धि गरी मुख्यत: तीन प्रकारमा विभाजन गर्न सकिन्छ ।

### ४.४.१ विसर्गको विसर्गसन्धि

विसर्गका स्थानमा विसर्ग नै हुने सन्धिलाई विसर्गको विसर्गसन्धि भनिन्छ । यसअन्तर्गत नित्य र वैकल्पिक गरी दुई नियमहरू प्रवृत्त हुन्छन् ।

**(९७) शर्परे विसर्जनीय: ८।३।३५**

शर् प्रत्याहार पर हुने खर् प्रत्याहार पर भएमा विसर्गका स्थानमा नित्यरूपमा विसर्ग नै हुन्छ, जस्तै : क: त्सरु:, घनाघन: क्षोभण:, शश: क्षुरम्, पुरुष: क्षुरम्, बास: क्षौमम् । खर् प्रत्याहार पर हुने शर् प्रत्याहार पर भएमा भने विसर्गको विकल्पले लोप हुन्छ, जस्तै : राम:+स्थाता =राम स्थाता/राम:स्थाता, हरि:+स्फुरति =हरि स्फुरति/हरि :स्फुरति, वृक्षा:+स्थातार: =वृक्षा स्थातार:/वृक्षा: स्थातार: आदि ।

### ४.४.२ विसर्गको षत्वसन्धि

विसर्गका स्थानमा षकार हुनुलाई विसर्गको षत्वसन्धि भनिन्छ । यसअन्तर्गत नित्य र वैकल्पिक गरी ६ वटा नियमहरू प्रवृत्त हुन्छन् ।

**(९८) कस्कादिषु च ८।३।४८**

कस्कादिगणमा पढिएका शब्दमा इण्देखि पर रहेका विसर्गका स्थानमा षत्व हुन्छ, जस्तै : सर्पि:+कुण्डिका =सर्पिष्कुण्डिका, धनु:+कपालम् =धनुष्कपालम्, भ्रातु:+पुत्र: =भ्रातुष्पुत्र:, बहि:+पलम् =बहिष्पलम्, यजु:+पात्रम् =यजुष्पात्रम् आदि ।

**(९९) इण: ष: ८।३।३९**

पाश, कल्प, क र काम्य पर भएमा इण्देखि पर रहेका विसर्गका स्थानमा षत्व हुन्छ, जस्तै : सर्पि:+पाशम् =सर्पिष्पाशम्, यजु:+पाशम् =यजुष्पाशम्, सर्पि:+कल्पम् =सर्पिष्कल्पम्, सर्पि:+कम् =सर्पिष्कम्, सर्पि:+काम्यति =सर्पिष्काम्यति, यजु:+काम्यति =यजुष्काम्यति आदि ।

**(१००) इदुदुपधस्य चाप्रत्ययस्य ८।३।४१**

कवर्ग र पवर्ग पर भएमा इकार र उकार उपधामा हुने प्रत्ययभिन्न विसर्गका स्थानमा षत्व हुन्छ, जस्तै : नि:+प्रत्यूहम् =निष्प्रत्यूहम्, नि:+कृतम् =निष्कृतम्, आवि:+कृतम् =आविष्कृतम्, आवि:+कार: =आविष्कार:, दु:+कृतम् =दुष्कृतम्, चतु:+कपालम् =चतुष्कपालम्, बहि:+कार: =बहिष्कार:, बहि:+कृत: =बहिष्कृत: आदि ।

**(१०१) द्विस्त्रिचतुरिति कृत्वोऽर्थे ८।३।४२**

कवर्ग र पवर्ग पर भएमा गर्नु भन्ने अर्थमा रहेका द्वि, त्रि र चतुर् शब्दका विसर्गका स्थानमा विकल्पले षत्व हुन्छ, जस्तै : द्विः+करोति =द्विष्करोति/द्विःकरोति, त्रिः+करोति =त्रिष्करोति/त्रिःकरोति, द्विः+पचति =द्विष्पचति/द्विःपचति, त्रिः+पचति =त्रिष्पचति/त्रिःपचति, चतुः+पचति =चतुष्पचति/चतुःपचति आदि ।

**(१०२) इसुसोः सामर्थ्ये ८।३।४४**

कवर्ग र पवर्ग पर भएमा इस् र उस्सम्बन्धी विसर्गका स्थानमा विकल्पले षत्व हुन्छ, जस्तै : सर्पिः+करोति =सर्पिष्करोति/सर्पिःकरोति, धनुः+करोति =धनुष्करोति/धनुःकरोति, यजुः+करोति =यजुष्करोति/यजुःकरोति आदि ।

**(१०३) नित्यं समासेऽनुत्तरपदस्थस्य ८।३।४५**

कवर्ग र पवर्ग पर भएमा समासमा उत्तरपदभिन्न इस् र उस्सम्बन्धी विसर्गका स्थानमा नित्य नै षत्व हुन्छ, जस्तै : सर्पिः+कुण्डिका =सर्पिष्कुण्डिका, धनुः+कपालम् =धनुष्कपालम्, सर्पिः+पानम् =सर्पिष्पानम्, धनुः+फलम् =धनुष्फलम् आदि ।

### ४.४.३ विसर्गको सत्वसन्धि

विसर्गका स्थानमा सकार हुनुलाई विसर्गको सत्व सन्धि भनिन्छ । यसअन्तर्गत नित्यरूपमा प्रवृत्त हुने ७ नियमहरू उपलब्ध छन् ।

**(१०४) विसर्जनीयस्य सः ८।३।३४**

खर् प्रत्याहार पर भएमा विसर्गका स्थानमा सत्व हुन्छ, जस्तै : विष्णुः+त्राता =विष्णुस्त्राता, वृक्षः+चिनोति– वृक्षस्+चिनोति =वृक्षश्चिनोति, प्लक्षः+तरति =प्लक्षस्तरति, छात्रः+तिष्ठति =छात्रस्तिष्ठति, कः+त्वम् =कस्त्वम्, भानुः+तरति =भानुस्तरति आदि ।

**(९८) कस्कादिषु च ८।३।४८**

कस्कादिगणमा पढिएका इण्देखि पर नरहेका विसर्गका स्थानमा सत्व हुन्छ, जस्तै : काँः+कान् =काँस्कान्, कः+कः =कस्कः, कौतः+कुतः =कौतस्कुतः, शुनः+कर्णः =शुनस्कर्णः, सद्यः+कालः =सद्यस्कालः, अयः+काण्डः =अयस्काण्डः आदि ।

**(१०५) सोऽपदादौ ८।३।३८**

पदादिमा नरहेका पाश, कल्प, क र काम्य पर भएमा पूर्वपदस्थ विसर्गका स्थानमा सत्व हुन्छ, जस्तै : पयः+पाशम् =पयस्पाशम्, यशः+कल्पम् =यशस्कल्पम्, यशः+कम् =यशस्कम्, यशः+काम्यति =यशस्काम्यति, पयः+कल्पम् =पयस्कल्पम्, पयः+कम् =पयस्कम्, पयः+काम्यति =पयस्काम्यति आदि ।

**(१०६) नमस्पुरसोर्गत्योः ८।३।४०**

कवर्ग र पवर्ग पर भएमा गतिसंज्ञक नमस् र पुरस् शब्दसम्बन्धी विसर्गका स्थानमा सत्व हुन्छ, जस्तै : नमः+करोति =नमस्करोति, पुरः+करोति =पुरस्करोति,

नम:+कार: =नमस्कार:, पुर:+कार: =पुरस्कार:, नम:+कर्ता =नमस्कर्ता, नम:+कर्तुम् =नमस्कर्तुम्, नम:+कर्तव्यम् =नमस्कर्तव्यम् आदि ।

**(१०७) तिरसोऽन्यतरस्याम् ८।३।४२**

कवर्ग र पवर्ग पर भएमा तिरस् शब्दका विसर्गका स्थानमा विकल्पले सत्व हुन्छ, जस्तै : तिर:+कर्ता =तिरस्कर्ता/तिर:कर्ता, तिर:+कर्तुम् =तिरस्कर्तुम्/तिर:कर्तुम्, तिर:+कर्तव्यम् =तिरस्कर्तव्यम्/तिर:कर्तव्यम्, तिर:+कार: =तिरस्कार:/तिर:कार: आदि ।

**(१०८) अत: कृकमिकंसकुम्भपात्रकुशाकर्णीष्वनव्ययस्य ८।३।४६**

उत्तरपदमा नरहेका कार, काम, कंस, कुम्भ, पात्र, कुशा र कर्णी शब्द पर भएमा अकारदेखि पर रहेका अव्ययभिन्न विसर्गका स्थानमा नित्य नै सत्व हुन्छ, जस्तै : अय:+कार: =अयस्कार:, पय:+कार =पयस्कार:, अय:+काम: =अयस्काम:, पय:+काम: =पयस्काम:, अय:+कंस: =अयस्कंस:, पय:+कंस: =पयस्कंस:, अय:+कुम्भ: =अयस्कुम्भ:, पय:+कुम्भ: =पयस्कुम्भ:, अय:+कुशा अयस्कुशा, अय:+पात्रम् =अयस्पात्रम्, पय:+पात्रम् =पयस्पात्रम्, पय:+कुशा =पयस्कुशा, अय:+कर्णी =अयस्कर्णी, पय:+कर्णी =पयस्कर्णी आदि ।

**(१०९) अध:शिरसी पदे ८।३।४७**

पद शब्द पर भएमा समासमा अनुत्तरपदस्थ अधस् र शिरस् शब्दका विसर्गका स्थानमा सत्व हुन्छ, जस्तै : अध:+पदम् =अधस्पदम्, अध:+पदी =अधस्पदी, शिर:+पदम् =शिरस्पदम्, शिर:+पदी =शिरस्पदी ।

## ४.५ स्वादिसन्धि

सु, औ, जस् आदिलाई सुप् प्रत्यय भनिन्छ । तिनै सुप् प्रत्ययहरूमध्ये सु प्रत्ययसम्बन्धी सकारका स्थानमा रु, उ, य, दीर्घ र लोपसम्बन्धी परिवर्तन हुनुलाई स्वादिसन्धि भनिन्छ । सकारका स्थानमा हुने वर्णात्मक परिवर्तनका दृष्टिले स्वादिसन्धिलाई रुत्वसन्धि, उत्वसन्धि, यत्वसन्धि, दीर्घसन्धि र लोपसन्धि गरी मुख्यत: ५ प्रकारमा विभाजन गर्न सकिन्छ ।

### ४.५.१ रुत्वसन्धि

**(११०) ससजुषो रु: ८।२।६६**

पदान्तमा रहेका सकारको र सजुष् शब्दका षकारका स्थानमा रु हुनुलाई रुत्वसन्धि भनिन्छ, जस्तै : शिवस्+अर्च्य:– शिव रु +अर्च्य:... =शिवोऽर्च्य:, अग्निस्+अत्र– अग्नि रु+अत्र– अग्निर्+अत्र =अग्निरत्र, वायुस्+अत्र– वायु रु+अत्र =वायुरत्र, सजुष्+देवेभि:– सजुरु+देवेभि:– सजुर्+देवेभि: =सजुर्देवेभि: (ऋग्वेद ७।३४।१५) आदि ।

सुप् प्रत्यय पर भएमा अहन् शब्दका नकारको रेफादेश हुन्छ भने रूप, रात्रि र रथन्तर शब्द पर भएमा अहन् शब्दका नकारको पनि रुत्व हुन्छ, जस्तै : अहन् अहन्–

अहरु अहरु– अहरहर् =अहरह:, अहन्+गण:– अह रु+गण: =अहर्गण:, अहन्+रूपम्– अह रु+रूपम्– अह+उ+रूपम् =अहोरूपम्, अहन्+रात्रि:– अह रु+रात्रि:– अह+उ+रात्रि: =गतमहोरात्रिरेषा, अहन्+रथन्तरम्– अह रु+रथन्तरम्– अह+उ+रथन्तरम् =अहोरथन्तरम् ।

### ४.५.२ उत्वसन्धि

सकारका स्थानमा भएको 'रु'का स्थानमा उकार हुनुलाई उत्वसन्धि भनिन्छ । उत्वसन्धिका लागि निम्नलिखित दुई किसिमका नियमहरू प्रवृत्त हुन्छन् :

**(१११) अतो रोरप्लुतादप्लुते ६।१।११३** (अ+अ)

प्लुतभिन्न अकार पर भएका प्लुतभिन्न अकारदेखि पर रहेका 'रु'का स्थानमा उकार (उत्व) हुन्छ, जस्तै : शिवस्+अर्च्य:– शिव रु+अर्च्य:– शिव+उ+अर्च्य:– शिवो+अर्च्य: =शिवोऽर्च्य:, कस्+अपि– क+रु+अपि– क+उ+अपि– को+अपि =कोऽपि, रामस्+अपि... =रामोऽपि, वृक्षस्+अत्र... =वृक्षोऽत्र, प्लक्षस्+अत्र... =प्लक्षोऽत्र आदि ।

**(११२) हशि च ६।१।११४** (अ+हश्)

हश् पर भएमा प्लुतभिन्न अकारदेखि पर रहेका 'रु'का स्थानमा उकार हुन्छ, जस्तै : शिवस्+वन्द्य:– शिव रु+वन्द्य:– शिव+उ वन्द्य: =शिवो वन्द्य:, पुरुषस्+याति– पुरुष रु+याति– पुरुष+उ याति =पुरुषो याति, मनस्+रथ:– मन रु+रथ:– मन+उ+रथ: =मनोरथ:, मनस्+विज्ञान– मन रु+विज्ञान– मन+उ+विज्ञान =मनोविज्ञान, यशस्+धरा– यश रु+धरा– यश+उ+धरा =यशोधरा, वयस्+वृद्ध:– वय रु+वृद्ध:– वय+उ+वृद्ध: =वयोवृद्ध:, सरस् +वर:– सर रु+वर:– सर+उ+वर: =सरोवर:, तेजस्+वध:– तेज रु+वध:– तेज+उ+वध: =तेजोवध: आदि ।

### ४.५.३ यत्वसन्धि

**(११३) भोभगोअघोअपूर्वस्य योऽशि ८।३।१७**

अश् प्रत्याहारमा पर्ने वर्ण पर भएमा भो, भगो, अघो र अवर्णदेखि पर रहेका 'रु'का स्थानमा यकार हुनुलाई यत्वसन्धि भनिन्छ, जस्तै : भोस्+अच्युत– भो रु+अच्युत– भोय्+अच्युत =भो अच्युत, भोस्+अत्र– भो रु+अत्र– भोय्+अत्र =भो अत्र, भोस्+देवा:– भो रु+देवा:– भोय्+देवा: =भो देवा:, भगोस्+नमस्ते – भगो रु+नमस्ते – भगोय्+नमस्ते =भगो नमस्ते, अघोस्+याहि– अघो रु+याहि– अघोय्+याहि =अघो याहि, अघोस्+अत्र– अघो रु+अत्र– अघोय्+अत्र =अघो अत्र आदि ।

### ४.५.४ दीर्घसन्धि

**(११४) ढ्रलोपे पूर्वस्य दीर्घोऽण: ६।१।१११**

ढकारको लोप हुने ढकार पर भएमा र रेफको लोप हुने रेफ पर भएमा पूर्ववर्ती अ, इ र उ वर्णको दीर्घ हुनुलाई दीर्घसन्धि भनिन्छ । दीर्घ हुने वर्णका आधारमा यस सन्धिका निम्नलिखत तीन अवस्था हुन्छन् :

(क) **अ=आ+र्–** पुनर्+रक्तम्– पुन+रक्तम् =पुना रक्तम्, पुनर्+रमते– पुन+रमते =पुना रमते आदि ।

(ख) **इ=ई+ढ्/र्–** हरिर्+रम्य:– हरि+रम्य: =हरी रम्य:, निर्+रोग:– नि+रोग: =नीरोग:, निर्+रक्त:– नि+रक्त: =नीरक्त:, निर्+राजनम्– नि+राजनम् =नीराजनम्, अन्तर्+राष्ट्रिय:– अन्त+राष्ट्रिय: =अन्ताराष्ट्रिय:, लिह्+क्त–... लिढ्+ढम्– लि+ढम् =लीढम्, अग्निर्+रथ:– अग्नि+रथ: =अग्नी रथ: आदि ।

(ग) **उ=ऊ+ढ्/र्–** शम्भुर्+राजते– शम्भु+राजते =शम्भू राजते, इन्दुर्+रथ:– इन्दु+रथ: =इन्दू रथ:, गुह्+क्त–... गुढ्+ढ:– गु+ढ: =गूढ:, मुह्+क्त–... मुढ्+ढ:– मु+ढ: =मूढ:, रुह्+क्त–... रुढ्+ढ:– रु+ढ: =रूढ:, रुह्+क्तिन्–... रुढ्+ढि:– रु+ढि: =रूढि: आदि ।

### ४.५.५ लोपसन्धि

शब्दनिर्माणका क्रममा कुनै वर्णको लोप हुनुलाई लोपसन्धि भनिन्छ । स्वादिसन्धिअन्तर्गत सुप्रत्ययसम्बन्धी सकार, यकार र रेफको लोप भएको पाइन्छ । वर्णात्मक लोपका दृष्टिले स्वादिलोपसन्धिलाई मुख्यत: निम्नानुसार ३ प्रकारमा विभाजन गर्न सकिन्छ :

**(११५) एतत्तदो: सुलोपोऽकोरनञ्समासे हलि ६।१।१३२**

नञ्समासमा बाहेक हल् पर भएमा ककारले रहित भएका एतत् र तत् शब्दका सुप्रत्ययसम्बन्धी सकारको लोप हुन्छ, जस्तै : एषस्+विष्णु =एष विष्णु, सस्+शम्भु =स शम्भु, एषस्+ददाति =एष ददाति, सस्+ददाति =स ददाति, एषस्+भुङ्क्ते =एष भुङ्क्ते, सस्+भुङ्क्ते =स भुङ्क्ते आदि ।

**(११६) सोऽचि लोपे चेत्पादपूरणम् ६।१।१३४**

लोप हुँदा पाउको पूर्ति हुन्छ भने अच् पर भएमा तत् शब्दसम्बन्धी सस्का सकारको लोप हुन्छ, जस्तै : सस्+इमामविड्ढि प्रभृतिम् =सेमामविड्ढि प्रभृतिम्, सस्+एष दाशरथी राम: =सैष दाशरथी राम:, सस्+इदु राजा क्षयति चर्षणीनाम् =सेदु राजा क्षयति चर्षणीनाम् (ऋ.१।३२।१५), सस्+ओषधीरनुरुध्यसे =सौषधीरनुरुध्यसे (ऋ.८।४।३।९) ।

**(११७) हलि सर्वेषाम् ८।३।२२**

सबै आचार्यहरूका मतमा हल् प्रत्याहारमा पर्ने वर्ण पर भएमा भो, भगो, अघो र अवर्ण पूर्वमा हुने शब्ददेखि पर रहेका यकारको लोप हुन्छ, जस्तै : भोस्+देवा:– भो रु+देवा:– भोय् देवा =भो देवा:, भोस्+लक्ष्मी =भो लक्ष्मी, भोस्+विद्वद्वृन्द =भो विद्वद्वृन्द, भगोस्+नमस्ते =भगो नमस्ते, भगोस्+हसति =भगो हसति, भगोस्+याति =भगो याति, अघोस्+याहि =अघो याहि, अघोस्+हसति =अघो हसति, देवास्+नम्या: =देवा नम्या:, देवास्+यान्ति =देवा यान्ति, वृक्षास्+हसन्ति =वृक्षा हसन्ति आदि ।

**(११८) रो रि ८।३।१४**

रेफ पर भएमा रेफको लोप हुन्छ अर्थात् दुईवटा 'र'को संयोग भएमा पूर्ववर्ती 'र'को लोप हुन्छ, जस्तै : पुनर्+रमते– पुन+रमते =पुना रमते, हरिर्+रम्य:– हरि+रम्य: =हरी रम्य:, शम्भुर्+राजते– शम्भु+राजते =शम्भू राजते ।

# ५. सुबन्त प्रकरण

सु, औ, जस् आदि सुप् प्रत्यय अन्तमा हुने रामः, रामौ, रामाः आदि शब्दलाई सुबन्त भनिन्छ । सुबन्त शब्दको निर्माण गर्ने प्रक्रियाको अध्ययन गरिएको प्रकरणलाई सुबन्त प्रकरण भनिएको हो । लघु, मध्य र सिद्धान्त तीनवटै कौमुदीमा सुबन्त प्रकरणलाई मुख्यतः अजन्त र हलन्त गरी दुई प्रकारमा विभाजन गरिएको छ । ती दुवै प्रकरण पनि पुंल्लिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्गका भेदले ६ प्रकारमा विभक्त छन् । अव्यय, स्त्रीप्रत्यय, कारक र समास प्रकरणहरू पनि सुबन्तभित्रै पर्दछन् परन्तु तिनलाई छुट्टाछुट्टै प्रकरणका रूपमा अध्ययन गरिएको छ । सिद्धान्तकौमुदीमा प्रारम्भदेखि समाससम्मको अंशलाई पूर्वार्द्ध मान्नुको आधार भनेको नै सुबन्त हो भने त्यसपछिको सम्पूर्ण तिङन्त र कृदन्त भागलाई उत्तरार्द्ध मानिएको छ । यस अध्ययनमा अजन्तपुंल्लिङ्ग, अजन्तस्त्रीलिङ्ग, अजन्तनपुंसकलिङ्ग, हलन्तपुंल्लिङ्ग, हलन्तस्त्रीलिङ्ग र हलन्तनपुंसकलिङ्गका अतिरिक्त अव्यय प्रकरणसमेत गरी सुबन्त प्रकरणलाई मुख्यतः ७ प्रकारमा विभाजन गरिएको छ ।

प्रत्येक शब्दको प्रातिपदिकसंज्ञा गरेपछि सु, औ, जस् आदि प्रत्यय लगाएर सातै विभक्ति र सम्बोधनमा समेत प्रायः प्रत्येक शब्दका २४ प्रकारका सुबन्त शब्दरूपहरूको निर्माण गरिन्छ । प्रातिपदिकसंज्ञक शब्दमा लाग्ने २१ सुप् प्रत्ययहरू यसप्रकार छन् :

**सुप् प्रत्ययहरू**

| **विभक्ति** | **एकवचन** | **द्विवचन** | **बहुवचन** | **नेपाली अर्थ वा विभक्तिचिह्न** |
|---|---|---|---|---|
| **प्रथमा** | सु | औ | जस् | ले |
| **द्वितीया** | अम् | औट् | शस् | लाई |
| **तृतीया** | टा | भ्याम् | भिस् | ले, द्वारा |
| **चतुर्थी** | ङे | भ्याम् | भ्यस् | लागि, निम्ति, लाई |
| **पञ्चमी** | ङसि | भ्याम् | भ्यस् | देखि, बाट |
| **षष्ठी** | ङस् | ओस् | आम् | को, का, की, रो, रा, री, नो, ना, नी |
| **सप्तमी** | ङि | ओस् | सुप् | मा, माथि |
| **सम्बोधन** | सु | औ | जस् | हे, अरे |

सम्बोधनमा पनि प्रथमा विभक्ति नै हुने भएकाले त्यसमा प्रथमा विभक्तिकै प्रत्ययहरू लाग्दछन् । उपर्युक्त प्रत्ययहरूमध्ये सु प्रत्ययका उकारको अनुबन्धलोप भएर 'स्' रहन्छ । जस्, शस्, ङसि र ङस् प्रत्ययका जकार, शकार र ङकारको अनुबन्धलोप भएर सबैको 'अस्' बाँकी रहन्छ । औट् र टा प्रत्ययका टकारको अनुबन्धलोप भई 'औ' र 'आ' शेष रहन्छ । ङे, ङि र सुप् प्रत्ययका ङकार र पकारको अनुबन्धलोप भएर 'ए', 'इ' र 'सु' मात्र बाँकी रहन्छ । जुन जुन प्रत्ययको अन्तमा सकार रहेको छ, ती ती प्रत्ययान्त शब्दमा प्रायः विसर्गको सम्भावना रहन्छ । सम्बोधनको एकवचनमा भिन्न रूप हुनसक्छ तर सम्बोधनको द्विवचन र बहुवचनमा प्रथमाकै द्विवचन र बहुवचनमा जस्तै रूप हुने भएकाले तिनमा कुनै किसिमको भिन्नता देखिँदैन ।

## ५.१ अजन्तपुंल्लिङ्ग प्रकरण

अकारदेखि औकारसम्मका अच्वर्ण अन्तमा हुने प्रातिपदिकसंज्ञक शब्दहरूको निर्माणप्रक्रियाको अध्ययन गरिएको सुबन्त प्रकरणलाई अजन्तपुंल्लिङ्ग प्रकरण भनिन्छ । वर्णात्मक दृष्टिले अजन्तपुंल्लिङ्गमा ११ प्रकारका अजन्त शब्दहरूको निर्माणप्रक्रियाको अध्ययन भएको पाइन्छ । तीमध्ये यस अध्ययनमा राम, सर्व, विश्वपा, हरि, गुरु, बहुश्रेयसी, कुमारी, सुधी, खलपू, वर्षाभू, पितृ, गो र रै शब्दका प्रमुख रूपहरूको सिद्धिप्रक्रियामा प्रवृत्त हुने प्रमुख सूत्रहरूको मात्र चर्चा गरिएको छ ।

### ५.१.१ अकारान्त पुंल्लिङ्गी राम र सर्व शब्दको रूपसिद्धिप्रक्रिया

| राम शब्दका रूपहरू | | | सर्व (सबै) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| रामः | रामौ | रामाः | सर्वः | सर्वौ | सर्वे |
| रामम् | रामौ | रामान् | सर्वम् | सर्वौ | सर्वान् |
| रामेण | रामाभ्याम् | रामैः | सर्वेण | सर्वाभ्याम् | सर्वैः |
| रामाय | रामाभ्याम् | रामेभ्यः | सर्वस्मै | सर्वाभ्याम् | सर्वेभ्यः |
| रामात्-द् | रामाभ्याम् | रामेभ्यः | सर्वस्मात् | सर्वाभ्याम् | सर्वेभ्यः |
| रामस्य | रामयोः | रामाणाम् | सर्वस्य | सर्वयोः | सर्वेषाम् |
| रामे | रामयोः | रामेषु | सर्वस्मिन् | सर्वयोः | सर्वेषु |
| हे राम | हे रामौ | हे रामाः | हे सर्व | हे सर्वौ | हे सर्वे |

राम शब्दजस्तै तरिकाले कृष्ण, मुकुन्द, बालक, पुत्र, जनक, प्राज्ञ, सज्जन, दुर्जन, छात्र, शिष्य, अग्रज, अनुज, मानव, भृत्य, अश्व, हंस, नर, मनुष्य, पितृव्य, दिनेश, उमेश, रमेश, महेश, गणेश, राजेश, सूर्य, चन्द्र, वंश, वानर, गज, धर्म, अनल, पावक, अनिल, उपहार, सेवक, गायक, नायक, पाठक, सञ्चार, विचार, सुलभ, दुर्लभ आदि अकारान्त पुंल्लिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ भने सर्व शब्दजस्तै गरी अकारान्त पुंल्लिङ्गी अन्य, अपर, इतर, सम, सिम, एक, स्व तथा हलन्तपुंल्लिङ्गी यद्, तद्, एतद्, किम् आदि सर्वनामसंज्ञक शब्दका रूपहरू पनि चलाउन सकिन्छ ।

**(११९) प्रथमयोः पूर्वसवर्णः ६।१।१०२** (पूर्वसवर्णदीर्घ)

प्रथमा र द्वितीया विभक्तिसम्बन्धी अच् पर भएमा पूर्व र पर दुवैका स्थानमा पूर्वसवर्णदीर्घ एकादेश हुन्छ, जस्तै : राम+जस्– राम+अस्– रामास् =रामाः, हरि+औ =हरी, गुरु+शस्– गुरु+अस्– गुरूस् =गुरून् ।

**(१२०) अमि पूर्वः ६।१।१०७** (पूर्वरूप)

अवर्ण, इवर्ण र उवर्ण अन्तमा हुने शब्ददेखि अम् प्रत्यय पर भएमा पूर्व र पर दुवैका स्थानमा पूर्वरूप एकादेश हुन्छ, जस्तै : राम+अम् =रामम्, विश्वपा+अम् =विश्वपाम्, हरि+अम् =हरिम्, नदी+अम् =नदीम्, गुरु+अम् =गुरुम् आदि ।

**(१२१) तस्माच्छसो नः पुंसि ६।१।१०३** (स्=न् आदेश)

पूर्वसवर्णदीर्घ एकादेश गरिएका पुंल्लिङ्गी शब्ददेखि मात्र पर रहेको शस् प्रत्ययसम्बन्धी सकारका स्थानमा नकार आदेश हुन्छ, जस्तै : राम+शस्– राम+अस्– रामास् =रामान्, हरि+शस् =हरीन्, भानु+शस् =भानून्, पितृ+शस् =पितॄन् आदि ।

**(१२२) अट्कुप्वाङ्नुम्व्यवायेऽपि ८।४।२** (णत्व)

एउटै पदमा अट् प्रत्याहार, कवर्ग, पवर्ग, आङ् उपसर्ग र नुम् आगम यिनीहरूले व्यवधान गरे पनि रेफ र षकारदेखि पर रहेका नकारका स्थानमा णत्व हुन्छ, जस्तै : राम+टा– राम+आ– राम+इन– रामेन =रामेण, हरि+टा... =हरिणा, गुरु+टा... =गुरुणा आदि ।

**(१२३) टाङसिङसामिनात्स्याः ७।१।१२** (टा=इन, ङसि=आत्, ङस्=स्य आदेश)

अकार अन्तमा हुने शब्ददेखि पर रहेका टा, ङसि र ङस् प्रत्ययका स्थानमा क्रमशः इन, आत् र स्य आदेश हुन्छन्, जस्तै : राम+टा– राम+आ– राम+इन– रामेन =रामेण, राम+ङसि– राम+अस्– राम+आत् =रामात्/रामाद्, राम+ङस् – राम+स्य =रामस्य आदि ।

**(१२४) सुपि च ७।३।१०२** (दीर्घ)

यञ् प्रत्याहारमा पर्ने वर्ण आदिमा हुने सुप् प्रत्यय पर भएमा अकारान्त शब्दको दीर्घ (आ) हुन्छ, जस्तै : राम+भ्याम् =रामाभ्याम्, कृष्ण+भ्याम् =कृष्णाभ्याम्, राम+ङे– राम+ए– राम+य =रामाय, कृष्ण+ङे– कृष्ण+ए– कृष्ण+य =कृष्णाय आदि ।

**(१२५) अतो भिस् ऐस् ७।१।९** (भिस=ऐस् आदेश)

अकार अन्तमा हुने शब्ददेखि पर रहेको भिस् प्रत्ययका स्थानमा ऐस् आदेश हुन्छ, जस्तै : राम+भिस्– राम+ऐस्– रामैस् =रामैः, देव+भिस्– देव+ऐस्– देवैस् =देवैः, सर्व+भिस्– सर्व+ऐस्– सर्वैस् =सर्वैः आदि ।

**(१२६) ङेर्यः ७।१।१३** (ङे=य आदेश)

अकार अन्तमा हुने शब्ददेखि पर रहेको ङे प्रत्ययका स्थानमा य आदेश हुन्छ, जस्तै : राम+ङे– राम+ए– राम+य =रामाय, गणेश+ङे– गणेश+ए– गणेश+य =गणेशाय आदि ।

**(१२७) बहुवचने झल्येत् ७।३।१०३** (एत्व)

झल् प्रत्याहारमा पर्ने वर्ण आदिमा हुने बहुवचन सुप् प्रत्यय पर भएमा अकार अन्तमा हुने शब्दका अकारको एत्व (अ=ए आदेश) हुन्छ, जस्तै : राम+भ्यस्– रामेभ्यस् =रामेभ्यः, सर्व+भ्यस्– सर्वेभ्यस् =सर्वेभ्यः, राम+सुप्– राम+सु– रामे+सु =रामेषु, सर्व+सुप्– सर्व+सु– सर्वे+सु =सर्वेषु आदि ।

**(१२८) वाऽवसाने ८।४।५६** (चर्त्व)

अवसान वा अन्तमा रहेका झल् प्रत्याहारमा पर्ने वर्णका स्थानमा विकल्पले चर्त्व (चर् प्रत्याहारमा पर्ने वर्ण) हुन्छ, जस्तै : राम+ङसि– राम+अस्– राम+आत्– रामात्– रामाद्– =रामात्/रामाद्, कृष्ण+ङसि– कृष्ण+अस्– कृष्ण+आत्– कृष्णात्– कृष्णाद् =कृष्णात्/कृष्णाद् आदि ।

**(१२९) ओसि च ७।२।१०४** (एत्व)

ओस् प्रत्यय पर भएमा पनि अकार अन्तमा हुने शब्दका अकारका स्थानमा एत्व (एकार आदेश) हुन्छ, जस्तै : राम+ओस्– रामे+ओस्– राम्+अय्+ओस्– रामयोस् =रामयोः, सर्व+ओस्– सर्वे+ओस्– सर्व्+अय्+ओस्– सर्वयोस् =सर्वयोः आदि ।

**(१३०) ह्रस्वनद्यापो नुट् ७।१।५४** (नुट् आगम)

ह्रस्व स्वरवर्ण अन्तमा हुने शब्ददेखि, नदीसंज्ञक शब्ददेखि र स्त्रीलिङ्गी आप् (टाप्, चाप्, डाप्) प्रत्ययान्त शब्ददेखि पनि पर रहेका आम् प्रत्ययको नुट् (न्) आगम हुन्छ, जस्तै : राम+आम्– राम+नुट् आम्– राम+नाम्– रामानाम् =रामाणाम्, अग्नि+आम्– अग्नि+नुट् आम्– अग्नि+नाम् =अग्नीनाम्, वायु+आम्– वायु+नुट् आम्– वायु+नाम् =वायूनाम्, कुमारी+आम्– कुमारी+नुट् आम्– कुमारी+नाम् =कुमारीणाम्, किशोरी+आम्– किशोरी+नुट् आम्– किशोरी+नाम् =किशोरीणाम्, गौरी+आम्– गौरी+नुट् आम्– गौरी+नाम् =गौरीणाम्, लक्ष्मी+आम्– लक्ष्मी+नुट् आम्– लक्ष्मी+नाम् =लक्ष्मीणाम्, रमा+आम्– रमा+नुट् आम्– रमा+नाम् =रमाणाम्, माला+आम्– माला+नुट् आम्– माला+नाम् =मालानाम् आदि ।

**(१३१) नामि ६।४।३** (दीर्घ)

नाम् पर भएमा अच् अन्तमा हुने शब्दका अन्तिम अच्वर्णको दीर्घ (आ, ई, ऊ, ॠ) हुन्छ, जस्तै : राम+आम्– राम+नुट् आम्– राम+नाम्– रामानाम् =रामाणाम्, अग्नि+आम्– अग्नि+नुट् आम्– अग्नि+नाम् =अग्नीनाम्, गुरु+आम्– गुरु+नुट् आम्– गुरु+नाम्– गुरूनाम् =गुरूणाम्, पितृ+आम्– पितृ+नुट् आम्– पितृ+नाम्– पितृ+नाम् =पितॄणाम् आदि ।

**(१३२) आदेशप्रत्यययोः ८।३।५९** (षत्व)

इण् प्रत्याहारमा पर्ने वर्ण र कवर्गदेखि पर रहेको पदान्तभिन्न आदेश वा प्रत्ययसम्बन्धी सकारका स्थानमा षकार (षत्व) हुन्छ, जस्तै : राम+सुप्– राम+सु– रामे+सु =रामेषु, हरि+सुप्– हरि+सु =हरिषु, वायु+सुप्– वायु+सु =वायुषु, पितृ+सुप्– पितृ+सु =पितृषु आदि ।

**(१३३) एङ्ह्रस्वात्सम्बुद्धेः ६।१।६९** (सलोप)

ह्रस्व स्वरवर्ण अ, इ, उ अन्तमा हुने प्रातिपदिकसंज्ञक शब्ददेखि र एकार वा ओकार अन्तमा हुने प्रातिपदिकसंज्ञक शब्ददेखि पर रहेको सम्बुद्धि (सम्बोधन) सम्बन्धी सुप्रत्ययका सकारको लोप हुन्छ, जस्तै : हे राम+सु– हे रामस् =हे राम !, हे नदी+सु– हे नदी+स्– हे नदिस् =हे नदि !, हे वधू+सु– हे वधू+स्– हे वधुस् =हे वधु !, हे हरि+सु– हे हरि+स्– हे हरेस् =हे हरे !, हे गुरु+सु– हे गुरु+स्– हे गुरो+स् =हे गुरो ! आदि ।

राम शब्दजस्तै तरिकाले अकारान्त पुंल्लिङ्गी कृष्ण, मुकुन्द, पुत्र, छात्र, पाठक, शिक्षक, विद्यालय आदि शब्दहरूको निर्माण गर्न सकिन्छ ।

अकारान्त 'निर्जर' शब्दको अजादि विभक्ति पर भएमा विकल्पले 'जरस्' आदेश हुने भएकाले अजादि विभक्ति पर भएमा निर्जरस् शब्दका रूपहरू हलन्तपुंल्लिङ्गी शब्दजस्तै हुन्छन् भने निर्जरस् आदेश नभएका पक्षमा र हलादि विभक्तिमा राम शब्दजस्तै हुन्छन् । अकारान्त पुंल्लिङ्गी सर्वनामसंज्ञक केही शब्दका जस्, ङसि र ङि प्रत्ययमा समेत वैकल्पिक रूप हुन्छन् भने धेरैजसो अकारान्त पुंल्लिङ्गी सर्वनामसंज्ञक शब्दका जस्, ङे, ङसि, आम् र ङि प्रत्ययमा बाहेक अन्यत्र राम शब्दजस्तै तरिकाले रूपहरूको निर्माण हुन्छ । अकारान्त पुंल्लिङ्गी सर्वनामसंज्ञक शब्दका जस्, ङे, ङसि, आम् र ङि प्रत्ययमा भिन्न किसिमका पाँच रूपहरूको निर्माण गर्ने प्रमुख सूत्रहरू यसप्रकार छन् :

**(१३४) जसः शी ७।१।१७** (जस्=शी आदेश)

अकार अन्तमा हुने सर्वनामसंज्ञक शब्ददेखि पर रहेको जस् प्रत्ययका स्थानमा शी (ई) आदेश हुन्छ, जस्तै : सर्व+जस्– सर्व+अस्– सर्व+शी– सर्व+ई =सर्वे, विश्व+जस्– विश्व+अस्– विश्व+शी– विश्व+ई =विश्वे आदि ।

**(१३५) सर्वनाम्नः स्मै ७।१।१४** (ङे=स्मै आदेश)

अकारान्त सर्वनामसंज्ञक शब्ददेखि पर रहेका ङे प्रत्ययका स्थानमा स्मै आदेश हुन्छ, जस्तै : सर्व+ङे– सर्व+ए– सर्व+स्मै =सर्वस्मै, विश्व+ङे– विश्व+ए– विश्व+स्मै =विश्वस्मै आदि ।

**(१३६) ङसिङ्योः स्मात्स्मिनौ ७।१।१५** (ङसि=स्मात्, ङि=स्मिन् आदेश)

अकारान्त सर्वनामसंज्ञक शब्ददेखि पर रहेका ङसि र ङि प्रत्ययका स्थानमा क्रमशः स्मात् र स्मिन् आदेश हुन्छन्, जस्तै : सर्व+ङसि– सर्व+अस्– सर्व+स्मात् =सर्वस्मात्, विश्व+ङसि– विश्व+अस्– विश्व+स्मात् =विश्वस्मात्, सर्व+ङि– सर्व+इ– सर्व+स्मिन् =सर्वस्मिन्, विश्व+ङि– विश्व+इ– विश्व+स्मिन् =विश्वस्मिन् आदि ।

**(१३७) आमि सर्वनाम्नः सुट् ७।१।५२** (सुट् आगम)

अवर्ण अन्तमा हुने शब्ददेखि पर रहेको सर्वनामसंज्ञक शब्ददेखि विधान गरिएको आम् प्रत्ययको सुट् (स्) आगम हुन्छ, जस्तै : सर्व+आम्– सर्व+सुट् आम्– सर्व+साम्– सर्वे+साम् =सर्वेषाम्, विश्व+आम्– विश्व+सुट् आम्– विश्व+साम्– विश्वे+साम् =विश्वेषाम् आदि ।

## ५.१.२ आकारान्त पुंल्लिङ्गी विश्वपा र हाहा शब्दको रूपसिद्धिप्रक्रिया

| विश्वपा (विश्वपालक) शब्दका रूपहरू | | | हाहा (गन्धर्व) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| विश्वपाः | विश्वपौ | विश्वपाः | हाहाः | हाहौ | हाहाः |
| विश्वपाम् | विश्वपौ | विश्वपः | हाहाम् | हाहौ | हाहान् |
| विश्वपा | विश्वपाभ्याम् | विश्वपाभिः | हाहा | हाहाभ्याम् | हाहाभिः |

| | | | | | |
|---|---|---|---|---|---|
| विश्वपे | विश्वपाभ्याम् | विश्वपाभ्य: | हाहै | हाहाभ्याम् | हाहाभ्य: |
| विश्वप: | विश्वपाभ्याम् | विश्वपाभ्य: | हाहा: | हाहाभ्याम् | हाहाभ्य: |
| विश्वप: | विश्वपो: | विश्वपाम् | हाह: | हाहौ: | हाहाम् |
| विश्वपि | विश्वपो: | विश्वपासु | हाहे | हाहौ: | हाहासु |
| हे विश्वपा: | हे विश्वपौ | हे विश्वपा: | हे हाहा: | हे हाहौ | हे हाहा: |

सिद्धान्तकौमुदीमा आकारान्त पुंल्लिङ्गी शब्दअन्तर्गत विश्वपा र हाहा शब्दको अध्ययन गरिएको छ । ती दुवै शब्दको रूपसिद्धि गर्दा प्रवृत्त हुने प्रमुख दुई सूत्रहरू यसप्रकार छन् :

**(१३८) दीर्घाज्जसि च ६।१।१०५** (पूर्वसवर्णदीर्घ निषेध)

दीर्घदेखि जस् प्रत्यय र इच् प्रत्याहारमा पर्ने वर्ण पर भएमा प्रथमा र द्वितीयाको पूर्वसवर्णदीर्घ हुँदैन, जस्तै : विश्वपा+औ =विश्वपौ, हाहा+औ =हाहौ । यहाँ पूर्वसवर्णदीर्घ निषेध भएकाले दुवै प्रयोगमा वृद्धि भएको हो ।

**(१३९) आतो धातो: ६।४।१४०** (आलोप)

आकार अन्तमा हुने जुन धातु त्यो अन्तमा हुने भसंज्ञक शब्दका आकारको लोप हुन्छ, जस्तै : विश्वपा+शस्– विश्वपा+अस्– विश्वप्+अस्– विश्वपस् =विश्वप: । आकारान्त धातु नभएकाले हाहा शब्दका आकारको भने लोप हुँदैन, जस्तै : हाहा+शस् =हाहान्, हाहा+टा =हाहा, हाहा+ङे =हाहै, हाहा+ओस् =हाहौ: । यस सूत्रलाई 'आत:' योगविभाग गरिएकाले धातुभिन्न आकारको पनि लोप भएको पाइन्छ, जस्तै : क्त्वा+शस् =क्त्व:, श्ना+शस् =श्न: आदि ।

## ५.१.३ इकारान्त पुंल्लिङ्गी हरि शब्द र उकारान्त पुंल्लिङ्गी गुरु शब्दको रूपसिद्धिप्रक्रिया

| हरि शब्दका रूपहरू | | | गुरु शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| हरि: | हरी | हरय: | गुरु: | गुरू: | गुरव: |
| हरिम् | हरी | हरीन् | गुरुम् | गुरू: | गुरून् |
| हरिणा | हरिभ्याम् | हरिभि: | गुरुणा | गुरुभ्याम् | गुरुभि: |
| हरये | हरिभ्याम् | हरिभ्य: | गुरवे | गुरुभ्याम् | गुरुभ्य: |
| हरे: | हरिभ्याम् | हरिभ्य: | गुरो: | गुरुभ्याम् | गुरुभ्य: |
| हरे: | हर्यो: | हरीणाम् | गुरो: | गुर्वो: | गुरूणाम् |
| हरौ | हर्यो: | हरिषु | गुरौ | गुर्वो: | गुरुषु |
| हे हरे | हे हरी | हे हरय: | हे गुरो | हे गुरू | हे गुरव: |

हरि शब्दजस्तै तरिकाले कवि, अग्नि, मुनि, विधि, निधि, गिरि, पाणि, वलि, ऋषि, भूपति, नृपति, पशुपति, प्रजापति, कपि, अरि, अतिथि, रवि, रश्मि आदि इकारान्त पुंल्लिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ भने गुरु शब्दजस्तै तरिकाले विधु, भानु, कृशानु, शम्भु, शिशु, तरु, शत्रु, बाहु, विष्णु, मृत्यु, मृदु, साधु, पशु, इषु, वेणु, प्रभु, विभु, विन्दु, इन्दु, परशु, धातु, जन्तु आदि उकारान्त पुंल्लिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ

सिद्धान्तकौमुदीमा इकारान्त पुंल्लिङ्गी शब्दअन्तर्गत हरि, सखि, पति, कति, त्रि, द्वि र औडुलोमि शब्दको अध्ययन गरिएको छ भने उकारान्त पुंल्लिङ्गी शब्दअन्तर्गत शम्भु, विष्णु, वायु, भानु र क्रोष्टु शब्दको चर्चा गरिएको छ । तीमध्ये इकारान्त पुंल्लिङ्गी हरि शब्द र उकारान्त पुंल्लिङ्गी गुरु शब्दका उपर्युक्त रूपहरूको सिद्धिप्रक्रियामा प्रवृत्त हुने प्रमुख सूत्रहरू निम्नलिखित छन् :

**(१४०) जसि च ७।३।१०९** (गुण)

जस् प्रत्यय पर भएमा इकार र उकार अन्तमा हुने शब्दको गुण (ए/ओ) हुन्छ, जस्तै : हरि+जस्– हरि+अस्– हरे+अस्– हर्+अय्+अस्– हरयस् =हरयः, गुरु+जस्– गुरु+अस्– गुरो+अस्– गुर्+अव्+अस् – गुरवस् =गुरवः आदि ।

**(१४१) आङो नाऽस्त्रियाम् ७।३।१२०** (टा=ना आदेश)

स्त्रीलिङ्गमा बाहेक घिसंज्ञक इकारान्त र उकारान्त शब्ददेखि पर रहेका टा प्रत्ययका स्थानमा ना आदेश हुन्छ, जस्तै : हरि+टा– हरि+आ– हरि+ना =हरिणा, गुरु+टा– गुरु+आ– गुरु+ना =गुरुणा आदि ।

**(१४२) घेर्ङिति ७।३।१११** (गुण)

ङ्कारको इत्संज्ञा हुने ङे, ङसि र ङस् प्रत्यय पर भएमा घिसंज्ञक इकारान्त र उकारान्त शब्दको गुण हुन्छ, जस्तै : हरि+ङे– हरि+ए– हरे+ए– हर्+अय्+ए =हरये, गुरु+ङसि– गुरु+अस्– गुरो+अस्– गुरोस् =गुरोः, भानु+ङस्– भानु+अस्– भानो+अस्– भानोस् =भानोः आदि ।

**(१४३) ङसिङसोश्च ६।१।११०** (पूर्वरूप)

एकार र ओकारदेखि ङसि र ङस् प्रत्ययसम्बन्धी अकार पर भएमा पूर्व र पर दुवैका स्थानमा पूर्वरूप एकादेश हुन्छ अर्थात् उत्तरवर्ती अकार पूर्ववर्ती एकार र ओकारमै मिल्छ, जस्तै : हरि+ङसि– हरि+अस्– हरे+अस्– हरेस् =हरेः, वायु+ङस्– वायु+अस्– वायो+अस्– वायोस् =वायोः आदि ।

**(१४४) अच्च घेः ७।३।११९** (ङि=औ, इ/उ=अ आदेश)

इकार र उकारदेखि पर रहेका ङि प्रत्ययका स्थानमा औ आदेश हुन्छ भने घिसंज्ञक शब्दको अन्तमा रहेका इकार र उकारका स्थानमा अकार आदेश हुन्छ, जस्तै : हरि+ङि– हरि+इ– हरि+औ– हर+औ =हरौ, गुरु+ङि– गुरु+इ– गुरु+औ– गुर+औ =गुरौ आदि ।

**(१४५) ह्रस्वस्य गुणः ७।३।१०८** (गुण)

सम्बोधनमा शब्दको अन्तमा रहेका ह्रस्व इकार र उकारका स्थानमा गुण (ए/ओ) हुन्छ, जस्तै : हे हरि+सु– हे हरि+स्– हे हरेस् =हे हरे !, हे गुरु+सु– हे गुरु+स्– हे गुरोस् =हे गुरो !

इकारान्त पुंल्लिङ्गी पति शब्दलाई समासमा मात्र घिसंज्ञा हुन्छ । त्यसैले समस्त भूपति,

क्षेत्रपति, गणपति आदि शब्दको सिद्धिप्रक्रिया हरि शब्दजस्तै हुन्छ भने समास नभएका पति शब्दको तृतीया, चतुर्थी, पञ्चमी, षष्ठी र सप्तमीका एकवचनमा क्रमशः पत्या, पत्ये, पत्याः, पत्याः र पत्यौ रूप बन्दछन् । यण्सन्धि भएर 'पत्या' र 'पत्ये' रूपको निर्माण हुन्छ भने यणादेशका साथै अकारका स्थानमा उकारादेश भएर 'पत्युः' तथा ङिका स्थानमा औ र यणादेश भएर 'पत्यौ' रूप बन्दछन् । पति शब्दका अन्य रूपहरूको सिद्धिप्रक्रिया हरि शब्दको जस्तै हुन्छ ।

घिसंज्ञा नहुने सखि शब्दको प्रथमाको एकवचनमा सु प्रत्यय भएपछि सखिका इकारका स्थानमा अनङ् (अन्) आदेश भएर 'सखन्+स्', उपधास्थित अकारको दीर्घ भई 'सखान्+स्', तथा सकार र नकार दुवैको लोप भएर 'सखा' रूपको निर्माण हुन्छ । प्रथमाको द्विवचनदेखि तृतीयाको द्विवचनसम्म सखि शब्दलाई णिद्वद्भाव हुने भएकाले सखि शब्दका इकारको ऐ वृद्धि र ऐकारको आय् आदेश भई 'सखायौ, सखायः, सखायम्, सखायौ' रूप बन्दछन् । 'सख्युः' र 'सख्यौ' को निर्माणप्रक्रिया 'पत्युः' र 'पत्यौ' जस्तै तथा बाँकी रूपहरूको सिद्धिप्रक्रिया भने हरि शब्दजस्तै तरिकाले हुन्छ ।

इकारान्त कति र त्रि शब्दका रूप बहुवचनमा मात्र चल्दछन् । कति शब्ददेखि जस् र शस् प्रत्यको लुक् (लोप) हुन्छ भने अन्यत्र कति शब्दका रूपहरू हरि शब्दजस्तै तरिकाले चल्दछन् । आम् प्रत्यय पर हुँदा त्रि शब्दका स्थानमा त्रय आदेश भएर 'त्रयाणाम्' बन्दछ भने बाँकी रूपको सिद्धिप्रक्रिया हरि शब्दकै जस्तो हुन्छ । इकारान्त द्वि शब्दका रूपहरू द्विवचनमा मात्र चल्दछन् । द्वि शब्दका इकारका स्थानमा अकार आदेश भई 'द्व' शब्द बन्ने भएकाले यसका सबै रूपहरू राम शब्दजस्तै तरिकाले चल्दछन् । औडुलोमि शब्दका रूपहरू एकवचन र द्विवचनमा हरि शब्दजस्तै हुन्छन् भने बहुवचनमा 'अञ्' तद्धित प्रत्ययको अपवादमा 'अ' प्रत्यय हुने भएकाले उडुलोम शब्दका रूपहरू राम शब्दजस्तै तरिकाले उडुलोमाः, उडुलोमान्, उडुलोमैः, उडुलोमेभ्यः उडुलोमेभ्यः, उडुलोमानाम्, उडुलोमेषु र हे उडुलोमाः को निर्माण हुन्छ ।

### ५.१.४ ईकारान्त पुँल्लिङ्गी बहुश्रेयसी शब्द र ऊकारान्त पुँल्लिङ्गी स्वभू शब्दको रूपसिद्धिप्रक्रिया

| बहुश्रेयसी (कल्याणेच्छुक) शब्दका रूपहरू | | | स्वभू (ब्रह्मा) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| बहुश्रेयसी | बहुश्रेयस्यौ | बहुश्रेयस्यः | स्वभूः | स्वभुवौ | स्वभुवः |
| बहुश्रेयसीम् | बहुश्रेयस्यौ | बहुश्रेयसीन् | स्वभुवम् | स्वभुवौ | स्वभुवः |
| बहुश्रेयस्या | बहुश्रेयसीभ्याम् | बहुश्रेयसीभिः | स्वभुवा | स्वभूभ्याम् | स्वभूभिः |
| बहुश्रेयस्यै | बहुश्रेयसीभ्याम् | बहुश्रेयसीभ्यः | स्वभुवे | स्वभूभ्याम् | स्वभूभ्यः |
| बहुश्रेयस्याः | बहुश्रेयसीभ्याम् | बहुश्रेयसीभ्यः | स्वभुवः | स्वभूभ्याम् | स्वभूभ्यः |
| बहुश्रेयस्याः | बहुश्रेयस्योः | बहुश्रेयसीनाम् | स्वभुवः | स्वभुवोः | स्वभुवाम् |
| बहुश्रेयस्याम् | बहुश्रेयस्योः | बहुश्रेयसीषु | स्वभुवि | स्वभुवोः | स्वभूषु |
| हे बहुश्रेयसि | हे बहुश्रेयस्यौ | हे बहुश्रेयस्यः | हे स्वभूः | हे स्वभुवौ | हे स्वभुवः |

सिद्धान्तकौमुदीमा ईकारान्त पुँल्लिङ्गी वातप्रमी, ययी, पपी, बहुश्रेयसी, अतिलक्ष्मी, कुमारी, प्रधी, उन्नी, ग्रामणी, सुधी, सखी, सुखी, सुती, क्षामी, प्रस्तीमी, शुष्की र पक्वी

शब्दहरूको अध्ययन गरिएको छ । त्यसैगरी ऊकारान्त पुंल्लिङ्गी शब्दअन्तर्गत हूहू, अतिचमू, खलपू, सुलू, स्वभू, स्वयम्भू, वर्षाभू, दृन्भू र करभू शब्दको अध्ययन गरिएको छ । तीमध्ये ईकारान्त बहुश्रेयसी, कुमारी र सुधी तथा ऊकारान्त खलपू, स्वभू र वर्षाभू शब्दका प्रमुख रूपको सिद्धिका लागि प्रवृत्त हुने मुख्य सूत्रहरू निम्नलिखित छन् :

**(१४६) हल्ङ्याब्भ्यो दीर्घात्सुतिस्यपृक्तं हल् ६।१।६८** (सलोप/तलोप)

हलन्तदेखि पर रहेका वा दीर्घ जुन ङी (स्त्रीलिङ्गी ङीप्, ङीष् र ङीन् प्रत्ययान्त शब्द) एवं आप् (स्त्रीलिङ्गी टाप्, चाप् र डाप् प्रत्ययान्त शब्द) देखि पर रहेका सु, ति (तिप्) र सि (सिप्) प्रत्ययसम्बन्धी अपृक्त (असहाय) तकार र सकारको लोप हुन्छ, जस्तै : सखि+सु–... सखान्+स् =सखा, (बहुश्रेयस्(+ङीप्)– बहुश्रेयसी+सु– बहुश्रेयसी+स् =बहुश्रेयसी, (सर्व+टाप्)– सर्वा+सु– सर्वा+स् =सर्वा आदि ।

**(१४७) आण्नद्याः ७।३।११२** (आट् आगम)

नदीसंज्ञक शब्ददेखि पर रहेका ङित् प्रत्ययहरू (ङे, ङसि, ङस् र ङि) को आट् (आ) आगम हुन्छ, जस्तै : बहुश्रेयसी+ङे – बहुश्रेयसी+ए– बहुश्रेयसी+आट् ए– बहुश्रेयसी+आ+ए– बहुश्रेयसी+ऐ =बहुश्रेयस्यै, नदी+ङसि– नदी+अस्– नदी+आट् अस्– नदी+आ+अस्– नदी+आस्– नद्यास् =नद्याः आदि ।

**(१४८) आटश्च ६।१।९०** (वृद्धि)

आट् आगमदेखि अच् पर भएमा पूर्व र पर दुवैका ठाउँमा वृद्धि एकादेश (आ, ऐ, औ) हुन्छ, जस्तै : बहुश्रेयसी+ङस्– बहुश्रेयसी+अस्– बहुश्रेयसी+आट् अस्– बहुश्रेयसी+आ+अस्– बहुश्रेयसी+आस्– बहुश्रेयस्यास् =बहुश्रेयस्याः ।

**(१४९) ङेराम्नद्याम्नीभ्यः ७।३।११६** (ङि=आम् आदेश)

नदीसंज्ञक शब्ददेखि, स्त्रीलिङ्गी आबन्त शब्ददेखि र नी शब्ददेखि पनि पर रहेका ङि प्रत्ययका स्थानमा आम् आदेश हुन्छ, जस्तै : बहुश्रेयसी+ङि– बहुश्रेयसी+इ– बहुश्रेयसी+आम्– बहुश्रेयसी+आट् आम्– बहुश्रेयसी+आम् =बहुश्रेयस्याम्, रमा+ङि– रमा+आम्– रमा+याट् आम्–रमा+या+आम् =रमायाम्, सेनानी+ङि– सेनानी+आम् =सेनान्याम् ।

**(१५०) अम्बार्थनद्योर्ह्रस्वः ७।३।१०७** (ह्रस्व)

सम्बोधनमा अम्बार्थवाची शब्द र नदीसंज्ञक शब्दका अन्तिम दीर्घ वर्णको ह्रस्व हुन्छ, जस्तै : हे बहुश्रेयसी+सु– हे बहुश्रेयसी+स्– हे बहुश्रेयसि+स् =हे बहुश्रेयसि !

**(१५१) एरनेकाचोऽसंयोगपूर्वस्य ६।४।८२** (यण्)

अजादि प्रत्यय पर भएमा धातुको अवयव संयोग पूर्वमा नहुने जुन इवर्ण अन्तमा हुने धातु त्यो अन्तमा हुने अनेक अच्ले युक्त भएका शब्दको यण् (य्, व्, र्, ल्) हुन्छ, जस्तै : कुमारी+औ– कुमार् य् +औ =कुमार्यौ । यहाँ यण्को अपवादमा इयङ् आदेश प्राप्त (अ.६।४।७७) भएकाले पुनः यण् गर्नका लागि यो सूत्र बनाइएको हो ।

**(१५२) न भूसुधियोः ६।४।८५** (यण् निषेध)

अजादि सुप् प्रत्यय पर भएमा भू र सुधी शब्दको यण् हुँदैन, जस्तै : सुधी+औ– सुध् इयङ्+औ– सुधिय+औ =सुधियौ, सुधी+जस्... =सुधियः, स्वभू+जस्– स्वभू+अस्– स्वभ् उवङ्+अस्– स्वभुवस् =स्वभुवः ।

**(१५३) ओः सुपि ६।४।८३** (यण्)

अजादि सुप् प्रत्यय पर भएमा धातुको अवयव संयोग पूर्वमा नहुने र उवर्ण अन्तमा हुने अनेक अच्ले युक्त भएका धातुज शब्दका इक्वर्णको यण् हुन्छ, जस्तै : खलपू+औ– खलप् व्+औ =खलप्वौ, खलपू+जस्... =खलप्वः ।

**(१५४) वर्षाभ्वश्च ६४।८४** (यण्)

अजादि सुप् प्रत्यय पर भएमा वर्षाभू शब्दका ऊकारको यण् (व्) हुन्छ, जस्तै : वर्षाभू+औ– वर्षाभ् व्+औ =वर्षाभ्वौ, वर्षाभू+जस्... =वर्षाभ्वः । 'न भूसुधियोः' सूत्रले यण् निषेध गरेका कारण पुनः यण्को प्रवृत्तिका लागि यो सूत्र बनाइएको हो ।

### ५.१.५ ऋकारान्त पुंल्लिङ्गी पितृ शब्द र धातृ शब्दको रूपसिद्धिप्रक्रिया

| पितृ (पिता) शब्दका रूपहरू | | | धातृ (ब्रह्मा) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| पिता | पितरौ | पितरः | धाता | धातारौ | धातारः |
| पितरम् | पितरौ | पितॄन् | धातारम् | धातारौ | धातॄन् |
| पित्रा | पितृभ्याम् | पितृभिः | धात्रा | धातृभ्याम् | धातृभिः |
| पित्रे | पितृभ्याम् | पितृभ्यः | धात्रे | धातृभ्याम् | धातृभ्यः |
| पितुः | पितृभ्याम् | पितृभ्यः | धातुः | धातृभ्याम् | धातृभ्यः |
| पितुः | पित्रोः | पितॄणाम् | धातुः | धात्रोः | धातॄणाम् |
| पितरि | पित्रोः | पितृषु | धातरि | धात्रोः | धातृषु |
| हे पितः | हे पितरौ | हे पितरः | हे धातः | हे धातारौ | हे धातारः |

पितृ शब्दजस्तै तरिकाले मातृ (शस्मा बाहेक), भ्रातृ, जामातृ, देवृ, नृ, आदि शब्दका रूपहरू चलाउन सकिन्छ भने धातृ शब्दजस्तै तरिकाले तृच् प्रत्ययान्त नेतृ, द्रष्टृ, भोक्तृ, श्रोतृ, वेत्तृ, योद्धृ, कर्तृ, भर्तृ, हर्तृ आदि शब्दका रूपहरू चलाउन सकिन्छ ।

सिद्धान्तकौमुदीमा ऋकारान्त पुंल्लिङ्गी शब्दअन्तर्गत धातृ, नप्तृ, उद्गातृ, पितृ, जामातृ, भ्रातृ र नृ शब्दको अध्ययन गरिएको छ । तीमध्ये पितृ शब्द र धातृ शब्दका उपर्युक्त रूपहरूको सिद्धिका लागि निम्नलिखित प्रमुख सूत्रहरू प्रवृत्त हुन्छन् :

**(१५५) ऋदुशनस्पुरुदंसोऽनेहसां च ७।१।९४** (अनङ् आदेश)

सम्बोधनभिन्न सु प्रत्यय पर भएमा ऋकार अन्तमा हुने शब्द तथा उशनस्, पुरुदंस् र अनेहस् शब्दका अन्तिम ऋकार वा सकारका स्थानमा अनङ् (अन्) आदेश हुन्छ, जस्तै : पितृ+सु– पितृ+स्– पित् अनङ्+स्– पितन्+स्– पितान्+स्– पितान् =पिता, धातृ+सु... =धाता ।

**(१५६) सर्वनामस्थाने चासम्बुद्धौ ६।४।८** (दीर्घ)

सम्बोधनभिन्न सर्वनामसंज्ञक सु, औ, जस्, अम् र औट् प्रत्यय पर भएमा नकार अन्तमा हुने शब्दका अन्तिम अच्को दीर्घ हुन्छ, जस्तै : पितृ+सु– पितृ+स्– पित् अनङ्+स्– पितन्+स्– पितान्+स्– पितान् =पिता, धातृ+सु... =धाता ।

**(१५७) नलोपः प्रातिपदिकान्तस्य ६।४।१३६** (नलोप)

प्रातिपदिकसंज्ञक शब्दको अन्तमा रहेका नकारको लोप हुन्छ, जस्तै : पितृ+सु... पितान्+स्– पितान् =पिता, सखि+सु... सखान्+स्– सखान् =सखा ।

**(१५८) ऋतो ङिसर्वनामस्थानयोः ७।३।११०** (गुण)

ङि एवं सर्वनामस्थानसंज्ञक सु, औ, जस्, अम् र औट् प्रत्यय पर भएमा ऋकार अन्तमा हुने शब्दको गुण (अर्) हुन्छ, जस्तै : पितृ+औ– पितर्+औ =पितरौ, पितृ+जस्... =पितरः, पितृ+अम्... =पितरम्, पितृ+औट्... =पितरः, पितृ+ङि... =पितरि, हे पितृ+सु... =हे पितः, धातृ+औ... =धातारौ, धातृ+ङि... =धातरि ।

**(१५९) अप्तृन्तृच्स्वसृनप्तृनेष्टृत्वष्टृक्षत्तृहोतृपोतृप्रशास्तृणाम् ६।४।११** (दीर्घ)

सम्बोधनमा बाहेक सर्वनामस्थानसंज्ञक सु, औ, जस्, अम् र औट् प्रत्यय पर भएमा अप्, स्वसृ, नप्तृ, नेष्टृ, त्वष्टृ, क्षत्तृ, होतृ, पोतृ र प्रशास्तृ शब्द तथा तृन् र तृच् प्रत्ययान्त शब्दका उपधाको दीर्घ हुन्छ, जस्तै : धातृ+जस्– धातृ+अस्– धात् अर्+अस्–धातर्+अस्– धातारस् =धातारः, नेतृ+अम्– नेत् अर्+अम्– नेतर्+अम्– नेतार्+अम् =नेतारम् ।

**(१६०) ऋत उत् ६।१।१११** (ऋ+अ=उर्)

ऋकारान्त शब्ददेखि ङसि र ङस् प्रत्ययसम्बन्धी अकार पर भएमा ऋकार र अकार दुवैका ठाउँमा उत्व र रपरत्व (उर्) हुन्छ, जस्तै : पितृ+ङसि– पितृ+अस्– पित् उर्+अस्– पितुर्स्– पितुर् =पितुः, धातृ+ङस्– धातृ+अस्– धात् उर्+अस्– धातुर्स्– धातुर् =धातुः ।

**(१६१) रात्सस्य ८।२।२४** (सलोप)

रेफदेखि पर रहेका संयोगसंज्ञक अन्तिम सकारको लोप हुन्छ, जस्तै : पितृ+ङसि–... पितुर्+स्– पितुर् =पितुः, धातृ+ङस्–... धातुर्+स् – धातुर् =धातुः ।

**(१६२) ऋवर्णान्नस्य णत्वं वाच्यम् वा.८।४।१।१** (णत्व)

ऋवर्णदेखि पर रहेका नकारको णत्व हुन्छ, जस्तै : धातृ+आम्– धातृ+नुट् आम्– धातृ+नाम् =धातृणाम्, पितृ+आम्... =पितृणाम्, मातृ+आम्... =मातृणाम् ।

'नृ' शब्दको षष्ठी बहुवचनमा विकल्पले दीर्घ हुने भएकाले नृणाम्/नॄणाम् दुई रूप हुन्छन् । दीर्घ ॠकारान्त, ऌकारान्त र एकारान्त पुंल्लिङ्गी केही शब्दहरूको चर्चा गरिए पनि तिनको रूपसिद्धिका लागि कुनै विशेष सूत्र प्रवृत्त भएको पाइँदैन ।

### ५.१.६ ओकारान्त पुँल्लिङ्गी गो शब्द र ऐकारान्त पुँल्लिङ्गी रै शब्दको रूपसिद्धिप्रक्रिया

| गो (गाई) शब्दका रूपहरू | | | रै (धन) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| गौः | गावौ | गावः | राः | रायौ | रायः |
| गाम् | गावौ | गाः | रायम् | रायौ | रायः |
| गवा | गोभ्याम् | गोभिः | राया | राभ्याम् | राभिः |
| गवे | गोभ्याम् | गोभ्यः | राये | राभ्याम् | राभ्यः |
| गोः | गोभ्याम् | गोभ्यः | रायः | राभ्याम् | राभ्यः |
| गोः | गवोः | गवाम् | रायः | रायोः | रायाम् |
| गवि | गवोः | गोषु | रायि | रायोः | रासु |
| हे गौः | हे गावौ | हे गावः | हे राः | हे रायौ | हे रायः |

सिद्धान्तकौमुदीमा उपर्युक्त ओकारान्त गो शब्द र ऐकारान्त रै शब्दको रूपसिद्धिका लागि निम्नलिखित चार विशेष सूत्रहरू प्रवृत्त भएका छन् :

**(१६३) गोतो णित् ७।१।९०** (णिद्वद्भाव)

गो शब्ददेखि पर रहेका सर्वनामस्थानसंज्ञक सु, औ, जस्, अम् र औट् प्रत्ययलाई णिद्वद्भाव हुन्छ । णिद्वद्भावको विशेष प्रयोजन गो शब्दका ओकारको वृद्धि गर्नु हो ।

**(१६४) अचो ञ्णिति ७।२।११५** (वृद्धि)

ञकार र णकारको इत्संज्ञा हुने प्रत्यय पर भएमा अच् अन्तमा हुने धातु वा प्रातिपदिकसंज्ञक शब्दका अन्त्य अच्को वृद्धि (ऐ, औ) हुन्छ, जस्तै : गो+सु– गो+स् (णिद्वद्भाव)– गौ+स् =गौः, गो+औ– गौ+औ– ग् आव्+औ =गावौ, गो+जस्– गो+अस्– गौ+अस्– ग् आव्+अस्– गावस् =गावः ।

**(१६५) औतोऽम्शसोः ६।१।९३** (ओ+अ=आ आदेश)

ओकारदेखि अम् र शस् प्रत्ययसम्बन्धी अकार पर भएमा प्रातिपदिकान्त ओकार र प्रत्ययको आदि अकार दुवैका स्थानमा आकार एकादेश हुन्छ, जस्तै : गो+अम्– गा+म् =गाम्, गो+शस्– गो+अस्– गा+अस्– गास् =गाः ।

**(१६६) रायो हलि ७।२।८५** (ऐ=आ आदेश)

हल्वर्ण आदिमा हुने सुप् प्रत्यय पर भएमा रै शब्दका ऐकारका स्थानमा आकार आदेश हुन्छ, जस्तै : रै+सु– रास् =राः, रै+औ =रायौ, रै+जस्– रै+अस्– रायस् =रायः, रै+भ्याम् =राभ्याम्, रै+सुप्– रै+सु =रासु ।

औकारान्त पुँल्लिङ्गी शब्दअन्तर्गत 'ग्लौ' शब्दको मात्र अध्ययन गरिएको भए पनि त्यसको रूपसिद्धिका लागि कुनै विशेष सूत्रको प्रवृत्ति भएको पाइँदैन ।

◆

## ५.२ अजन्तस्त्रीलिङ्ग प्रकरण

सिद्धान्तकौमुदीको अजन्तस्त्रीलिङ्ग प्रकरणमा रमा, सर्वा, उत्तरपूर्वा, द्वितीया, अम्बा, अक्का, अल्ला, निशा, गोपा, मति, त्रि, चतुर्, द्वि, गौरी, सखी, तरी, तन्त्री, स्त्री, अतिस्त्री, श्री, प्रधी, क्रोष्टु, वधू, भ्रू, पुनर्भू, स्वसृ, मातृ, द्यौ, रै र नौ शब्दहरूको अध्ययन भएको छ । तीमध्ये यस अध्ययनमा रमा, सर्वा, मति, नदी, त्रि, चतुर् र स्त्री शब्दहरूको रूपसिद्धिका लागि प्रवृत्त हुने निम्नलिखित १० वटा विशेष सूत्रहरूको मात्र चर्चा गरिएको छ ।

### ५.२.१ आकारान्त स्त्रीलिङ्गी रमा शब्द र सर्वा शब्दको रूपसिद्धिप्रक्रिया

| रमा (लक्ष्मी) शब्दका रूपहरू | | | सर्वा (सबै) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| रमा | रमे | रमाः | सर्वा | सर्वे | सर्वाः |
| रमाम् | रमे | रमाः | सर्वाम् | सर्वे | सर्वाः |
| रमया | रमाभ्याम् | रमाभिः | सर्वया | सर्वाभ्याम् | सर्वाभिः |
| रमायै | रमाभ्याम् | रमाभ्यः | सर्वस्यै | सर्वाभ्याम् | सर्वाभ्यः |
| रमायाः | रमाभ्याम् | रमाभ्यः | सर्वस्याः | सर्वाभ्याम् | सर्वाभ्यः |
| रमायाः | रमयोः | रमाणाम् | सर्वस्याः | सर्वयोः | सर्वासाम् |
| रमायाम् | रमयोः | रमासु | सर्वस्याम् | सर्वयोः | सर्वासु |
| हे रमे | हे रमे | हे रमाः | हे सर्वे | हे सर्वे | हे सर्वाः |

रमा शब्दजस्तै तरिकाले सीता, लता, कथा, सुधा, व्यथा, प्रभा, बसुधा, सुधा, कन्या, अमृता, विद्या, पूजा, दुर्गा, पाठशाला, अम्बिका, कृपा, दया, माया, बार्ता, माला, पताका, शाखा, इच्छा, तालिका, कविता, योजना, परीक्षा, छात्रा, प्रथमा, गायिका, नायिका, शिक्षिका, प्रवेशिका, प्रकाशिका आदि आकारान्त स्त्रीलिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ भने सर्वा शब्दजस्तै तरिकाले एका, द्वितीया, तृतीया, विश्वा आदि सर्वनामसंज्ञक आकारान्त स्त्रीलिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ ।

**(१६७) औङ आपः ७।१।१८** (औ=शी आदेश)

आप् (टाप्, डाप्, चाप्) प्रत्यय अन्तमा हुने स्त्रीलिङ्गी शब्ददेखि पर रहेका औ र औट् प्रत्ययका स्थानमा शी (ई) आदेश हुन्छ, जस्तै : रमा+औ– रमा+शी– रमा+ई =रमे, सर्वा+औट्– सर्वा+औ– सर्वा+शी– सर्वा+ई =सर्वे ।

**(१६८) आङि चापः ७।३।१०५** (आ=ए आदेश)

टा र ओस् प्रत्यय पर भएमा आकार अन्तमा हुने स्त्रीलिङ्गी शब्दका आकारका स्थानमा एत्व (एकार आदेश) हुन्छ, जस्तै : रमा+टा– रमा+आ– रमे+आ– रम् अय्+आ =रमया, सर्वा+टा– सर्वा+आ– सर्वे+आ– सर्व् अय्+आ =सर्वया, रमा+ओस्– रमे+ओस्– रम् अय्+ओस्– रमयोस् =रमयोः, सर्वा+ओस्– सर्वे+ओस्– सर्व् अय्+ओस्– सर्वयोस् =सर्वयोः ।

**१६९) याडापः ७।३।११३** (याट् आगम)

आकारान्त शब्ददेखि पर रहेका ङे, ङसि, ङस् र ङि प्रत्ययको याट् आगम हुन्छ,

जस्तै : रमा+ङे– रमा+ए– रमा याट्+ए– रमाया+ए =रमायै, रमा+ङसि– रमा+अस्– रमा याट्+अस्– रमाया+अस्– रमायास् =रमायाः, रमा+ङि– रमा+इ– रमा याट्+इ– रमाया+आम् =रमायाम् ।

**(१७०) सम्बुद्धौ च ७।३।१०६** (आ=ए आदेश)

सम्बोधनको एकवचनमा पनि स्त्रीलिङ्गी शब्दको अन्तमा रहेका आकारका स्थानमा एत्व (एकार आदेश) हुन्छ, जस्तै : हे रमा+सु– हे रमा+स्– हे रमे+स् =हे रमे !, हे सर्वा+सु– हे सर्वा+स्– हे सर्वे+स् =हे सर्वे ।

**(१७१) सर्वनाम्नः स्याड्ढ्रस्वश्च ७।३।११४** (स्याट् आगम, आ=अ)

आबन्त सर्वनामसंज्ञक स्त्रीलिङ्गी शब्ददेखि पर रहेका ङे, ङसि, ङस् र ङि प्रत्ययको स्याट् (स्या) आगम र आबन्त शब्दका आकारको ह्रस्व (अ) पनि हुन्छ, जस्तै : सर्वा+ङे– सर्वा+ए– सर्वा+स्याट् ए– सर्व+स्या+ए– सर्वस्या+ए =सर्वस्यै, सर्वा+ङसि/ङस्– सर्वा+अस्– सर्वा+स्याट् अस्– सर्व+स्या+अस्– सर्वस्यास् =सर्वस्याः, सर्वा+ङि– सर्वा+इ– सर्वा+स्याट् इ– सर्वस्या+आम् =सर्वस्याम् । यी चार ठाउँमा बाहेक अन्यत्र सर्वा शब्दका रूपहरू रमा शब्दजस्तै तरिकाले निर्माण हुन्छन् ।

## ५.२.२ इकारान्त स्त्रीलिङ्गी मति शब्द र ईकारान्त स्त्रीलिङ्गी नदी शब्दको रूपसिद्धिप्रक्रिया

| मति (बुद्धि) शब्दका रूपहरू | | | नदी शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| मतिः | मती | मतयः | नदी | नद्यौ | नद्यः |
| मतिम् | मती | मतीः | नदीम् | नद्यौ | नदीः |
| मत्या | मतिभ्याम् | मतिभिः | नद्या | नदीभ्याम् | नदीभिः |
| मत्यै/मतये | मतिभ्याम् | मतिभ्यः | नद्यै | नदीभ्याम् | नदीभ्यः |
| मत्याः/मतेः | मतिभ्याम् | मतिभ्यः | नद्याः | नदीभ्याम् | नदीभ्यः |
| मत्याः/मतेः | मत्योः | मतीनाम् | नद्याः | नद्योः | नदीनाम् |
| मत्याम्/मतौ | मत्योः | मतिषु | नद्याम् | नद्योः | नदीषु |
| हे मते | हे मती | हे मतयः | हे नदि | हे नद्यौ | हे नद्यः |

मति शब्दजस्तै तरिकाले क्तिन् प्रत्ययान्त नीति, कृति, स्थिति, मिति, गीति, स्मृति, वृत्ति, पुष्टि, तृप्ति, ज्ञाति, तुष्टि, प्राप्ति, आहुति, विभूति, बुद्धि, वृद्धि, सृष्टि, दृष्टि, भक्ति, दृष्टि, क्रान्ति, शान्ति, भ्रान्ति, कान्ति, यति, गति आदि इकारान्त स्त्रीलिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ । त्यसैगरी नदी शब्दजस्तै तरिकाले ङचन्त गौरी, सरस्वती, महाकाली, कुमारी, देवी, नारी, सखी, पुत्री, महिषी, कौमुदी, नगरी, ईश्वरी, पार्वती, दासी, देवकी, कुन्ती, सती, युवती, जानकी, जननी, लेखनी, भवानी, श्रीमती, बुद्धिमती, गुणवती, धनवती, विद्यावती, गरीयसी, मालिनी, गच्छन्ती, पठन्ती आदि ईकारान्त स्त्रीलिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ ।

**(१७२) इदुद्भ्याम् ७।३।११७** (ङि=आम् आदेश)

नदीसंज्ञक इकार र उकारदेखि पर रहेका ङि प्रत्ययका स्थानमा आम् आदेश हुन्छ,

जस्तै : मति+ङि– मति+इ– मति+आम्– मति+आट् आम्– मति+आ+आम्– मति+आम् =मत्याम्/मतौ । नदीसंज्ञा विकल्पले हुने (सूत्र ३९) भएकाले ङे, ङसि, ङस् र ङि प्रत्ययमा मति शब्दका वैकल्पिक रूपहरू निर्माण भएका हुन् । द्वितीयाको बहुवचनमा तथा नदीसंज्ञाका पक्षमा वैकल्पिक 'मत्यै, मत्याः, मत्याः र मत्याम्' चार रूपबाहेक अन्यत्र मति शब्दका रूपहरू हरि शब्दजस्तै तरिकाले निर्माण हुन्छन् । त्यसैगरी द्वितीयाको बहुवचनमा बाहेक अन्यत्र नदी शब्दका रूपहरूको निर्माण पनि पुंल्लिङ्गी बहुश्रेयसी शब्दजस्तै तरिकाले हुन्छ ।

### ५.२.३ स्त्रीलिङ्गी त्रि (तीन), चतुर् (चार) र स्त्री शब्दको रूपसिद्धिप्रक्रिया

| त्रि शब्द | चतुर् शब्द | स्त्री शब्दका रूपहरू | | |
|---|---|---|---|---|
| तिस्रः | चतस्रः | स्त्री | स्त्रियौ | स्त्रियः |
| तिस्रः | चतस्रः | स्त्रियम्/स्त्रीम् | स्त्रियौ | स्त्रियः/स्त्रीः |
| तिसृभिः | चतसृभिः | स्त्रिया | स्त्रीभ्याम् | स्त्रीभिः |
| तिसृभ्यः | चतसृभ्यः | स्त्रियै | स्त्रीभ्याम् | स्त्रीभ्यः |
| तिसृभ्यः | चतसृभ्यः | स्त्रियाः | स्त्रीभ्याम् | स्त्रीभ्यः |
| तिसृणाम् | चतसृणाम् | स्त्रियाः | स्त्रियोः | स्त्रीणाम् |
| तिसृषु | चतसृषु | स्त्रियाम् | स्त्रियोः | स्त्रीषु |
| हे तिस्रः | हे चतस्रः | हे स्त्रि | हे स्त्रियौ | हे स्त्रियः |

**(१७३) त्रिचतुरो स्त्रियां तिसृचतसृ ७।२।९९** (त्रि=तिसृ, चतुर्=चतसृ आदेश)

सुप् प्रत्यय पर भएमा स्त्रीलिङ्गमा त्रि र चतुर् शब्दका स्थानमा क्रमशः तिसृ र चतसृ आदेश हुन्छन्, जस्तै : त्रि+जस्– त्रि+अस्– तिसृ+अस्– तिस्र्+अस्– तिस्रस् =तिस्रः, चतुर्+शस्– चतुर्+अस्– चतसृ+अस्– चतस्र्+अस्– चतस्रस् =चतस्रः, त्रि+आम्– तिसृ+आम्– तिसृ+नुट् आम्– तिसृ+नाम् =तिसृणाम्, चतुर्+आम्– चतसृ+आम्– चतसृ+नुट् आम्– चतसृ+नाम् =चतसृणाम् ।

**(१७४) अचि र ऋतः ७।२।१००** (ऋ=र् आदेश)

अजादि प्रत्यय पर भएमा तिसृ र चतसृ शब्दका ऋकारका स्थानमा रेफ (र्) आदेश हुन्छ, जस्तै : त्रि+जस्/शस्– तिसृ+अस्– तिस्र्+अस्– तिस्रस् =तिस्रः, त्रि+जस्/शस्– चतसृ+अस्– चतस्र्+अस्– चतस्रस् =चतस्रः ।

**(१७५) स्त्रियाः ६।४।७९** (ई=इयङ् आदेश)

अजादि प्रत्यय पर भएमा स्त्री शब्दका ईकारका स्थानमा इयङ् (इय्) आदेश हुन्छ, जस्तै : स्त्री+औ– स्त्र् इयङ्+औ– स्त्रिय्+औ =स्त्रियौ, स्त्री+जस्– स्त्री+अस्– स्त्र् इयङ्+अस्– स्त्रियस् =स्त्रियः ।

**(१७६) वाम्शसोः ६।४।८०** (ई=इयङ् आदेश)

अम् र शस् प्रत्यय पर भएमा स्त्री शब्दका ईकारका स्थानमा विकल्पले इयङ् (इय्) आदेश हुन्छ, जस्तै : स्त्री+अम्– स्त्र् इयङ्+अम् =स्त्रियम्/स्त्रीम्, स्त्री+शस्– स्त्री+अस्– स्त्र् इयङ्+अस्– स्त्रियस् =स्त्रियः/स्त्रीः ।

स्त्रीलिङ्गमा शस् प्रत्ययमा नत्व नहुने भएकाले मातृ शब्दको शस् प्रत्ययमा 'मातृः' रूप बन्दछ भने अन्यत्र पितृ शब्दजस्तै तरिकाले मातृ शब्दका रूपहरूको निर्माण हुन्छ ।

◆

## ५.३ अजन्तनपुंसकलिङ्ग प्रकरण

सिद्धान्तकौमुदीको अजन्तनपुंसकलिङ्ग प्रकरणमा ज्ञान, कतर, अजर, श्रीपा, वारि, दधि, सुधि, मधु, सुलु, धातृ, प्रधो, प्ररै र सुनौ शब्दहरूको अध्ययन भएको छ । तीमध्ये यस अध्ययनमा ज्ञान, वारि, दधि र मधु शब्दको रूपसिद्धिका लागि प्रवृत्त हुने विशेष सूत्रहरूको मात्र चर्चा गरिएको छ ।

### ५.३१ अकरान्त नपुंसकलिङ्गी ज्ञान शब्द र इकरान्त नपुंसकलिङ्गी वारि शब्दको रूपसिद्धिप्रक्रिया

| ज्ञान शब्दका रूपहरू | | | वारि (पानी) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| ज्ञानम् | ज्ञाने | ज्ञानानि | वारि | वारिणी | वारीणि |
| ज्ञानम् | ज्ञाने | ज्ञानानि | वारि | वारिणी | वारीणि |
| ज्ञानेन | ज्ञानाभ्याम् | ज्ञानैः | वारिणा | वारिभ्याम् | वारिभिः |
| ज्ञानाय | ज्ञानाभ्याम् | ज्ञानेभ्यः | वारिणे | वारिभ्याम् | वारिभ्यः |
| ज्ञानात्/द् | ज्ञानाभ्याम् | ज्ञानेभ्यः | वारिणः | वारिभ्याम् | वारिभ्यः |
| ज्ञानस्य | ज्ञानयोः | ज्ञानानाम् | वारिणः | वारिणोः | वारीणाम् |
| ज्ञाने | ज्ञानयोः | ज्ञानेषु | वारिणि | वारिणोः | वारिषु |
| हे ज्ञान | हे ज्ञाने | हे ज्ञानानि | हे वारे/वारि | हे वारिणी | हे वारीणि |

ज्ञान शब्दजस्तै तरिकाले फल, धन, बन, गृह, बल, मौन, पत्र, पुष्प, वचन, कुसुम, उद्यान, पुस्तक, मन्दिर, छत्र, मानचित्र, निवेदनपत्र, रत्न, विष, सुवर्ण, मांस, नख, जलज, नेत्र, नयन, दुःख, सुख, पाप, आकाश, भोजन आदि अकारान्त नपुंसकलिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ ।

**(१७७) अतोऽम् ७।१।२४** (सु/अम्=अम् आदेश)

अकार अन्तमा हुने नपुंसकलिङ्गी शब्ददेखि पर रहेका सु र अम् प्रत्ययका स्थानमा अम् आदेश हुन्छ । नपुंसकलिङ्गी शब्ददेखि अम् प्रत्ययको लुक् (लोप) नहोस् भन्नका लागि अम्का स्थानमा पनि अम् आदेश गरिएको हो, जस्तै : ज्ञान+सु– ज्ञान+स्– ज्ञान+अम् =ज्ञानम्, ज्ञान+अम् =ज्ञानम् ।

**(१७८) नपुंसकाच्च ७।१।१९** (औ=शी आदेश)

नपुंसकलिङ्गी शब्ददेखि पर रहेका औ र औट् प्रत्ययका स्थानमा शी (ई) आदेश हुन्छ, जस्तै : ज्ञान+औ– ज्ञान+शी– ज्ञान+ई =ज्ञाने । 'यस्येति च' सूत्रले अकारको लोप पाए पनि शी प्रत्यय पर भएका कारण निषेध भएको हुँदा गुण भएर 'ज्ञाने' भएको हो ।

**(१७९) जश्शसो शिः ७।१।२०** (जस्/शस् =शि आदेश)

नपुंसकलिङ्गी शब्ददेखि पर रहेका जस् र शस् प्रत्ययका स्थानमा शि (इ) आदेश हुन्छ, जस्तै : ज्ञान+जस्– ज्ञान+अस्– ज्ञान+शि– ज्ञान+इ– ज्ञान+नुम् इ– ज्ञानन्+इ– ज्ञानान्+इ =ज्ञानानि, फल+शस्... =फलानि ।

**(१८०) नपुंसकस्य झलचः ७।१।७२** (नुम् आगम)

जस् र शस् प्रत्ययका स्थानमा आदेश गरिएको सर्वनामस्थानसंज्ञक (सूत्र ३१) शि (इ) पर भएमा झल् अन्तमा हुने वा अच् अन्तमा हुने नपुंसकलिङ्गी शब्दको नुम् (न्) आगम हुन्छ, जस्तै : ज्ञान+जस्– ज्ञान+अस्– ज्ञान+शि– ज्ञान+इ– ज्ञान+नुम् इ– ज्ञानन्+इ– ज्ञानान्+इ =ज्ञानानि, फल+शस्... =फलानि, पत्र+जस्... =पत्राणि, पुष्प+शस्... =पुष्पाणि आदि ।

**(१८१) स्वमोर्नपुंसकात् ७।१।२३** (सु/अम् लुक्)

नपुंसकलिङ्गी शब्ददेखि पर रहेका सु र अम् प्रत्ययको लुक् (लोप) हुन्छ, जस्तै : वारि+सु– वारि+स् =वारि, मधु+अम् =मधु आदि ।

**(१८२) इकोऽचि विभक्तौ ७।१।७३** (नुम् आगम)

अजादि प्रत्यय पर भएमा इ, उ, ऋ अन्तमा हुने नपुंसकलिङ्गी शब्दको नुम् (न्) आगम हुन्छ, जस्तै : वारि+औ– वारि+शी– वारि+ई– वारि+नुम् ई– वारिनी =वारिणी, वारि+जस्– वारि+अस्– वारि+शि– वारि+इ– वारि+नुम् इ– वारिन्+इ– वारीन्+इ =वारीणि, मधु+औ... =मधुनी, मधु+जस्... =मधूनि आदि ।

## ५.३.२ इकारान्त नपुंसकलिङ्गी दधि शब्द र उकारान्त नपुंसकलिङ्गी मधु शब्दको रूपसिद्धिप्रक्रिया

| दधि (दही) शब्दका रूपहरू | | | मधु (मह) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| दधि | दधिनी | दधीनि | मधु | मधुनी | मधूनि |
| दधि | दधिनी | दधीनि | मधु | मधुनी | मधूनि |
| दध्ना | दधिभ्याम् | दधिभिः | मधुना | मधुभ्याम् | मधुभिः |
| दध्ने | दधिभ्याम् | दधिभ्यः | मधुने | मधुभ्याम् | मधुभ्यः |
| दध्नः | दधिभ्याम् | दधिभ्यः | मधुनः | मधुभ्याम् | मधुभ्यः |
| दध्नः | दध्नोः | दध्नाम् | मधुनः | मधुनोः | मधूनाम् |
| दध्नि/दधनि | दध्नोः | दधिषु | मधुनि | मधुनोः | मधुषु |
| हे दधे/दधि | हे दधिनी | हे दधीनि | हे मधो/मधु | हे मधुनी | मधूनि |

**(१८३) अस्थिदधिसक्थ्यक्ष्णामनङुदात्तः ७।१।७५** (इ=अनङ् आदेश)

टा आदि प्रत्ययसम्बन्धी अच् पर भएमा अस्थि, दधि, सक्थि र अक्षि शब्दका इकारका स्थानमा अनङ् (अन्) आदेश हुन्छ, जस्तै : दधि+टा– दधि+आ– दध् अनङ्+आ– दधना =दध्ना, अक्षि+टा... =अक्ष्णा आदि ।

**(१८४) अल्लोपोऽनः ६।४।१३४** (अलोप)

सर्वनामस्थानभिन्न यकार र आदिमा स्वरवर्ण हुने सुप् प्रत्यय पर भएमा अन्‌का अकारको लोप हुन्छ, जस्तै : दधि+ङे – दधि+ए– दध् अनङ्+ए– दधन्+ए– दध्न्+ए =दध्ने ।

ङि प्रत्यय पर भएमा भने अन्‌का अकारको लोप विकल्पले हुने भएकाले 'दध्नि/दधनि' दुई रूपको निर्माण भएको पाइन्छ ।

◆

## ५.४ हलन्तपुंल्लिङ्ग प्रकरण

हल्वर्ण वा व्यञ्जनवर्ण अन्तमा हुने शब्दलाई हलन्त भनिन्छ । सिद्धान्तकौमुदीको हलन्तपुंल्लिङ्ग प्रकरणमा मुख्यत: लिह्, दुह्, विश्ववाह्, अनडुह्, तुरासाह्, दिव्, चतुर्, प्रशान्, किम्, इदम्, राजन्, प्रतिदिवन्, ब्रह्मन्, वृत्रहन्, अर्यमन्, पूषन्, मघवन्, श्वन्, युवन्, अर्वन्, पथिन्, पञ्चन्, अष्टन्, बुध्, युज्, सुयुज्, राज्, विश्वसृज्, ऊर्ज्, तद्, त्यद्, एतद्, अस्मद्, युष्मद्, सुपाद्, अग्निमथ्, प्राञ्च्, तिर्यञ्च्, महत्, श्रीमत्, ददत्, जक्षत्, तादृश्, घृतस्पृश्, दधृष्, पिपठिष्, गोरक्ष्, विद्वस्, पुंस् र अदस् शब्दहरूको अध्ययन गरिएको छ । यसरी सिद्धान्तकौमुदीले प्रत्याहारसूत्र वा वर्णसमाम्नायमा व्यवस्थित गरिएका हल् वर्णहरूकै क्रममा हलन्तपुंल्लिङ्गी शब्दहरूको निर्माणप्रक्रियाको अध्ययन एवं विश्लेषण गरेको छ । तीमध्ये यस अध्ययनमा विद्यार्थीन्, तादृश्, महत्, श्रीमत्, बुद्धिमत् र गतवत् शब्दको निर्माणप्रक्रियासँग सम्बद्ध केही विशेष सूत्रहरूको मात्र चर्चा गरिएको छ ।

### ५.४.१ नकारान्त पुंल्लिङ्गी विद्यार्थिन् शब्द र तकारान्त पुंल्लिङ्गी महत् शब्दको रूपसिद्धिप्रक्रिया

| विद्यार्थिन् (विद्यार्थी) शब्दका रूपहरू | | | महत् (महान्) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| विद्यार्थी | विद्यार्थिनौ | विद्यार्थिन: | महान् | महान्तौ | महान्त: |
| विद्यार्थिनम् | विद्यार्थिनौ | विद्यार्थिन: | महान्तम् | महान्तौ | महत: |
| विद्यार्थिना | विद्यार्थिभ्याम् | विद्यार्थिभि: | महता | महद्भ्याम् | महद्भि: |
| विद्यार्थिने | विद्यार्थिभ्याम् | विद्यार्थिभ्य: | महते | महद्भ्याम् | महद्भ्य: |
| विद्यार्थिन: | विद्यार्थिभ्याम् | विद्यार्थिभ्य: | महत: | महद्भ्याम् | महद्भ्य: |
| विद्यार्थिन: | विद्यार्थिनो: | विद्यार्थिनाम् | महत: | महतो: | महताम् |
| विद्यार्थिनि | विद्यार्थिनो: | विद्यार्थिषु | महति | महतो: | महत्सु |
| हे विद्यार्थि | हे विद्यार्थिनौ | हे विद्यार्थिन: | हे महन् | हे महान्तौ | हे महान्त: |

विद्यार्थिन् शब्दजस्तै तरिकाले धनिन्, सुखिन्, गुणिन्, दण्डिन्, स्वामिन्, मन्त्रिन्, वनवासिन्, कुशलिन्, उपयोगिन्, प्रतियोगिन्, परीक्षार्थिन् आदि नकारान्त पुंल्लिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ ।

**(१८५) सौ च ६।४।१३** (दीर्घ)

सम्बोधनबाहेकको सु प्रत्यय पर भएमा इन् अन्तमा हुने विद्यार्थिन् आदि शब्द; हन् अन्तमा हुने वृत्रहन् आदि शब्द तथा पूषन् र अर्यमन् शब्दका अन्तिम इकार र अकारको दीर्घ (ई, आ) हुन्छ, जस्तै : विद्यार्थिन्+सु– विद्यार्थिन्+स्– विद्यार्थीन्+स्– विद्यार्थीन् =विद्यार्थी, वृत्रहन्+सु– वृत्रहन्+स्– वृत्रहान्+स्– वृत्रहान् =वृत्रहा, पूषन्+सु... =पूषा, अर्यमन्+सु... =अर्यमा ।

**(१८६) व्रश्चभ्रस्जसृजमृजयजराजभ्राजच्छशां ष: ८।२।३६** (षत्व)

झल् पर भएमा र पदान्तमा पनि व्रश्च्, भ्रस्ज्, सृज्, मृज्, यज्, राज् र भ्राज्

धातुका चकार र जकारका स्थानमा तथा छकार र शकार अन्तमा हुने धातुका छकार र शकारका स्थानमा षकार (षत्व) हुन्छ, जस्तै : तादृश्+सु– तादृश्+स्– तादृश्– तादृड् =तादृट्/तादृड्, राज्+सु– राज्+स्– राष्– राड् =राट्/राड्, प्रच्छ्+तव्य– प्रष्+तव्य– प्रष्+टव्य– प्रष्टव्य+सु– प्रष्टव्य+स् =प्रष्टव्यः, दृश्+तृच्– दृश्+तृ– दृष्+तृ– दृ+अम् ष्+तृ– द्रष्+तृ– द्रष्टृ+सु... =द्रष्टा, दृश्+तव्य... =द्रष्टव्यः, सृज्+तृच्... =स्रष्टा आदि ।

**(१८७) सान्तमहतः संयोगस्य ६।४।१०** (दीर्घ)

सर्वनामस्थानसंज्ञक सु, औ, जस्, अम् र औट् प्रत्यय पर भएमा तथा शस् (नपुंसकलिङ्गमा मात्र) प्रत्यय पर भएमा सकार अन्तमा हुने संयोगसंज्ञक शब्द र महत् शब्दका नकारका उपधाको दीर्घ (आ) हुन्छ, जस्तै : महत्+सु– महत्+स् – मह नुम् त्+स्– महन्त्+स्– महान्त्+स्– महान्त् =महान्, पयस्+जस्– पयस्+अस्– पयस्+शि– पय नुम् स्+इ– पयन्स्+इ – पयान्स्+इ –पयांस्+इ =पयांसि आदि ।

## ५.४.२ तकारान्त पुंल्लिङ्गी श्रीमत् शब्द र बुद्धिमत् शब्दको रूपसिद्धिप्रक्रिया

| श्रीमत् (श्रीमान्) शब्दका रूपहरू | | | बुद्धिमत् (बुद्धिमान्) शब्दका रूपहरू | | |
|---|---|---|---|---|---|
| श्रीमान् | श्रीमन्तौ | श्रीमन्तः | बुद्धिमान् | बुद्धिमन्तौ | बुद्धिमन्तः |
| श्रीमन्तम् | श्रीमन्तौ | श्रीमतः | बुद्धिमन्तम् | बुद्धिमन्तौ | बुद्धिमतः |
| श्रीमता | श्रीमद्भ्याम् | श्रीमद्भिः | बुद्धिमता | बुद्धिमद्भ्याम् | बुद्धिमद्भिः |
| श्रीमते | श्रीमद्भ्याम् | श्रीमद्भ्यः | बुद्धिमते | बुद्धिमद्भ्याम् | बुद्धिमद्भ्यः |
| श्रीमतः | श्रीमद्भ्याम् | श्रीमद्भ्यः | बुद्धिमतः | बुद्धिमद्भ्याम् | बुद्धिमद्भ्यः |
| श्रीमतः | श्रीमतोः | श्रीमताम् | बुद्धिमतः | बुद्धिमतोः | बुद्धिमताम् |
| श्रीमति | श्रीमतोः | श्रीमत्सु | बुद्धिमति | बुद्धिमतोः | बुद्धिमत्सु |
| हे श्रीमन् | हे श्रीमन्तौ | हे श्रीमन्तः | हे बुद्धिमन् | हे बुद्धिमन्तौ | हे बुद्धिमन्तः |

श्रीमत् र बुद्धिमत् शब्दजस्तै तरिकाले मतिमत्, शक्तिमत्, कान्तिमत्, धीमत्, गोमत्, आयुष्मत्, विद्यावत्, गुणवत्, दयावत्, भवत्, रूपवत्, धनवत्, ज्ञानवत्, यशस्वत्, प्रतिभावत्, चरित्रवत्, बलवत्, शान्तवत्, नतवत्, लब्धवत्, दृष्टवत् आदि तकारान्त पुंल्लिङ्गी शब्दका रूपहरू चलाउन सकिन्छ ।

**(१८८) उगिदचां सर्वनामस्थानेऽधातोः ७।१।७०** (नुम् आगम)

सर्वनामस्थानसंज्ञक सु, औ, जस्, अम् र औट् एवं नपुंसकलिङ्गमा मात्र शस् प्रत्यय पर भएमा धातुभिन्न उकार, ऋकार र लृकारको इत्संज्ञा भएका शब्दको तथा नकारको लोप हुने अञ्च् धातुको पनि नुम् (न्) आगम हुन्छ, जस्तै : श्रीमत्+स्– श्रीमत्+स्– श्रीम नुम् त्+स – श्रीमन्त्+स् श्रीमान्त्+स् – श्रीमान्+त् =श्रीमान्, श्रीमत्+औ... =श्रीमन्तौ, श्रीमत्+जस्... =श्रीमन्तः, श्रीमत्+अम्... =श्रीमन्तम्, यशस्+जस्– यशस्+अस्– यशस्+शि– यशस्+इ– यश नुम् स्+इ– यशन्स्+इ– यशान्स्+इ– यशांस्+इ =यशांसि, यशस्+शस्... =यशांसि आदि ।

**(१८९) अत्वसन्तस्य चाधातोः ६।४।१४** (दीर्घ)

सम्बोधनभिन्न सु प्रत्यय पर भएमा अतु अर्थात् मतुप्, वतुप्, डवतु, क्तवतु आदि प्रत्यय अन्तमा हुने शब्दका उपधाको तथा धातुभिन्न अस् अन्तमा हुने शब्दका उपधाको पनि दीर्घ हुन्छ, जस्तै : (बुद्धि+मतुप्)– बुद्धिमत्+सु– बुद्धिमत्+स्– बुद्धिम नुम् त्+स्– बुद्धिमान्त्+स् – बुद्धिमान्त् =बुद्धिमान्, (गम्+क्तवतु)– गतवत्+सु– गतवत्+स्– गतव नुम् त्+स्– गतवन्त्+स्– गतवान्त्+स्– गतवान्त् =गतवान् आदि ।

## ५.५ हलन्तस्त्रीलिङ्ग प्रकरण

सिद्धान्तकौमुदीको हलन्तस्त्रीलिङ्ग प्रकरणमा उपानह्, उष्णिह्, दिव्, गिर्, पुर्, चतुर्, किम्, इदम्, सृज्, त्यद्, वाच्, अप्, दिश्, दृश्, त्विष्, सजुष्, आशिष् र अदस् शब्दहरूको अध्ययनका सन्दर्भमा तीन विशेष सूत्रहरू पढिएका छन् । तीमध्ये यस अध्ययनमा इदम् शब्द र बहुवचनमा मात्र प्रयोग हुने अप् शब्दको सिद्धिका लागि प्रवृत्त हुने विशेष दुई सूत्रहरूको मात्र चर्चा गरिएको छ ।

**(१९०) यः सौ ७।२।११०** (द्=य् आदेश)

सु प्रत्यय पर भएमा इदम् शब्दका दकारका स्थानमा यकार हुन्छ, जस्तै : इदम्+सु– इदम्+स्– इयम्+स् =इयम् ।

**(१९१) अपो भि: ७।४।४८** (प्=त् आदेश)

भकार आदिमा हुने प्रत्यय पर भएमा अप् शब्दका पकारका स्थानमा तकार हुन्छ, जस्तै : अप्+भिस्– अत्+भिस्– अद्+भिस्– अद्भिस् =अद्भिः, अप्+भ्यस्– अत्+भ्यस्– अद्+भ्यस् =अद्भ्यः ।

## ५.६ हलन्तनपुंसकलिङ्ग प्रकरण

सिद्धान्तकौमुदीको हलन्तनपुंसकलिङ्ग प्रकरणमा स्वनडुह्, विमलदिव्, वार्, चतुर्, किम्, इदम्, ब्रह्मन्, अहन्, दीर्घाहन्, दण्डिन्, स्रग्विन्, वाग्मिन्, बहुवृत्रहन्, बहुपुषन्, बह्वर्यमन्, असृज्, ऊर्ज्, त्यद्, तद्, यद्, एतद्, बेभित्, गवाच्, तिर्यच्, यकृत्, शकृत्, ददत्, तुदत्, पचत्, दीव्यत्, स्वप्, धनुष्, पिपठिष्, पयस्, सुपुंस् र अदस् शब्दहरूको अध्ययनका क्रममा चार विशेष सूत्रहरू पढिएका छन् । तीमध्ये यस अध्ययनमा पचत् र दीव्यत् शब्दमा नुम् आगम गर्ने एउटा विशेष सूत्रको मात्र चर्चा गरिएको छ ।

**(१९२) शप्श्यनोर्नित्यम् ७।१।८१** (नुम् आगम)

औ प्रत्ययका स्थानमा आदिष्ट शी प्रत्यय र नदीसंज्ञक स्त्रीप्रत्यय (ई) पर भएमा शप् र श्यन् प्रत्ययका अकारदेखि पर रहेको शतृ प्रत्ययको अवयव अन्त्यमा हुने शब्दको नित्य नुम् (न्) आगम हुन्छ, जस्तै : पच्+शतृ– पच्+शप्+अत्– पचत्+औ– पचत्+शी– पचत्+ई– पच नुम् त्+ई =पचन्ती, दिव्+शतृ– दिव्+श्यन्+अत्– दीव्यत्+औ– दीव्यत्+शी– दीव्यत्+ई– दीव्य नुम् त्+ई =दीव्यन्ती ।

## ५.७ अव्यय प्रकरण

सिद्धान्तकौमुदीको अव्यय प्रकरणमा पढिएका ६ वटा सूत्रहरूले अव्ययको स्वरूप र अव्यय शब्ददेखि सबै सुप् प्रत्ययको लोप हुने विषयमा चर्चा गरेका छन् । स्वरादिगणमा पढिएका ८५ वटा शब्द र चादिगणमा पढिएका ७३ वटा शब्द( लाई अव्यय भनिन्छ । बहुप्रयुक्त प्रातः, पुनः, उच्चैः, नीचैः, शनैः, पृथक्, ह्यः, श्वः, दिवा, सायम्, बहिः, स्वयम्, विना, नाना, क्षमा, मिथ्या, पुरा, प्रायः, नमः जस्ता शब्दहरू स्वरादिगणमा पर्दछन् । त्यसैगरी अ, आ, इ, ई, उ, ऊ, ए, ऐ, ओ औ स्वरहरू र वा, यत्र, हे आदि शब्दहरू चादिगणअन्तर्गत पढिएका छन् । स्वरादि र चादि दुवै गणलाई आकृतिगण मानिएकाले यी गणभित्र नपढिएका अन्य शब्दलाई पनि अव्यय मान्न सकिने सम्भावना देखिन्छ ।

प्रथमाको एकवचनमा बाहेक अन्यत्र कुनैपनि विभक्ति र वचनमा जसदेखि सुप् प्रत्ययहरूको उत्पत्ति हुँदैन, त्यस्ता तद्धितान्त शब्दलाई पनि अव्यय भनिन्छ । यसअन्तर्गत तसिल् (कुतः), त्रल् (कुत्र), ह (इह), अत् (क्व), दा (सदा), र्हिल् (एतर्हि), अधुना, दानीम् (इदानीम्), थाल् (यथा), थमु (इत्थम्), अस्ताति (पुरस्तात्), अतसुच् (सर्वतः), आति (पश्चात्), एनप् (उत्तरेण), आ (दक्षिणा), आहि (दक्षिणाहि), असि (पुरः) धा (पञ्चधा), ध्यमुञ् (ऐकध्यम्), धमुञ् (द्वैधम्), शस् (अल्पशः), तसि (उभयतः), साति (आत्मसात्), डाच् (पटपटा) आदि प्रत्ययहरू पर्दछन् ।

मकार अन्तमा हुने णमुल्, कमुल्, खमुञ् र तुमुन् कृत् प्रत्ययहरू अन्तमा हुने शब्दहरू तथा वेदमा मात्र प्रयोग हुने एकार र ऐकार अन्तमा भएका से, सेन् आदि २० वटा कृत् प्रत्यय अन्तमा हुने शब्दहरू पनि अव्यय नै मानिन्छन् । त्यसैगरी क्त्वा, तोसुन् र कसुन् प्रत्यय अन्तमा हुने कृत्वा, उदेतोः, विसृपः जस्ता शब्द पनि अव्यय नै हुन् भने अव्ययीभाव समास भएका अधिहरि, उपकृष्णम् आदि शब्दलाई पनि अव्यय नै भनिन्छ । यी सबै प्रकारका अव्यय शब्ददेखि 'अव्ययादाप्सुपः' सूत्रले सुप् प्रत्ययहरूको लोप हुने भएकाले अव्यय शब्द तीनै लिङ्ग, सातै विभक्ति र तीनै वचनमा समान हुन्छन् । अव्यय शब्दको स्वरूपमा कुनै किसिमको परिवर्तन नहुने भएकाले यस्ता शब्दलाई अव्यय भनिएको हो ।

*सदृशं त्रिषु लिङ्गेषु सर्वासु च विभक्तिषु ।*
*वचनेषु च सर्वेषु यन्न व्येति तदव्ययम् ।।*

◆

# ६. स्त्रीप्रत्यय प्रकरण

सिद्धान्तकौमुदीको स्त्रीप्रत्यय प्रकरणमा ७९ सूत्र र ५५ वार्तिकहरू पढिएका छन् । यसका अतिरिक्त अजन्तस्त्रीलिङ्ग प्रकरणमा स्त्रीप्रत्ययको विधान र निषेधसम्वन्धी दुई सूत्र तथा तद्धित प्रकरणमा स्त्रीप्रत्ययसम्वन्धी चार सूत्र र दुई वार्तिकको अध्ययन भएको पाइन्छ । अष्टाध्यायीमा भने ४।१।४ देखि ४।१।८१ सम्मका सूत्रद्वारा स्त्रीप्रत्ययको चर्चा गरिएको छ । स्त्रीप्रत्यय भन्नाले मुख्यत: टाप्, चाप्, डाप् (आ), ङीप्, ङीष्, ङीन् (ई), ऊङ् (ऊ) र ति प्रत्यय बुझिन्छ । तीमध्ये यस अध्ययनमा टाप्, ङीप्, ङीष्, ङीन् र ति प्रत्ययको मात्र चर्चा गरिएको छ ।

(१९३) **अजाद्यतष्टाप् ४।१।४** (टाप् प्रत्यय)

स्त्रीत्वविवक्षामा अजादि शब्द र अकारान्त शब्ददेखि टाप् (आ) प्रत्यय हुन्छ । अजादिअन्तर्गत अज, एडक, अश्व, चटक, मूषक, बाल, वत्स, होढ, मन्द र विलात शब्द पर्दछन् । जस्तै : अज+टाप्– अज+आ– अजा+सु– अजा+स् =अजा, खट्व+टाप्... =खट्वा आदि ।

(१९४) **प्रत्ययस्थात्कात्पूर्वस्यात इदाप्यसुप: ७।३।४४** (इत्व)

टाप् प्रत्ययको आकार पर भएमा प्रत्ययसम्बन्धी 'अक'को अघिल्लो अकारका ानमा इकार (इत्व) हुन्छ, जस्तै : नायक+टाप्– नायक+आ– नायिक+आ– नायिका+सु नायिका, कारक+टाप् =कारिका, सर्वक+टाप् =सर्विका । यसैगरी सिद्ध भएका हुप्रचलित शब्दहरू यसप्रकार छन् : बालिका, लेखिका, परीक्षिका, गायिका, निवेदिका, ारिका, साधिका, प्रकाशिका, संयोजिका, अध्यापिका, धाविका, सञ्चालिका, विधायिका, वेका, प्रचारिका, वाचिका, गणिका, प्रवेशिका, शिक्षिका, प्रस्ताविका, दीपिका आदि ।

९५) **ऋन्नेभ्यो ङीप् ४।१।५** (ङीप् प्रत्यय)

स्त्रीत्वविवक्षामा ऋकार अन्तमा हुने र नकार अन्तमा हुने शब्ददेखि ङीप् ) प्रत्यय हुन्छ, जस्तै : कर्तृ+ङीप्– कर्तृ+ई– कर्त्री+सु =कर्त्री, नेतृ+ङीप् =नेत्री, जिन्+ङीप्– राजन्+ङीप्– राज्ञ्+ई =राज्ञी, दण्डिन्+ङीप् =दण्डिनी । यसरी नै सिद्ध हुन गएका अन्य शब्दहरू यसप्रकार छन् : विधात्री, हर्त्री, दात्री, मनोहारिणी, कामिनी, मानिनी, गुणिनी, मालिनी आदि ।

षकार र नकार अन्तमा हुने षष्, सप्तन् आदि सङ्ख्यावाची शब्ददेखि, स्वसृ, तिसृ, चतसृ, ननान्दृ, दुहितृ, यातृ र मातृ शब्ददेखि तथा पितृ, भ्रातृ, जामातृ आदि पुँल्लिङ्गी ऋकारान्त शब्ददेखि पनि स्त्रीत्वविवक्षामा ङीप् प्रत्यय हुँदैन ।

**(१९६) उगितश्च ४।१।६** (ङीप् प्रत्यय)

उ, ऋ र लृ वर्णको इत्संज्ञा भएका प्रातिपदिक शब्ददेखि स्त्रीत्वविवक्षामा ङीप् (ई) प्रत्यय हुन्छ, जस्तै : भवतु– भवत्+ङीप्– भवत्+ई– भवती+सु =भवती, भू+शतृ– भवत्+ङीप्– भवती+सु =भवती, पच्+शतृ– पचत्+ङीप्– पचत्+ई– पच नुम् त्+ई =पचन्ती, प्र+अञ्चु+क्विप्– प्राच्+ङीप्– प्राच्+ई– प्राची+सु =प्राची, प्रति+अञ्च्+क्विप् =प्रतीची । यसैगरी निर्माण भएका बहुप्रचलित शब्दहरू यसप्रकार छन् : श्रेयसी, गरीयसी, प्रेयसी, भूयसी, गच्छन्ती, वदन्ती, दीव्यन्ती, नृत्यन्ती, चिन्तयन्ती, भक्ष्यन्ती, कारयन्ती, इच्छन्ती, धनवती, गुणवती, ज्ञानवती, विद्यावती, बुद्धिमती, धीमती आदि ।

**(१९७) टिड्ढाणञ्द्वयसज्दघ्नञ्मात्रच्तयप्ठक्ठञ्कञ्क्वरपः ४।१।१५** (ङीप् प्रत्यय)

स्त्रीत्वविवक्षामा टकारको इत्संज्ञा हुने प्रत्यय, धातु वा प्रातिपदिक शब्ददेखि र ढ, अण्, अञ्, द्वयसच्, दघ्नञ्, मात्रच्, तयप्, ठक्, ठञ्, कञ् र क्वरप् प्रत्ययान्त शब्ददेखि ङीप् (ई) प्रत्यय हुन्छ, जस्तै : कुरुषु चरतीति– कुरु+चर्+ट– कुरुचर+ङीप्– कुरुचर+ई– कुरुचर्+ई– कुरुचरी+सु =कुरुचरी, स्तनं धयतीति– स्तन+धेट्+खश्– स्तनन्धय+ङीप् =स्तनन्धयी, नदट्– नद+ङीप् =नदी, सुपर्णी+ढक्– सौपर्णेय+ङीप् =सौपर्णेयी, कुम्भं करोतीति– कुम्भ+कृ+अण्– कुम्भकार+ङीप् =कुम्भकारी, उत्स+अञ्– औत्स+ङीप् =औत्सी, ऊरु+द्वयसच्– ऊरुद्वयस+ङीप् =ऊरुद्वयसी, ऊरु+दघ्नञ्– ऊरुदघ्न+ङीप् =ऊरुदघ्नी, ऊरु+मात्रच्– ऊरुमात्र+ङीप् =उरुमात्री, पञ्चन्+तयप्– पञ्चतय+ङीप् =पञ्चतयी, अक्ष+ठक्– आक्षिक+ङीप् =आक्षि( की, प्रस्थ+ठञ्– प्रास्थिक+ङीप् =प्रास्थिकी, यादृश्+कञ्– यादृश+ङीप् =यादृशी, इण्+क्वरप्– इत्वर+ङीप् =इत्वरी ।

यसैगरी यञ् प्रत्ययान्त शब्ददेखि पनि ङीप् प्रत्यय भएर गर्ग+यञ्– गार्ग्य+ङीप् =गार्गी आदि शब्दहरू सिद्ध हुन्छन् । कुमार, वधूट र चिरन्ट शब्ददेखि तथा द्विगुसमास भएका अकारान्त शब्ददेखि पनि ङीप् प्रत्यय हुन्छ, जस्तै : कुमार+ङीप् =कुमारी, त्रिलोक+ङीप् =त्रिलोकी । सङ्ख्या र अव्यय आदिमा हुने शब्ददेखि, केवल, मामक, भागधेय, पाप, अपर, समान, आर्यकृत, सुमङ्गल र भेषज शब्ददेखि तथा तकार उपधामा हुने वर्णवाची शब्ददेखि पनि ङीप् प्रत्यय हुन्छ, जस्तै : द्वयघ्न+ङीप् =द्वयघ्नी, केवल+ङीप् =केवली, रोहित+ङीप् =रोहिणी आदि ।

**(१९८) षिद्गौरादिभ्यश्च ४।१।४१** (ङीष् प्रत्यय)

षकारको इत्संज्ञा हुने ष्वुन्, ष्फ आदि प्रत्यय अन्तमा हुने शब्ददेखि र गौरादिगणमा पढिएका गौर, मनुष्य, हरिण, आमलक, बदर, कर्कर, पुष्कर, शिखण्ड, आनन्द आदि शब्ददेखि स्त्रीत्वविवक्षामा ङीष् (ई) प्रत्यय हुन्छ, जस्तै : नृत्+ष्वुन्–

नर्तक+ङीष्– नर्तक+ई– नर्तक+सु =नर्तकी, गौर+ङीष्– गौर+ई– गौरी+सु =गौरी । उकारान्त गुणवाची मृदु आदि शब्ददेखि र बहु, पद्धति आदि शब्ददेखि भने विकल्पले ङीष् प्रत्यय हुन्छ ।

**(१९९) पुंयोगादाख्यायाम् ४।१।४८** (ङीष् प्रत्यय)

पतिपत्नीभाव दर्शाउनका लागि स्त्रीत्वविवक्षामा पुंल्लिङ्गी शब्ददेखि ङीष् (ई) प्रत्यय हुन्छ, जस्तै : गोप+ङीष्– गोप+ई– गोपी+सु =गोपी, गणक+ङीष् =गणकी, देवक+ङीष् =देवकी, रेवत+ङीष् =रेवती ।

इन्द्र, वरुण, भव, शर्व, रुद्र, हिम, अरण्य, यव, यवन, मातुल र आचार्य शब्ददेखि ङीष् प्रत्ययका साथै आनुक् (आन) आगम पनि भएर इन्द्राणी, वरुणानी, भवानी, शर्वाणी, रुद्राणी, हिमानी, अरण्यानी, यवानी, यवनानी, मातुलानी र आचार्याणी स्त्रीलिङ्गी शब्दहरू बन्दछन् । स्वाङ्गवाची चन्द्रमुख, अतिकेश, सुस्तनजस्ता शब्ददेखि तथा जातिवाची तट, वृषल, औपगव, कठ आदि शब्ददेखि पनि ङीप् प्रत्यय भएको पाइन्छ । इकारान्त मनुष्यवाची दाक्षि आदि पुंल्लिङ्गी शब्ददेखि पनि ङीष् प्रत्यय भएर दाक्षी आदि स्त्रीलिङ्गी शब्दको निर्माण हुन्छ ।

**(२००) शार्ङ्गरवाद्यञो ङीन् ४।१।७३** (ङीन् प्रत्यय)

शार्ङरव, ब्राह्मण, गौतम, पुत्र, नृ, नर आदि शार्ङ्गरवादिगणपठित शब्ददेखि र अञ् अन्तमा हुने जातिवाची शब्ददेखि पनि स्त्रीत्वविवक्षामा ङीन् (ई) प्रत्यय हुन्छ । साथै नृ र नर शब्दको वृद्धिसमेत हुन्छ, जस्तै : शार्ङ्गरव+ङीन्– शार्ङ्गरव+ई– शार्ङ्गरव्+ई =शार्ङ्गरवी, ब्राह्मण+ङीन् =ब्राह्मणी, गौतम+ङीन् =गौतमी, पुत्र+ङीन् =पुत्री, नृ+ङीन्– नृ+ई– नार्+ई =नारी, नर+ङीन्– नार+ई– नार् ई =नारी, बिद+अञ्– बैद+ङीन्– बैद+ई– बैद्+ई– बैदी+सु =बैदी ।

**(२०१) यूनस्तिः ४।१।७७** (ति प्रत्यय)

युवन् शब्ददेखि स्त्रीत्वविवक्षामा ति प्रत्यय हुन्छ, जस्तै : युवन्+ति- युव+ति– युवति+सु =युवतिः ।

ऊङ् र ति स्त्रीप्रत्ययबाहेक अन्य स्त्रीप्रत्ययहरू ङयन्त र आबन्त हुने भएकाले त्यस्ता शब्ददेखि सुप्रत्ययको लोप हुने हुँदा तिनमा विसर्ग हुँदैन तर ऊङ् र ति प्रत्ययान्त शब्दमा भने प्रथमाको एकवचनमा विसर्ग हुन्छ ।

◆

# ७. कारक प्रकरण

सिद्धान्तकौमुदीको कारक प्रकरणमा ११५ सूत्र र ४० वटा वार्तिकहरू पढिएका छन् । कर्ता, कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण गरी कारक ६ प्रकारका हुन्छन् । ती कारकदेखि क्रमशः प्रथमा, द्वितीया, तृतीया, चतुर्थी, पञ्चमी र सप्तमी विभक्तिको विधान गरिन्छ । क्रियासँग साक्षात् सम्बन्ध नराख्ने भएकाले सम्बन्धलाई कारक मानिँदैन तापनि त्यसदेखि षष्ठी विभक्ति भने हुन्छ । यस अध्ययनमा कारक र विभक्तिसँग सम्बद्ध प्रमुख सूत्रहरूको मात्र चर्चा गरिएको छ ।

## ७.१ कर्ता कारक र प्रथमा विभक्ति

उक्त भएको कर्ता कारकमा र सम्बोधनमा समेत प्रथमा विभक्ति हुन्छ अर्थात् कर्तृवाच्यको कर्तामा प्रथमा विभक्ति (सु, औ, जस्) को प्रयोग गरिन्छ । कर्ता कारक र प्रथमा विभक्ति विधान गर्ने प्रमुख सूत्रहरू यसप्रकार छन् :

(२०२) **स्वतन्त्रः कर्ता १।४।५४** (कर्तृसंज्ञा)

क्रियाको सिद्धि वा सफलताका लागि जुन स्वतन्त्ररूपमा विवक्षित हुन्छ, त्यसलाई कर्तृसंज्ञा वा कर्ता कारक भनिन्छ । कर्ता स्वतन्त्ररूपमा क्रियाको उत्पादक हुन्छ भने अन्य कारकहरू कर्ताद्वारा प्रेरित भएर क्रियाको निष्पादन गर्दछन् । जस्तै : 'रमेशः पठति' मा पठन क्रियाको निष्पादनमा रमेश प्रधानरूपमा विवक्षित भएकाले रमेशलाई कर्तृसंज्ञा हुन्छ र त्यसदेखि 'प्रातिपदिकार्थलिङ्गपरिमाणवचनमात्रे प्रथमा' सूत्रले प्रथमा विभक्ति हुन्छ ।

(२०३) **प्रातिपदिकार्थलिङ्गपरिमाणवचनमात्रे प्रथमा २।३।४६** (प्रथमा विभक्ति)

केवल प्रातिपदिकार्थमा, लिङ्गमात्रको आधिक्यमा, परिमाणमात्रको आधिक्यमा र वचनमात्रमा पनि प्रथमा विभक्ति हुन्छ । प्रातिपदिकको अर्थलाई प्रातिपदिकार्थ भनिन्छ । जुन शब्दको उच्चारण गर्दा जुन अर्थको निश्चितरूपले उपस्थिति वा बोध हुन्छ त्यसलाई प्रातिपदिकार्थ भनिन्छ । 'गौः' शब्दको उच्चारण गर्नेबित्तिकै सिङ, पुच्छर, जुरो र खुरले युक्त भएको गाईको बोध हुने भएकाले 'गौः' लाई प्रातिपदिकार्थ भनिएको हो । कुनैपनि शब्दले केवल लिङ्ग र केवल परिमाणलाई बोध गराउँदैन अपितु प्रातिपदिकार्थ र लिङ्ग दुवैको तथा प्रातिपदिकार्थ र परिणाम दुवैको बोध गराउँछ । त्यसैले प्रातिपदिकार्थभन्दा अधिक लिङ्गमात्रमा र प्रातिपदिकार्थभन्दा अधिक परिमाणमात्रमा प्रथमा हुन्छ भन्नुपर्ने आवश्यकता देखिएको हो ।

संस्कृतमा अलिङ्ग (नीचैः, शनैः आदि अव्यय शब्द), नियतलिङ्ग (रामः, रमा, ज्ञानम् आदि) र अनियतलिङ्ग (तटः, तटी, तटम्) गरी लिङ्गका आधारमा शब्दलाई तीन वर्गमा विभाजन गरिएको छ । अलिङ्गी र नियतलिङ्गी शब्दहरूको प्रातिपदिकार्थमा लिङ्गको ग्रहण हुन्छ तर अनियतलिङ्गी शब्दहरूको प्रातिपदिकार्थमा लिङ्गको ग्रहण नहुने भएकाले यस्ता शब्दहरूदेखि लिङ्गाधिक्यको बोधका लागि सूत्रमा लिङ्ग शब्दको पृथक् विधान गरिएको हो ।

प्रातिपदिकार्थका अतिरिक्त सबै प्रकारका परिमाणको बोध गराउनका लागि सूत्रमा परिमाण शब्दको पृथक् विधान गरिएको हो । जसका कारण 'द्रोणो ब्रीहि:' जस्ता शब्दमा प्रथमा विभक्ति सिद्ध भएको हो । प्राचीन व्याकरणमा वचन भन्नाले एक, दुई आदि सङ्ख्यावाची शब्दको बोध हुने भएकाले पाणिनिले सोही अर्थमा यहाँ वचन शब्दको प्रयोग गरेका हुन् । जसका कारण एक:, द्वौ, बहव: आदि शब्दमा प्रथमा विभक्ति सम्भव भएको हो । 'मात्रे ग्रहणात् कारकाधिक्ये न प्रथमा' अर्थात् सूत्रमा मात्र शब्दको प्रयोग नगरिएको भए 'व्याकरणं पठति', 'लेखन्या लिखति' जस्ता वाक्यमा प्रातिपदिकार्थभन्दा भिन्न कर्म आदि अर्थ बुझाउने 'व्याकरणं', 'लेखन्या' शब्दमा पनि प्रथमा विभक्ति नै हुने र अन्य विभक्ति नहुने समस्या आइपर्ने थियो ।

**(२०४) सम्बोधने च २।३।४७** (प्रथमा विभक्ति)

सम् =राम्रोसँग, बोधन =बुझाउनुलाई सम्बोधन भनिन्छ । प्रातिपदिकार्थका अतिरिक्त सम्बोधन अधिक बुझिएका खण्डमा पनि प्रथमा विभक्ति हुन्छ । जस्तै : हे राम !, हे सीते !

## ७.२ कर्म कारक र द्वितीया विभक्ति

जे गरिन्छ त्यसलाई कर्म भनिन्छ । कर्म कारकमा द्वितीया विभक्ति (अम्, औट्, शस्) हुन्छ । कर्म कारक र द्वितीया विभक्ति गर्ने प्रमुख सूत्रहरू निम्नलिखित छन् :

**(२०५) कर्तुरीप्सिततमं कर्म १।४।४९** (कर्मसंज्ञा

क्रियाद्वारा कर्ताले जसलाई प्राप्त गर्न अत्यन्त चाहन्छ, त्यस्तो कारकलाई कर्मसंज्ञा वा कर्म कारक भनिन्छ, जस्तै : हरिं भजति । यहाँ भजन क्रियाद्वारा कर्ताले अत्यन्त चाहना गरेका कारण 'हरि' शब्दलाई कर्मसंज्ञा भएको हो । कर्म सामान्यतया निर्वर्त्य (घटं करोति), विकार्य (पय: दधि करोति) र प्राप्य (ग्रामं गच्छति) गरी तीन प्रकारका हुन्छन् ।

क्रियाद्वारा कर्ताले जसलाई प्राप्त गर्न चाहँदैन, त्यस्तो कारकलाई पनि कर्मसंज्ञा हुन्छ (अ.१।४।५०), जस्तै : ग्रामं गच्छंस्तृणं स्पृशति, ओदनं भुञ्जानो विषं भुङ्क्ते । यहाँ गाउँ जाँदा घाँसलाई छुनु र भोजन गर्दा विष पनि खानु दुवै अनिश्चित भए पनि तृण र विष शब्दलाई कर्मसंज्ञा भएकाले द्वितीया विभक्ति भएको हो ।

कर्मवाच्यमा कर्म उक्त हुन्छ र प्रातिपदिक मात्रका आधारमा त्यस्तो कर्ममा द्वितीया विभक्ति नभई प्रथमा विभक्ति हुन्छ । जस्तै : हरि: सेव्यते, लक्ष्म्या सेवित:, शतेन क्रीत: शत्य:, प्राप्तमुदकं यं स: प्राप्तोदक: । उपर्युक्त उदाहरणमा क्रमश: तिङ्, कृत्, तद्धित र समासद्वारा कर्म उक्त भएकाले हरि:, सेवित:, क्रीत: र प्राप्तोदक: शब्दमा प्रथमा विभक्ति भएको हो ।

**(२०६) अकथितञ्च १।४।५१** (कर्मसंज्ञा)

दुह्, याच्, शास्, पच्, दण्ड्, रुध्, प्रच्छ्, चि, ब्रू, जि, मथ्, मुष्, नी, हृ, कृ र वह् यी १६ वटा धातुको योगमा वा यिनका समानार्थी धातुको योगमा अपादान, करण, सम्प्रदान, अधिकरण आदि कारकद्वारा अविवक्षित कारकलाई कर्मसंज्ञा हुन्छ । यी धातुहरू र यिनका समानार्थी धातुको प्रयोग हुने वाक्यमा दुईवटा कर्महरूको प्रयोग गरिएको हुन्छ । दुई

कर्ममध्ये पहिलो विवक्षित सामान्य कर्मलाई 'कर्तुरीप्सिततमं कर्म' सूत्रले कर्मसंज्ञा हुन्छ भने दोस्रो अविवक्षित विशेष कर्मलाई यही सूत्रले कर्मसंज्ञा हुन्छ । कर्मसंज्ञक दुवै शब्ददेखि 'कर्मणि द्वितीया' सूत्रले द्वितीया विभक्ति हुन्छ । जस्तै : गां दोग्धि पयः, बलिं याचते वसुधाम्, बलिं भिक्षते वसुधाम्, तण्डुलानोदनं पचति, गर्गान् शतं दण्डयति, व्रजमवरुणद्धि गाम्, माणवकं पन्थानं पृच्छति, वृक्षमवचिनोति फलानि, माणवकं धर्मं ब्रूते शास्ति वा, माणवकं धर्मं भाषते अभिधत्ते वा, शतं जयति देवदत्तम्, सुधां क्षीरनिधिं मथ्नाति, देवदत्तं शतं मुष्णाति, ग्राममजां नयति, हरति, कर्षति वहति वा । यी उदाहरणहरूमा 'तण्डुलान्' मा करण कारकको अविवक्षा, अघिल्लो 'माणवकम्'मा सम्प्रदान कारकको अविवक्षा, पछिल्लो 'माणवकम्'मा अधिकरण कारकको अविवक्षा तथा 'गर्गान्' र अघिल्लो 'गाम्'मा अपादानको अविवक्षा भएकाले यी सबैमा यस सूत्रले कर्मसंज्ञा भएको हो । त्यस्तै पयः, वसुधाम्, ओदनम्, शतम्, पन्थानम्, फलानि, धर्मम् आदिलाई 'कर्तुरीप्सिततमं कर्म' सूत्रले कर्मसंज्ञा भएको हो ।

**(२०७) गतिबुद्धिप्रत्यवसानार्थशब्दकर्माकर्मकाणामणिकर्ता स णौ १।४।५२** (कर्मसंज्ञा)

गम्, या, इण् आदि गमनार्थक धातु; बुध्, ज्ञा, विद् आदि ज्ञानार्थक धातु; भक्ष्, अश्, अद्, भुज् आदि भक्षणार्थक धातु, जसको कर्म कुनै शब्द छ त्यस्तो शब्दकर्मक धातु र अकर्मक धातुहरूको अप्रेरणार्थक अवस्थामा रहेको कर्तालाई प्रेरणार्थक अवस्थामा कर्मसंज्ञा हुन्छ, जस्तै :

| अप्रेरणार्थक वाक्य | प्रेरणार्थक वाक्य |
|---|---|
| (क) शत्रवः स्वर्गम् अगच्छन्। | (क) शत्रून् अगमयत् स्वर्गम् । |
| (ख) स्वे वेदार्थम् अविदुः । | (ख) वेदार्थं स्वान् अवेदयत् । |
| (ग) देवा अमृतम् अश्नन् । | (ग) आशयच्च अमृतं देवान् । |
| (घ) विधिः वेदम् अधीतवान् । | (घ) वेदम् अध्यापयेद् विधिम् । |
| (ङ) सलिले पृथ्वी आस्ते । | (ङ) आसयत् सलिले पृथ्वीम् । |

उपर्युक्त उदाहरणमा अण्यन्त वा अप्रेरणार्थक अवस्थामा रहेका 'शत्रवः, स्वे, देवाः, विधिः र पृथ्वी' शब्द ण्यन्त वा प्रेरणार्थक अवस्थामा कर्मसंज्ञा भएर क्रमशः 'शत्रून्, स्वान्, देवान्, विधिम् र पृथ्वीम्' मा परिणत भएका हुन् ।

यसैगरी 'अधि' उपसर्ग लागेका खण्डमा शीङ्, स्था र आस् धातुको आधारलाई कर्मसंज्ञा भएर 'हरिः वैकुण्ठं अधिशेते अधितिष्ठति अध्यास्ते वा' जस्ता प्रयोगहरू बन्दछन् । त्यस्तै उप, अनु, अधि र आ उपसर्ग लागेका खण्डमा 'वस्' धातुको आधारलाई पनि कर्मसंज्ञा भएर 'उपवसति वैकुण्ठं हरिः' आदि प्रयोगको निर्माण हुन्छ ।

**(२०८) कर्मणि द्वितीया २।३।२** (द्वितीया विभक्ति)

अनुक्त कर्ममा द्वितीया विभक्ति (अम्, औट्, शस्) हुन्छ, जस्तै : हरिं भजति । यहाँ भजन क्रियाद्वारा प्राप्त गर्न अत्यन्त इष्टतम 'हरि'लाई कर्मसंज्ञा भएकाले कर्मसंज्ञक 'हरि' शब्ददेखि यस सूत्रले द्वितीया विभक्ति भएको हो । तिङ्, कृत्, तद्धित र समासद्वारा उक्त भएको कर्ममा त द्वितीया नभई प्रथमा नै हुन्छ ।

यसैगरी उभयतः, सर्वतः, धिक्, उपर्युपरि, अभितः, परितः समया, निकषा, हा, प्रति, अन्तरा र अन्तरेण शब्दले योग भएमा पनि द्वितीया बिभक्ति हुन्छ, जस्तै : सर्वतः कृष्णम्, उपर्युपरि लोकं हरिः, अभितः कृष्णम्, बुभुक्षितं न प्रतिभाति किञ्चित्, अन्तरेण हरिं न सुखम् । त्यसैगरी अत्यन्त संयोगको अर्थमा कालवाची र मार्गवाची शब्ददेखि पनि द्वितीया बिभक्ति हुने भएकाले 'मासमधीते, क्रोशं गिरिः' जस्ता प्रयोगमा मास र क्रोध शब्ददेखि द्वितीया विभक्ति सिद्ध भएको हो ।

## ७.३ करण कारक र तृतीया विभक्ति

जे गरिन्छ, त्यस्तो साधन वा माध्यमलाई करण भनिन्छ । करण कारकमा तृतीया विभक्ति हुन्छ । करण कारक र तृतीया विभक्ति गर्ने प्रमुख सूत्रहरू यसप्रकार छन् :

**(२०९) साधकतमं करणम् १।४।४२** (करणसंज्ञा)

क्रियाको सफलताका लागि कारकहरूमध्येमा जो अत्यधिक सहयोगी हुन्छ, त्यस्तो कारकलाई करणसंज्ञा हुन्छ, जस्तै : रामेण बाणेन हतो वाली । यहाँ वाली मारिनका लागि बाण अत्यन्त सहायक सिद्ध भएको हुँदा बाण शब्दलाई करणसंज्ञा भएको हो ।

**(२१०) कर्तृकरणयोस्तृतीया २।३।१८** (तृतीया विभक्ति)

अनुक्त कर्तामा र करणमा पनि तृतीया विभक्ति (टा, भ्याम्, भिस्) हुन्छ । कर्मवाच्य र भाववाच्यमा कर्ता अनुक्त हुन्छ । जस्तै : रामेण बाणेन हतो वाली । यहाँ अनुक्त राम शब्द र करणसंज्ञक बाण शब्ददेखि तृतीया विभक्ति भएको हो ।

यसैगरी प्रकृति, प्राय, गोत्र, सम, विषम, द्विद्रोण, पञ्चक, साहस्र, सुख र दुःख शब्ददेखि तथा सह शब्द वा त्यसका पर्यायवाची शब्दले योग भएमा वा नभएमा पनि तृतीया विभक्ति हुन्छ, जस्तै : प्रकृत्या चारु, गोत्रेण गार्ग्यः, दुःखेन याति, पुत्रेण सहागतः पिता, पुत्रेण सार्धमागतः पिता, वृद्धो यूना । त्यसैगरी जुन अङ्गद्वारा अपाङ्ग भएको छ, त्यस्ता शब्दमा र हेतु अर्थमा पनि तृतीया विभक्ति हुन्छ, जस्तै : अक्ष्णा काणः, पृष्ठेन कुब्जः, पाणिना कुणिः, पादेन खञ्जः, दण्डेन घटः, पुण्येन हरिः, पुत्रेण हर्षः, अध्ययनेन बसति, विद्यया सुखम्, धर्मेण मुक्तिः आदि ।

## ७.४ सम्प्रदान कारक र चतुर्थी विभक्ति

सम् =राम्रोसँग प्रदान =दिनुलाई सम्प्रदान भनिन्छ । सम्प्रदान कारकमा चतुर्थी विभक्ति हुन्छ । सम्प्रदान कारक र चतुर्थी विभक्ति गर्ने प्रमुख सूत्रहरू निम्नलिखित छन् :

**(२११) कर्मणा यमभिप्रैति सः सम्प्रदानम् १।४।३२** (सम्प्रदानसंज्ञा)

दान दिएर वा दिने कर्मद्वारा जसलाई सन्तुष्ट दिलाइन्छ, त्यस्तो कारकलाई सम्प्रदानसंज्ञा वा सम्प्रदान कारक भनिन्छ । जुन वस्तुमा आफ्नो कुनैपनि अधिकार नरहने गरी कसैलाई दिइन्छ, त्यस्तो वस्तुलाई दान भनिन्छ । त्यसरी आफूसँग फिर्ता नहुने गरी दिइएको वस्तुवाची शब्दलाई यस सूत्रले सम्प्रदानसंज्ञा गर्दछ । जस्तै : विप्राय गां ददाति । यहाँ गाईदानको क्रियाद्वारा ब्राह्मणलाई सन्तुष्ट बनाइको हुँदा 'ब्राह्मण' शब्द( लाई सम्प्रदानसंज्ञा भएको हो ।

यसैगरी क्रियाद्वारा जसलाई सन्तुष्ट दिलाइन्छ त्यस्ता शब्दलाई, रुचि अर्थमा रहेका धातुहरूको प्रयोग गरिएमा जसलाई मनपर्छ त्यस्तो व्यक्तिवाची शब्दलाई तथा क्रुध्, द्रुह्, ईर्ष्या र असूया अर्थलाई बताउने क्रियाको प्रयोग गरिएमा जसप्रति क्रोध आदि गरिन्छ त्यस्ता शब्दलाई पनि सम्प्रदानसंज्ञा हुन्छ, जस्तै : पत्ये शेते, हरये रोचते भक्तिः, श्यामाय दधि रोचते, बालकाय मोदक स्वदते, हरये क्रुध्यति, खल: सज्जनाय द्रुह्यति, माता पुत्राय रुष्यति, श्याम: कृष्णाय ईर्ष्यति, देव: मोहनाय असूयति आदि ।

**(२१२) चतुर्थी सम्प्रदाने २।३।३** (चतुर्थी विभक्ति)

सम्प्रदानसंज्ञक शब्दमा चतुर्थी विभक्ति (ङे, भ्याम्, भ्यस्) हुन्छ, जस्तै : विप्राय गां ददाति । यहाँ सम्प्रदानसंज्ञक 'विप्र' शब्दमा चतुर्थी विभक्ति भएको हो ।

यसैगरी तादर्थ्यमा, तुमुन् प्रत्ययको अर्थमा तथा हित, नमः, स्वस्ति, स्वाहा, स्वधा, अलम् र वषट् शब्दको योग भएमा पनि चतुर्थी विभक्ति हुन्छ, जस्तै : मुक्तये हरिं भजति, यागाय याति, ब्राह्मणाय हितम्, हरये नमः, प्रजाभ्य: स्वस्ति, अग्नये स्वाहा, पितृभ्य: स्वधा, दैत्येभ्यो हरिरलम् ।

## ७.५ अपादान कारक र पञ्चमी विभक्ति

सामान्यतया जहाँबाट जे चीज अलग्गिन्छ, अलग्गिने त्यस ठाउँलाई अपादान भनिन्छ । अपादान कारकमा पञ्चमी विभक्तिको प्रयोग हुन्छ । अपादान कारक र पञ्चमी विभक्ति गर्ने प्रमुख सूत्रहरू यसप्रकार छन् :

**(२१३) ध्रुवमपायेऽपादानम् १।४।२४** (अपादानसंज्ञा)

अलग्गिने वस्तु साध्य भएका खण्डमा ध्रुव वा अवधिभूत कारकलाई अपादानसंज्ञा हुन्छ, जस्तै : कृष्णो ग्रामाद् आयाति । यहाँ गाउँ छाड्ने 'कृष्ण' साध्य भएकाले अवधिभूत वा छुट्टिने 'ग्राम' शब्दलाई अपादानसंज्ञा भएको हो ।

यसरी नै जुगुप्सा, विराम र प्रमाद अर्थ भएका धातुको योगमा, भयवाची र रक्षावाची धातुको योगमा भयको हेतुलाई, नियमपूर्वक विद्या अध्ययन गर्ने सन्दर्भमा पढाउनेलाई र उत्पत्तिको कारणलाई पनि अपादानसंज्ञा हुन्छ, जस्तै : पापात् जुगुप्सते, पापाद् विरमति, अध्ययनात् प्रमाद्यति, चोराद् बिभेति, चोरात् त्रायते, उपाध्यायाद् अधीते, ब्रह्मण: प्रजा: प्रजायन्ते, हिमवतो गङ्गा प्रभवति आदि ।

**(२१४) अपादाने पञ्चमी २।३।२८** (पञ्चमी विभक्ति)

अपादानसंज्ञक कारकमा पञ्चमी विभक्ति (ङसि, भ्याम्, भ्यस्) को प्रयोग हुन्छ, जस्तै : ग्रामाद् आयाति, वृक्षात् पत्रं पतति । यहाँ अपादानसंज्ञक ग्राम र वृक्ष शब्दमा पञ्चमी विभक्ति (ङसि) भएको हो । यसैगरी अन्य, इतर, भिन्न, आरात्, ऋते र दिक् शब्दको योगमा पनि पञ्चमी विभक्ति हुन्छ, जस्तै : अन्य: कृष्णात्, ऋते ज्ञानात् आदि ।

## ७.६ षष्ठी विभक्ति

क्रियासँग साक्षात् सम्बन्ध नराख्ने भएकाले षष्ठी विभक्तिलाई कारकको आधार नमानिएको हो । षष्ठी विभक्ति गर्ने प्रमुख सूत्र निम्नलिखित छ :

**(२१५) षष्ठी शेषे २।३।५०** (षष्ठी विभक्ति)

जहाँ कर्म आदि कारक तथा प्रातिपदिकार्थ विवक्षित छैन, त्यसलाई शेष भनिन्छ । शेषमा र जसले मालिक एवं नोकरको जस्तो सम्बन्ध बुझाउँछ त्यसमा षष्ठी विभक्ति हुन्छ । जस्तै : राज्ञः पुरुषः, वृक्षस्य शाखा । यहाँ राजा र पुरुषको तथा रूख र हाँगाको सम्बन्ध छ । कर्मत्व, कर्तृत्व आदिको पनि सम्बन्धमात्र विवक्षामा षष्ठी नै हुन्छ, जस्तै : सतां गतम्, सर्पिषो जानीते, मातुः स्मरति, एधोदकस्योपस्कुरुते, भजे शम्भोश्चरणयोः, फलानां तृप्तः ।

यसैगरी हेतु शब्दको प्रयोगमा कारण बुझिएमा, अतसुच् प्रत्ययान्त शब्दको योगमा, व्यवहारसम्बन्धी दिव् धातुको प्रयोगमा, कृत् प्रत्ययको योगमा कर्तामा र कर्ममा तथा वर्तमानकालिक क्त प्रत्ययान्त शब्दको योगमा पनि षष्ठी विभक्ति हुन्छ, जस्तै : अन्नस्य हेतोर्वसति, ग्रामस्य दक्षिणतः, शतस्य दीव्यति, कृष्णस्य कृतिः, कालिदास्य कृतिः, जगतः कर्ता कृष्णः, ग्रन्थस्य प्रणेता, राज्ञां मतो बुद्धः पूजितो वा ।

## ७.७ अधिकरण कारक र सप्तमी विभक्ति

जहाँ गरिन्छ वा जहाँ क्रिया सम्पादन हुन्छ, त्यसलाई अधिकरण भनिन्छ । अधिकरण कारकमा सप्तमी विभक्ति हुन्छ । अधिकरण कारक र सप्तमी विभक्ति गर्ने प्रमुख सूत्रहरू यसप्रकार छन् :

**(२१६) आधारोऽधिकरणम् १।४।४५** (अधिकरणसंज्ञा)

कर्ता र कर्म रहने क्रियाको आधारलाई अधिकरणसंज्ञा हुन्छ । ओपश्लेषिक, वैषयिक र अभिव्यापक गरी आधार तीन प्रकारका हुन्छन्, जस्तै :कटे आस्ते, पर्यङ्के शेते, स्थाल्यां पचति, मोक्षे इच्छास्ति, सर्वस्मिन् आत्मास्ति, तिलेषु तैलम्, दध्नि घृतम् । यहाँ 'कटे, पर्यङ्के, र स्थाल्याम्' औपश्लेषिक आधार, 'मोक्षे' वैषयिक आधार र 'सर्वस्मिन्, तिलेषु एवं दध्नि' अभिव्यापक आधार हुन् ।

**(२१७) सप्तम्यधिकरणे च २।३।३६** (सप्तमी विभक्ति)

अधिकरणसंज्ञक शब्दमा तथा टाढा र नजिक बुझाउने शब्दमा पनि सप्तमी विभक्ति हुन्छ, जस्तै : कटे आस्ते, वनस्य दूरे, वनस्य अन्तिके ।

यसैगरी साधु, असाधु र निपुण शब्दको प्रयोग गरेमा, फलप्राप्तिको कर्मयोगमा, जुन क्रियाद्वारा अर्को क्रियाको बोध हुन्छ, त्यस्ता शब्दमा र समुदायबाट एउटालाई निर्धारण वा छनोट गर्दा पनि सप्तमी विभक्तिको प्रयोग हुन्छ, जस्तै : साधुः कृष्णो मातरि असाधु मातुले, मातरि निपुणः, चर्मणि द्वीपिनं हन्ति, दन्तयोर्हन्ति कुञ्जरम्, केशेषु चमरी हन्ति, सीम्नि पुष्कलको हतः, गोषु दुह्यमानासु गतः, नृषु ब्राह्मणः श्रेष्ठः, गोषु कृष्णा बहुक्षीरा, गच्छत्सु धावञ्छीघ्रः, छात्रेषु मैत्रः पटुः आदि ।

◆

# ८. समास प्रकरण

दुई वा दुईभन्दा बढी सार्थक शब्दहरूको मिलन हुनुलाई समास भनिन्छ । समासहरू मुख्यत: अव्ययीभाव, तत्पुरुष, बहुव्रीहि र द्वन्द्व गरी चार प्रकारका छन् । तत्पुरुष समासको भेदलाई कर्मधारय समास र कर्मधारयको भेदलाई द्विगु समास मानिन्छ । पदार्थप्रधानका दृष्टिले प्राय: अव्ययीभावमा पूर्वपदार्थको प्रधानता, तत्पुरुष समासमा उत्तरपदार्थको प्रधानता, द्वन्द्व समासमा उभय वा दुवै शब्दका अर्थको प्रधानता र बहुव्रीहि समासमा अर्कै अर्थको प्रधानता हुन्छ । तत्पुरुष समासमा प्राय: विशेषण पूर्वमा हुँदा कर्मधारय समास र कर्मधारय समासमा सङ्ख्यावाची विशेषण पूर्वमा रहँदा द्विगु समास हुन्छ । यसरी समासलाई अव्ययीभाव, तत्पुरुष, कर्मधारय, द्विगु, बहुव्रीहि र द्वन्द्व गरी ६ प्रकारमा विभाजन गरी अध्ययन गर्ने गरिएको छ ।

सिद्धान्तकौमुदीको समासप्रकरणलाई अव्ययीभाव समास, तत्पुरुष समास, बहुव्रीहि समास र द्वन्द्व समासका अतिरिक्त एकशेष, सर्वसमासशेष, समासान्त, अलुक् समास र समासाश्रय प्रकरणमा समेत विभाजन गरी ती प्रकरणहरूमा ४२६ सूत्र र १६४ वार्तिकहरूको अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनमा भने समासलाई अव्ययीभाव, तत्पुरुष, कर्मधारय, द्विगु, बहुव्रीहि र द्वन्द्व गरी मुख्यत: ६ प्रकारमा विभाजन गरी तिनका प्रमुख सूत्रहरूको मात्र सोदाहरण चर्चा गर्ने प्रयत्न गरिएको छ ।

## ८.१ अव्ययीभाव समास

अव्यय शब्दसँग अव्यय वा अनव्यय शब्दको समास भई प्राय: पूर्वपदको अर्थ मुख्य हुनुलाई अव्ययीभाव समास भनिन्छ । अव्ययीभाव समास गर्ने प्रमुख सूत्रहरू यसप्रकार छन् :

**(२१८) सह सुपा २।१।४** (समास)

सुबन्त शब्दको सुबन्त शब्दका साथमा समास हुन्छ, जस्तै : पूर्वं भूत: (लौकिक विग्रह)– पूर्व अम् भूत सु (अलौकिक विग्रह)– पूर्वभूत– भूतपूर्व– भूतपूर्व+सु– भूतपूर्वस्– भूतपूर्वर् =भूतपूर्व: । यसैगरी इव शब्दका साथमा समास हुन्छ र विभक्तिको लोप हुँदैन, जस्तै : जीमूतस्य इव– जीमूतस्येव, वागर्थौ इव– वागर्थाविव, उद्बाहुरिव– उद्बाहुरिव । वस्तुत: उपर्युक्त प्रयोगहरू अन्य समासभित्र नपर्ने भएकाले यिनलाई मध्यकौमुदी र लघुकौमुदीले केवल समासको नाम दिएर छुट्टै अध्ययन गरेका छन् भने सिद्धान्तकौमुदीमा अव्ययीभास समासभित्रै राखेर अध्ययन गरिएको छ तापनि अव्ययीभाव समासको अधिकारभन्दा अघि अध्ययन गरिएकाले यी प्रयोगहरूलाई केवल समासका रूपमा ग्रहण गर्नु नै उपयुक्त देखिन्छ ।

**(२१९) सुपो धातुप्रातिपदिकयोः २।४।७१** (सुब्लुक्)

धातु र प्रातिपदिकको अवयवका रूपमा रहेका सुप् प्रत्ययको लुक् (लोप) हुन्छ, जस्तै : पूर्व अम् भूत सु– भूतपूर्वः । यहाँ पूर्व र भूत प्रातिपदिकको अवयवका रूपमा रहेका अम् र सु प्रत्ययको लुक् भएको छ । यसैगरी अलुक् हुने अवस्थामा बाहेक समासमा सर्वत्र यही सूत्रले सुप् प्रत्ययको लुक् हुन्छ ।

**(२२०) अव्ययं विभक्तिसमीपसमृद्धिव्यृद्ध्यर्थाभावात्ययासम्प्रतिशब्दप्रादुर्भावपश्चाद्यथानुपूर्व्ययौगपद्यसादृश्यसम्पत्तिसाकल्यान्तवचनेषु २।१।६** (समास)

विभक्ति, समीप, समृद्धि, व्यृद्धि (विनाश), अर्थाभाव, अत्यय, असम्प्रति, शब्दप्रादुर्भाव, पश्चात्, यथा, आनुपूर्व्य, यौगपद्य, सादृश्य, सम्पत्ति, साकल्य र अन्तवचन यी १६ अर्थमा रहेका अव्यय शब्दको सुबन्त शब्दका साथमा नित्य समास हुन्छ । यीमध्ये यथा शब्दका योग्यता, वीप्सा, पदार्थानतिवृत्ति र सादृश्य चार अर्थ छन् । यथा शब्दको ग्रहणद्वारा नै सादृश्य ग्रहण हुन्थ्यो पुनः सूत्रमा सादृश्य ग्रहण गर्नुको सामर्थ्यले गौणसादृश्यमा पनि समास हुन्छ । यस सूत्रका सबै उदाहरणहरू निम्नलिखित छन् :

हरौ इति– हरि ङि अधि =अधिहरि, गाः पातीति गोपास्तस्मिन्– गोपा ङि अधि =अधिगोपम्, आत्मनीति– आत्मन् ङि अधि =अध्यात्मम्, कृष्णस्य समीपम्– कृष्ण ङस् उप =उपकृष्णम्, शरदः समीपम्– शरद् ङस् उप =उपशरदम्, राज्ञः समीपम्– राजन् ङस् उप =उपराजम्, चर्मणः समीपम्– चर्मन् ङस् उप =उपचर्मम्/उपचर्म, नद्याः समीपम्– नदी ङस् उप =उपनदम्/उपनदि, पौर्णमास्याः समीपम्– पौर्णमासी ङस् =उपपौर्णमासम्/उपपौर्णमासि, आग्रहायण्याः समीपम्– आग्रहायणी ङस् उप =उपाग्रहायणम्/उपाग्रहायणि, समिधः समीपम्– समिध् ङस् उप =उपसमिधम्/उपसमित्, गिरेः समीपम्– गिरि ङस् उप =उपगिरम्/उपगिरि, मद्राणां समृद्धिः– मद्र आम् सु =सुमद्रम्, यवनानां व्यृद्धि– यवन आम् दुर् =दुर्यवनम्, हिमस्य अत्ययः– हिम ङस् अति =अतिहिमम्, निद्रा सम्प्रति न युज्यते– निद्रा ङस् अति =अतिनिद्रम्, हरि शब्दस्य प्रकाशः– हरि ङस् इति =इतिहरि, विष्णोः पश्चात्– विष्णु ङस् अनु =अनुविष्णु, रूपस्य योग्यम्– रूप ङस् अनु =अनुरूपम्, अर्थम् अर्थं प्रति– अर्थ अम् प्रति =प्रत्यर्थम्, शक्तिम् अनतिक्रम्य– शक्ति ङस् यथा =यथाशक्ति, हरेः सादृश्यम्– हरि टा सह =सहरि, ज्येष्ठस्यानुपूर्व्येण इति– ज्येष्ठ ङस् अनु =अनुज्येष्ठम्, चक्रेण युगपत् इति– चक्र टा सह =सचक्रम्, सदृशः सख्या– सखि टा सह =ससखि, क्षत्राणां सम्पत्तिः– क्षत्र भिस् सह =सक्षत्रम्, तृणम् अपि अपरित्यज्य– तृण टा सह =सतृणमत्ति, अग्निग्रन्थपर्यन्तमधीते– अग्नि टा सह =साग्नि आदि ।

**(२२१) उपसर्जनं पूर्वम् २।२।३०** (पूर्वप्रयोग)

समास गर्ने सूत्रमा प्रथमाले निर्दिष्ट गरेका शब्दलाई उपसर्जनसंज्ञा (सूत्र ४१) हुन्छ। त्यसरी उपसर्जन संज्ञा भएका शब्दको पूर्वप्रयोग गरिन्छ, जस्तै : शक्तिमनतिक्रम्य– शक्ति अम्

यथा =यथाशक्ति । यहाँ समास गर्ने 'अव्ययं विभक्ति–' इत्यादि सूत्रमा अव्यय शब्द प्रथमान्तले निर्दिष्ट गरेकाले 'यथा' अव्ययलाई उपसर्जन संज्ञा भई 'यथा' शब्दको पूर्वप्रयोग गरिएको हो । यसरी पूर्वप्रयोग गर्ने प्रक्रिया पनि सबै समासमा पूर्णतः प्रवृत्त हुन्छ ।

(२२२) **नाव्ययीभावादतोऽम्त्व पञ्चम्याः २।४।८३** (सुब्लुक् निषेध/सु= अम् आदेश)

अकार अन्तमा हुने अव्ययीभाव समास भएका शब्ददेखि सुप् प्रत्ययको लुक् निषेध हुन्छ र पञ्चमी विभक्तिलाई छाडेर अन्यत्र सुप् प्रत्ययका स्थानमा अम् आदेश हुन्छ, जस्तै : कृष्णस्य समीपम्– उपकृष्ण– उपकृष्ण+सु– उपकृष्ण+अम् =उपकृष्णम् ।

(२२३) **नदीभिश्च २।१।२०** (समास)

समाहार (समूह) अर्थमा नदीवाची शब्दका साथमा सङ्ख्यावाची शब्दको समास हुन्छ, जस्तै : सप्तानां गङ्गानां समाहारः– सप्तन्+गङ्गा– सप्तगङ्गा– सप्तगङ्ग– सप्तगङ्ग+सु– सप्तगङ्ग+अम् =सप्तगङ्गम्, द्वयोर्यमुनयोः समाहारः– द्वियमुना– द्वियमुन+सु– द्वियमुन+अम् =द्वियमुनम् । अव्ययीभाव समास भएका शब्दलाई नपुंसक संज्ञा हुने भएकाले सप्तगङ्गा र द्वियमुना शब्दका आकारको 'ह्रस्वो नपुंसके प्रातिपदिकस्य' सूत्रले ह्रस्व भएर सप्तगङ्गम् र द्वियमुनम् शब्द सिद्ध भएका हुन् ।

अव्ययीभाव समासको अन्तमा शरद्, जरा=जरस्, अक्षि आदि शब्द, अन् अन्तमा हुने राजन्, आत्मन्, चर्मन् आदि शब्द र नदी, पौर्णमासी, आग्रहायणी, गिरिजस्ता शब्ददेखि टच् (अ) प्रत्ययको विधान गरिएको छ । यसरी टच् प्रत्ययको विधान गर्नुको उद्देश्य अन् अन्तमा हुने शब्दका अन्‌को तथा अच् अन्तमा हुने शब्दका अन्तिम अच्‌वर्णको लोप गर्नु तथा अन्य हलन्त शब्दलाई अजन्त बनाउनु नै हो । जसका आधारमा उपशरदम्, उपजरसम्, प्रत्यक्षम्, परोक्षम्, समक्षम्, अन्वक्षम्, उपराजम्, अध्यात्मम्, उपचर्मम्, उपनदम्, उपपौर्णमासम्, उपाग्रहायणम्, उपगिरम् आदि प्रयोगहरू सिद्ध भएका हुन् ।

## ८.२ तत्पुरुष समास

सुबन्त शब्दको सुबन्त शब्दका साथमा समास भई प्रायः पछिल्ला शब्दको अर्थ मुख्य हुने समासलाई तत्पुरुष समास भनिन्छ । तत्पुरुष समासलाई मुख्यतः विभक्ति तत्पुरुष, नञ् तत्पुरुष, प्रादि तत्पुरुष र उपपद तत्पुरुष गरी चार प्रकारमा विभाजन गर्न सकिन्छ ।

### ८.२.१ विभक्ति तत्पुरुष समास

अघिल्ला शब्दमा रहेका द्वितीया आदि विभक्तिको लोप भएर समास हुनुलाई विभक्ति तत्पुरुष भनिन्छ । विभक्त्यर्थ वा विभक्तिलोपका आधारमा विभक्ति तत्पुरुषलाई पनि द्वितीया तत्पुरुष, तृतीया तत्पुरुष, चतुर्थी तत्पुरुष, पञ्चमी तत्पुरुष, षष्ठी तत्पुरुष र सप्तमी तत्पुरुष गरी ६ प्रकारमा विभाजन गर्न सकिन्छ । यी छवटै प्रकारका विभक्ति तत्पुरुष गर्ने प्रमुख सूत्रहरू यसप्रकार छन् :

**(२२४) द्वितीया श्रितातीतपतितगतात्यस्तप्राप्तापन्नैः २।१।२४** (द्वितीया तत्पुरुष समास)

द्वितीया विभक्ति अन्तमा हुने शब्दको श्रित, अतीत, पतित, गत, अत्यस्त, प्राप्त र आपन्न शब्दका साथमा समास हुन्छ, जस्तै : कृष्णं श्रितः– कृष्णश्रितः, दुःखमतीतः– दुःखातीतः, अरण्यमतीतः– अरण्यातीतः, गर्तं पतितः– गर्तपतितः, कूपं पतितः– कूपपतितः, ग्रामं गतः– ग्रामगतः, आपदं गतम्– आपद्गतम्, ग्राममत्यस्तः– ग्रामात्यस्तः, ग्रामं प्राप्तः– ग्रामप्राप्तः, सुखं प्राप्तः– सुखप्राप्तः, संशयमापन्नः– संशयापन्नः, दुःखमापन्नः– दुःखापन्नः आदि ।

**(२२५) कर्तृकरणे कृता बहुलम् २।१।३२** (तृतीया तत्पुरुष समास)

कर्तामा र करणमा विद्यमान तृतीयान्त शब्दको कृदन्त शब्दका साथमा समास हुन्छ, जस्तै : हरिणा त्रातः– हरित्रातः, नखैर्भिन्नः– नखभिन्नः, नखैर्निर्भिन्नः– नखनिर्भिन्नः, असिना छिन्नः– असिच्छिन्नः । यसैगरी तृतीयान्त शब्दको पूर्व, सदृश, सम, ऊनार्थ, कलह, निपुण, मिश्र, श्लक्ष्ण, अवर, अन्नवाची र भक्ष्यवाची शब्दका साथमा समास हुन्छ, जस्तै : मासेन पूर्वः– मासपूर्वः, मात्रा सदृशः– मातृसदृशः, पित्रा समः– पितृसमः, माषेन ऊनम्– माषोनं कार्षापणम्, माषेन विकलम्– माषविकलम्, वाचा कलहः– वाक्कलहः, आचारेण निपुणः– आचारनिपुणः, गुडेन मिश्रः– गुडमिश्रः, आचारेण श्लक्ष्णः– आचारश्लक्ष्णः, मासेनावरः– मासावरः, दध्ना ओदनः– दध्योदनः, क्षीरेण ओदनः– क्षीरौदनः, गुडेन धानाः– गुडधाना आदि ।

**(२२६) चतुर्थी तदर्थार्थबलिहितसुखरक्षितैः २।१।३६** (चतुर्थी तत्पुरुष समास)

चतुर्थी विभक्ति अन्तमा हुने शब्दको चतुर्थ्यन्त शब्दले बुझाउने वस्तुको विकृति वा परिवर्तन हुने शब्दका साथमा तथा अर्थ, बलि, हित, सुख र रक्षित शब्दका साथमा पनि समास हुन्छ, जस्तै : यूपाय दारु– यूपदारु, द्विजाय अयम्– द्विजार्थः सूपः, द्विजाय इयम्– द्विजार्था यवागूः, द्विजाय इदम्– द्विजार्थं पयः, ब्राह्मणाय अयम्– ब्राह्मणार्थः, भूतेभ्यो बलिः– भूतबलिः, काकेभ्यो बलिः– काकबलिः, गवे हितम्– गोहितम्, गवे सुखम्– गोसुखम्, गवे रक्षितम्– गोरक्षितम्, बालाय हितम्– बालहितम्, मात्रे सुखम्– मातृसुखम्, पित्रे सुखम्– पितृसुखम् आदि ।

**(२२७) पञ्चमी भयेन २।१।३७** (पञ्चमी तत्पुरुष समास)

पञ्चमी विभक्ति अन्तमा हुने शब्दको भय, भीत, भीति र भी शब्दका साथमा समास हुन्छ, जस्तै : चोराद् भयम्– चोरभयम्, विघ्नाद् भयम्– विघ्नभयम्, रोगाद् भयम्– रोगभयम्, वृकाद् भीतः– वृकभीतः, वृकाद् भीतिः– वृकभीतिः, वृकाद् भी– वृकभी ।

यसैगरी पञ्चम्यन्त शब्दको अपेत, पोढ, मुक्त, पतित र अपत्रस्त शब्दक साथमा पनि समास हुन्छ, जस्तै : सुखाद् अपेतः– सुखापेतः, कल्पनाया अपोढः– कल्पनापोढः, चक्राद् मुक्तः– चक्रमुक्तः, कष्टाद् मुक्तः– कष्टमुक्तः, स्वर्गात् पतितः– स्वर्गपतितः, तरङ्गाद् अपत्रस्तः– तरङ्गापत्रस्तः ।

**(२२८) षष्ठी २।२।८** (षष्ठी तत्पुरुष समास)

षष्ठी विभक्ति अन्तमा हुने शब्दको समर्थ सुबन्त शब्दका साथमा समास हुन्छ, जस्तै : राज्ञः पुरुषः– राजपुरुषः । यसैगरी षष्ठ्यन्त शब्दको याजक, पूजक, अध्यापक आदि शब्दका साथमा तथा कृद्योग षष्ठी र जीविका अर्थमा पनि समास हुन्छ, जस्तै : ब्राह्मणानां याजकः– ब्राह्मणयाजकः, देवानां पूजकः– देवपूजकः, व्याकरणस्य अध्यापकः– व्याकरणाध्यापकः, इध्मस्य व्रश्चनः– इध्मव्रश्चनः, दन्तानां लेखकः– दन्तलेखकः आदि ।

**(२२९) सप्तमी शौण्डैः २।१।४०** (सप्तमी तत्पुरुष समास)

सप्तमी विभक्ति अन्तमा हुने शब्दको शौण्ड, धूर्त, प्रवीण, पटु, पण्डित, कुशल, निपुण, अधि आदि शब्दका साथमा समास हुन्छ, जस्तै : अक्षेषु शौण्डः– अक्षशौण्डः, ईश्वरे अधि– ईश्वराधीनः । यसैगरी सप्तम्यन्त शब्दको सिद्ध, शुष्क, पक्व र बन्ध शब्दसँग पनि समास हुन्छ, जस्तै : साङ्काश्ये सिद्धः– साङ्काश्यसिद्धः, रसेषु सिद्धः– रससिद्धः, आतपे शुष्कः– आतपशुष्कः, स्थाल्यां पक्वः– स्थालीपक्वः, चक्रे बन्धः– चक्रबन्धः, यूपे बन्धः– यूपबन्धः आदि ।

*"द्वितीयातृतीयेत्यादियोगविभागादन्यत्रापि द्वितीयादीनां प्रयोगवशात्समासो ज्ञेयः"* (मध्यसिद्धान्तकौमुदी, पृ. ४१५) अर्थात् विभक्ति तत्पुरुष समास गर्ने सूत्रमा द्वितीया, तृतीया आदि शब्दको योगविभाग गरिएकाले अन्यत्र पनि द्वितीया, तृतीया आदिको प्रयोगलाई आधार मानेर समास हुन्छ भन्ने कुरा बुझ्नुपर्छ ।

## ८.२.२ नञ् तत्पुरुष समास

न शब्दका साथमा सुबन्त शब्दको समास हुने तत्पुरुष समासलाई नञ् तत्पुरुष समास भनिन्छ । व्यञ्जनवर्ण आदिमा हुने शब्द पर भएमा नकारको लोप भई अकार मात्र बाँकी रहन्छ भने स्वरवर्ण आदिमा हुने शब्द पर भएमा लुप्त नकारको अकारपछि नकारसमेत थपिन्छ । नञ् समास गर्ने प्रमुख सूत्रहरू यसप्रकार छन् :

**(२३०) नञ् २।२।६** (नञ् तत्पुरुष समास)

नञ् अर्थात् न शब्दको सुबन्त शब्दका साथमा समास हुन्छ, जस्तै : न ब्राह्मणः– अब्राह्मण+सु =अब्राह्मणः । यहाँ व्यञ्जनवर्ण आदिमा हुने ब्राह्मण शब्द पर भएकाले न शब्दका नकारको लोप भई 'अब्राह्मणः' सिद्ध भएको हो ।

**(२३१) नलोपो नञः ६।३।७३** (नलोप)

पछि कुनै शब्द पर भएमा न शब्दका नकारको लोप हुन्छ, जस्तै : न सत्यः– अ+सत्य =असत्यः । नमुचिः, नकुलम्, नखम्, नपुंसकः, नक्षत्रम् आदिमा भने नकारको लोप अप्रवृत्त भएको पाइन्छ ।

**(२३२) तस्मान्नुडचि ६।३।७४** (नुट् आगम)

अजादि शब्द पर भएमा नकारको लोप भएका अकारदेखि पर रहेका शब्दको नुट् (न्) आगम हुन्छ, जस्तै : न अश्वः– अ+अश्व– अ+नुट् अश्व– अन्+अश्व– अनश्व+सु =अनश्वः ।

## ८.२.३ प्रादि तत्पुरुष समास

कु शब्द, गतिसंज्ञक शब्द र प्र, परा आदि उपसर्गका साथमा समास हुने तत्पुरुष समासलाई प्रादि तत्पुरुष समास भनिन्छ । प्रादि तत्पुरुष समास गर्ने प्रमुख सूत्र र वार्तिक निम्नलिखित छन् :

**(२३३) कुगतिप्रादयः २।२।१८** (प्रादि तत्पुरुष समास)

कु शब्द, गतिसंज्ञक शब्द र प्र, परा आदि शब्दको समर्थ सुबन्त शब्दका साथमा समास हुन्छ, जस्तै : कुत्सितः पुरुषः– कुपुरुषः, कुत्सितः पुत्रः– कुपुत्रः, कुत्सिता माता– कुमाता, कुत्सितः ख्यातः– कुख्यातः, अशुक्लं शुक्लं कृत्वा– शुक्लीकृत्य, सत्कृत्य, असत्कृत्य, अलङ्कृत्य, पुरस्कृत्य, अस्तंगत्य, तिरोभूय, तिरस्कृत्य, साक्षात्कृत्य, शोभनः पुरुषः– सुपुरुषः, दुष्टः चरित्रम्– दुश्चरित्रम्, दुष्टा गतिः– दुर्गतिः आदि । यी उदाहरणमध्ये कृत्य र भूय पूर्वका शुक्ल, सत्, असत्, अलम्, पुरस्, अस्तम्, तिरस् र साक्षात् शब्दलाई गतिसंज्ञा भएकाले यी शब्दसँग समास सम्भव भएको हो ।

गतादि अर्थमा प्र आदिको प्रथमाका साथ, क्रान्तादि अर्थमा अति आदिको द्वितीयाका साथ, कुष्ट आदि अर्थमा अव आदिको तृतीयाका साथ, ग्लान आदि अर्थमा परि आदिको चतुर्थीका साथ र क्रान्त आदि अर्थमा निर् आदिको पञ्चमीका साथ समास हुन्छ, जस्तै : प्रगतः आचार्यः– प्राचार्यः, विप्रकृष्टो देशः– विदेशः, अतिक्रान्तो मालाम्– अतिमालः, अवकुष्टः कोकिलया– अवकोकिलः, परिग्लानोऽध्ययनाय– पर्यध्ययनः, निष्क्रान्तः कौशाम्ब्याः– निष्कौशाम्बिः, निष्क्रान्तः फलात्– निष्फलः आदि ।

## ८.२.४ उपपद तत्पुरुष समास

कर्ममा रहेको पदसँग गर्ने आदि अर्थमा समास हुने तत्पुरुषलाई उपपद तत्पुरुष समास भनिन्छ र यो समास गर्ने प्रमुख सूत्र यसप्रकार छ :

**(२३४) उपपदमतिङ् २।२।१९** (उपपद तत्पुरुष समास)

उपपदसंज्ञक (सूत्र ४२) कर्ममा रहेको कुम्भ आदि सुबन्त शब्दको गर्ने आदि अर्थमा रहेको तिङ्भिन्न शब्दसँग समास हुन्छ, जस्तै : कुम्भं करोतीति– कुम्भ+कार =कुम्भकारः, स्वर्ण करोतीति– स्वर्णकारः, लौहं करोतीति– लौहकारः, व्या जिघ्रतीति– व्याघ्र+ङीप् =व्याघ्री, अश्वेन क्रीता– अश्वक्रीत+ङीप् =अश्वक्रीती, कच्छेन पिबतीति– कच्छप+ङीप् =कच्छपी ।

## ८.३ कर्मधारय समास

पूर्व र पर दुवै समान अधिकरण वा विभक्तिमा रहेका शब्दका साथमा हुने तत्पुरुष समासलाई कर्मधारय समास भनिन्छ । कर्मधारय समासलाई विशेषण पूर्वपद, विशेषण उत्तरपद, विशेषण उभयपद, उपमान पूर्वपद र उपमान उत्तरपद गरी मुख्यतः पाँच प्रकारमा विभाजन गर्न सकिन्छ । कर्मधारय समास गर्ने प्रमुख सूत्रहरू निम्नलिखित छन् :

**(२३५) विशेषणं विशेष्येण बहुलम् २।१।५७** (समास)

पूर्ववर्ती विशेषण शब्दको उत्तरवर्ती विशेष्य (नाम) शब्दका साथमा समास हुन्छ र यसलाई विशेषण पूर्वपद कर्मधारय समास भनिन्छ, जस्तै : नीलं च तत् उत्पलम्– नीलोत्पलम्, कृष्णश्चासौ सर्पश्च– कृष्णसर्पः । यसैगरी पूर्वश्चासौ वैयाकरणश्च– पूर्ववैयाकरणः, अपरश्चासौ अध्यापकश्च– अपराध्यापकः, सन् वैद्यः– सद्वैद्यः, महाँश्चासौ वैयाकरणः– महावैयाकरणः जस्ता शब्दको पनि कर्मधारय समास हुन्छ ।

**(२३६) पुंवत्कर्मधारयजातीयदेशीयेषु ६।३।४२** (पुंवद्भाव)

कर्मधारय समासमा पूर्ववर्ती स्त्रीलिङ्गी शब्दको पुंवद्भाव अर्थात् पुँल्लिङ्ग हुन्छ, जस्तै : महती चासौ नवमी च– महत्+नवमी– मह+आ+नवमी =महानवमी, कृष्णा चासौ चतुर्दशी च– कृष्णचतुर्दशी, महती चासौ प्रिया च– महाप्रिया आदि ।

**(२३७) उपमानानि सामान्यवचनैः २।१।५५** (समास)

उपमानवाची शब्दको सामान्य शब्दका साथमा समास हुन्छ र यसलाई उपमान पूर्वपद कर्मधारय समास भनिन्छ, जस्तै : घन इव श्यामः– घनश्यामः, कर्पूर इव गौरम्– कर्पूरगौरम्, चन्द्र इव मुखम्– चन्द्रमुखी आदि ।

**(२३८) उपमितं व्याघ्रादिभिः सामान्याप्रयोगे २।१।५६** (समास)

सामान्य धर्मवाची शब्दको प्रयोग नगरिएका खण्डमा उपमेयवाची शब्दको व्याघ्र आदि शब्दका साथमा समास हुन्छ र यसलाई उपमान उत्तरपद कर्मधारय समास भनिन्छ, जस्तै : पुरुष व्याघ्र इव– पुरुषव्याघ्रः, नरः सोम इव– नृसोमः, नरः सिंह इव– नृसिंहः, मुखं कमलमिव– मुखकमलम्, पार्थिवश्चन्द्र इव– पार्थिवचन्द्रः, चरणं कमलमिव– चरणकमलम्, करः कमलमिव– करकमलम् आदि ।

## ८.४ द्विगु समास

सङ्ख्या पूर्वमा हुने र समूह अर्थ बुझाउने समासलाई द्विगु समास भनिन्छ र द्विगु समास भएका शब्दहरू नपुंसकलिङ्गमा र एकवचनमा मात्र प्रयोग हुन्छन् । द्विगु समास गर्ने प्रमुख सूत्र निम्नलिखित छ :

**(२३९) तद्धितार्थोत्तरपदसमाहारे च २।१।५१** (समास)

तद्धितार्थका विषयमा, उत्तरपद पर भएमा र समूह अर्थ बुझाएमा पनि दिशावाची र सङ्ख्यावाची शब्दका साथमा समास हुन्छ, जस्तै : पञ्चानां गवां समाहारः– पञ्चन्+गो+टच्– पञ्च+गो+अ– पञ्चगव्+अ– पञ्चगव+सु– पञ्चगव+अम् =पञ्चगवम्, पञ्चानां पात्राणां समाहारः– पञ्चपात्रम्, षण्णां मातृणामपत्यम्– षाण्मातुरः, चतुर्णां युगानां समाहारः– चतुर्युगम्, त्रयाणां लोकानां समाहारः– त्रिलोकम्, त्रिलोक+ङीप् =त्रिलोकी, अष्टानामध्यायानां समाहारः– अष्टाध्याय+ङीप् =अष्टाध्यायी, अष्टानां दलानां समाहारः– अष्टदलम्, त्रयाणां भुवनानां समाहारः– त्रिभुवनम् आदि ।

## ८.५ बहुव्रीहि समास

अन्य पदको अर्थ मुख्य हुने समासलाई बहुव्रीहि समास भनिन्छ । बहुव्रीहि समास भएका शब्दहरू विशेषणका रूपमा प्रयोग हुन्छन् । बहुव्रीहि समासलाई समास हुने शब्दमा रहने समान विभक्ति र असमान विभक्तिका आधारमा समानाधिकरण बहुव्रीहि समास र व्यधिकरण बहुव्रीहि समास गरी मुख्यत: दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

### ८.५.१ समानाधिकरण बहुव्रीहि समास

समास हुने दुवै शब्द प्रथमा विभक्तिमा रहने बहुव्रीहि समासलाई समानाधिकरण बहुव्रीहि समास भनिन्छ । विभक्ति र नञ् अर्थका आधारमा समानाधिकरण बहुव्रीहि समास दुई प्रकारको हुन्छ : १. विभक्त्यर्थ बहुव्रीहि समास र २. नञर्थ बहुव्रीहि समास । समानाधिकरण बहुव्रीहि समास गर्ने प्रमुख सूत्रहरू निम्नलिखित छन् :

(२४०) **अनेकमन्यपदार्थे २।२।२४** (विभक्त्यर्थ बहुव्रीहि समास)

प्रथमा विभक्तिको अर्थलाई छाडेर द्वितीयादेखि सप्तमीसम्मका विभक्तिको अर्थमा प्रथमान्त शब्दहरूका बीचमा समास हुनुलाई विभक्त्यर्थ बहुव्रीहि समास भनिन्छ, जस्तै : प्राप्तमुदकं यं स:– प्राप्तोदको ग्राम:, ऊढरथो येन स:– ऊढरथोऽनड्वान्, उपहृतं पशु यस्मै स:– उपहृतपशू रुद्र:, उद्धृत ओदनो यस्या सा– उद्धृतौदना स्थाली, पीतमम्बरं यस्य स:– पीताम्बरो हरि:, वीरा: पुरुषा यस्मिन् स:– वीरपुरुषको ग्राम: । यी उदाहरणहरूमा क्रमश: द्वितीयार्थदेखि सप्तम्यर्थसम्मको समास भएको छ ।

(२४१) **नञोऽस्त्यर्थानां वाच्यो वा चोत्तरपदलोप: वा.२।२।२४।१२** (नञर्थ बहुव्रीहि समास)

नञ् समास भएको प्रथमान्त अविद्यमान शब्दको षष्ठी विभक्त्यर्थमा प्रथमान्त शब्दका साथमा समास भई विद्यमान शब्दको समेत लोप हुन्छ र यसलाई नञर्थ बहुव्रीहि समास भनिन्छ, जस्तै : अविद्यमान: पुत्रो यस्य स:– अविद्यमान पुत्र =अपुत्र:, अविद्यमानं बलं यस्या सा– अबल+टाप् =अबला, अविद्यमान नाथो यस्य स:– अनाथ:, अविद्यमाना उपमा यस्य स:– अनुपमा (ह्रस्व) =अनुपम:, अविद्यमान: सीमा यस्य स:– असीम ।

### ८.५.२ व्यधिकरण बहुव्रीहि समास

पाणिनीय व्याकरणमा 'सप्तमी विशेषणे बहुव्रीहौ' (अ.२।२।३५) सूत्रले सप्तम्यन्त शब्दको पूर्व प्रयोग गर्दछ । यसै सन्दर्भमा भट्टोजिदीक्षितले सिद्धान्तकौमुदी (१९८२, पृ.१८०) मा "अत एव ज्ञापकाद्व्यधिकरणपदो बहुव्रीहि:" अर्थात् यही प्रमाणका आधारमा व्यधिकरण बहुव्रीहि समासको अस्तित्व स्वीकार्न सकिन्छ भन्ने उल्लेख गरेका छन् । व्यधिकरण बहुव्रीहि समासलाई सङ्ख्या बहुव्रीहि, दिगन्तराल बहुव्रीहि, व्यतिहार बहुव्रीहि, सहार्थ बहुव्रीहि र सप्तम्यन्त बहुव्रीहि गरी मुख्यत: पाँच प्रकारमा वर्गीकरण गर्न सकिन्छ । व्यधिकरण बहुव्रीहि समास गर्ने प्रमुख सूत्रहरू निम्नलिखित छन् :

(२४२) **सङ्ख्याव्ययासन्नादूराधिकसङ्ख्याः सङ्ख्येये २।२।२५** (सङ्ख्या बहुव्रीहि समास)

गन्ती गर्ने अर्थमा रहेका सङ्ख्यावाची शब्दका साथमा अव्यय, आसन्न, अदूर, अधिक र सङ्ख्यावाची शब्दको समास हुन्छ र यसलाई सङ्ख्या बहुव्रीहि समास भनिन्छ, जस्तै : दशानां समीपे ये सन्ति ते– उपदशन्+डच्– उपदश+जस् =उपदशाः, विंशतेरासन्नाः– आसन्नविंशति+डच् (तिलोप) =आसन्नविंशाः, त्रिंशतोऽदूराः– अदूरत्रिंशाः, चत्वारिंशतोऽधिकाः– अधिकचत्वारिंशाः, द्वौ वा त्रयो वा– द्वित्राः, द्विरावृत्ता दशः– द्विदशाः आदि ।

(२४३) **तत्र तेनेदमिति सरूपे २।२।२७** (व्यतिहार बहुव्रीहि समास)

सप्तम्यन्त समान शब्दहरूको ग्रहण गर्ने अर्थमा एवं तृतीयान्त समान शब्दहरूको प्रहार गर्ने भन्ने अर्थमा समास हुन्छ र यसलाई व्यतिहार बहुव्रीहि समास भनिन्छ, जस्तै : केशेषु केशेषु गृहीत्वा इदं युद्धं प्रवृत्तम्– केश+केश (दीर्घ)– केशाकेश+इच् =केशाकेशि, दण्डैश्च दण्डैश्च प्रहृत्य इदं युद्धं प्रवृत्तम्– दण्डादण्डि, मुष्टिभि मुष्टिभिः प्रहृत्य इदं युद्ध प्रवृत्तम्– मुष्टीमुष्टिः, बाहौ बाहौ च परस्परं गृहीत्वा स्थितयोरिदं युद्धं प्रवृत्तम्– बाहूबाहु+इ (गुण)– बाहूबाहो +इ (अवादेश) =बाहूबाहवि आदि ।

(२४४) **तेन सहेति तुल्ययोगे २।२।२८** (सहार्थ बहुव्रीहि समास)

प्रायः तुल्ययोग अर्थमा रहेको सह शब्दको तृतीयान्त शब्दका साथमा समास हुन्छ र यसलाई सहार्थ बहुव्रीहि समास भनिन्छ, जस्तै : पुत्रेण सह– सहपुत्र =सपुत्रः, गवा सह– सगवः, वत्सेन सह– सवत्सः, हलेन सह– सहलः, छात्रेण सह– सच्छात्रः, कर्मकरेण सह– सकर्मकरः, मात्रा सह– समाता, पित्रा सह– सपिता आदि । तुल्ययोग अर्थ प्रायिक भएकाले सकर्मकः, सलोमकः, सपक्षकः आदि प्रयोगमा विद्यमान अर्थमा रहेको सह शब्दसँग पनि समास भएको पाइन्छ ।

यसैगरी दक्षिणस्याः पूर्वस्याश्च दिशोऽन्तरालम्– दक्षिणपूर्वा जस्ता शब्दमा दिगन्तराल बहुव्रीहि समास भएको देखिन्छ भने कण्ठेस्थः कालो यस्य– कण्ठेकालः, दण्डं पाणौ यस्य– दण्डपाणिः, चक्रं पाणौ यस्य– चक्रपाणिः, चन्द्रः शेखरे यस्य– चन्द्रशेखरः जस्ता शब्दमा प्रवृत्त हुने समासलाई सप्तम्यन्त बहुव्रीहि समास भनिन्छ ।

## ८.६ द्वन्द्व समास

पदार्थ प्रधानका आधारमा उभय वा दुवै शब्दको अर्थ मुख्य हुने समासलाई द्वन्द्व समास भनिन्छ । द्वन्द्व समास गर्ने मुख्य सूत्र एउटा मात्र छ ।

(२४५) **चार्थे द्वन्द्वः २।२।२९** (द्वन्द्व समास)

'च' शब्दको अर्थमा रहेका सुबन्त शब्दहरूको समास हुन्छ र यसलाई द्वन्द्व समास भनिन्छ । 'च' शब्दका समुच्चय, अन्वाचय, इतरेतर र समाहार गरी चार अर्थ छन् । तीमध्ये समुच्चय र अन्वाचय अर्थमा असामर्थ्य भएकाले समास हुँदैन । त्यसैले 'च' शब्दको अर्थका आधारमा द्वन्द्व समास इतरेतर द्वन्द्व र समाहार द्वन्द्व गरी दुई प्रकारको हुन्छ ।

## ८.६.१ इतरेतर द्वन्द्व समास

परस्परमा मिलेका शब्दहरूका साथमा सम्बन्ध हुनुलाई इतरेतर द्वन्द्व समास भनिन्छ । यस समासमा विग्रह गर्दा दुई शब्द भए समास भएपछि द्विवचन र दुईभन्दा बढी शब्द भए बहुवचनको प्रयोग हुन्छ भने विग्रह गर्दा प्रत्येक शब्दपछि 'च' शब्द राखिन्छ । यस समासमा कुन शब्दलाई अघि राख्ने र कुन शब्दलाई पछि राख्ने ? भन्ने बारेमा व्यापक विचारविमर्श गरिएको छ । तदनुसार दुईभन्दा बढी शब्दमध्ये एउटा शब्दमा मात्र पूर्व प्रयोगको नियम लागू हुने भए पनि दुई शब्दमध्ये सामान्यतया घिसंज्ञा भएका इकारान्त र उकारान्त शब्दको, अजादि र अकारान्त शब्दको, थोरै अच्वर्ण भएका शब्दको, पूजित शब्दको, ह्रस्व शब्दको तथा ऋतु, नक्षत्र, वर्ण र दाजुभाइमा क्रमशः अघिल्ला वा जेठाको अगाडि प्रयोग गरिन्छ, जस्तै : हरिश्च हरश्च– हरिहरौ, ईशश्च कृष्णश्च– ईशकृष्णौ, शिवश्च केशवश्च– शिवकेशवौ, तापसश्च पर्वतश्च– तापसपर्वतौ, राधा च कृष्णश्च– राधाकृष्णौ, कुशश्च काशश्च– कुशकाशम्, कृत्तिका च रोहिणी च– कृत्तिकारोहिण्यौ, ब्राह्मणश्च क्षत्रियश्च विट् च शूद्रश्च– ब्राह्मणक्षत्रियविट्शूद्राः, युधिष्ठिरश्च अर्जुनश्च– युधिष्ठिरार्जुनौ, रामश्च लक्ष्मणश्च भरतश्च– रामलक्ष्मणभरताः आदि ।

## ८.६.२ समाहार द्वन्द्व समास

समूहलाई समाहार भनिन्छ । समाहार द्वन्द्व समासमा समस्त शब्दको विग्रह गर्दा प्रायः सबै शब्दमा षष्ठी विभक्तिको प्रयोग गरिन्छ भने समास भइसकेपछि यस्ता शब्दहरू प्रथमान्त, एकवचन र नपुंसकलिङ्गमा मात्र प्रयोग हुन्छन् । यद्यपि द्वन्द्व समासमा 'प्रथमान्तको मात्र द्वन्द्व हुन्छ' भन्ने मत पाइन्छ तथापि त्यस मतमा 'संज्ञा च परिभाषा च तयोः समाहारः– संज्ञापरिभाषम्' भनेर प्रथमान्तपछि पुनः तिनलाई षष्ठ्यन्त नै ठानेर विग्रह गर्ने गरिएकाले समाहार द्वन्द्वमा षष्ठ्यन्तको मात्र विग्रह गर्नु समुचित देखिन्छ । इतरेतर द्वन्द्व समासमा कुन शब्दलाई पूर्व प्रयोग भन्ने विशेष विचार गरिएजस्तै समाहार द्वन्द्व समासमा कस्ता कस्ता शब्दको एकवद्भाव हुन्छ ? भन्ने बारेमा विशेष विचारविमर्श गरिएको छ । तदनुसार प्राणीका अङ्गको, वाद्यवादनका अङ्गको, सेनाका अङ्गको, वेदका शाखाका अध्येताको, प्राणीभिन्न जातिवाची शब्दको, विभिन्न लिङ्ग भएका नदीवाची र देशवाची शब्दको, ससाना जीवजन्तुको, जसको शाश्वत विरोध हुन्छ र गवाश्वादि गणमा पढिएका शब्दको पनि एकवद्भाव हुन्छ, जस्तै : पाण्योः पादयोश्च समाहारः– पाणिपादम्, मार्दङ्गिकपाणविकयोः समाहारः– मार्दङ्गिकपाणविकम्, रथिकानामश्वारोहाणां च समाहारः– रथिकाश्वारोहम्, कठानां कालापानां च समाहारः– कठकालापम्, कठानां कौथुमानां च समाहारः– कठकौथुमम्, धानाश्च शष्कुल्यश्च तासां समाहारः– धानाशष्कुलि, उद्धयश्च इरावती च तयोः समाहारः– उद्धयेरावति, गङ्गा च शोणश्च तयोः समाहारः– गङ्गाशोणम्, कुरवश्च कुरुक्षेत्रश्च तयोः समाहारः– कुरुकुरुक्षेत्रम्, यूकाश्च लिक्षाश्च– यूकालिक्षम्, अहयश्च नकुलाश्च– अहिनकुलम्, गावश्च व्याघ्राश्च– गोव्याघ्रम्, काकाश्च उलूकाश्च– काकोलूकम्, गावश्च अश्वश्च तेषां समाहारः– गवाश्वम् आदि ।

◆

# ९. तद्धित प्रकरण

'तस्मै हितम्– तद्+हित = तद्धित:' अर्थात् उसका लागि हित वा राम्रो भन्ने शाब्दिक अर्थ रहे पनि व्याकरणमा 'तद्धित' भन्नाले शब्ददेखि जोडिने व्युत्पन्न प्रत्ययलाई बुझाउँछ । तद्धितान्त प्रातिपदिक शब्ददेखि पुन: प्रातिपदिकसंज्ञा गरेर तिनलाई पदान्त बनाइने भएकाले तद्धितान्त शब्दलाई द्वितीय व्युत्पन्न शब्दका नामले पनि चिनिन्छ । अष्टाध्यायीमा चौथो अध्यायको पहिलो पाउको ७६ औं सूत्रदेखि पाँचौं अध्यायको समाप्तिसम्म तद्धित प्रत्ययहरूको अध्ययन गरिएको छ । सिद्धान्तकौमुदीको तद्धितप्रकरणमा १०७९ सूत्रहरू र २४१ बार्तिकहरू पढिएका छन् भने तद्धितप्रकरणलाई अर्थ एवं प्रत्ययको अधिकारका आधारमा १४ प्रकारमा विभाजन गरी अन्तमा द्विरुक्त प्रकरणलाई पनि तद्धितप्रकरणमै समावेश गरिएको छ । यस अध्ययनमा भने तद्धितान्त शब्दको निर्माणमा प्रवृत्त हुने निम्नलिखित प्रमुख १४ सूत्रहरूको मात्र चर्चा गरिएको छ ।

**(२४६) तद्धितेष्वचामादेः ७।२।११७** (आदिवृद्धि)

ञकार र णकारको इत्संज्ञा हुने तद्धित प्रत्यय पर भएमा शब्दको आदिमा रहेका अकारका ठाउँमा आ, इकार, ईकार र एकारका ठाउँमा ऐ तथा उकार, ऊकार र ओकारका ठाउँमा औकार बृद्धि हुन्छ । यसरी आदि अच्को वृद्धि हुनुलाई आदिवृद्धि भनिन्छ, जस्तै : पशुपतेरपत्यम्– पशुपति+अण्– पशुपति+अ– पाशुपति+अ– पाशुपत्+अ– पाशुपत+सु– पाशुपत+अम् =पाशुपतम्, शिवस्यापत्यम्– शिव+अण् =शैव: । तद्धित प्रत्यय पर भएमा प्राय: सर्वत्र प्रातिपदिकको अन्तमा रहेका अकार, आकार, इकार र ईकारको लोप भएको पाइन्छ ।

**(२४७) किति च ७।२।११८** (आदिवृद्धि)

ककारको इत्संज्ञा हुने तद्धित प्रत्यय पर भएमा पनि शब्दको आदिमा रहेका अच्वर्णको वृद्धि हुन्छ र यसलाई समेत आदिवृद्धि नै भनिन्छ, जस्तै : विनताया अपत्यम्– विनता+ढक्– विनता+एय– वैनता+एय– वैनत्+एय =वैनतेय: । ञित्, णित् र कित् प्रत्यय पर भएमा पदान्तमा रहेका यकार र वकारदेखि पर रहेका आद्य अच्को वृद्धि हुँदैन परन्तु यकारदेखि पूर्व ऐकार र वकारदेखि पूर्व औकारको आगम हुन्छ, जस्तै : व्याकरण+अण् =वैयाकरण:, न्याय+ठक् =नैयायिक: ।

**(२४८) तस्यापत्यम् ४।१।९२** (अण् आदि प्रत्यय)

अपत्य वा सन्तान भन्ने अर्थमा सन्धि गरिएका षष्ठ्यन्त शब्ददेखि अण् आदि प्रत्ययहरू हुन्छन्, जस्तै : उपगोरपत्यम्– उपगो+अण्– उपगो+अ– औपगो+अ– औपगव्+अ =औपगव:, विष्णोरपत्यम्– विष्णु+अण् =वैष्णव:, दितेरपत्यम्– दिति+ण्य =दैत्य: आदि ।

**(२४९) अत इञ् ४।१।९५** (इञ् प्रत्यय)

अपत्य अर्थमै षष्ठ्यन्त शब्ददेखि इञ् प्रत्यय हुन्छ, जस्तै : दक्षेरपत्यम्– दक्षि+इञ् =दाक्षिः, दशरथस्यापत्यम्– दशरथ+इञ् =दाशरथिः आदि ।

**(२५०) स्त्रीभ्यो ढक् ४।१।१२०** (ढक् प्रत्यय)

अपत्य अर्थमा स्त्रीलिङ्गी शब्ददेखि ढक् (एय) प्रत्यय हुन्छ, जस्तै : कुन्त्या अपत्यम्– कुन्ती+ढक्– कुन्ती+एय– कौन्ती+एय– कौन्त्+एय =कौन्तेयः, द्रौपदी+ढक् =द्रौपदेयः, सुपर्णा+ढक् =सौपर्णेयः, गङ्गा+ढक् =गाङ्गेयः, राधा+ढक् =राधेयः आदि ।

**(२५१) वृद्धाच्छः ४।२।११४** (छ प्रत्यय)

जुन शब्दको आदि अच् आ, ऐ, औ छ त्यस्ता शब्ददेखि र त्यद् आदि शब्ददेखि पनि जात (जन्मेको), भव (हुने) आदि अर्थमा छ (ईय) प्रत्यय हुन्छ, जस्तै : शालायां जातः– शाला+छ– शाला+ईय– शाल्+ईय =शालीयः, मालायां भवः– माला+छ =मालीयः, तस्यायम्– तद्+छ =तदीयः, तव अयम्– युष्मद्+छ =त्वदीयः, मम अयम्– अस्मद्+छ =मदीयः आदि । भवत् शब्ददेखि भने ठक् र छस् प्रत्यय हुन्छन्, जस्तै : भवतोऽयम्– भवत्+ठक् =भावत्कः, भवत्+छस् =भवदीयः ।

**(२५२) कालाट्ठञ् ४।३।११** (ठञ् प्रत्यय)

जात, भव आदि अर्थमा कालवाची शब्ददेखि ठञ् (इक) प्रत्यय हुन्छ, जस्तै : मासे जात्– मास+ठञ्– मास+इक– मास्+इक =मासिकः, दिने जातः– दिन+ठञ् =दैनिकः, समये भवः– समय+ठञ् =सामयिकः, संवत्सरे जातः– संवत्सर+ठञ् =सांवत्सरिकः, इतिहासे जातः– इतिहास+ठञ् =ऐतिहासिकः आदि ।

**(२५३) शरीरावयवाच्च ४।३।५५** (यत् प्रत्यय)

भव (हुने) अर्थमा शरीरका अङ्गवाची शब्ददेखि यत् (य) प्रत्यय हुन्छ, जस्तै : दन्ते भवम्– दन्त+यत्– दन्त्+य– दन्त्य+सु– दन्त्य+अम् =दन्त्यम्, कर्णे भवम्– कर्ण+य =कर्ण्यम्, ओष्ठे भवम्– ओष्ठ+यत् =ओष्ठ्यम्, मूर्धनि भवम्– मूर्धन्+यत् =मूर्धन्यम्, मुखे भवम्– मुख+यत् =मुख्यम्, नासिकायां भवम्– नासिका+यत् =नासिक्यम्, तालुनि भवम्– तालु+यत्– तालो+य– तालव्+य =तालव्यम्, जघने भवम्– जघन+य =जघन्यम्, उरसि भवम्– उरस्+यत् =उरस्यम् आदि ।

**(२५४) तस्य भावस्त्वतलौ ५।१।११८** (त्व/तल् प्रत्यय)

भाव अर्थमा षष्ठ्यन्त शब्ददेखि त्व र तल् प्रत्यय हुन्छन् । यीमध्ये त्व प्रत्ययान्त शब्द नपुंसकलिङ्गमा र तल् प्रत्ययान्त शब्द स्त्रीलिङ्गमा प्रयोग गरिन्छन्, जस्तै : गोर्भावः– गो+त्व– गोत्व+सु– गोत्व+अम् =गोत्वम्, गो+तल्– गोत+टाप् =गोता, गुरोर्भावः– गुरु+त्व =गुरुत्वम्, गुरु+तल् =गुरुता, व्यक्तेर्भावः व्यक्ति+त्व =व्यक्तित्वम्, मानवस्य भावः– मानव+तल् =मानवता, जातीयस्य भावः– जातीय+तल् =जातीयता आदि ।

**(२५५) तदस्यास्त्यस्मिन्निति मतुप् ५।२।९४** (मतुप् प्रत्यय)

'यसको यो हो' वा 'यसमा यो छ' भन्ने अर्थमा प्रथमान्त शब्ददेखि मतुप् (मत्) प्रत्यय हुन्छ, जस्तैः गावोऽस्यास्मिन् वा सन्ति– गो+मतुप्– गोमत्+सु =गोमान्, गोमत्+ङीप् =गोमती । यव, भूमि, मधु आदि शब्दलाई छाडेर मकार, अकार र आकार अन्तमा वा उपधामा हुने तथा झय् प्रत्याहार अन्तमा हुने शब्ददेखि पर रहेका मतुप् प्रत्ययका मकारका स्थानमा वकार हुन्छ, जस्तै : ज्ञानमस्यास्मिन् वा अस्ति– ज्ञान+मतुप्– ज्ञान+मत्– ज्ञानवत्+सु =ज्ञानवान्, विद्या+मतुप् =विद्यावान्, लक्ष्मी+मतुप् =लक्ष्मीवान्, यशस्+मतुप् =यशस्वान् आदि ।

**(२५६) अत इनिठनौ ५।२।११५** (इनि/ठन् प्रत्यय)

मतुप् प्रत्ययकै अर्थमा अकार अन्तमा हुने अनेकाक्षरी शब्ददेखि इनि (इन्) र ठन् (इक) प्रत्यय हुन्छन्, जस्तै : दण्डोऽस्यास्ति– दण्ड+इनि– दण्ड+इन्– दण्ड्+इन्– दण्डिन्+सु =दण्डी, दण्ड+ठन् दण्ड+इक– दण्ड्+इक =दण्डिकः, सुख+इनि =सुखी, दुःख+इनि =दुःखी, धन+इनि =धनी आदि ।

**(२५७) पञ्चम्यास्तसिल् ५।३।७** (तसिल् प्रत्यय)

पञ्चमी अन्तमा हुने किम् शब्द, द्वि आदिदेखि भिन्न सर्वनामसंज्ञक शब्द र बहु शब्ददेखि स्वार्थमा तसिल् (तस्) प्रत्यय हुन्छ, जस्तैः किम्+तसिल्– कुतस्+सु =कुतः, तद्+तसिल्– ततस्+सु =ततः, यद्+तसिल्– यतस्+सु =यतः, सर्व+तसिल्– सर्वतस्+सु =सर्वतः, बहु+तसिल्– बहुतस्+सु =बहुतः आदि ।

**(२५८) सप्तम्यास्त्रल् ५।३।१०** (त्रल् प्रत्यय)

सप्तम्यन्त किम् शब्द, द्वि आदिदेखि भिन्न सर्वनामसंज्ञक शब्द र बहु शब्ददेखि स्वार्थमा त्रल् (त्र) प्रत्यय हुन्छ, जस्तै : किम्+त्रल्– कुत्र+सु– कुत्र, तद्+त्रल्– तत्र+सु =तत्र, यद्+त्रल्– यत्र+सु =यत्र, सर्व+त्रल्– सर्वत्र+सु =सर्वत्र, बहु+त्रल्– बहुत्र+सु =बहुत्र ।

**(२५९) कृभ्वस्तियोगे सम्पद्यमाने कर्तरि च्वि ५।४।५०** (च्वि प्रत्यय)

कृ, भू र अस् धातुको योग भएमा 'नभएको हुनु' भन्ने अर्थमा रहेका शब्ददेखि च्वि (०) प्रत्यय हुन्छ । च्वि प्रत्यय पूरैको लोप भए पनि त्यसलाई आधार मानेर अकार र आकारका स्थानमा ईकार हुन्छ भने अन्य स्वरवर्णको दीर्घ हुन्छ, जस्तै : अकृष्णः कृष्णः सम्पद्यते तं करोति– कृष्ण+च्वि+करोति– कृष्ण+करोति =कृष्णीकरोति, शुचि+च्वि+भवति =शुचीभवति, पटु+च्वि+स्यात् =पटूस्यात्, केन्द्र+च्वि+करणम् =केन्द्रीकरणम् आदि ।

◆

# १०. तिङन्त प्रकरण

तिप्, तस्, झि आदि तिङ् प्रत्यय अन्तमा हुने प्रकरणलाई तिङन्तप्रकरण भनिन्छ । 'प्रत्यया अथ कथ्यन्ते तृतीयाध्यायगोचरा:' अर्थात् यसपछि तृतीय अध्यायसम्बन्धी प्रत्ययहरू भनिन्छन् भन्दै सिद्धान्तकौमुदीले तिङन्तप्रकरण तृतीय अध्यायमा केन्द्रित रहेको सङ्केत गरेको छ । सिद्धान्तकौमुदीको तिङन्तप्रकरणमा ६७९ सूत्र, ११६ वार्तिक र १९४३ धातुहरू पढिएका छन् भने तिङन्तप्रकरणलाई भ्वादि, अदादि, जुहोत्यादि, दिवादि, स्वादि, तुदादि, रुधादि, तनादि, क्र्यादि, चुरादि, णिच्, सन्, यङ्, यङ्लुक्, नामधातु, कण्ड्वादि, प्रत्ययमाला, आत्मनेपद, परस्मैपद, भावकर्म, कर्मकर्तृ र लकारार्थ गरी २२ प्रकरणमा विभाजन गरिएको छ । तीमध्ये यस अध्ययनमा धातुगणमा आधारित भ्वादि, अदादि, जुहोत्यादि, दिवादि, स्वादि, तुदादि, रुधादि, तनादि, क्र्यादि र चुरादि १० प्रकरण तथा णिच्, सन्, नामधातु र भावकर्म गरी १४ प्रकरणहरूको मात्र सामान्य चर्चा गर्ने प्रयत्न गरिएको छ ।

काल, भाव र पक्षलाई बुझाउने सन्दर्भमा लट्, लिट्, लुट्, लृट्, लेट्, लोट्, लङ्, लुङ्, लिङ् र लृङ् गरी १० लकारको प्रयोग गरिन्छ । यिनमा रहेका सबै वर्णको लोप भएर 'ल्' मात्र बाँकी रहने भएकाले यिनलाई लकार भनिएको हो । यीमध्ये पाँचौं लेट् लकारको प्रयोग वेदमा मात्र हुन्छ भने लिङ्लकार विधिलिङ् र आशीर्लिङ् गरी दुई प्रकारको हुन्छ । वर्तमान कालमा लट् लकारको मात्र प्रयोग गरिन्छ । भूतकालमा लङ् र लुङ् लकारको प्रयोग हुन्छ भने बाँकी लकारको प्रयोग भविष्यत् कालमा प्रयोग गरिन्छ । १० वटा धातुगणमा तथा भावकर्म प्रकरणमा पनि धातुदेखि सोझै लकारको प्रयोग गरी तिनका स्थानमा तिङ् प्रत्ययको विधान गरिन्छ भने णिच्, सन् र नामधातु प्रकरणमा सर्वप्रथम तत् तत् प्रत्ययको विधान गरेपछि धातुसंज्ञा गरेर मात्र लकार र तिङ् प्रत्ययको विधान गरिन्छ । त्यसरी प्रयोग गरिने तिङ् प्रत्यय परस्मैपद र आत्मनेपद गरी मुख्यत: दुई प्रकारका हुन्छन् भने तिनलाई एकवचन, द्विवचन र बहुवचन तथा प्रथमपुरुष, मध्यमपुरुष र उत्तमपुरुषका आधारमा वर्गीकरण गरिन्छ । १८ प्रकारका तिङ्प्रत्ययहरू यसप्रकार छन् :

| | **परस्मैपदी तिङ् प्रत्यय** | | | **आत्मनेपदी तङ् प्रत्यय** | | |
|---|---|---|---|---|---|---|
| | **एकवचन** | **द्विवचन** | **बहुवचन** | **एकवचन** | **द्विवचन** | **बहुवचन** |
| **प्रथमपुरुष** | तिप् | तस् | झि | त | आताम् | झ |
| **मध्यमपुरुष** | सिप् | थस् | थ | थास् | आथाम् | ध्वम् |
| **उत्तमपुरुष** | मिप् | वस् | मस् | इट् | वहि | महिङ् |

# १०.१ भ्वादिप्रकरण

भूधातुदेखि शिवधातुसम्मका १०१० वटा धातुहरू पढिएको प्रकरणलाई भ्वादिप्रकरण भनिन्छ । भ्वादिगणका धातुदेखि सार्वधातुकसंज्ञक लट्, लोट्, लङ् र विधिलिङ् लकारमा धातु र प्रत्ययका बीचमा शप् (अ) विकरण प्रत्यय लाग्दछ । परस्मैपदमा भूधातु र आत्मनेपदमा एध् धातुको रूपसिद्धिप्रक्रियालाई तिङन्तप्रकरणको मूल आधारस्तम्भ मानिन्छ । त्यसैले यस अध्ययनमा मुख्यत: भू (हुनु) र एध् (बढ्नु) धातुका दशवटै लकारका रूपहरूको सिद्धिप्रक्रियामा प्रवृत्त हुने ६७ वटा विशेषसूत्रहरूसँगै बहुप्रचलित १३१ धातुका लट्, लृट्, लङ् र लोट् लकारका प्रमुख रूपहरूको सङ्केत गरिएको छ ।

## १०.१.१ परस्मैपदी भू-धातुका रूपहरूको सिद्धिप्रक्रिया

| लट् लकार (वर्तमानकाल) का रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| भवति | भवत: | भवन्ति | अति | अत: | अन्ति |
| भवसि | भवथ: | भवथ | असि | अथ: | अथ |
| भवामि | भवाव: | भवाम: | आमि | आव: | आम: |

**(२६०) वर्तमाने लट् ३।२।१२३** (लट्लकार)

वर्तमान क्रियाको अर्थमा रहेका धातुदेखि लट् लकार हुन्छ, जस्तै : भू+लट्– भू+ल्– भू+तिप्... =भवति ।

**(२६१) कर्तरि शप् ३।१।६८** (शप् प्रत्यय)

कर्ता अर्थमा रहेको सार्वधातुकसंज्ञक (सूत्र ४३) प्रत्यय पर भएमा धातुदेखि शप् (अ) प्रत्यय हुन्छ, जस्तै : भू+लट्– भू+ल्– भू+तिप् (सार्वधातुकसंज्ञा)– भू+ति– भू+शप् ति (शपको सार्वधातुकसंज्ञा)– भू+अ+ति– भो +अति– भ् अव्+अति =भवति ।

**(२६२) सार्वधातुकार्धधातुक्यो: ७।३।८४** (गुण)

सार्वधातुकसंज्ञा (सूत्र ४३) र आर्धधातुकसंज्ञा (सूत्र ४४) भएका प्रत्यय पर भएमा इवर्ण, उवर्ण र ऋवर्ण अन्तमा हुने धातुका अङ्गको क्रमश: ए, ओ र अर् गुण हुन्छ, जस्तै : भू+लट् ... भू+अति– भो+अति– भ् अव्+अति =भवति, जि+तृच्– जे +तृ– जेता, कृ+तृच्– कर्+तृ– कर्ता+सु =कर्ता ।

**(२६३) झोऽन्त: ७।१।३** (अन्त् आदेश)

प्रत्ययको अवयव 'झ्'का स्थानमा 'अन्त्' आदेश हुन्छ, जस्तै : भू+लट्– भू+झि– भू+अन्ति–... भव+अन्ति (पररूप) =भवन्ति ।

**(२६४) अतो दीर्घो यञि ७।३।१०१** (दीर्घ)

यञ् प्रत्याहार आदिमा हुने सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा अकार अन्तमा हुने धात्वङ्गको दीर्घ हुन्छ, जस्तै : भू+लट्– भू+वस् –... भव+वस्– भवावस् =भवाव:, भव+मस् =भवाम: ।

| लृट् लकार (परोक्ष भूतकाल) का रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| बभूव | बभूवतु: | बभूवु: | अ | अतु: | उ: |
| बभूविथ | बभूवथु: | बभूव | इथ | अथु: | अ |
| बभूव | बभूविव | बभूविम | अ | इव | इम |

(२६५) **परोक्षे लिट् ३।२।११५** (लिट् लकार)

अनद्यतन परोक्ष भूत अर्थमा रहेका धातुदेखि लिट् लकार हुन्छ, जस्तै : भू+लिट्– भू+तिप्... =बभूव । गएका रातको एक बजेदेखि आउने रातको बाह्र बजेसम्मको २४ घण्टाको समयलाई 'अद्यतन' भनिन्छ भने त्यसदेखि अघि वा पछिको समयलाई 'अनद्यतन' भनिन्छ । त्यसैले अनद्यतन भूत र भविष्य दुवै कालमा हुन्छ ।

(२६६) **परस्मैपदनां णलतुसुस्थलथुसणल्वमा: ३।४।८२** (णलादि आदेश)

लिट् लकारका स्थानमा आदेश गरिएका तिप्, तस् आदि नौ वटा परस्मैपदी प्रत्ययका स्थानमा क्रमश: णल्, अतुस्, उस्, थल्, अथुस्, अ, णल्, व र म आदेश हुन्छन् । यीमध्ये णल् प्रत्ययको अनुबन्धलोप भई 'अ' मात्र शेष रहन्छ । सकार अन्तमा भएका अतुस्, उस् र अथुस्का सकारका स्थानमा विसर्ग (:) हुन्छ । जस्तै : भू+लिट्– भू+तिप्– भू+णल्... =बभूव ।

(२६७) **भुवो वुग्लुङ्लिटो: ६।४।८८** (वुक् आगम)

लुङ् र लिट् लकारसम्बन्धी अच् पर भएमा भू धातुको वुक् (व्) आगम हुन्छ, जस्तै : भू+लिट्– भू+ल्– भू+णल्– भू वुक् णल्... =बभूव, भू+लुङ्– अट् भू+झि– अभू+अन्ति– अभू वुक् +अन्त्– अभूवन्त् =अभूवन् ।

(२६८) **लिटि धातोरनभ्यासस्य ६।१।८** (द्वित्व)

लिट् लकार पर भएमा अभ्यासभिन्न हलादि एकाच् धातुको प्रथम अच्को द्वित्व हुन्छ भने अजादि अनेकाच् धातुका द्वितीय अच्को द्वित्व हुन्छ । रूख हल्लाउँदा हाँगाहरू पनि हल्लिएजस्तै अच्को द्वित्व हुँदा हल्को पनि द्वित्व हुन्छ । जस्तै : भू+लिट्– भू+तिप्– भू+णल्– भू वुक्+अ– भूव्+अ– भूव् भूव्+अ... =बभूव ।

(२६९) **हलादिशेष: ७।४।६०** (हलादिशेष)

अभ्यास (सूत्र ४५) मा रहेका आद्य हल्वर्णको शेष रहन्छ भने अन्य हल्वर्णको लोप हुन्छ । यसो हुनुलाई हलादिशेष भनिन्छ । जस्तै : भू+लिट्... भूव् भूव्+अ– भूभूव्+अ... =बभूव ।

(२७०) **ह्रस्व: ७।४।५९** (ह्रस्व)

अभ्यासमा रहेका दीर्घ वर्णको ह्रस्व हुन्छ, जस्तै : भू+लिट्–... भूभूव्+अ– भुभूव्+अ... =बभूव ।

(२७१) **भवतेर: ७।४।७३** (अत्व)

लिट् लकार पर भएमा भू धातुको अभ्यासमा रहेका उकारका स्थानमा अकार हुन्छ, जस्तै : भू+लिट्–.... भुभूव्+अ– भभूव्+अ =बभूव ।

**(२७२) अभ्यासे चर्च ८।४।५४** (चर्त्व/जश्त्व)

अभ्यासमा रहेका खय् प्रत्याहारमा पर्ने वर्णका स्थानमा चर्त्व हुन्छ भने खय् प्रत्याहारमा पर्ने वर्णका स्थानमा जश्त्व हुन्छ, जस्तै : भू+लिट्–... भभूव्+अ (जश्त्व) =बभूव, बभूवतु:, बभूवु: ।

**(२७३) आर्धधातुकस्येड् वलादे: ७।२।३५** (इट् आगम)

वल् प्रत्याहार आदिमा हुने आर्धधातुकसंज्ञक प्रत्ययको इट् (इ) आगम हुन्छ, जस्तै : भू+लिट्– भू+सिप्– भू+थल्–... बभूव्+थ– बभूव्+इट् थ =बभूविथ, बभूविव, बभूविम ।

**लुट् लकार (अनद्यतन भविष्यत्) का रूपहरू सङ्क्षिप्त रूपहरू**

| | | | | | |
|---|---|---|---|---|---|
| भविता | भवितारौ | भवितार: | इता | इतारौ | इतार: |
| भवितासि | भवितास्थ: | भवितास्थ | इतासि | इतास्थ: | इतास्थ |
| भवितास्मि | भवितास्व: | भवितास्म: | इतास्मि | इतास्व: | इतास्म: |

**(२७४) अनद्यतने लुट् ३।३।१५** (लुट् लकार)

अनद्यतन भविष्यत् कालको अर्थमा रहेका धातुदेखि लुट् लकार हुन्छ, जस्तै : भू+लुट्– भ+तिप्– ... =भविता ।

**(२७५) स्यतासी लृलुटो: ३।१।३३** (स्य/तास् प्रत्यय)

लृट् र लृङ् लकार पर भएमा स्य प्रत्यय तथा लुट् लकार पर भएमा तास् प्रत्यय हुन्छ, जस्तै : भू+लृट्– भू+तिप्– भू+स्य+ति... =भविष्यति, भू+लृङ्– भू+तिप्– अट् भू+स्य+ति... =अभविष्यत्, भू+लुट्– भू+तिप्– भू+तास्+ति... =भविता ।

**(२७६) लुट: प्रथमस्य डारौरस: २।४।८५** (डा/रौ/रस् आदेश)

लुट् लकारका प्रथम पुरुषका तिप्/त, तस्/आताम् र झि/झ प्रत्ययका स्थानमा क्रमश: डा, रौ र रस् आदेश हुन्छन्, जस्तै : भू+लुट्– भू+तिप्– भू+तास्+ति– भू+तास्+डा–... भवितास्+आ =भविता ।

**(२७७) तासस्त्योर्लोप: ७।४।५०** (सलोप)

सकार आदिमा हुने प्रत्यय पर भएमा तास् प्रत्यय र अस् धातुका सकारको लोप हुन्छ, जस्तै : भू+लुट्– भू+सिप्... भवितास्+सि =भवितासि, अस्+लट्– अस्+सिप्–... अस्+सि =असि ।

**(२७८) रि च ७।४।५१** (सलोप)

रकार आदिमा हुने प्रत्यय पर भएमा तास् प्रत्ययका सकारको लोप हुन्छ, जस्तै : भू+लुट्–... भू+तस्–... भवितास्+रौ =भवितारौ, भवितास्+रस् =भवितार: ।

**लृट् लकार (सामान्य भविष्यत्) का रूपहरू सङ्क्षिप्त रूपहरू**

| | | | | | |
|---|---|---|---|---|---|
| भविष्यति | भविष्यत: | भविष्यन्ति | इष्यति | इष्यत: | इष्यन्ति |
| भविष्यसि | भविष्यथ: | भविष्यथ | इष्यसि | इष्यथ: | इष्यथ |
| भविष्यामि | भविष्याव: | भविष्याम: | इष्यामि | इष्याव: | इष्याम: |

लृट् लकारका उपर्युक्त रूपहरूको सिद्धिका लागि लृट् लकार गर्ने 'लृट् शेषे च' बाहेक अन्य विशेष नयाँ सूत्रहरू प्रवृत्त हुँदैनन् । लट्, लिट् र लुट् लकारका रूपको सिद्धिका लागि प्रवृत्त भएका पूर्ववर्ती सूत्रद्वारा नै उक्त रूपहरूको सिद्धि हुन्छ ।

**(२७९) लोट् च ३।३।१६२** (लोट् लकार)

विधि, निमन्त्रण, आमन्त्रण, अधीष्ट, संप्रश्न, प्रार्थना र आशीर्वाद वा आज्ञा अर्थमा पनि लोट् लकार हुन्छ । विधि भन्नाले नोकर आदिलाई काममा संलग्न हुन प्रेरित गर्नु वा आदेश दिनु भन्ने बुझिन्छ । आमन्त्रण भन्नाले श्राद्धभोजन आदिमा छोरीका छोराहरूलाई अनिवार्य रूपमा उपस्थित हुने जनाउँछ भने आमन्त्रण भन्नाले बोलाइएका ठाउँमा इच्छानुसार जानु भन्ने बुझिन्छ । सत्कारपूर्वक गरिने व्यवहारलाई अधीष्ट भनिन्छ भने संप्रश्न भन्नाले राम्रोसँग प्रश्न सोध्नु भन्ने बुझिन्छ । जस्तै : भू+लोट्– भू+तिप्– ... =भवतु ।

**(२८०) एरुः ३।४।८६** (इ=उ आदेश)

लोट् लकारसम्बन्धी इकारका स्थानमा उकार हुन्छ, जस्तै : भू+लोट्– भू+तिप्–... भवति =भवतु, भवन्ति =भवन्तु ।

**(२८१) तुह्योस्तातङ्ङाशिष्यन्यतरस्याम् ७।१।३५** (तु/हि=तातङ्)

आशीर्वाद अर्थमा रहेका तु र हिका स्थानमा विकल्पले तातङ् (तात्) आदेश हुन्छ, जस्तै : भू+लोट्– भू+तिप्–... भवति– भवतु– भव तातङ् =भवतात्/भवतु, भवसि– भवहि– भव तातङ् =भवतात्/भव ।

**(२८२) लोटो लङ्वत् ३।४।८५** (लङ्वद्भाव)

लोट् लकारलाई लङ्जस्तै कार्य होस् । त्यसैले लङ् लकारमा झैं लोट् लकारमा पनि तसादिका स्थानमा ताम्, तम्, त र अम् आदेश तथा सकारको लोप हुन्छ ।

**(२८३) तस्थस्थमिपां तांतंतामः ३।४।१०१** (ताम् आदि आदेश)

ङकारको इत्संज्ञा हुने लकारका स्थानमा आदेश गरिएका तस्, थस्, थ र मिप् प्रत्ययका स्थानमा क्रमशः ताम्, तम्, त र अम् आदेश हुन्छ, जस्तै : भू+लोट्– भू+तस्– भू+ताम्... =भवताम् ।

**(२८४) नित्यं ङितः ३।४।९९** (सलोप)

ङकारको इत्संज्ञा हुने उत्तम पुरुषका अन्तिम सकारको लोप हुन्छ, जस्तै : भू+लोट्– भू+वस्–... भवावस् =भवाव, भवामस् =भवाम ।

**(२८५) सेर्ह्यपिच्च ३।४।८७** (सि=हि आदेश)

लोट् लकारसम्बन्धी सि प्रत्ययका स्थानमा अपित् हि आदेश हुन्छ, जस्तै : भू+लोट्– भू+सिप्–... भवसि– भवहि =भव/भवतात् ।

**(२८६) अतो हेः ६।४।१०५** (हि-लोप)

अकारदेखि पर रहेका हि-को लोप हुन्छ, जस्तै : भू+लोट्–... भव+हि =भव/भवतात् ।

**(२८७) मेर्निः ३।४।८९** (मि=नि आदेश)

लोट् लकारसम्बन्धी मि प्रत्ययका स्थानमा नि आदेश हुन्छ, जस्तै : भू+लोट्– भू+मिप्–... भव+मि– भव+नि... =भवानि ।

**(२८८) आडुत्तमस्य पिच्च ३।४।९२** (आट् आगम)

लोट् लकारसम्बन्धी उत्तम पुरुषको पित् आट् (आ) आगम हुन्छ, जस्तै : भू+लोट्– भू+वस्–... भव+वस्– भव+आट् वस्– भव+आ+वस् =भवाव, भव+आट् मस्– भव+आ+मस् =भवाम ।

| लङ् लकार (अनद्यतन भूतकाल) का रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| अभवत् | अभवताम् | अभवन् | अत् | अताम् | अन् |
| अभवः | अभवतम् | अभवत | अः | अताम् | अत |
| अभवम् | अभवाव | अभवाम | अम् | आव | आम |

**(२८९) अनद्यतने लङ् ३।२।१११** (लङ् लकार)

अनद्यतन भूतकाल अर्थमा रहेका धातुदेखि लङ् लकार हुन्छ, जस्तै : भू+लङ्– अट् भू+तिप्... =अभवत् ।

**(२९०) लुङ्लङ्लृङ्क्ष्वडुदात्तः ६।४।७१** (अट् आगम)

लुङ्, लङ् र लृङ् लकार पर भएमा धातुका अङ्गको अट् (अ) आगम हुन्छ, जस्तै : भू+लङ्– अट् भू+तिप्– अभू+ति... =अभवत् ।

**(२९१) इतश्च ३।४।१००** (इलोप)

ङकारको इत्संज्ञा हुने परस्मैपद प्रत्ययसम्बन्धी इकारको लोप हुन्छ, जस्तै : भू+लङ्– अट् भू+तिप्– अभू+ति– अभू+त्... =अभवत् ।

| विधिलिङ् लकारका रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| भवेत् | भवेताम् | भवेयुः | एत् | एताम् | एयुः |
| भवेः | भवेतम् | भवेत | एः | एतम् | एत |
| भवेयम् | भवेव | भवेम | एयम् | एव | एम |

**(२९२) विधिनिमन्त्रणामन्त्रणाधीष्टसंप्रश्नप्रार्थनेषु लिङ् ३।३।१६१** (लिङ् लकार)

विधि, निमन्त्रण, आमन्त्रण, अधीष्ट, संप्रश्न र प्रार्थना अर्थमा लिङ् लकार हुन्छ । यस सूत्रले विधान गर्ने लिङ् लकारलाई विधिलिङ् भनिन्छ । जस्तै : भू+लिङ्– भू+तिप्– भू+यासुट् ति... =भवेत् ।

**(२९३) यासुट् परस्मैपदेषूदात्तो ङिच्च ३।४।१०३** (यासुट् आगम)

लिङ् लकारका स्थानमा आदेश गरिएका परस्मैपदी तिप् आदि प्रत्ययको यासुट् (यास्) आगम हुन्छ, जस्तै : भू+लिङ्– भू+तिप्– भू+यासुट् ति... =भवेत् ।

(२९४) **अतो येयः ७।२।८०** (यास्=इय् आदेश)

अकारदेखि पर रहेका सार्वधातुकसंज्ञक प्रत्ययको अवयव यास्का स्थानमा इय् आदेश हुन्छ, जस्तै : भू+लिङ्– भू+तिप्–... भय+यास्+ति– भव+इय्+ति– भवेय्+त् =भवेत् ।

(२९५) **झेर्जुस् ३।४।१०८** (झि=जुस् आदेश)

लिङ् लकारका स्थानमा आदेश भएको झि प्रत्ययका स्थानमा जुस् (उस्) आदेश हुन्छ, जस्तै : भू+लिङ्– भू+झि– भू+जुस्... =भवेयुः ।

| **आशीर्लिङ् लकारका रूपहरू** | | | **सङ्क्षिप्त रूपहरू** | | |
|---|---|---|---|---|---|
| भूयात् | भूयास्ताम् | भूयासुः | यात् | यास्ताम् | यासुः |
| भूयाः | भूयास्तम् | भूयास्त | याः | यास्तम् | यास्त |
| भूयासम् | भूयास्व | भूयास्म | यासम् | यास्व | यास्म |

(२९६) **किदाशिषि ७।४।१०४** (कित्व)

आशीर्लिङ् लकारको यासुट् आगमलाई कित्व (ककारको इत्संज्ञा गर्नुजस्तै) हुन्छ । कित्व हुनुको प्रयोजन गुण र वृद्धि निषेध गर्नु हो ।

(२९७) **क्क्ङिति च १।१।५** (गुण/वृद्धिनिषेध)

गकार, ककार र ङकारको इत्संज्ञा हुने प्रत्ययलाई निमित्त मानेर वा पर भएमा प्राप्त हुने अन्त्यमा रहेका इक्वर्णको गुण र वृद्धि निषेध हुन्छ, जस्तै : भू+लिङ्– भू+तिप्– भू+यासुट् त्– भूयास्+त् (सलोप)– भू+यात् (प्राप्त गुणनिषेध) =भूयात् ।

| **लुङ् लकार (सामान्य भूतकाल) का रूपहरू** | | | **सङ्क्षिप्त रूपहरू** | | |
|---|---|---|---|---|---|
| अभूत् | अभूताम् | अभूवन् | त् | ताम् | अन् |
| अभूः | अभूतम् | अभूत | अः | ताम् | त |
| अभूवम् | अभूव | अभूम | अम् | व | म |

(२९८) **लुङ् ३।२।११०** (लुङ् लकार)

भूत अर्थमा रहेका धातुदेखि लुङ् लकार हुन्छ, जस्तै : भू+लुङ्– अट् भू+तिप्... =अभूत् ।

(२९९) **च्लि लुङि ३।१।४३** (च्लि प्रत्यय)

लुङ् लकार पर भएमा धातुदेखि च्लि प्रत्यय हुन्छ, जस्तै : भू+लुङ्– भू+तिप्– अट् भू+त्– अभू+च्लि+त्... =अभूत् ।

(३००) **च्लेः सिच् ३।१।४४** (च्लि=सिच् आदेश)

लुङ् लकार पर भएमा च्लि प्रत्ययका स्थानमा सिच् (स्) आदेश हुन्छ, जस्तै : भू+लुङ्– भू+तिप्– अट् भू+त्– अभू+च्लि+त्– अभू+सिच्+त... =अभूत् ।

(३०१) **गातिस्थाघुपाभूभ्यः सिचः परस्मैपदेषु २।४।७७** (सलोप)

गा (इण्), स्था, घुसंज्ञक धातु, पा र भू धातुदेखि पर रहेका परस्मैपदी सिच् प्रत्ययका सकारको लोप हुन्छ, जस्तै : भू+लुङ्– भू+तिप्... अभू+स्+त् =अभूत् ।

सार्वधातुकसंज्ञक तिङ् प्रत्यय पर भएमा भू र सु धातुको गुणनिषेध हुने भएकाले यहाँ 'अभूत्' का ऊकारको गुण नभएको हो ।

**लृङ् लकार (क्रियातिपत्ति भविष्यत्) का रूपहरू** **सङ्क्षिप्त रूपहरू**

| | | | | | |
|---|---|---|---|---|---|
| अभविष्यत् | अभविष्यताम् | अभविष्यन् | इष्यत् | इष्यताम् | इष्यन् |
| भविष्य: | अभविष्यतम् | अभविष्यत | इष्य: | इष्यतम् | इष्यत |
| अभविष्यम् | अभविष्याव | अभविष्याम | इष्यम् | इष्याव | इष्याम |

(३०२) **लिङ्निमित्ते लृङ् क्रियातिपत्तौ ३।३।१३९** (लृङ् लकार)

क्रियाको अनिष्पत्ति वा असफलता बुझिएका खण्डमा 'यसो भयो भने यसो हुनेछ' भन्ने भविष्यत्कालिक अर्थमा रहेका धातुदेखि लृङ् लकार हुन्छ, जस्तै : भू+लृङ्– अट् भू+तिप्– अभू+स्य+त्... =अभविष्यत् । पूर्ववर्ती लकारमा प्रवृत्त भएका सूत्रहरू नै लृङ् लकारमा प्रवृत्त हुने भएकाले लृङ् लकारका रूपको सिद्धिका लागि अन्य विशेष सूत्रहरूको प्रवृत्ति भएको पाईंदैन ।

## १०.१.२ आत्मनेपदी एध् धातुका रूपहरूको सिद्धिप्रक्रिया

**लट् लकारका रूपहरू** **सङ्क्षिप्त रूपहरू**

| | | | | | |
|---|---|---|---|---|---|
| एधते | एधेते | एधन्ते | अते | एते | अन्ते |
| एधसे | एधेथे | एधध्वे | असे | एथे | अध्वे |
| एधे | एधावहे | एधामहे | ए | आवहे | आमहे |

(३०३) **टित आत्मनेपदानां टेरे ३।४।७९** (एत्व)

टकारको इत्संज्ञा हुने लट्, लिट्, लुट् र लृट् लकारका स्थानमा आदेश गरिएका आत्मनेपदी त, आताम् आदि प्रत्ययका टिसंज्ञक (सूत्र २४) वर्णका स्थानमा एकार हुन्छ, जस्तै : एध्+लट्– एध्+त– एध्+शप्+त– एधत =एधते ।

(३०४) **सार्वधातुकमपित् १।२।४** (अपिद्वद्भाव)

पकारको इत्संज्ञा नहुने सार्वधातुकसंज्ञक प्रत्ययलाई ङिद्वद्भाव (ङकारको इत्संज्ञा गरिएजस्तै) हुन्छ । ङिद्वद्भाव गर्नुको प्रयोजन ङित् प्रत्ययलाई निमित्त मानेर गर्ने कार्यहरू प्रवृत्त गराउनु हो ।

(३०५) **आतो ङित: ७।२।८१** (आ=इय् आदेश)

अकारदेखि पर रहेका ङकारको इत्संज्ञा हुने प्रत्ययका आकारका स्थानमा इय् आदेश हुन्छ, जस्तै : एध्+लट्– एध्+आताम्– एध्+शप्+आताम्– एध+आताम्– एध+इय्+ताम् (यलोप)– एध+इताम् (गुण) =एधेताम्, एध्+आथाम् =एधेयाम् ।

(३०६) **थास: से ३।४।८०** (थास्=से आदेश)

टित् लकारका स्थानमा आदेश गरिएका थास् प्रत्ययका स्थानमा से आदेश हुन्छ, जस्तै : एध्+लट्– एध्+थास्– एध्+शप्+थास्– एधथास् =एधसे ।

| लिट् लकारका रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| एधाञ्चक्रे | एधाञ्चक्राते | एधाञ्चक्रिरे | ए | आते | इरे |
| एधाञ्चकृषे | एधाञ्चक्राथे | एधाञ्चकृढ्वे | से | आथे | ध्वे |
| एधाञ्चक्रे | एधाञ्चकृवहे | एधाञ्चकृमहे | ए | वहे | महे |

(३०७) **इजादेश्च गुरुमतोऽनृच्छः ३।१।३६** (आम् प्रत्यय)

लिट् लकार पर भएमा ऋच्छ् धातुभिन्न इच् आदिमा हुने धातु र दीर्घ स्वरले युक्त भएका धातुदेखि आम् प्रत्यय हुन्छ, जस्तै : एध्+लिट्– एध्+आम्+लिट्... =एधाञ्चक्रे ।

(३०८) **आमः २।४।८१** (लिट् लुक्)

आम् प्रत्ययदेखि पर रहेका लिट्को लुक् (लोप) हुन्छ, जस्तै : एध्+लिट्– एध्+आम्+लिट्– एधाम्... =एधाञ्चक्रे ।

(३०९) **कृञ्चानुप्रयोज्यते लिटि ३।१।४०** (कृ, भू, अस् अनुप्रयोग)

आम् अन्तमा हुने र लिट् परमा भएका धातुदेखि कृ, भू र अस्को अनुप्रयोग गरिन्छ, जस्तै : एध्+लिट्– एध्+आम्+लिट्– एधाम्+कृ... =एधाञ्चक्रे ।

(३१०) **लिटस्तझयोरेशिरेच् ३।४।८१** (त=एश्/झ=इरेच्)

लिट् लकारका स्थानमा आदेश गरिएका त र झ प्रत्ययका स्थानमा क्रमशः एश् र इरेच् आदेश हुन्छन्, जस्तै : एध्+लिट्–... एधाम्+कृ+त– एधाम्+कृ+एश्... =एधाञ्चक्रे, एधाम्+कृ+झ– एधाम्+कृ+इरेच्... =एधाञ्चक्रिरे ।

(३११) **उरत् ७।४।६६** (ऋ=अर् आदेश)

प्रत्यय पर भएमा अभ्यासमा रहेका ऋवर्णका स्थानमा अत्व र रपरत्व अर्थात् अर् हुन्छ, जस्तै : एध्+लिट्–...एधाम्+कृ कृ+ए– एधाम्+कर् कृ+ए.... =एधाञ्चक्रे ।

(३१२) **कुहोश्चुः ७।४।६२** (चुत्व)

अभ्यासमा रहेका कवर्ग र हकारका स्थानमा चवर्ग आदेश अर्थात् चुत्व हुन्छ, जस्तै : एध्+लिट्– एधाम्+कर् कृ+ए (हलादिशेष)– एधाम्+चकृ+ए (अनुस्वार)– एधांचकृ+ए (परसवर्ण)– एधाञ्चकृ+ए (यण्) =एधाञ्चक्रे ।

(३१३) **एकाच उपदेशेऽनुदात्तात् ७।२।१०** (इट् निषेध)

उपदेशकालमा जुन धातु एकाच् र अनुदात्त छ त्यस्ता धातुदेखि पर रहेका वलादि आर्धधातुकसंज्ञक प्रत्ययको इट् आगम निषेध हुन्छ, जस्तै : एधाचञ्चकृ+षे =एधाञ्चकृषे ।

(३१४) **इणः षीध्वंलुङ्लिटां धोऽङ्गात् ८।३।७८** (ध्=ढ् आदेश)

इण् अन्तमा हुने धात्वङ्गदेखि पर रहेका षीध्वम्, लुङ्सम्बन्धी र लिङ्सम्बन्धी धकारका स्थानमा मूर्धन्य आदेश (ढकार) हुन्छ, जस्तै : एध्+लिट्–... एधाम्+कृ+ध्वम्–... एधाञ्चकृध्वम्– एधाञ्चकृढ्वम =एधाञ्चकृढ्वे ।

| लुट् लकारका रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| एधिता | एधितारौ | एधितार: | इता | इतारौ | इतार: |
| एधितासे | एधितासाथे | एधिताध्वे | इतासे | इतासाथे | इताध्वे |
| एधिताहे | एधितास्वहे | एधितास्महे | इताहे | इतास्वहे | इतास्महे |

**(३१५) धि च ८।२।२५** (सलोप)

धकार आदिमा हुने प्रत्यय पर भएमा तास् प्रत्ययका सकारको लोप हुन्छ, जस्तै : एध्+लुट्– एध्+ध्वम्–... एधितास्+ध्वम्– एधिताध्वम् =एधिताध्वे ।

**(३१६) ह एति ७।४।५२** (स्=ह् आदेश)

एकार पर भएमा तास् प्रत्यय र अस् धातुका सकारका स्थानमा ह हुन्छ, जस्तै : एध्+लुट्– एध्+इट्–... एधितास्+ए =एधिताहे ।

| लृट् लकारका रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| एधिष्यते | एधिष्येते | एधिष्यन्ते | इष्यते | इष्येते | इष्यन्ते |
| एधिष्यसे | एधिष्येथे | एधिष्यध्वे | इष्यसे | इष्येथे | इष्यध्वे |
| एधिष्ये | एधिष्यावहे | एधिष्यामहे | इष्ये | इष्यावहे | इष्यामहे |

| लोट् लकारका रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| एधताम् | एधेताम् | एधन्ताम् | अताम् | एताम् | अन्ताम् |
| एधस्व | एधेथाम् | एधध्वम् | अस्व | एथाम् | अध्वम् |
| एधै | एधावहै | एधामहै | ऐ | आवहै | आमहै |

**(३१७) आमेत: ३।४।९०** (ए=आम् आदेश)

लोट् लकारसम्बन्धी एकारका स्थानमा आम् आदेश हुन्छ, जस्तै : एध्+लोट्– एध्+त– एध्+शप्+त– एधत– एधते =एधताम् ।

**(३१८) सवाभ्यां वामौ ३।४।९१** (व/अम् आदेश)

सकार र वकारदेखि पर रहेका लोट् लकारसम्बन्धी एकारका स्थानमा क्रमश: व र अम् आदेश हुन्छन्, जस्तै : एध्+लोट्– एध्+थास्– ... एधसे =एधस्व, एध्+लोट्– एध्+ध्वम्–... एधध्वे =एधध्वम् ।

**(३१९) एत ऐ ३।४।९३** (ए=ऐ आदेश)

लोट् लकारसम्बन्धी उत्तम पुरुषको सकारका स्थानमा ऐ आदेश हुन्छ, जस्तै : एध+लोट्– एध्+इट्–... एधे =एधै ।

| लङ् लकारका रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| ऐधत | ऐधेताम् | ऐधन्त | अत | एताम् | अन्त |
| ऐधथा: | ऐधेथाम् | ऐधध्वम् | अथा: | एथाम् | अध्वम् |
| ऐधे | ऐधावहि | ऐधामहि | ए | आवहि | आमहि |

**(३२०) आडजादीनाम् ६।४।७२** (अट् आगम)

लुङ्, लङ् र लृङ् लकार पर भएमा अच् आदिमा हुने धातुको आट् (आ) आगम हुन्छ, जस्तै : एध्+लङ्– आट् एध्+त– ऐध्+त... =ऐधत ।

**विधिलिङ् लकारका रूपहरू** — **सङ्क्षिप्त रूपहरू**

| | | | | | |
|---|---|---|---|---|---|
| एधेत | एधेयाताम् | एधेरन् | एत | एयाताम् | एरन् |
| एधेथाः | एधेयाथाम् | एधेध्वम् | एथाः | एयाथाम् | एध्वम् |
| एधेय | एधेयवहि | एधेयमहि | एय | एयवहि | एयमहि |

**(३२१) लिङः सीयुट् ३।४।१०२** (सीयुट् आगम)

लिङ् लकारसम्बन्धी आत्मनेपदी प्रत्ययको सीयुट् (सीय्) आगम हुन्छ, जस्तै : एध्+लिङ्– एध्+त– एध्+सीयुट् त... =एधेत ।

**(३२२) सुट् तिथोः ३।४।१०७** (सुट् आगम)

लिङ् लकारसम्बन्धी तकार र थकारको सुट् (स्) आगम हुन्छ, जस्तै : एध्+लिङ्– एध्+त– एध्+सीयुट् त– एध्+सीय् सुट् त (सलोप)... =एधिषीष्ट

**(३२३) झस्य रन् ३।४।१०५** (झ=रन् आदेश)

लिङ् लकारसम्बन्धी झ प्रत्ययका स्थानमा रन् आदेश हुन्छ, जस्तै : एध्+लिङ्– एध्+झ– एध्+शप्+रन्– एध+सीयुट् रन्– एध+ईय् रन्– एधेय्+रन् =एधेरन् ।

**(३२४) इटोऽत् ३।४।१०६** (इट्=अ)

लिङ् लकारका स्थानमा आदेश गरिएका इट् प्रत्ययका स्थानमा अत् (अ) हुन्छ, जस्तै : एध्+लिङ्– एध्+इट्– एध्+शप्+इ– एध्+सीयुट्+इ– एध+सीय्+इ– एध+इय्+इ– एधेय्+इ– एधेय्+अ =एधेय ।

**आशीर्लिङ् लकारका रूपहरू** — **सङ्क्षिप्त रूपहरू**

| | | | | | |
|---|---|---|---|---|---|
| एधिषीष्ट | एधिषीयास्ताम् | एधिषीरन् | इषीष्ट | इषीयास्ताम् | इषीरन् |
| एधिषीष्ठाः | एधिषीयास्थाम् | एधिषीध्वम् | इषीष्ठाः | इषीयास्थाम् | इषीध्वम् |
| एधिषीय | एधिषीवहि | एधिषीमहि | इषीय | इषीवहि | इषीमहि |

उपर्युक्त रूपहरूको सिद्धिका लागि पृथक् विशेष सूत्र प्रवृत्त भएको पाइँदैन ।

**लुङ् लकारका रूपहरू** — **सङ्क्षिप्त रूपहरू**

| | | | | | |
|---|---|---|---|---|---|
| ऐधिष्ट | ऐधिषाताम् | ऐधिषत | इष्ट | इषाताम् | इषत |
| ऐधिष्ठाः | ऐधिषाथाम् | ऐधिढ्वम् | इष्ठाः | इषाथाम् | इढ्वम् |
| ऐधिषि | ऐधिष्वहि | ऐधिष्महि | इषि | इष्वहि | इष्महि |

**(३२५) आत्मनेपदेष्वनतः ७।३।५** (झ=अत्)

अकारदेखि पर नरहेका आत्मनेपदसम्बन्धी प्रत्ययको अवयव 'झ'का स्थानमा अत् आदेश हुन्छ, जस्तै : एध्+लुङ्– आट् एध्+झ– ऐध्+अत– ऐध्+च्लि+अत– ऐध्+सिच्+अत– ऐध्+सत– ऐध्+इट्+सत =ऐधिषत ।

| लुङ् लकारका रूपहरू | | | सङ्क्षिप्त रूपहरू | | |
|---|---|---|---|---|---|
| ऐधिष्यत | ऐधिष्येताम् | ऐधिष्यन्त | इष्यत | इष्येताम् | इष्यन्त |
| ऐधिष्यथा: | ऐधिष्येथाम् | ऐधिष्यध्वम् | इष्यथा: | इष्येथाम् | इष्यध्वम् |
| ऐधिष्ये | ऐधिष्यावहि | ऐधिष्यामहि | इष्ये | इष्यावहि | इष्यामहि |

उपर्युक्त रूपहरूको सिद्धिका लागि माथि चर्चा गरिएभन्दा पृथक् विशेष सूत्रको प्रवृत्ति भएको पाइँदैन ।

## १०.१.३ बहुप्रयुक्त धातुका प्रमुख रूपको सङ्केत

पाणिनीय व्याकरणमा दश लकारहरूको व्यवस्था गरिएको भए पनि व्यवहारमा मुख्यत: लट् लकार (वर्तमान), लृट् लकार (सामान्य भविष्यत्), लङ् लकार (अनद्यतन भविष्यत्) र लोट् लकार (आज्ञार्थ भविष्यत्) को बढ्ता प्रयोग भएको पाइन्छ । यी लकारहरूमध्ये लट्, लोट् र लङ् लकारमा धातुको प्राय: एउटै स्वरूप रहन्छ भने लृट् लकारमा धातुको स्वरूप भिन्न रहेको पाइन्छ । बहुप्रयुक्त धातुको अर्थसहित उपर्युक्त चार लकारका प्रथमपुरुषको एकवचनमा प्रयोग गरिने प्रमुख धातुका रूपहरू निम्नलिखित छन् :

| क्र.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | वन्द् (स्तुति गर्नु) | वन्दते | वन्दिष्यते | अवन्दत | वन्दतु |
| २. | स्पन्द् (हल्लिनु) | स्पन्दते | स्पन्दिष्यते | अस्पन्दत | स्पन्दताम् |
| ३. | मुद् (खुसी हुनु) | मोदते | मोदिष्यते | अमोदत | मोदताम् |
| ४. | यत् (प्रयास गर्नु) | यतते | यतिष्यते | अयतत | यतताम् |
| ५. | चित् (चिन्तन गर्नु) | चेतति | चेतिष्यते | अचेतत् | चेततु |
| ६. | खाद् (खानु) | खादति | खादिष्यति | अखादत् | खादतु |
| ७. | गद् (बोल्नु) | गदति | गदिष्यति | अगदत् | गदतु |
| ८. | नद् (बज्नु) | नदति | नदिष्यति | अनदत् | नदतु |
| ९. | लोक् (हेर्नु) | लोकते | लोकिष्यते | अलोकत | लोकताम् |
| १०. | शङ्क् (शङ्का गर्नु) | शङ्कते | शङ्किष्यते | अशङ्कत | शङ्कताम् |
| ११. | श्लाघ् (प्रशंसा गर्नु) | श्लाघते | श्लाघिष्यते | अश्लाघत | श्लाघताम् |
| १२. | बुक्क् (भुक्नु) | बुक्कति | बुक्किष्यति | अबुक्कत् | बुक्कतु |
| १३. | ऋज् (कमाउनु) | अर्जते | अर्जिष्यते | आर्जत | अर्जताम् |
| १४. | भृज् (भुट्नु) | भर्जते | भर्जिष्यते | अभर्जत | भर्जताम् |
| १५. | शुच् (सोच्नु) | शोचति | शोचिष्यति | अशोचत् | शोचतु |
| १६. | अञ्च् (पूजा गर्नु) | अञ्चति | अञ्चिष्यति | आञ्चत् | अञ्चतु |
| १७. | अर्च् (पूजा गर्नु) | अर्चति | अर्चिष्यति | आर्चत् | अर्चतु |
| १८. | वाञ्छ् (चाहनु) | वाञ्छति | वाञ्छिष्यति | अवाञ्छत् | वाञ्छतु |

| | | | | | |
|---|---|---|---|---|---|
| १९. | मूर्च्छ् (मूर्च्छित हुनु) | मूर्च्छति | मूर्च्छिष्यति | अमूर्च्छत् | मूर्च्छति |
| २०. | क्षि (नाश हुनु) | क्षयति | क्षेष्यति | अक्षयत् | क्षयतु |
| २१. | गर्ज् (गर्जनु) | गर्जति | गर्जिष्यति | अगर्जयत् | गर्जतु |
| २२. | व्रज् (जानु) | व्रजति | व्रजिष्यति | अव्रजत् | व्रजतु |
| २३. | वेष्ट् (घेर्नु) | वेष्टते | वेष्टिष्यते | अवेष्टत | वेष्टताम् |
| २४. | चेष्ट् (चेष्टा गर्नु) | चेष्टते | चेष्टिष्यते | अचेष्टत | चेष्टताम् |
| २५. | स्फुट् (फुल्नु) | स्फोटते | स्फोटिष्यते | अस्फोटत | स्फोटताम् |
| २६. | हिण्ड् (हिँड्नु) | हिण्डते | हिण्डिष्यते | अहिण्डत | हिण्डताम् |
| २७. | वण्ड् (बाँड्नु) | वण्डते | वण्डिष्यते | अवण्डत | वण्डताम् |
| २८. | अट् (घुम्नु) | अटति | अटिष्यति | आटत् | अटतु |
| २९. | रट् (रट्नु) | रटति | रटिष्यति | अरटत् | रटतु |
| ३०. | नट् (नाच्नु) | नटति | नटिष्यति | अनटत् | नटतु |
| ३१. | मण्ड् (अलंकृत हुनु) | मण्डति | मण्डिष्यति | अमण्डत् | मण्डतु |
| ३२. | पठ् (पढ्नु) | पठति | पठिष्यति | अपठत् | पठतु |
| ३३. | क्रीड् (खेल्नु) | क्रीडति | क्रीडिष्यति | अक्रीडत् | क्रीडतु |
| ३४. | तुड् (तोड्नु) | तोडति | तोडिष्यति | अतोडयत् | तोडतु |
| ३५. | कम्प् (काँप्नु) | कम्पते | कम्पिष्यते | अकम्पयत | कम्पताम् |
| ३६. | जप् (जप्नु) | जपति | जपिष्यति | अजपत् | जपतु |
| ३७. | चुम्ब् (चुम्नु) | चुम्बति | चुम्बिष्यति | अचुम्बत् | चुम्बतु |
| ३८. | क्षम् (क्षमा गर्नु) | क्षमते | क्षमिष्यते | अक्षमत | क्षमताम् |
| ३९. | कम् (चाहनु) | कामयते | कामयिष्यते | अकामयत | कामयताम् |
| ४०. | क्रम् (बढ्नु) | क्रामति | क्रमिष्यति | अक्रामत् | क्रामतु |
| ४१. | सेव् (सेवा गर्नु) | सेवते | सेविष्यते | असेवत | सेवताम् |
| ४२. | ईर्ष्य् (ईर्ष्या गर्नु) | ईर्ष्यति | ईर्ष्यिष्यति | ऐर्च्छत् | ईर्ष्यतु |
| ४३. | फल् (फल्नु) | फलति | फलिष्यति | अफलत् | फलतु |
| ४४. | फुल्ल (फुल्नु) | फुल्लति | फुल्लिष्यति | अफुल्लत् | फुल्लतु |
| ४५. | चिल्ल् (चिल्लाउनु) | चिल्लति | चिल्लिष्यति | अचिल्लत् | चिल्लतु |
| ४६. | स्खल् (खस्नु) | स्खलति | स्खलिष्यति | अस्खलत् | स्खलतु |
| ४७. | चर् (खानु) | चरति | चरिष्यति | अचरत् | चरतु |
| ४८. | जि (जित्नु) | जयति | जेष्यति | अजयत् | जयतु |
| ४९. | जीव् (जिउनु) | जीवति | जीविष्यति | अजीवत् | जीवतु |
| ५०. | चर्व् (चबाउनु) | चर्वति | चर्विष्यति | अचर्वत् | चर्वतु |

| | | | | | |
|---|---|---|---|---|---|
| ५१. | धाव् (दौडनु) | धावति | धाविष्यति | अधावत् | धावतु |
| ५२. | शिक्ष् (पढ्नु) | शिक्षते | शिक्षिष्यते | अशिक्षत | शिक्षताम् |
| ५३. | भिक्ष् (माग्नु) | भिक्षते | भिक्षिष्यते | अभिक्षत | भिक्षताम् |
| ५४. | ईक्ष् (हेर्नु) | ईक्षते | ईक्षिष्यते | ऐक्षत | ईक्षताम् |
| ५५. | वर्ष् (बर्सनु) | वर्षते | वर्षिष्यते | अवर्षत | वर्षताम् |
| ५६. | कास् (काँस्नु) | कासते | कासिष्यते | अकासत | कासताम् |
| ५७. | ग्रस् (खानु) | ग्रसते | ग्रसिष्यते | अग्रसत | ग्रसताम् |
| ५८. | गर्ह् (निन्दा गर्नु) | गर्हते | गर्हिष्यते | अगर्हत | गर्हताम् |
| ५९. | तक्ष् (ताछ्नु) | तक्षति | तक्षिष्यति | अतक्षत् | तक्षतु |
| ६०. | रक्ष् (पाल्नु) | रक्षति | रक्षिष्यति | अरक्षत् | रक्षतु |
| ६१. | काङ्क्ष् (चाहनु) | काङ्क्षति | काङ्क्षिष्यति | अकाङ्क्षत् | काङ्क्षतु |
| ६२. | चूष् (चुस्नु) | चूषति | चूषिष्यति | अचूषत् | चूषतु |
| ६३. | पुष् (पाल्नु) | पोषति | पोषियति | अपोषत् | पोषतु |
| ६४. | हस् (हाँस्नु) | हसति | हसिष्यति | अहसत् | हसतु |
| ६५. | अर्ह् (पुज्नु) | अर्हति | अर्हिष्यति | आर्हत् | अर्हतु |
| ६६. | द्युत् (चम्कनु) | द्योतते | द्योतिष्यते | अद्योतत | द्योतताम् |
| ६७. | रुच् (रुच्नु) | रोचते | रोचिष्यते | अरोचत् | रोचताम् |
| ६८. | स्रंस् (खस्नु) | स्रंसते | स्रंसिष्यते | अस्रंसत | स्रंसताम् |
| ६९. | वृत् (रहनु) | वर्तते | वर्तिष्यते | अवर्तत | वर्तताम् |
| ७०. | वृध् (बढ्नु) | वर्धते | वर्धिष्यते | अवर्धत | वर्धताम् |
| ७१. | व्यथ् (दु:खी हुनु) | व्यथते | व्यथिष्यते | अव्यथत | व्यथताम् |
| ७२. | त्वर् (छिटो गर्नु) | त्वरते | त्वरिष्यते | अत्वरत | त्वरताम् |
| ७३. | ज्वर् (रोगाउनु) | ज्वरते | ज्वरिष्यते | अज्वरत | ज्वरताम् |
| ७४. | लग् (लाग्नु) | लगति | लगिष्यति | अलगत् | लगतु |
| ७५. | ज्वल् (जल्नु) | ज्वलति | ज्वलिष्यति | अज्वलत् | ज्वलतु |
| ७६. | स्मृ (सम्झनु) | स्मरति | स्मरिष्यति | अस्मरत् | स्मरतु |
| ७७. | चल् (चल्नु) | चलति | चलिष्यति | अचलत् | चलतु |
| ७८. | राज् (चम्कनु) | राजति | राजिष्यति | अराजत् | राजतु |
| ७९. | पत् (खस्नु) | पतति | पतिष्यति | अपतत् | पततु |
| ८०. | मथ् (मथ्नु) | मथति | मथिष्यति | अमथत् | मथतु |
| ८१. | वम् (ओकल्नु) | वमति | वमिष्यति | अवमत् | वमतु |
| ८२. | भ्रम् (घुम्नु) | भ्रमति | भ्रमिष्यति | अभ्रमत् | भ्रमतु |

## १०.२ अदादि प्रकरण

अद् धातुदेखि ह्नु धातुसम्मका ७२ बटा धातुहरू पढिएको प्रकरणलाई **अदादि प्रकरण** भनिन्छ । अदादि गणका धातुदेखि सार्वधातुकसंज्ञक लट्, लोट्, लङ् र विधिलिङ् लकारमा प्रकृत भएका शप् प्रत्ययको लुक् (लोप) हुने भएकाले भ्वादिगणका धातुका रूपहरूभन्दा अदादिगणका धातुका रूपहरू केही भिन्नै किसिमका हुन्छन् । यस अध्ययनमा हन् (मार्नु) धातुका लट्, लृट्, लङ् र लोट् लकारका सबै रूपहरूका साथै बहुप्रचलित २७ बटा धातुका प्रमुख रूपहरूको सङ्केत गरिएको छ ।

### १०.२.१ हन् धातुका रूपहरू

| लट् लकारका रूपहरू | | | लोट् लकारका रूपहरू | | |
|---|---|---|---|---|---|
| हन्ति | हतः | घ्नन्ति | हन्तु | हताम् | घ्नन्तु |
| हंसि | हतथः | हथ | जहि | हतम् | हत |
| हन्मि | हन्वः | हन्मः | हनानि | हनाव | हनाम |
| **लङ् लकारका रूपहरू** | | | **लृट् लकारका रूपहरू** | | |
| अहन् | अहताम् | अघ्नन् | हनिष्यति | हनिष्यतः | हनिष्यन्ति |
| अहन् | अहतम् | अहत | हनिष्यसि | हनिष्यथः | हनिष्यथ |
| अहनम् | अहनाव | अहनाम | हनिष्यामि | हनिष्यावः | हनिष्यामः |

**(३२७) अदिप्रभृतिभ्यः शपः २।४।७२** (शप् लुक्)

सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा अदादिगणमा पढिएका धातुदेखि शप् प्रत्ययको लुक् (लोप) हुन्छ, जस्तै : हन्+लट्– हन्+तिप्– हन्+शप्+ति– हन्+ति =हन्ति । यसैगरी सार्वधातुकसंज्ञक लोट्, लङ् र विधिलिङ् लकारका रूपहरूको सिद्धिप्रक्रियामा पनि शप् प्रत्ययको लुक् हुन्छ ।

**(३२८) अनुदात्तोपदेशवनतितनोत्यादीनामनुनासिकलोपो झलि क्ङिति ६।४।३७**

झलादि कित् र ङित् प्रत्यय पर भएमा अनुदात्तोपदेश गरिएका यम्, रम्, नम्, गम्, हन् र मन् धातु; वन् (सेवार्थक) धातु तथा तन्, सन्, क्षण्, ऋण्, तृण्, घृण्, वन् (याचनार्थक), मन् र तन् धातुका अनुनासिक मकार, नकार र णकारको लोप हुन्छ, जस्तै : हन्+लट्– हन्+तस्– हन्+शप्+तस्– हन्+तस् =हतः । यहाँ पिद्भिन्न सार्वधातुक भएकाले तस् प्रत्ययलाई ङिद्वद्भाव भएको र झलादिमा पनि भएको हुँदा उक्त सूत्रले अनुनासिक नकारको लोप भएको हो ।

**(३२९) हन्तेर्जः ६।४।३६** (हन्=ज आदेश)

हि प्रत्यय पर भएमा हन् धातुका हकारका स्थानमा ज आदेश हुन्छ, जस्तै : हन्+लोट्– हन्+सिप्– हन्+शप्+सि– हन्+सि– हन्+हि– ज+हि =जहि ।

### १०.२.२ बहुप्रचलित धातुका प्रमुख रूपहरूको सङ्केत

| क.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | अद् (खानु) | अत्ति | अत्स्यति | आदत् | अत्तु |
| २. | द्विष् (द्वेष गर्नु) | द्वेष्टि | द्वेक्ष्यति | अद्वेट् | द्वेष्टु |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | दुह् (दुहुनु) | दोग्धि | धोक्ष्यति | अधोक् | दोग्धु |
| ४. | लिह् (चाट्नु) | लेढि | लेक्ष्यति | अलेट् | लेढु |
| ५. | आस् (बस्नु) | आस्ते | आसिष्यते | आस्त | आस्ताम् |
| ६. | आ+शास् (चाहनु) | आशास्ते | आशासिष्यते | आशास्त | आशास्ताम् |
| ७. | सू (जन्मनु) | सूते | सविष्यते | असूत | सूताम् |
| ८. | शीङ् (सुत्नु) | शेते | शयिष्यते | अशेत | शेताम् |
| ९. | रु (रुनु) | रौति | रविष्यति | अरौत् | रौतु |
| १०. | नु (स्तुति गर्नु) | नौति | नविष्यति | अनौत् | नौतु |
| ११. | स्तु (स्तुति गर्नु) | स्तौति | स्तोष्यति | अस्तौत् | स्तौतु |
| १२. | ब्रू (बोल्नु) | ब्रवीति | वक्ष्यति | अब्रवीत् | ब्रवीतु |
| १३. | इण् (जानु) | एति | एष्यति | ऐत् | एतु |
| १४. | अधि+इङ् (पढ्नु) | अधीते | अध्येष्यते | अध्यैत | अधीताम् |
| १५. | या (जानु) | याति | यास्यति | अयात् | यातु |
| १६. | स्ना (नुहाउनु) | स्नाति | स्नास्यति | अस्नात् | स्नातु |
| १७. | ला (लिनु) | लाति | लास्यति | अलात् | लातु |
| १८. | मा (नाप्नु) | माति | मास्यति | अमात् | मातु |
| १९. | वच् (बोल्नु) | वक्ति | वक्ष्यति | अवक् | वक्तु |
| २०. | विद् (जान्नु) | वेत्ति | वेदिष्यति | अवेत् | वेत्तु |
| २१. | अस् (हुनु) | अस्ति | भविष्यति | आसीत् | अस्तु |
| २२. | रुद् (रुनु) | रोदिति | रोदिष्यति | अरोदीत् | रोदितु |
| २३. | स्वप् (सुत्नु) | स्वपिति | स्वप्स्यति | अस्वपीत् | स्वपितु |
| २४. | श्वस् (सास लिनु) | श्वसिति | श्वसिष्यति | अश्वसीत् | श्वसितु |
| २५. | जागृ (जाग्नु) | जागर्ति | जागरिष्यति | अजागः | जागर्तु |
| २६. | चकास् (चम्कनु) | चकास्ति | चकासिष्यति | अचकात् | चकास्तु |
| २७. | शास् (शासन गर्नु) | शास्ति | शासिष्यति | अशात् | शास्तु |

ङित्‌का कारण गुणनिषेध भएकाले 'शी' धातुको पुनः गुणको विधान गरेर 'शेते' रूप सिद्ध हुन्छ भने रुट् आगम गरेर बहुवचनमा 'शेरते' बन्दछ । हलादि पित् सार्वधातुक प्रत्यय पर भएमा उकारको वृद्धि भएर रौति, नौति र स्तौति रूपहरू सिद्ध भएका हुन् । ब्रू धातुदेखि हलादि पित् प्रत्ययको ईट् आगम भएर 'ब्रवीति' भएको हो । कित् र ङित् सार्वधातुक प्रत्यय पर भएकाले स्तः, सन्ति आदिमा अस् धातुका अकारको लोप भएको हो । वलादि सार्वधातुक प्रत्ययको इट् आगम भएर रोदिति, स्वपिति र श्वसिति रूप सिद्ध भएका हुन् । हलादि कित् र ङित् प्रत्यय पर भएकाले उपधास्थित अकारको इत्व भएर 'शिष्टः' भएको हो भने हि पर हुँदा शास् धातुका ठाउँमा शा आदेश भएर 'शाधि' सिद्ध हुन पुगेको हो । परस्मैपदी धातुको एकवचनमा पित् प्रत्ययलाई आधार मानेर धातुका इक्‌को गुण भए पनि परस्मैपदी धातुका द्विवचन र बहुवचनमा तथा आत्मनेपदी धातुका सबै वचनमा पित्‌भिन्नलाई ङिद्वद्भाव भएकाले धातुको अन्तमा र उपधामा रहेका स्वरवर्णको परिवर्तन हुन नसकेको हो ।

◆

## १०.३ जुहोत्यादि प्रकरण

जुहोति रूप हुने हु धातुदेखि गा धातुसम्मका २४ वटा धातुहरू पढिएको गणलाई जुहोत्यादि प्रकरण भनिन्छ । सार्वधातुकसंज्ञक लकारमा धातुदेखि विधान गरिएको शप् प्रत्ययको श्लु (लोप) हुने र श्लुलाई आधार मानेर लिट् लकारमा झैं धातुको द्वित्व आदि कार्य गरिन्छ । यस अध्ययनमा दा (दिनु) धातुका लट्, लृट्, लङ् र लोट् लकारका सबै रूपहरूका साथै जुहोत्यादिगणका बहुप्रचलित ६ वटा धातुका प्रमुख रूपहरूको सङ्केत गरिएको छ ।

### १०.३.१ दा धातुका रूपहरू

**लट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| ददाति | दत्तः | ददति |
| ददासि | दत्थः | दत्थ |
| ददामि | दद्वः | दद्मः |

**लोट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| ददातु | दत्ताम् | ददतु |
| देहि | दत्तम् | दत्त |
| ददानि | ददाव | ददाम |

**लङ् लकारका रूपहरू**

| | | |
|---|---|---|
| अददात् | अदत्ताम् | ददुः |
| अददाः | अदत्तम् | अदत्त |
| अददाम् | अदद्व | अदद्म |

**लृट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| दास्यति | दास्यतः | दास्यन्ति |
| दास्यसि | दास्यथः | दास्यथ |
| दास्यामि | दास्यावः | दास्यामः |

(३३०) **जुहोत्यादिभ्यः श्लुः २।४।७५** (शप्को श्लु)

सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा जुहोत्यादिगणमा पढिएका धातुदेखि विधान गरिएको शप् प्रत्ययको श्लु (लोप) हुन्छ, जस्तै : दा+लट्– दा+तिप्– दा+शप्+ति– दा+ति... =ददाति ।

(३३१) **श्लौ ६।१।१०** (द्वित्व)

श्लु पर भएमा धातुको द्वित्व हुन्छ, जस्तै : दा+लट्– दा+तिप्– दा+शप्+तिप्– दा+ति– दा दा+ति =ददाति ।

### १०.३.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत

| क्र.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | हु (हवन गर्नु) | जुहोति | होष्यति | अजुहोत् | जुहोतु |
| २. | भी (डराउनु) | बिभेति | भेष्यति | अबिभेत् | बिभेतु |
| ३. | भृ (धारण गर्नु) | बिभर्ति | भरिष्यति | अबिभः | बिभर्तु |
| ४. | मा (नाप्नु) | मिमीते | मास्यते | अमिमीत | मिमीताम् |
| ५. | हा (त्याग्नु) | जहाति | हास्यति | अजहात् | जहातु |
| ६. | धा (धारण गर्नु) | दधाति | धास्यति | अदधात् | दधातु |

अदादिगणमा झैं जुहोत्यादिगणमा पनि परस्मैपदी धातुको एकवचनमा मात्र इगन्त धातुका अच्को गुण भई जुहोति, बिभेति र बिभर्ति रूप सिद्ध भएका हुन् भने अन्यत्र गुणको अभाव हुन्छ । सार्वधातुकसंज्ञक 'झ' प्रत्ययको अवयव 'झ्' का स्थानमा 'अत्' आदेश हुने भएकाले प्रथमपुरुषको बहुवचनमा जुह्वति, बिभ्यति, बिभ्रति जस्ता रूपहरू सिद्ध भएका हुन् । सार्वधातुकसंज्ञक कित् र ङित् प्रत्ययलाई निमित्त मानेर आकारान्त धातुको ईत्व हुने भएकाले मिमीते आदि रूपको सिद्धि भएको हो ।

## १०.४ दिवादि प्रकरण

दिव् धातुदेखि ऋध् धातुसम्मका १३८ वटा धातुहरू पढिएको गणलाई दिवादि प्रकरण भनिन्छ । दिवादिगणमा पढिएका धातुदेखि सार्वधातुकसंज्ञक लकारमा श्यन् (य) प्रत्यय हुन्छ । श्यन् प्रत्यय लागेका धातुका रूपहरू भ्वादिगणका धातुझैं देखिए पनि पित्भिन्न हुने भएकाले ङिद्वद्भावका कारण सार्वधातुकसंज्ञक लकारमा धातुको गुण हुँदैन । यस अध्ययनमा दिव् (खेल्नु) धातुका लट्, लृट्, लङ् र लोट् लकारका सबै रूपका साथै बहुप्रचलित अन्य ४३ वटा धातुका प्रमुख रूपहरूको सङ्केत गरिएको छ ।

### १०.४.१ दिव् धातुका रूपहरू

**लट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| दीव्यति | दीव्यतः | दीव्यन्ति |
| दीव्यसि | दीव्यथः | दीव्यथ |
| दीव्यामि | दीव्यावः | दीव्यामः |

**लोट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| दीव्यतु | दीव्यताम् | दीव्यन्तु |
| दीव्य | दीव्यतम् | दीव्यत |
| दीव्यानि | दीव्याव | दीव्याम |

**लङ् लकारका रूपहरू**

| | | |
|---|---|---|
| अदीव्यत् | अदीव्यताम् | अदीव्यन् |
| अदीव्यः | अदीव्यतम् | अदीव्यत |
| अदीव्यम् | अदीव्याव | अदीव्याम |

**लृट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| देविष्यति | देविष्यतः | देविष्यन्ति |
| देविष्यसि | देविष्यथः | देविष्यथ |
| देविष्यामि | देविष्यावः | देविष्यामः |

**(३३२) दिवादिभ्यः श्यन् ३।१।६९** (श्यन् प्रत्यय)

सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा दिवादिगणमा पढिएका धातुदेखि श्यन् (य) प्रत्यय हुन्छ, जस्तै : दिव्+लट्– दिव्+तिप्– दिव्+श्यन्+ति– दिव्यति (दीर्घ) =दीव्यति ।

### १०.४.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत

| क्र.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | सिव् (सिउनु) | सीव्यति | सेविष्यति | असीव्यत् | सीव्यतु |
| २. | नृत् (नाच्नु) | नृत्यति | नर्तिष्यति | अनृत्यत् | नृत्यतु |
| ३. | त्रस् (डराउनु) | त्रस्यति | त्रसिस्यति | अत्रस्यत् | त्रस्यतु |
| ४. | क्षिप् (फ्याँक्नु) | क्षिप्यति | क्षेप्स्यति | अक्षिप्यत् | क्षिप्यतु |
| ५. | जॄष् (बूढो हुनु) | जीर्यति | जरिष्यति | अजीर्यत् | जीर्यतु |
| ६. | सू (जन्मनु) | सूयते | सविष्यते | असूयत | सूयताम् |
| ७. | उत्+डी (उड्नु) | उड्डीयते | उड्डयिष्यते | औड्डीयत | उड्डीयताम् |
| ८. | मा (नाप्नु) | मायते | मास्यते | अमायत | मायताम् |
| ९. | प्री (खुसी गराउनु) | प्रीयते | प्रेष्यते | अप्रीयत | प्रीयताम् |
| १०. | शो (ताछ्नु) | श्यति | शास्यति | अश्यत् | श्यतु |
| ११. | जन् (जन्मनु) | जायते | जनिष्यते | अजायत | जायताम् |
| १२. | दीप् (बल्नु) | दीप्यते | दीपिष्यते | अदीप्यत | दीप्यताम् |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | वृत् (जागिर खानु) | वृत्यते | वर्तिष्यते | अवृत्यत | वृत्यताम् |
| १४. | शुच् (पवित्र हुनु) | शुच्यते | शोचिष्यते | अशुच्यत | शुच्यताम् |
| १५. | शप् (शपथ खानु) | शप्यति | शप्स्यति | अशप्यत् | शप्यतु |
| १६. | पद् (जानु) | पद्यते | पत्स्यते | अपद्यत | पद्यताम् |
| १७. | बुध् (जान्नु) | बुध्यते | भोत्स्यते | अबुध्यत | बुध्यताम् |
| १८. | युध् (जुध्नु) | युध्यते | योत्स्यते | अयुध्यत | युध्यताम् |
| १९. | मन् (जान्नु) | मन्यते | मंस्यते | अमन्यत | मन्यताम् |
| २०. | युज् (योग गर्नु) | युज्यते | योक्ष्यते | अयुज्यत | युज्यताम् |
| २१. | सृज् (रचना गर्नु) | सृज्यते | स्रक्ष्यते | असृज्यत् | सृज्यताम् |
| २२. | पुष् (पोषण गर्नु) | पुष्यति | पोक्ष्यति | अपुष्यत् | पुष्यतु |
| २३. | शुष् (सुक्नु) | शुष्यति | शोक्ष्यति | अशुष्यत् | शुष्यतु |
| २४. | तुष् (खुसी हुनु) | तुष्यति | तोष्यति | अतुष्यत् | तुष्यतु |
| २५. | श्लिष् (आलिंगन गर्नु) | श्लिष्यति | श्लेक्ष्यति | अश्लिष्यत् | श्लिष्यतु |
| २६. | शाक् (सक्नु) | शक्यते | शक्ष्यते | अशक्यत् | शक्यताम् |
| २७. | क्रुध् (क्रोध गर्नु) | क्रुध्यति | क्रोत्स्यति | अक्रुध्यत् | क्रुध्यतु |
| २८. | क्षुध् (भोकाउनु) | क्षुध्यति | क्षोत्स्यति | अक्षुध्यत् | क्षुध्यतु |
| २९. | शुध् (शुद्ध हुनु) | शुध्यति | शोत्स्यति | अशुध्यत् | शुध्यतु |
| ३०. | तृप् (अघाउनु) | तृप्यति | तर्पिष्यति | अतृप्यत् | तृप्यतु |
| ३१. | द्रुह् (द्रोह गर्नु) | द्रुह्यति | द्रोहिष्यति | अद्रुह्यत् | द्रुह्यतु |
| ३२. | मुह् (मोहित हुनु) | मुह्यति | मोहिष्यति | अमुह्यत् | मुह्यतु |
| ३३. | स्निह् (प्रेम गर्नु) | स्निह्यति | स्नेहिष्यति | अस्निह्यत् | स्निह्यतु |
| ३४. | दम् (दमन गर्नु) | दाम्यति | दमिष्यति | अदाम्यत् | दाम्यतु |
| ३५. | भ्रम् (भ्रमण गर्नु) | भ्राम्यति | भ्रमिष्यति | अभ्राम्यत् | भ्राम्यतु |
| ३६. | क्षम् (क्षमा माग्नु) | क्षाम्यति | क्षमिष्यति | अक्षाम्यत् | क्षाम्यतु |
| ३७. | अस् (फ्याँक्नु) | अस्यति | असिष्यति | आस्यत् | अस्यतु |
| ३८. | भ्रंश् (खस्नु) | भ्रश्यति | भ्रंशिष्यति | अभ्रश्यत् | भ्रश्यतु |
| ३९. | कृश् (दुब्लाउनु) | कृश्यति | कर्शिष्यति | अकृश्यत् | कृश्यतु |
| ४०. | तृष् (तिर्खाउनु) | तृष्यति | तर्षिष्यति | अतृष्यत् | तृष्यतु |
| ४१. | हृष् (खुसी हुनु) | हृष्यति | हर्षिष्यति | अहृष्यत् | हृष्यतु |
| ४२. | कुप् (रिसाउनु) | कुप्यति | कोपिष्यति | अकुप्यत् | कुप्यतु |
| ४३. | लुभ् (लोभिनु) | लुभ्यति | लोभिष्यति | अलुभ्यत् | लुभ्यतु |

श्यन् प्रत्यय पर भएकाले ओकारान्त शो धातुका ओकारको लोप भएर उपर्युक्त श्यति, अश्यत् र श्यतु रूप बनेका हुन् भने श्यन् प्रत्ययलाई नै निमित्त मानेर दम्, भ्रम् र क्षम् धातुको दीर्घ भई दाम्यति, भ्राम्यति, क्षाम्यति आदि रूपहरूको निर्माण भएको हो ।

# १०.५ स्वादि प्रकरण

सु धातुदेखि ऋध् धातुसम्मका ४० वटा धातुहरू पढिएको गणलाई स्वादि प्रकरण भनिन्छ । सार्वधातुकसंज्ञक लकार पर भएमा स्वादिगणका धातुदेखि श्नु (नु) प्रत्यय हुन्छ । श्नु प्रत्यय पनि पित्भिन्न सार्वधातुकसंज्ञक प्रत्यय भएकाले सार्वधातुकसंज्ञक लकारमा धातुका इक्को गुण हुँदैन तर परस्मैपदी प्रत्ययको एकवचन( मा तिप्, सिप् र मिप् प्रत्ययलाई निमित्त मानेर श्नु प्रत्ययका उकारको ओ गुण हुन्छ । यस अध्ययनमा चि (छान्नु) धातुका लट्, लृट्, लङ् र लृट् लकारका सबै रूपका साथै बहुप्रयुक्त अन्य ५ वटा धातुका प्रमुख रूपको मात्र सङ्केत गरिएको छ ।

## १०.५.१ चि धातुका रूपहरू

| लट् लकारका रूपहरू | | | लोट् लकारका रूपहरू | | |
|---|---|---|---|---|---|
| चिनोति | चिनुतः | चिन्वन्ति | चिनोतु | चिनुताम् | चिन्वन्तु |
| चिनोषि | चिनुथः | चिनुथ | चिनु | चिनुतम् | चिनुत |
| चिनोमि | चिनुवः | चिनुमः | चिनवानि | चिनवाव | चिनवाम |

| लङ् लकारका रूपहरू | | | लृट् लकारका रूपहरू | | |
|---|---|---|---|---|---|
| अचिनोत् | अचिनुताम् | अचिन्वन् | चेष्यति | चेष्यतः | चेष्यन्ति |
| अचिनोः | अचिनुतम् | अचिनुत | चेष्यसि | चेष्यथः | चेष्यथ |
| अचिनुवम् | अचिनुव | अचिनुम | चेष्यामि | चेष्यावः | चेष्यामः |

**(३३३) स्वादिभ्यः श्नुः ३।१।७३** (श्नु प्रत्यय)

सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा स्वादिगणमा पढिएका धातुदेखि श्नु (नु) प्रत्यय हुन्छ, जस्तै : चि+लट्– चि+तिप्– चि+श्नु+ति– चिनु+ति =चिनोति ।

## १०.५.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत

| क्र.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | स्तृ (ढाक्नु) | स्तृणोति | स्तरिष्यति | अस्तृणोत् | स्तृणोतु |
| २. | वृ (स्वीकार्नु) | वृणोति | वरिष्यति | अवृणोत् | वृणोतु |
| ३. | आप् (पाउनु) | आप्नोति | आप्स्यति | आप्नोत् | आप्नोतु |
| ४. | शक् (सक्नु) | शक्नोति | शक्ष्यति | अशक्नोत् | शक्नोतु |
| ५. | साध् (सिद्ध गर्नु) | साध्नोति | सात्स्यति | असाध्नोत् | साध्नोतु |

◆

## १०.६ तुदादि प्रकरण

तुद् धातुदेखि पिश् धातुसम्मका १५८ वटा धातुहरू पढिएको गणलाई **तुदादि** प्रकरण भनिन्छ । सार्वधातुकसंज्ञक लकार पर भएमा तुदादिगणमा पढिएका धातुदेखि श (अ) प्रत्यय हुन्छ । श प्रत्यय पनि पित्‌भिन्न सार्वधातुकसंज्ञक प्रत्यय भएकाले सार्वधातुक लकारमा धातुका इक्‌को गुण हुँदैन । यस अध्ययनमा लिख् (लेख्नु) धातुका लट्, लृट्, लङ् र लोट् लकारका सबै रूप तथा बहुप्रयुक्त अन्य ३२ वटा धातुका प्रमुख रूपहरूको मात्र सङ्केत गरिएको छ ।

### १०.६.१ लिख् धातुका रूपहरू

**लट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| लिखति | लिखत: | लिखन्ति |
| लिखसि | लिखथ: | लिखथ |
| लिखामि | लिखाव: | लिखाम: |

**लोट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| लिखतु | लिखताम् | लिखन्तु |
| लिख | लिखतम् | लिखत |
| लिखानि | लिखाव | लिखाम |

**लङ् लकारका रूपहरू**

| | | |
|---|---|---|
| अलिखत् | अलिखताम् | अलिखन् |
| अलिख: | अलिखतम् | अलिखत |
| अलिखम् | अलिखाव | अलिखाम |

**लृट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| लेखिष्यति | लेखिष्यत: | लेखिष्यन्ति |
| लेखिष्यसि | लेखिष्यथ: | लेखिष्यथ |
| लेखिष्यामि | लेखिष्याव: | लेखिष्याम: |

(३३४) **तुदादिभ्य श: ३।१।७७** **(श प्रत्यय)**

सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा तुदादिगणमा पढिएका धातुदेखि श (अ) प्रत्यय हुन्छ, जस्तै : तुद्+लट्– तुद्+तिप्– तुद्+श+ति– तुद्+अ+ति =तुदति ।

### १०.६.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत

| क्र.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | तुद् (दु:ख दिनु) | तुदति | तोत्स्यति | अतुदत् | तुदतु |
| २. | नुद् (प्रेरित गर्नु) | नुदति | नोत्स्यति | अनुदत् | नुदतु |
| ३. | भ्रस्ज् (भुट्नु) | भृज्जति | भर्क्ष्यति | अभृज्जत् | भृज्जतु |
| ४. | क्षिप् (फ्याँक्नु) | क्षिपति | क्षेप्स्यति | अक्षिपत् | क्षिपतु |
| ५. | कृष् (जोत्नु) | कृषति | क्रक्ष्यति | अकृषत् | कृषतु |
| ६. | लज् (लजाउनु) | लजते | लजिष्यते | अलजत | लजताम् |
| ७. | उभ् (उब्जाउनु) | उभति | ओभिष्यति | औभत् | उभतु |
| ८. | शुभ् (शोभित हुनु) | शुभति | शोभिष्यति | अशुभत् | शुभतु |
| ९. | घुण् (घुम्नु) | घुणति | घोणिष्यति | अघुणत् | घुणतु |
| १०. | मुर् (मोड्नु) | मुरति | मोरिष्यति | अमुरत् | मुरतु |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | घुर् (घुर्नु) | घुरति | घोरिष्यति | अघुरत् | घुरतु |
| १२. | इष् (चाहनु) | इच्छति | एषिष्यति | ऐच्छत् | इच्छतु |
| १३. | स्फुट् (फुल्नु) | स्फुटति | स्फोटिष्यति | अस्फुटत् | स्फुटतु |
| १४. | जुट् (जुट्नु) | जुटति | जोटिष्यति | अजुटत् | जुटतु |
| १५. | स्फुर् (फुर्नु) | स्फुरति | स्फोरिष्यति | अस्फुरत् | फुरतु |
| १६. | गु (दिसा गर्नु) | गुवति | गोष्यति | अगुवत् | गुवतु |
| १७. | धु (स्थिर हुनु) | ध्रवति | ध्रोष्यति | अध्रुवत् | ध्रुवतु |
| १८. | मृ (मर्नु) | म्रियते | मरिष्यति | अम्रियत | म्रियताम् |
| १९. | आ+दृ (आदर गर्नु) | आद्रियते | आदरिष्यते | आद्रियत | आद्रियताम् |
| २०. | प्रच्छ् (सोध्नु) | पृच्छति | प्रक्ष्यति | अपृच्छत् | पृच्छतु |
| २१. | सृज् (रचना गर्नु) | सृजति | स्रक्ष्यति | असृजत् | सृजतु |
| २२. | छुप् (छुनु) | छुपति | छोप्स्यति | अछुपत् | छुपतु |
| २३. | स्पृश् (छुनु) | स्पृशति | स्प्रक्ष्यति | अस्पृशत् | स्पृशतु |
| २४. | विश् (प्रवेश गर्नु) | विशति | वेक्ष्यति | अविशत् | विशतु |
| २५. | मिल् (मिल्नु) | मिलति | मेलिष्यति | अमिलत् | मिलतु |
| २६. | मुच् (छाड्नु) | मुञ्चति | मोक्ष्यति | अमुञ्चत् | मुञ्चतु |
| २७. | विद् (पाउनु) | विन्दति | वेदिष्यति | अविन्दत् | विन्दतु |
| २८. | लिप् (लिप्नु) | लिम्पति | लेप्स्यति | अलिम्पत् | लिम्पतु |
| २९. | सिच् (सेचन गर्नु) | सिञ्चति | सेक्ष्यति | असिञ्चत् | सिञ्चतु |
| ३०. | कृत् (काट्नु) | कृन्तति | कर्तिष्यति | अकृन्तत् | कृन्ततु |
| ३१. | खिद् (दुःखी हुनु) | खिन्दति | खेत्स्यति | अखिन्दत् | खिन्दतु |
| ३२. | पिश् (पिस्नु) | पिशति | पेशिष्यति | अपिशत् | पिशतु |

श प्रत्यय पर भएकाले मुच्, विद्, लिप्, कृत्, सिच् र खिद् धातुको नुम् (म्) आगम भएर उपर्युक्त मुञ्चति, विन्दति, लिम्पति, कृन्तति, सिञ्चति, खिन्दति आदि रूपहरूको निर्माण भएको हो ।

## १०.७ रुधादि प्रकरण

रुध् धातुदेखि पृच् धातुसम्मका २५ वटा धातुहरू पढिएको गणलाई रुधादि प्रकरण भनिन्छ । सार्वधातुकसंज्ञक लकार पर भएमा रुधादिगणमा पढिएका धातुका अन्तिम अच्को अवयवका रूपमा श्नम् (न) प्रत्यय हुन्छ । श्नम् प्रत्यय पनि पित्भिन्न सार्वधातुक प्रत्यय भएकाले ङिद्वद्भाव हुने हुँदा धातुका इक्वर्णको गुण हुँदैन । यस अध्ययनमा भिद् (टुक्र्याउनु) धातुका लट्, लृट्, लङ् र लोट् लकारका सबै रूपहरू तथा बहुप्रयुक्त ७ वटा अन्य धातुका प्रमुख रूपहरूको मात्र सङ्केत गरिएको छ ।

### १०.७.१ भिद् धातुका रूपहरू

**लट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| भिनत्ति | भिन्त: | भिन्दन्ति |
| भिनत्सि | भिन्त्थ: | भिन्त्थ |
| भिनद्मि | भिन्द्व: | भिन्द्म: |

**लोट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| भिनत्तु | भिन्ताम् | भिन्दन्तु |
| भिन्दि | भिन्तम् | भिन्त |
| भिनदानि | भिनदाव | भिनदाम |

**लङ् लकारका रूपहरू**

| | | |
|---|---|---|
| अभिनत् | अभिन्ताम् | अभिन्दन् |
| अभिन: | अभिन्तम् | अभिन्त |
| अभिनदम् | अभिन्दव | अभिन्दम |

**लृट् लकारका रूपहरू**

| | | |
|---|---|---|
| भेत्स्यति | भेत्स्यत: | भेत्स्यन्ति |
| भेत्स्यसि | भेत्स्यथ: | भेत्स्यथ |
| भेत्स्यामि | भेत्स्याव: | भेन्त्याम: |

(३३५) **रुधादिभ्य: श्नम् ३।१।७८** (श्नम् प्रत्यय)

सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा रुधादिगणमा पढिएका धातुदेखि श्नम् (न) प्रत्यय हुन्छ, जस्तै : भिद्+लट्– भिद्+तिप्– भि श्नम् द्+ति– भिनद्+ति =भिनत्ति ।

### १०.७.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत

| क्र.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | रुध् (रोक्नु) | रुणद्धि | रोत्स्यति | अरुणत् | रुणद्धु |
| २. | छिद् (छिन्नु) | छिनत्ति | छेत्स्यति | अच्छिनत् | छिनत्तु |
| ३. | युज् (जोड्नु) | युनक्ति | योक्ष्यति | अयुनक् | युनक्तु |
| ४. | इन्ध् (प्रकाशित हुनु) | इन्धे | इन्धिष्यते | ऐन्ध | इन्धाम् |
| ५. | पिष् (पिस्नु) | पिनष्टि | पेक्ष्यति | अपिनट् | पिनष्टु |
| ६. | भुज् (खानु) | भुनक्ति | भोक्ष्यति | अभुनक् | भुनक्तु |
| ७. | हिंस् (मार्नु) | हिनस्ति | हिंसिष्यति | अहिनत् | हिनस्तु |

◆

# १०.८ तनादि प्रकरण

तन् धातुदेखि कृ धातुसम्मका १० वटा धातुहरू पढिएको गणलाई तनादि प्रकरण भनिन्छ । सार्वधातुकसंज्ञक लकारहरू पर भएमा तनादि गणमा पढिएका धातुदेखि उ प्रत्यय हुन्छ । कृ, क्षिण् जस्ता धातुको तथा तिप्, सिप् र मिप् प्रत्यय पर भएमा उ प्रत्ययको समेत गुण भएको पाइन्छ । यस अध्ययनमा कृ (गर्नु) धातुका लट्, लृट्, लङ् र लोट् लकारका सबै रूपहरू तथा बहुप्रचलित अन्य ३ वटा धातुका प्रमुख रूपहरूको मात्र सङ्केत गरिएको छ ।

## १०.८.१ कृ धातुका रूपहरू

| लट् लकारका रूपहरू | | | लोट् लकारका रूपहरू | | |
|---|---|---|---|---|---|
| करोति | कुरुत: | कुर्वन्ति | करोतु | कुरुतम् | कुर्वन्तु |
| करोषि | कुरुथ: | कुरुथ | कुरु | कुरुतम् | कुरुत |
| करोमि | कुर्व: | कुर्म: | करवाणि | करवाव | करवाम |

| लङ् लकारका रूपहरू | | | लृट् लकारका रूपहरू | | |
|---|---|---|---|---|---|
| अकरोत् | अकुरुताम् | अकुर्वन् | करिष्यति | करिष्यत: | करिष्यन्ति |
| अकरो: | अकुरुतम् | अकुरुत | करिष्यसि | करिष्यथ: | करिष्यथ |
| अकरवम् | अकुर्व | अकुर्म | करिष्यामि | करिष्याव: | करिष्याम: |

**(२३६) तनादिकृञ्भ्य उ: ३।१।७९** (उ प्रत्यय)

सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा तनादिगणमा पढिएका सबै धातुदेखि र कृ धातुदेखि पनि उ प्रत्यय हुन्छ, जस्तै : कृ+लट्– कृ+तिप्– कृ+उ+ति– कर्+उ+ति =करोति ।

**(२३७) अत उत्सार्वधातुके ६।४।११०** (अ=उ आदेश)

सार्वधातुकसंज्ञक कित् र ङित् प्रत्यय पर भएमा उ प्रत्ययान्त कृ धातुका अकारका स्थानमा उकार हुन्छ, जस्तै : कृ+लट्– कृ+तस्– कृ+उ+तस्– कर्+उ+तस्– कुर्+उ+तस् =कुरुत: ।

**(२३८) नित्यं करोते: ६।४।१०८** (उलोप)

मकार र वकार पर भएमा कृ धातुदेखि पर रहेका उ प्रत्ययको लोप हुन्छ, जस्तै : कृ+लट्– कृ+वस् – कृ+उ+वस्– कर्+उ+वस्– कुर्+उ+वस्– कुर्वस् =कुर्व:, कृ+लट्– कृ+मस्– कृ+उ+मस्– कर्+उ+मस्– कुर्+उ+मस्– कुर्+मस् =कुर्म: ।

## १०.८.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत

| क्र.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | तन् (फैलिनु) | तनोति | तनिष्यति | अतनोत् | तनोतु |
| २. | क्षिण् (तोड्नु) | क्षिणोति | क्षेणिष्यति | अक्षिणोत् | क्षिणोतु |
| ३. | मन् (जान्नु) | मनुते | मनिष्यते | अमनुत | मनुताम् |

◆

## १०.९ क्र्यादि प्रकरण

क्री धातुदेखि ग्रह् धातुसम्मका ६५ वटा धातुहरू पढिएको गणलाई क्र्यादि प्रकरण भनिन्छ । सार्वधातुकसंज्ञक लकारहरू पर भएमा क्र्यादिगणमा पढिएका धातुदेखि श्ना (ना) प्रत्यय हुन्छ । श्ना प्रत्यय पनि पित्भिन्न सार्वधातुक प्रत्यय भएकाले ङिद्वद्भाव हुने हुँदा सार्वधातुक लकारमा धातुका इक्को गुण हुँदैन । यस अध्ययनमा क्री (किन्नु) धातुका लट्, लृट्, लङ् र लोट् लकारका सबै रूपहरू तथा बहुप्रयुक्त अन्य १४ वटा धातुका प्रमुख रूपहरूको मात्र सङ्केत गरिएको छ ।

### १०.९.१ क्री धातुका रूपहरू

| लट् लकारका रूपहरू | | | लोट् लकारका रूपहरू | | |
|---|---|---|---|---|---|
| क्रीणाति | क्रीणीत: | क्रीणन्ति | क्रीणातु | क्रीणीताम् | क्रीणन्तु |
| क्रीणासि | क्रीणीथ: | क्रीणीथ | क्रीणीहि | क्रीणीतम् | क्रीणीत |
| क्रीणामि | क्रीणीव: | क्रीणीम: | क्रीणानि | क्रीणाव | क्रीणाम |
| **लङ् लकारका रूपहरू** | | | **लृट् लकारका रूपहरू** | | |
| अक्रीणीत् | अक्रीणीताम् | अक्रीणन् | क्रेष्यति | क्रेष्यत: | क्रेष्यन्ति |
| अक्रीणा: | अक्रीणीतम् | अक्रीणीत | क्रेष्यसि | क्रेष्यथ: | क्रेष्यथ |
| अक्रीणाम् | अक्रीणीव | अक्रीणीम | क्रेष्यामि | क्रेष्याव: | क्रेष्याम: |

(३३९) **क्र्यादिभ्य: श्ना ३।१।८१** (श्ना प्रत्यय)

सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा क्र्यादिगणमा पढिएका धातुहरूदेखि श्ना (ना) प्रत्यय हुन्छ, जस्तै : क्री+लट्– क्री+तिप्– क्री+श्ना+ति– क्रीनाति =क्रीणाति ।

(३४०) **ई हल्यघो: ६।४।११३** (आ=ई आदेश)

सार्वधातुकसंज्ञक हलादि कित् र ङित् प्रत्यय पर भएमा श्ना प्रत्यय र अभ्यस्तसंज्ञक प्रत्ययका आकारका स्थानमा ईकार हुन्छ, जस्तै : क्री+लट्– क्री+तस्– क्री+श्ना+तस्– क्री+ना+तस्– क्री+नी+तस्– क्रीणीतस् =क्रीणित: ।

(३४१) **श्नाभ्यस्तयोरात: ६।४।११२** (आलोप)

सार्वधातुकसंज्ञक हलादि कित् र ङित् प्रत्यय पर भएमा श्ना प्रत्यय र अभ्यस्तसंज्ञक प्रत्ययका आकारको लोप हुन्छ, जस्तै : क्री+लट्– क्री+झि– क्री+श्ना+अन्ति– क्री+ना+अन्ति– क्री+न्+अन्ति– क्रीनन्ति =क्रीणन्ति ।

### १०.९.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत

| क्र.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | प्री (प्रेम गर्नु) | प्रीणाति | प्रेष्यति | अप्रीणीत् | प्रीणातु |
| २. | पू (पवित्र गर्नु) | पुनाति | पविष्यति | अपुनात् | पुनातु |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | लू (काट्नु) | लुनाति | लविष्यति | अलुनात् | लुनातु |
| ४. | स्तॄ (ढाक्नु) | स्तृणाति | स्तरिष्यति | अस्तृणात् | स्तृणातु |
| ५. | पॄ (पूरा गर्नु) | पृणाति | परिष्यति | अपृणात् | पृणातु |
| ६. | मॄ (मार्नु) | मृणाति | मरिष्यति | अमृणात् | मृणातु |
| ७. | जॄ (बूढो हुनु) | जृणाति | जरिष्यति | अजृणात् | जृणातु |
| ८. | ज्या (बूढो हुनु) | जिनाति | ज्यास्यति | अजिनात् | जिनातु |
| ९. | ज्ञा (जान्नु) | जानाति | ज्ञास्यति | अजानत् | जानातु |
| १०. | बन्ध् (बाँध्नु) | बध्नाति | भन्त्स्यति | अबध्नात् | बध्नातु |
| ११. | मन्थ् (मथ्नु) | मथ्नाति | मन्थिष्यति | अमथ्नात् | मथ्नातु |
| १२. | अश् (खानु) | अश्नाति | अशिष्यति | आश्नत् | अश्नातु |
| १३. | मुष् (चोर्नु) | मुष्णाति | मोषिष्यति | अमुष्यात् | मुष्णातु |
| १४. | ग्रह् (लिनु) | गृह्णाति | ग्रहीष्यति | अगृह्णात् | गृह्णातु |

शकारको इत्संज्ञा हुने श्ना प्रत्यय पर भएकाले पू, लू, स्तॄ, मॄ र जॄ धातुका ऊकार र ॠकारको ह्रस्व भएर पुनाति आदि रूपहरू निर्माण भएका हुन् । ज्या धातुको सम्प्रसारण हुँदा यकारका स्थानमा इकार भई जिनाति, अजिनात् र जिनातु रूप सिद्ध भएका हुन् । लिट् लकारदेखि भिन्न लकार वा प्रत्यय पर भएमा ग्रह् धातुदेखि विहित इट् आगमको दीर्घ भएर 'ग्रहीष्यति' रूपको निर्माण भएको हो भने 'सङ्गृहीत' आदिमा पनि यही आधारमा इकारको दीर्घ हुन पुगेको हो ।

◆

## १०.१० चुरादि प्रकरण

चुर् धातुदेखि तुत्थ धातुसम्मका ४११ वटा धातुहरू पढिएको गणलाई चुरादि प्रकरण भनिन्छ । चुरादिगणमा पढिएका सबै धातुदेखि सर्वप्रथम णिच् (इ) प्रत्यय हुन्छ । त्यसलाई आर्धधातुकसंज्ञा गरेर धातुका अच्वर्णको गुण वा वृद्धि हुन्छ । त्यसपछि निर्माण भएका शब्दलाई धातुसंज्ञा गरिन्छ र त्यसदेखि सार्वधातुकसंज्ञक लकार पर भएमा भ्वादिगणका धातुमा झैं शप् (अ) प्रत्यय आदि गरेर धातुका रूपहरूको निर्माण गरिन्छ । यस अध्ययनमा चुर् (चोर्नु) धातुका लट्, लृट्, लङ् र लोट् लकारका सबै रूप तथा बहुप्रयुक्त अन्य ६४ वटा धातुका प्रमुख रूपहरूको मात्र सङ्केत गरिएको छ ।

### १०.१०.१ चुर् धातुका रूपहरू

| लट् लकारका रूपहरू | लोट् लकारका रूपहरू |
|---|---|
| चोरयति चोरयतः चोरयन्ति | चोरयतु चोरयताम् चोरयन्तु |
| चोरयसि चोरयथः चोरयथ | चोरय चोरयतम् चोरयत |
| चोरयामि चोरयावः चोरयामः | चोरयाणि चोरयाव चोरयाम |
| **लङ् लकारका रूपहरू** | **लृट् लकारका रूपहरू** |
| अचोरयत् अचोरयताम् अचोरयन् | चोरयिष्यति चोरयिष्यतः चोरयिष्यन्ति |
| अचोरयः अचोरयतम् अचोरयत | चोरयिष्यसि चोरयिष्यथः चोरयिष्यथ |
| अचोरयम् अचोरयाव अचोरयाम | चोरयिष्यामि चोरयिष्यावः चोरयिष्यामः |

**(३४२) सत्यापपाशरूपवीणतूलश्लोकसेनालोमत्वचवर्मवर्णचूर्णचुरादिभ्यो णिच् ३।१।२५**

सत्याप, पाश, रूप, वीणा, तूल, श्लोक, सेना, लोम, त्वच्, वर्मन्, वर्ण र चूर्ण शब्ददेखि तथा स्वार्थमा चुरादिगणमा पढिएका धातुदेखि पनि णिच् (इ) प्रत्यय हुन्छ, जस्तै : चुर्+णिच्– चुर्+इ– चोर्+इ– चोरि+लट्– चोरि+तिप्–' चोरि+शप्+ति– चोरे+अति– चोर्+अय्+अति =चोरयति ।

**(३४३) अर्तिह्रीब्लीरीक्नूयीक्ष्माय्यातां पुङ् णौ ७।३।३६** (पुक् आगम)

णिच् प्रत्यय पर भएमा ऋ, ह्री, ब्ली, री, क्नूयी, क्ष्मायी र आकार अन्तमा हुने धातुको पुक् (प्) आगम हुन्छ, जस्तै : ज्ञा+णिच्– ज्ञा पुक्+इ– ज्ञापि+लट्– ज्ञापि+तिप्– ज्ञापि+शप्+ति– ज्ञापे+अति– ज्ञाप्+अय्+अति =ज्ञापयति ।

### १०.१०.२ बहुप्रयुक्त धातुका प्रमुख रूपहरूको सङ्केत

| क्र.सं. | धातु र अर्थ | लट् | लृट् | लङ् | लोट् |
|---|---|---|---|---|---|
| १. | पीड् (दुःख दिनु) | पीडयति | पीडयिष्यति | अपीडयत् | पीडयतु |
| २. | भक्ष् (खानु) | भक्षयति | भक्षयिष्यति | अभक्षयत् | भक्षयतु |
| ३. | स्निह् (स्नेह गर्नु) | स्नेहयति | स्नेहयिष्यति | अस्नेहयत् | स्नेहयतु |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | तड् (पिट्नु) | ताडयति | ताडयिष्यति | अताडयत् | ताडयतु |
| ५. | खण्ड् (टुक्र्याउनु) | खण्डयति | खण्डयिष्यति | अखण्डयत् | खण्डयतु |
| ६. | मण्ड् (शोभित हुनु) | मण्डयति | मण्डयिष्यति | अमण्डयत् | मण्डयतु |
| ७. | छर्द् (छाद्नु) | छर्दयति | छर्दयिष्यति | अच्छर्दयत् | छर्दयतु |
| ८. | क्षल् (धुनु) | क्षालयति | क्षालयिष्यति | अक्षालयत् | क्षालयतु |
| ९. | तुल् (तौलनु) | तोलयति | तोलयिष्यति | अतोलयत् | तोलयतु |
| १०. | मूल् (रोप्नु) | मूलयति | मूलयिष्यति | अमूलयत् | मूलयतु |
| ११. | तिल् (तेल लगाउनु) | तेलयति | तेलयिष्यति | अतेलयत् | तेलयतु |
| १२. | पाल् (पाल्नु) | पालयति | पालयिष्यति | अपालयत् | पालयतु |
| १३. | चुट् (चुट्नु) | चोटयति | चोटयिष्यति | अचोटयत् | चोटयतु |
| १४. | पूज् (पूजा गर्नु) | पूजयति | पूजयिष्यति | अपूजयत् | पूजयतु |
| १५. | वर्ध् (बढ्नु) | वर्धयति | वर्धयिष्यति | अवर्धयत् | वर्धयतु |
| १६. | दंश् (डस्नु) | दंशयति | दंशयिष्यति | अदंशयत् | दंशयतु |
| १७. | मन्त्र् (सल्लाह गर्नु) | मन्त्रयते | मन्त्रयिष्यते | अमन्त्रयत | मन्त्रयताम् |
| १८. | लल् (स्नेह गर्नु) | लालयते | लालयिष्यते | लालयत | लालयताम् |
| १९. | कुत्स् (निन्दा गर्नु) | कुत्सयते | कुत्सयिष्यते | अकुत्सयत | कुत्सयताम् |
| २०. | त्रुट् (टुट्नु) | त्रोटयते | त्रोटयिष्यते | अत्रोटयत | त्रोटयताम् |
| २१. | वञ्च् (ठग्नु) | वञ्चयते | वञ्चयिष्यते | अवञ्चयत | वञ्चयताम् |
| २२. | पश् (बाँध्नु) | पाशयति | पाशयिष्यति | अपाशयत् | पाशयतु |
| २३. | अर्ज् (आर्जन गर्नु) | अर्जयति | अर्जयिष्यति | आर्जयत् | अर्जयतु |
| २४. | घुष् (घोषित गर्नु) | घोषयति | घोषयिष्यति | अघोषयत् | घोषयतु |
| २५. | भूष् (सजाउनु) | भूषयति | भूषयिष्यति | अभूषयत् | भूषयतु |
| २६. | अर्ह् (योग्य हुनु) | अर्हयति | अर्हयिष्यति | अर्हयत् | अर्हयतु |
| २७. | ज्ञा (आज्ञा गर्नु) | ज्ञापयति | ज्ञापयिष्यति | अज्ञापयत् | ज्ञापयतु |
| २८. | मुच् (छाड्नु) | मोचयति | मोचयिष्यति | अमुचत् | मुचयतु |
| २९. | कृप् (कल्पनु) | कल्पयति | कल्पयिष्यति | अकल्पयत् | कल्पयतु |
| ३०. | लङ्घ् (अघि बढ्नु) | लङ्घयति | लङ्घयिष्यति | अलङ्घयत् | लङ्घयतु |
| ३१. | तर्क् (तर्क गर्नु) | तर्कयति | तर्कयिष्यति | अतर्कयत् | तर्कयतु |
| ३२. | पूर् (पूरा गर्नु) | पूरयति | पूरयिष्यति | अपूरयत् | पूरयतु |
| ३३. | स्वद् (स्वाद लिनु) | स्वादयति | स्वादयिष्यति | अस्वादयत् | स्वादयतु |
| ३४. | अर्च् (पूजा गर्नु) | अर्चयति | अर्चयिष्यति | आर्चयत् | अर्चयतु |
| ३५. | वृज् (छाड्नु) | वर्जयति | वर्जयिष्यति | अवर्जयत् | वर्जयतु |

| | | | | | |
|---|---|---|---|---|---|
| ३६. | शिष् (बचाउनु) | शेषयति | शेषयिष्यति | अशेषयत् | शेषयतु |
| ३७. | हिंस् (हिंसा गर्नु) | हिंसयति | हिंसयिष्यति | अहिंसयत् | हिंसयतु |
| ३८. | ग्रन्थ् (ग्रन्थ लेख्नु) | ग्रन्थयति | ग्रन्थयिष्यति | अग्रन्थयत् | ग्रन्थयतु |
| ३९. | वच् (बोल्नु) | वाचयति | वाचयिष्यति | अवाचयत् | वाचयतु |
| ४०. | मार्ग् (खोज्नु) | मार्गयति | मार्गयिष्यति | अमार्गयत् | मार्गयतु |
| ४१. | मृज् (पवित्र हुनु) | मार्जयति | मार्जयिष्यति | अमार्जयत् | मार्जयतु |
| ४२. | मर्ष् (सहनु) | मर्षयति | मर्षयिष्यति | अमर्षयत् | मर्षयतु |
| ४३. | कथ् (कहनु) | कथयति | कथयिष्यति | अथकयत् | कथयतु |
| ४४. | गण् (गन्नु) | गणयति | गणयिष्यति | अगणयत् | गणयतु |
| ४५. | रच् (रच्नु) | रचयति | रचयिष्यति | अरचयत् | रचयतु |
| ४६. | मह् (सम्मान गर्नु) | महयति | महयिष्यति | अमहयत् | महयतु |
| ४७. | स्पृह् (चाहनु) | स्पृहयति | स्पृहयिष्यति | अस्पृहयत् | स्पृहयतु |
| ४८. | सूच् (सूचित गर्नु) | सूचयति | सूचयिष्यति | असूचयत् | सूचयतु |
| ४९. | गोम् (लिप्नु) | गोमयति | गोमयिष्यति | अगोमयत् | गोमयतु |
| ५०. | गवेष् (खोज्नु) | गवेषयति | गवेषयिष्यति | अगवेषयत् | गवेषयतु |
| ५१. | ऊन् (कम गर्नु) | ऊनयति | ऊनयिष्यति | औनयत् | ऊनयतु |
| ५२. | ध्वन् (आवाज निकाल्नु) | ध्वनयति | ध्वनयिष्यति | अध्वनयत् | ध्वनयतु |
| ५३. | संकेत् (संकेत गर्नु) | संकेतयति | संकेतयिष्यति | असंकेतयत् | संकेतयतु |
| ५४. | स्थूल् (मोटाउनु) | स्थूलयते | स्थलयिष्यते | अस्थूलयत | स्थूलयताम् |
| ५५. | मूत्र् (पिसाब फेर्नु) | मूत्रयति | मूत्रयिष्यति | अमूत्रयत् | मूत्रयतु |
| ५६. | चित्र् (चित्र बनाउनु) | चित्रयति | चित्रयिष्यति | अचित्रयत् | चित्रयतु |
| ५७. | वट् (बाँड्नु) | वटयति | वटयिष्यति | अवटयत् | वटयतु |
| ५८. | मिश्र् (मिसाउनु) | मिश्रयति | मिश्रयिष्यति | अमिश्रयत् | मिश्रयतु |
| ५९. | दण्ड् (दण्ड दिनु) | दण्डयति | दण्डयिष्यति | अदण्डयत् | दण्डयतु |
| ६०. | अङ्क् (गन्नु) | अङ्कयति | अङ्कयिष्यति | आङ्कयत् | अङ्कयतु |
| ६१. | दुःख् (दुःख दिनु) | दुःखयति | दुःखयिष्यति | अदुःखयत् | दुःखयतु |
| ६२. | सुख् (सुख दिनु) | सुखयति | सुखयिष्यति | असुखयत् | सुखयतु |
| ६३. | छेद् (छेड्नु) | छेदयति | छेदयिष्यति | अछेदयत् | छेदयतु |
| ६४. | वर्ण् (वर्णन गर्नु) | वर्णयति | वर्णयिष्यति | अवर्णयत् | वर्णयतु |

◆

# १०.११ णिच् प्रकरण

अप्रेरणार्थक वाक्यको क्रियालाई प्रेरणार्थक क्रिया बनाउनका लागि धातुदेखि विधान गरिने णिच् (इ) प्रत्ययको अध्ययन गरिएको प्रकरणलाई णिच् प्रकरण भनिन्छ । त्यसरी निर्मित शब्दलाई धातुसंज्ञा गरिन्छ । णिच् प्रत्यय भइसकेपछि चुरादिगणका धातुमा झैं धातुको उपधामा वा अन्तमा रहेका स्वरवर्णका स्थानमा गुण, वृद्धि, अय् आदि आदेशहरू पनि हुन सक्छन् । णिच् प्रत्ययान्त धातुका रूपहरू दशवटै लकारमा निर्माण गरिन्छन् तापनि यस अध्ययनमा केही धातुका लट् लकारका रूपहरूको निर्माणप्रक्रियाका बारेमा मात्र चर्चा गरिएको छ ।

**(३४४) हेतुमति च ३।१।२६** (णिच् प्रत्यय)

प्रयोजक कर्ताको व्यापार प्रेरणा आदिलाई बुझाएका खण्डमा धातुदेखि णिच् (इ) प्रत्यय हुन्छ, जस्तै : भवन्तं प्रेरयति– भू+णिच्– भो+इ– भाव्+इ– भावि+लट्– भावि+तिप्– भावि+शप्+ति– भावे+अति– भाव्+अय्+अति =भावयति । प्रेरणालाई मुख्यत: पाँच प्रकारमा विभाजन गर्न सकिन्छ :

(अ) प्रेषण– नोकर आदिलाई प्रेरित गर्नु ।

(आ) अध्येषण– आफूभन्दा ठूलालाई वा समवयस्कलाई प्रेरित गर्नु ।

(इ) अनुमति– राजा आदिको अनुमति लिएर कार्य गर्नु ।

(ई) उपदेश– ज्वरो आदिमा वैद्यवचनको पालना गर्नु ।

(उ) अनुग्रह– कसैको सहयतास्वरूपको प्रेरणा ।

जस्तै : 'रमेश: देवदत्तेन पत्रं लेखयति' । यहाँ रमेश प्रयोजक कर्ताले देवदत्त प्रयोज्य कर्ताद्वारा चिठी लेखाउने कार्य गरेकाले लिख् धातुदेखि णिच् प्रत्यय भएको हो । यस वाक्यलाई अध्येषण प्रेरणाको उदाहरण मान्न सकिन्छ ।

णिच् प्रत्यय पर भएमा पूर्ववर्ती सूत्र (३४३) ले पुक् आगम हुने भएकाले ऋ पुक्+णिच् =अर्पयति, स्था पुक्+णिच् =स्थापयति आदि प्रेरणार्थक क्रियाको निर्माण हुन्छ । त्यसैगरी णिच् प्रत्ययलाई निमित्त मानेर शो र पानार्थक पा धातुदेखि युक् (य्) आगम तथा रक्षणार्थक पा धातुदेखि लुक् (ल्) आगम भएर शाययति, पाययति र पालयति रूपहरू बन्दछन् । यसैगरी णिच् पर भएमा रुह् धातुका हकारका स्थानमा पकार आदेश भएर रुह्+णिच्– रुप्+इ– रोपि+लट्– रोपि+तिप्– रोपि+शप्+तिप्– रोपय्+अति =रोपयति रूपको निर्माण हुन्छ । क्री र अध्ययनार्थक इ धातुका इवर्णको आत्व हुने भएकाले पूर्ववर्ती सूत्र (३४३) ले नै पुक् आगम भएर क्री+णिच्– क्री पुक्+इ ... =क्रीपयति र अधि+इ+णिच्– अधि+आ+इ– अधि+आ पुक्+इ– अध्यापि+लट्...= अध्यापयति रूपहरूको निर्माण हुन्छ ।

◆

## १०.१२ सन् प्रकरण

इच्छा अर्थमा एककर्तृक धातुदेखि विधान गरिने सन् प्रत्ययको अध्ययन गरिएको प्रकरणलाई सन् प्रकरण भनिन्छ । धातुदेखि सन् प्रत्यय गरिसकेपछि त्यसलाई आर्धधातुकसंज्ञा गरिन्छ । त्यसपछि सन् प्रत्यय गरिएको धातु सेट् हो कि अनिट् हो भन्ने ख्याल गरेर सेट् भए इट् (इ) आगम गरिन्छ । सन् प्रत्ययलाई आधार मानेर धातुको द्वित्व तथा लिट् लकारमा झैं अभ्यासादि कार्यहरू हुन्छन् । अभ्यासमा अकार भएमा त्यसका स्थानमा इकार आदेश हुन्छ । सन् प्रत्ययका सकारभन्दा अघि इण् प्रत्याहारमा पर्ने वर्ण भएमा सन् प्रत्ययका सकारको षत्व हुन्छ । यी सबै प्रक्रियाहरू पूरा गरिसकेपछि निर्माण भएका शब्दलाई पुन: धातुसंज्ञा गरेर लट्, लिट् आदि दशवटै लकारमा सन् प्रत्ययान्त धातुका रूपहरू निर्माण गर्न सकिन्छ । यस अध्ययनमा विशेषत: सन् प्रत्ययान्त पठ् धातुको लट् लकारको प्रथमपुरुषको एकवचनको 'पिपठिषति' (पढ्न चाहन्छ) रूपको निर्माणप्रक्रियाको मात्र चर्चा गरिएको छ ।

**(३४५) धातो: कर्मण: समानकर्तृकादिच्छायां वा ३।१।७** (सन् प्रत्यय)

इष् धातुको कर्म बनेको र समान कर्ता वा एककर्तृक धातुदेखि इच्छा अर्थमा सन् (स) प्रत्यय हुन्छ, जस्तै : पठ्+सन् ...= पिपठिषति ।

**(३४६) सन्यङो: ६।१।९** (द्वित्व)

सन् प्रत्यय र यङ् प्रत्यय पर भएमा धातुको द्वित्व हुन्छ, जस्तै : पठ्+सन्– पठ् पठ्+स... =पिपठिषति ।

**(३४७) सन्यत: ७।४।७९** (अ=इ आदेश)

सन् प्रत्यय पर भएमा अभ्यासमा रहेका धातुको अकारका स्थानमा इकार आदेश हुन्छ, जस्तै : पठ्+सन्–... पपठ्+इ स– पिपठ्+इ स– पिपठिष+लट्... =पिपठिषति ।

रुद्, विद्, मुष्, ग्रह्, स्वप् र प्रच्छ् धातुदेखि विहित सन् प्रत्ययलाई कित्व हुने भएकाले सन्नन्त यी धातुहरूमा रहेका अच्वर्णको गुण निषेध हुने हुँदा रुरुदिषति, विविदिषति, मुमुषिषति, जिघृक्षति, रुरुत्सति र पिपृच्छिषति रूपको निर्माण हुन्छ ।

## १०.१३ नामधातु प्रकरण

नाम शब्दलाई धातु बनाउने प्रक्रियाको अध्ययन गरिएको तिङन्त प्रकरणलाई नामधातु प्रकरण भनिन्छ । नामलाई धातु बनाउनका लागि पाणिनिले विभिन्न अर्थमा क्यच् (य), काम्यच् (काम्य), क्यङ् (य), क्यष् (य), क्विप् (०), णिङ् (इ) र णिच् (इ) प्रत्ययको विधान गरेका छन् । यी नामधातु प्रत्ययहरू सुबन्त शब्दहरूदेखि विधान गरिने भएकाले धात्ववयव सुबन्त शब्दका सुप् प्रत्ययको लोप गरिन्छ । क्यच् प्रत्यय पर भएमा नाम शब्दको अन्तमा रहेका अवर्णका स्थानमा ईत्व हुन्छ भने क्विप् प्रत्यय पर भएमा अनुनासिक वर्ण अन्तमा हुने शब्दका उपधाको दीर्घ हुन्छ । नामलाई धातु बनाउन उपर्युक्त धातुप्रत्यय लागेर शब्दनिर्माण भएपछि त्यसलाई पुन: धातुसंज्ञा गरी नामधातुदेखि लट्, लिट् आदि दशवटै लकारका रूपहरूको निर्माण गर्न सकिन्छ । यस अध्ययनमा क्यच्, काम्यच्, क्विप् र क्यङ् प्रत्ययान्त नामधातुको लट् लकारका रूपको मात्र चर्चा गरिएको छ ।

**(३४८) सुप आत्मन: क्यच् ३।१।८** (क्यच् प्रत्यय)

इच्छा अर्थमा इच्छा गर्ने व्यक्तिको आत्मीय सम्बन्धको वाचक सुबन्त कर्मदेखि क्यच् (य) प्रत्यय हुन्छ, जस्तै : आत्मन: पुत्रमिच्छतीति– पुत्र अम्+क्यच्– पुत्र अम्+य– पुत्र+य– पुत्री+य– पुत्रीय+लट्... =पुत्रीयति

**(३४९) क्यचि च ७।४।३३** (अ=ई आदेश)

क्यच् प्रत्यय पर भएमा शब्दको अन्तमा रहेका अकारका स्थानमा ईत्व हुन्छ, जस्तै : पुत्र अम्+क्यच्– पुत्र+य– पुत्री+य– पुत्रीय+लट्– पुत्रीय+तिप्– पुत्रीय+शप्+ति– पुत्रीय+अति– पुत्रीय+ति =पुत्रीयति ।

**(३५०) काम्यच्च ३।१।९** (काम्यच् प्रत्यय)

इच्छा अर्थमा आत्मसम्बन्धी सुबन्त कर्मदेखि काम्यच् प्रत्यय पनि हुन्छ, जस्तै : आत्मन: पुत्रमिच्छतीति– पुत्र अम्+काम्यच्– पुत्र+काम्य– पुत्रकाम्य+लट्... =पुत्रकाम्यति ।

**(३५१) उपमानादाचारे ३।१।१०** (क्यच् प्रत्यय)

आचार अर्थमा उपमानवाची सुबन्त कर्मदेखि क्यच् प्रत्यय हुन्छ, जस्तै : पुत्रमिव आचरतीति– पुत्र अम्+क्यच्– पुत्र+य–... =पुत्रीयति छात्रम्, विष्णुमिव आचरतीति– विष्णु अम्+क्यच्– विष्णु+य– विष्णूय+लट्....= विष्णूयति ।

**(३५२) सर्वप्रातिपदिकेभ्य: क्विब्वा वक्तव्य: वा.३।१।११।४** (क्विप् प्रत्यय)

आचार अर्थमा उपमानवाची सम्पूर्ण प्रातिपदिकसंज्ञक शब्ददेखि विकल्पले क्विप् (०) प्रत्यय हुन्छ । क्विप् प्रत्यय सुबन्तदेखि नभई प्रातिपदिकदेखि हुने भएकाले सुब्लुक् र पदकार्य पनि हुँदैनन् । जस्तै : कृष्ण इवाचरतीति– कृष्ण+क्विप्– कृष्ण+लट्– कृष्ण+तिप्– कृष्ण+शप्+ति– कृष्ण+अति =कृष्णति ।

**(३५३) अनुनासिकस्य क्विझलोः क्ङिति ६।४।१५** (उपधादीर्घ)

झलादि कित् एवं ङित् प्रत्यय पर भएमा अनुनासिक अन्तमा हुने प्रातिपदिकका उपधाको दीर्घ हुन्छ, जस्तै : राजेव आचरतीति– राजन्+क्विप्– राजान्– राजान्+लट्– राजान्+तिप्– राजान्+शप्+ति– =राजानति, पन्था इव आचरतीति– पथिन्+क्विप्– पथिन्– पथीन्+लट्– पथीन्+तिप्– पथीन्+शप्+ति =पथीनति, इदमेवाचरतीति– इदम्+क्विप्– इदाम्– इदाम्+लट्– इदाम्+तिप्– इदाम्+शप्+ति =इदामति ।

यसैगरी गर्ने भन्ने अर्थमा शब्द, बैर र कलह शब्ददेखि शब्दं करोति, वैरं करोति र कलहं करोति विग्रहमा क्यङ् (य) प्रत्यय भएर शब्दायते, वैरायते र कलहायते शब्दहरूको निर्माण हुन्छ । त्यस्तै बुझ्नु भन्ने अर्थमा सुख, दुःख र कृपण शब्ददेखि सुखं वेदयते, दुःखं वेदयते र कृपणं वेदयते विग्रहमा क्यङ् प्रत्यय भएर सुखायते, दुःखायते र कृपणायते शब्दहरू बन्दछन् ।

## १०.१४ भावकर्म प्रकरण

भाववाच्य र कर्मवाच्यका क्रियाहरूको निर्माण गर्ने प्रक्रियाको अध्ययन गरिएको तिङन्त प्रकरणलाई भावकर्म प्रकरण भनिन्छ । 'भावकर्मणोः' (अ.१।३।१३) सूत्रको नियमअनुसार भाववाच्य र कर्मवाच्यको सार्वधातुक एवं आर्धधातुक लकारमा सबै क्रियाहरू आत्मनेपदमा मात्र प्रयोग गरिन्छन् । भाववाच्य र कर्मवाच्यका क्रियाहरूको सबै लकारमा प्रयोग हुन्छ । भाववाच्यमा सदैव प्रथमपुरुषको एकवचनको क्रिया हुन्छ भने कर्मवाच्यमा कर्मअनुसार एकवचन र बहुवचनको समेत प्रयोग हुन्छ । यस अध्ययनमा भने सार्वधातुकसंज्ञक लट् लकारका केही रूपको मात्र चर्चा गरिएको छ ।

**(३५४) सार्वधातुके यक् ३।१।६७** (यक् प्रत्यय)

भाववाच्य र कर्मवाच्यमा विधान गरिएको सार्वधातुकसंज्ञक प्रत्यय पर भएमा धातुदेखि यक् (य) प्रत्यय हुन्छ, जस्तै : भू+लट्– भू+त– भू+यक्+त– भूयत =त्वया मया अन्यैश्च भूयते, त्वया मया अन्यैश्च पठ्यते ।

यक् प्रत्ययमा ककारको अनुबन्धलोप गरिएका कारण यक् प्रत्ययान्त धातुको प्रायः गुण र वृद्धिको निषेध, सम्प्रसारण, उपधालोप, दीर्घ, इत्व, उत्व, आत्व र रिङ् आदेश भएको पाइन्छ । जसका कारण 'भूयते'मा ऊकारको गुणनिषेध, 'सुप्यते'मा स्वप् धातुको सम्प्रसारण, 'रज्यते'मा उपधाभूत नकारको लोप, 'क्षीयते'मा इकारको दीर्घ, 'जीर्यते'मा इत्व, 'पूर्यते'मा ऋकारको उत्व, 'जायते'मा नकारको आत्व र 'म्रियते'मा ऋकारको रिङ् आदेश सम्भव भएको हो । आर्धधातुसंज्ञक लकारमा भने चिण्वद्भाव र इट् आगम हुने भएकाले धातुका अच्वर्णको वृद्धि भएको देखिन्छ ।

◆

# ११. कृदन्त प्रकरण

धातुदेखि विधान गरिने तिङ्देखि भिन्न प्रत्यय अन्तमा हुने शब्दको निर्माणप्रक्रियाको अध्ययन गरिएको प्रकरणलाई कृदन्तप्रकरण भनिन्छ । अष्टाध्यायीमा कृदन्तको चर्चा तृतीय अध्यायको पहिलो पाउको ९१ औं सूत्र 'धातोः' (३।१।९१) देखि चौथो पाउको ७५ औं सूत्र 'ताभ्यामन्यत्रोणादयः' (३।४।७५) सम्म गरिएको छ । सिद्धान्तकौमुदीमा कृदन्तप्रकरणलाई कृत्यप्रकरण, पूर्वकृदन्तप्रकरण र उत्तरकृदन्तप्रकरण गरी तीन भागमा विभाजन गरिएको छ । ती सबै प्रकरणहरूमा ५५९ सूत्र र १२२ वार्तिकहरू पढिएका छन् । यस अध्ययनमा उपर्युक्त तीनवटै प्रकरणअन्तर्गतका २८ सूत्रहरूको मात्र चर्चा गरिएको छ ।

## ११.१ कृत्य प्रकरण

अष्टाध्यायीमा 'तव्यत्तव्यानीयरः' (३।१।९६) सूत्रदेखि 'चित्याग्निचित्ते च' (३।१।१३२) सूत्रसम्म पढिएका तव्यत्, तव्य, अनीयर्, केलिमर्, यत्, क्यप् र ण्यत् गरी ७ प्रत्ययलाई कृत्य प्रत्यय भनिन्छ । यिनै कृत्य प्रत्ययहरूको विचारविमर्श गरिएको प्रकरणलाई कृत्यप्रकरण भनिएको हो । कृत्य प्रत्ययान्त शब्दहरू सामान्यतया भाववाच्य र कर्मवाच्यमा मात्र प्रयोग गरिन्छन् (अ.३।४।७०) । धातुदेखि कृत्य प्रत्यय लागेपछि तिनलाई आर्धधातुकसंज्ञा, धातु सेट् भए इट् आगम र धातुको उपधा वा अन्तमा रहेका इक् वर्णको गुण हुन्छ । यस अध्ययनमा तव्यत्, अनीयर्, यत्, क्यप् र ण्यत् प्रत्यय अन्तमा हुने प्रमुख शब्दको निर्माणप्रक्रियाका बारेमा चर्चा गरिएको छ ।

**(३५५) तव्यत्तव्यानीयरः ३।१।९६** (तव्यत्, तव्य, अनीयर् प्रत्यय)

धातुदेखि भाव र कर्ममा तव्यत् (तव्य), तव्य र अनीयर् (अनीय) प्रत्यय हुन्छन् । भाववाच्यमा यी प्रत्यय हुँदा नपुंसकलिङ्ग र एकवचनमा प्रयोग गरिन्छन् भने कर्मवाच्यमा हुँदा कर्मको लिङ्ग र वचनअनुसार प्रयोग गरिन्छ । जस्तै : कृ+तव्यत्– कृ+तव्य– क् अर्+तव्य (गुण)– कर्तव्य+सु =मम कर्तव्यः, त्वया कर्तव्यम्, एध्+तव्यत्– एध्+इट् तव्य– एधितव्य+सु =त्वया एधितव्यम्, कृ+अनीयर् =त्वया करणीयम्, त्वया एधनीयम् । तव्यत् र तव्य प्रत्ययान्त शब्द लोकमा एउटै भए पनि वेदमा स्वरका दृष्टिले भिन्न भिन्न हुन्छन् ।

**(३५६) अचो यत् ३।१।९७** (यत् प्रत्यय)

अजन्त धातुदेखि भाव र कर्ममा यत् (य) प्रत्यय हुन्छ, जस्तै : चि+यत्– चि+य– चेय+सु =चेयम्, जि+यत् =जेयम्, गै+यत्– गा+य– गी+य– गेय+सु =गेयम् ।

अजन्त नभए पनि जन्, हन्, सह् धातु तथा पवर्गान्त एवं उपधामा अकार हुने लभ्, गम्, नम् र रम् धातुदेखि यत् प्रत्यय भएर जन्यम्, वध्यम्, सह्यम्, लभ्यम्, गम्यम्, नम्यम् र रम्यम् शब्दको निर्माण भएको पाइन्छ ।

(३५७) **ईद्यति ६।४।६५** (आ=ई आदेश)

यत् प्रत्यय पर भएमा धातुका आकारका स्थानमा ईत्व हुन्छ, जस्तै : दा+यत्- दा+य- दी+य- देय+सु =देयम्, ग्लै+यत्- ग्ला+य- ग्ली+य- ग्लेय+सु =ग्लेयम् ।

(३५८) **एतिस्तुशास्वृदृजुषः क्यप् ३।१।१०९** (क्यप् प्रत्यय)

इण्, स्तु, शास्, वृञ्, दृ र जुष् धातुदेखि क्यप् (य) प्रत्यय हुन्छ । क्यप् प्रत्यय पर भएमा धातुका इक्को गुण हुँदैन । जस्तै : इ+क्यप्- इ+य- इ तुक्+य- इत्य+सु =इत्यः, स्तु+क्यप् =स्तुत्यः, शास्+क्यप् (इत्व) =शिष्यः, वृ+क्यप् =वृत्यः, आ+दृ+क्यप् =आदृत्यः, जुष्+क्यप् =जुष्यः । यसैगरी गुह्, क्लृप्, भिद्, मृज् र कृ धातुदेखि पनि क्यप् प्रत्यय भएर गुह्यम्, कल्प्यम्, भिद्यः, मृज्यः, कृत्यः शब्दको निर्माण हुन्छ ।

(३५९) **ह्रस्वस्य पिति कृति तुक् ६।१।७१** (तुक् आगम)

पकारको इत्संज्ञा हुने कृत् प्रत्यय पर भएमा ह्रस्व स्वर अन्तमा हुने धातुको तुक् (त्) आगम हुन्छ, जस्तै : स्तु+क्यप्- स्तु+य- स्तु तुक्+य- स्तुत्य+सु =स्तुत्यः, इण्+क्यप्- इ+य- इ तुक्+य- इत्य+सु =इत्यः, वृ+क्यप् =वृत्यः, आ+दृ+क्यप् =आदृत्यः आदि ।

(३६०) **ऋहलोर्ण्यत् ३।१।१२४** (ण्यत् प्रत्यय)

ऋवर्ण अन्तमा हुने धातु र हल् वर्ण अन्तमा हुने धातुदेखि ण्यत् (य) प्रत्यय हुन्छ । ण्यत् प्रत्यय पर भएमा ऋकारान्त धातुका ऋकारको रपत्वसहित आर् वृद्धि हुन्छ भने उपधामा रहेका अकारको आ वृद्धि हुन्छ । जस्तै : कृ+ण्यत्- कृ+य- क् आर्+य- कार्य+सु =कार्यम्, हृ+ण्यत् =हार्यम्, स्मृ+ण्यत् =स्मार्यम्, पठ्+ण्यत्- पठ्+य- पाठ्+य- पाठ्य+सु =पाठ्यम्, वच्+ण्यत् =वाक्यम्, पच्+ण्यत् =पाक्यम्, युग्+ण्यत् =युग्यम् ।

## ११.२ पूर्वकृदन्त प्रकरण

अष्टाध्यायीमा 'ण्वुल्तृचौ' (३।१।१३३) सूत्रदेखि तृतीय अध्यायको दोस्रो पाउको अन्तिम सूत्र 'मतिबुद्धिपूजार्थेभ्यश्च' (३।२।१८८) सम्म पढिएका ण्वुल्, तृच् आदि प्रत्ययहरूको प्रकरणलाई पूर्वकृदन्तप्रकरण भनिन्छ । पूर्वकृदन्तप्रकरणका प्रायः सबै प्रत्ययहरू कर्ता अर्थ अर्थात् कर्तृवाच्यमा प्रयोग गरिन्छन् । यी प्रत्ययहरूमा शकारको इत्संज्ञा हुने प्रत्ययलाई छाडेर सबै प्रत्ययलाई आर्धधातुकसंज्ञा हुने भएकाले सेट् धातुमा वलादिलक्षण इट् आगम, धातुका उपधा वा अन्तमा रहेका इक्वर्णको गुण र वृद्धिनिमित्तक णित् वा ञित् प्रत्यय पर भएमा उपधामा रहेका अकारको र अन्तमा रहेका अच्वर्णको वृद्धि हुन्छ । सिद्धान्तकौमुदीको पूर्वकृदन्तप्रकरणमा पढिएका ८१ वटा कृत्प्रत्ययहरूमध्ये यस अध्ययनमा बहुप्रचलित १८ वटा प्रत्ययहरूको मात्र चर्चा गरिएको छ ।

**(३६१) ण्वुल्तृचौ ३।१।१३३** (ण्वुल्/तृच् प्रत्यय)

कर्ता अर्थमा धातुदेखि ण्वुल् (वु) र तृच् (तृ) प्रत्यय हुन्छन् । ण्वुल् प्रत्ययको 'वु'का स्थानमा अक आदेश हुन्छ । जस्तै : कृ+ण्वुल्– कृ+वु– कृ+अक– क् आर्+अक (वृद्धि)– कारक+सु =कारकः, कृ+तृच्– कृ+तृ– क् अर्+तृ (गुण)– कर्तृ+सु... =कर्ता, दा+ण्वुल्– दा+अक (युक् आगम) =दायकः, हन्+ण्वुल् =घातकः, शम्+ण्वुल् (वृद्धिनिषेध) =शमकः, दम्+ण्वुल् =दमकः, नि+यम्+ण्वुल् =नियामकः, जन्+ण्वुल् (वृद्धिनिषेध) =जनकः, वध्+ण्वुल् =वधकः आदि ।

**(३६२) नन्दिग्रहिपचादिभ्यो ल्युणिन्यचः ३।१।१३४** (ल्यु, णिनि, अच् प्रत्यय)

नन्द्, मद्, दूष्, साध्, वर्ध, शुभ्, रुच्, सह्, तप्, दम्, रम्, दृप्, अर्द्, यु, लू धातुदेखि ल्यु (यु=अन) प्रत्यय; ग्रह्, उत्+सह्, स्था, मन्त्र्, अप+राध् धातुदेखि णिनि (इन्) प्रत्यय र पच्, वद्, चल् आदि धातुदेखि अच् (अ) प्रत्यय हुन्छ । ल्यु प्रत्ययको 'यु'का स्थानमा 'अन' आदेश हुन्छ (अ.७।१।१) । जस्तै :

**(क) ल्यु प्रत्यय–** नन्द्+ल्यु– नन्द्+अन– नन्दन+सु =नन्दनः, मदनः, दूषणः, साधनः, वर्धनः, शोभनः, रोचनः, सहनः, तपनः, दमनः, रमणः, दर्पणः, जनार्दनः, यवनः, लवणः आदि ।

**(ख) णिनि प्रत्यय–** ग्रह्+णिनि– ग्रह्+इन् (वृद्धि)– ग्राहिन् सु... =ग्राही, स्था+णिनि– स्था+इन् (युक् आगम)– स्थायिन्+सु =स्थायी आदि ।

**(ग) अच् प्रत्यय–** पच्+अ– पच+सु =पचः, वदः, चलः आदि ।

**(३६३) इगुपधज्ञाप्रीकिरः कः ३।१।१३५** (क प्रत्यय)

इक् उपधामा हुने धातुदेखि एवं ज्ञा, प्री र किर् धातुदेखि क (अ) प्रत्यय हुन्छ । क प्रत्यय कित् भएकाले धातुका अच्वर्णको गुण हुँदैन । जस्तै : क्षिप्+क– क्षिप्+अ– क्षिप+सु =क्षिपः, लिख्+क =लिखः, बुध्+क =बुधः, कृश्+क =कृशः, ज्ञा+क– ज्ञा+अ (आलोप)– ज्ञ+सु =ज्ञः, प्री+क– प्री+अ (इयङ्)– प्रिय+सु =प्रियः, किर्+क =किरः आदि ।

**(३६४) कर्मण्यण् ३।२।१** (अण् प्रत्यय)

कर्म उपपदमा रहेमा धातुदेखि अण् (अ) प्रत्यय हुन्छ । अण् प्रत्ययलाई निमित्त मानेर धातुका उपधा वा अन्तमा रहेका अच्वर्णको वृद्धि हुन्छ । जस्तै : कुम्भं करोतीति– कुम्भ+कृ+अण्– कुम्भ+क् आर्+अ– कुम्भकार+सु =कुम्भकारः, स्वर्णकारः, चर्मकारः, लौहकारः, सूत्रकारः, कथाकारः, निबन्धकारः आदि ।

**(३६५) आतोऽनुपसर्गे कः ३।२।३** (क प्रत्यय)

उपसर्ग नलागेका र कर्म उपपदमा रहेका आकारान्त धातुदेखि क (अ) प्रत्यय हुन्छ । क प्रत्ययलाई निमित्त मानेर धातुका अन्तिम आकारको लोप हुन्छ । जस्तै : गां ददातीति– गो+दा+क– गोदा+अ (आलोप)– गोद+सु =गोदः, कम्बलं ददातीति– कम्बल+दा+क =कम्बलदः, नरं पातीति– नृ+पा+क =नृपः, पयः ददातीति– पयस्+दा+क =पयोदः, जलं ददातीति– जल+दा+क =जलदः, कृतं जानातीति– कृत+ज्ञा+क =कृतज्ञः आदि ।

**(३६६) कृञो हेतुताच्छील्यानुलोम्येषु ३।२।२०** (ट प्रत्यय)

कारण, त्यसको स्वभाव र अनुलोम्य अर्थ बुझिएमा कर्म उपपदमा रहेका कृ धातुदेखि ट (अ) प्रत्यय हुन्छ, जस्तै : यश: करोतीति– यशस्+कृ+ट– यशस्कर+ङीप् =यशस्करी विद्या, अर्थं करोतीति– अर्थ+कृ+ट =अर्थकर:, श्राद्धं करोतीति– श्राद्ध+कृ+ट =श्राद्धकर:, वाक्यं करोतीति– वाक्य+कृ+ट =वाक्यकर:, आज्ञां करोतीति– आज्ञा+कृ+ट =आज्ञाकर:, आह्लादं करोतीति– आह्लाद+कृ+ट =आह्लादकर:, दयां करोतीति– दया+कृ+ट =दयाकर:, सन्तापं करोतीति– सन्ताप+कृ+ट =सन्तापकर: वच: । अहेतु आदिमा पनि ट प्रत्यय भएर दिवाकर:, विभाकर:, निशाकर:, प्रभाकर:, भास्कर:, बहुकर:, एककर:, द्विकर:, अहस्कर: आदि शब्दहरूको निर्माण हुन्छ ।

**(३६७) क्विप् च ३।२।७६** (क्विप् प्रत्यय)

उपपद भएमा वा नभएमा पनि सम्पूर्ण धातुदेखि क्विप् (०) प्रत्यय हुन्छ । क्विप् प्रत्ययमा ककार र पकारको अनुबन्धलोप हुन्छ, इकार उच्चारणका लागि हो भने वकारको 'वेरपृक्तस्य' सूत्रले लोप हुने भएकाले क्विप् प्रत्ययको कुनै पनि अवशेष बाँकी रहँदैन । त्यसैले उपपद नभएका धातुदेखि क्विप् प्रत्यय हुँदा पनि त्यसको स्वरूप धातुजस्तै देखिन्छ । त्यसलाई प्रातिपदिकसंज्ञा गरेर सुबन्त बनाउँदा मूल धातुको स्वरूपमा केही परिवर्तन पनि आउँछ । सिद्धान्तकौमुदीको हलन्तपुंल्लिङ्गप्रकरणमा पढिएका लिह्, दुह्, द्रुह्, मुह्, स्निह् आदि शब्द र हलन्तस्त्रीलिङ्गप्रकरणमा पढिएका गिर्, पुर् आदि शब्दहरू निरुपपद धातुदेखि क्विप् प्रत्यय भएका उदाहरण हुन् ।

क्विप् प्रत्ययमा ककारको इत्संज्ञा गरिएकाले ह्रस्वान्त धातुदेखि तुक् (त्) आगम, धातुका उपधा वा अन्तमा रहेका अच्वर्णको गुणवृद्धिनिषेध र उपधाभूत नकारको समेत लोप भएको पाइन्छ । जस्तै : पर्णात् ध्वंसते– पर्ण+ध्वंस्+क्विप्– पर्णध्वस् (नलोप)– पर्णध्वद्+सु =पर्णध्वत्/पर्णध्वद्, वाहाद् भ्रश्यति– वाह+भ्रश्+क्विप्– वाहभ्रश्+सु– वाहभ्रष्– वाहभ्रड् =वाहभ्रट्/वाहभ्रड्, भुवं बिभर्ति– भू+भृ+क्विप्– भूभृ (तुक् आगम)– भूभृत्+सु =भूभृत्, वर्षासु भवति– वर्षा+भू+क्विप् =वर्षाभू:, सभायां सीदति– सभा+सद्+क्विप्– सभासद्+सु =सभासद्, सं सीदन्ति अस्याम्– सम्+सद्+क्विप्– सम्+सद्– संसद्+सु =संसद्, भाषां वेत्ति– भाषा+विद्+क्विप् =भाषाविद्, व्याकरणं वेत्ति– व्याकरण+विद्+क्विप् =व्याकरणविद्, संविधानं वेत्ति– संविधान+विद्+क्विप् =संविधानविद् आदि ।

**(३६८) निष्ठा ३।२।१०२** (क्त/क्तवतु प्रत्यय)

भूतकालिक अर्थमा रहेका धातुदेखि निष्ठासंज्ञक क्त र क्तवतु प्रत्यय हुन्छन् । यीमध्ये क्त प्रत्यय भाववाच्यमा र क्तवतु प्रत्यय कर्तृवाच्यमा प्रयोग गरिन्छन् । जस्तै :

**(क) क्त प्रत्यय**– स्ना+क्त– स्नात+सु =स्नातं मया (मद्वारा स्नान गरियो), स्तु+क्त– स्तुत+सु =स्तुतस्त्वया विष्णु: (तिमीद्वारा विष्णु स्तुति गरिए) आदि ।

**(ख) क्तवतु प्रत्यय–** कृ+क्तवतु– कृतवत्+सु... =विष्णुर्विश्वं कृतवान् (विष्णुले विश्वलाई बनाए) आदि ।

निम्नलिखित अवस्थामा निष्ठा प्रत्ययका तकारका स्थानमा 'न' हुन्छ :

(अ) रेफ र दकारदेखि पर रहेका निष्ठासंज्ञक क्त र क्तवतु प्रत्ययका तकारका स्थानमा न हुन्छ भने निष्ठापूर्वमा रहेका दकारका स्थानमा पनि नकार हुन्छ (अ.८।२।४२), जस्तै : शृ+क्त...– शिर्+त– शीर्+त– शीर्न– शीर्ण+सु =शीर्णः, जृ+क्त... =जीर्णः, उत्+तृ+क्त =उत्तीर्णः, छिद्+क्त– छिद्+त– छिद्+न– छिन्+न–छिन्न+सु =छिन्नः, खिद्+क्त =खिन्नः, उत्+पद्+क्त =उत्पन्नः, वि+पद्+क्त =विपन्नः, सम्+पद्+क्त =सम्पन्नः, प्र+सद्+क्त =प्रसन्नः आदि ।

(आ) ओकारको इत्संज्ञा भएका धातुदेखि पर रहेका निष्ठा प्रत्ययका तकारका स्थानमा न हुन्छ (अ.८।२।४५), जस्तै : लस्ज्+क्त– लज्+त– लज्+न– लग्न+सु =लग्नः, हा+क्त– हा+त– हा+न =हीनः, वि+हा+क्त =विहीनः आदि ।

(इ) त्रै र घ्रा धातुदेखि उत्तरवर्ती निष्ठा प्रत्ययका तकारको विकल्पले न हुन्छ (अ.८।२।५६), जस्तै : त्रै+क्त =त्राणः/त्रातः, घ्रा+क्त =घ्राण/घ्रातः ।

उपर्युक्त प्रक्रियाका साथै शुष् र पच् धातुदेखि पर रहेका तकारका स्थानमा क्रमशः क र व आदेश हुन्छन् (अ.८।२।५१-५२), जस्तै : शुष्+क्त– शुष्+क– शुष्क+सु =शुष्कः, पच्+क्त– पच्+व– पक्व+सु =पक्वः । त्यस्तै तकार आदिमा हुने कित् प्रत्यय पर भएमा मा र स्था धातुका आकारको इत्व हुन्छ (अ.७।४।४०), जस्तै : मा+क्त– मित+सु =मितः, मा+क्तिन्– मिति+सु =मितिः, स्था+क्त– स्थित+सु =स्थितः, स्था+क्तिन्– स्थिति+सु =स्थितिः, स्था+क्तवतु– स्थितवत्+सु =स्थितवान् ।

**(३६९) लटः शतृशानचावप्रथमसमानाधिकरणे ३।२।१२४** (शतृ/शानच् प्रत्यय)

द्वितीया आदि पदका साथमा समानाधिकरण लट् लकारका स्थानमा शतृ (अत्) र शानच् (आन) प्रत्यय हुन्छन् । परस्मैपदी धातुबाट शतृ प्रत्यय र आत्मनेपदी धातुबाट शानच् प्रत्ययको विधान गरिन्छ । शकारको इत्संज्ञा गरिएका दुवै प्रत्ययलाई सार्वधातुकसंज्ञा हुन्छ र त्यसलाई निमित्त मानेर शप् आदि विकरण प्रत्ययहरू पनि हुन्छन् । शतृ प्रत्ययमा उक् प्रत्याहारअन्तर्गत ऋकारको इत्संज्ञा गरिएकाले शतृप्रत्ययान्त शब्दमा 'उगिदचां–' सूत्रले नुम् आगम हुन्छ भने स्त्रीत्व विवक्षामा 'उगितश्च' सूत्रले ङीप् प्रत्यय हुन्छ । शानच् प्रत्ययको आन पर भएमा अकार अन्तमा हुने धात्वङ्गको मुक् (म्) आगम हुन्छ । जस्तै :

**(क) शतृ प्रत्यय–** पच्+लट्– पच्+शतृ– पच्+अत्– पच्+शप्+अत्– पच+अत्– पचत्+अम्– पच नुम् त्+अम् =पचन्तं चैत्रं पश्य, रुद्+लट्– रुद्+शतृ– रुदत्+ङीप्– रुदती+अम् =रुदतीं बालिकां पश्य आदि ।

**(ख) शानच् प्रत्यय–** पच्+लट्– पच्+शानच्– पच्+आन– पच्+शप्+आन– पच+आन– पच मुक्+आन– पचमान+अम् =पचमानं चैत्रं पश्य, पचमान+टा =पचमानेन चैत्रेण कृतम् ।

उपर्युक्त शानच् प्रक्रियाकै सन्दर्भमा आस् धातुदेखि पर रहेका आनका आकारको ईत्व भई 'आसीनः' शब्द बन्दछ भने विद् धातुदेखि पर रहेका शतृ प्रत्ययका स्थानमा वसु आदेश हुने भएकाले 'विद्वान्' र स्त्रीत्वविवक्षामा ङीप् प्रत्यय भई 'विदुषी' शब्दको निर्माण हुन्छ ।

पूर्वकृदन्तका उपर्युक्त ण्वुल्, तृच्, ल्यु, णिनि, अच्, क, अण्, ट, क्विप्, क्त, क्तवतु, शतृ र शानच् प्रत्ययान्त शब्दका अतिरिक्त निम्नलिखित ष्वुन्, घिनुण्, आलुच्, ष्ट्रन् र इत्र प्रत्यय लागेका शब्दहरू पनि व्यवहारमा बहुप्रचलित छन् :

**(क) ष्वुन् प्रत्यय–** सिपालु भन्ने अर्थ बुझाएमा नृत् र खन् धातुदेखि ष्वुन् (वु=अक) प्रत्यय हुन्छ (अ.३।१।१४५), जस्तै : नृत्+ष्वुन्– नृत्+वु– नृत्+अक (गुण)– नर्तक+सु =नर्तकः (नटुवा), खन्+ष्वुन्– खन्+वु– खन्+अक– खनक+सु =खनकः (खन्न सिपालु) ।

**(ख) घिनुण् प्रत्यय–** त्यसको स्वभाव आदि कर्ता अर्थमा वर्तमानकालमा सम्पूर्वक पृच् धातु, अनुपूर्वक रुध् धातु, सम्पूर्वक सृज् धातु, विपूर्वक विच् धातु, दुष्, द्वेष्, द्रुह्, युज्, त्यज्, रञ्ज् र भज् धातुदेखि पनि घिनुण् (इन्) प्रत्यय हुन्छ (अ.३।२।१४२), जस्तै : सम्+पृच्+घिनुण् =सम्पर्की, अनु+रुध्+घिनुण् =अनुरोधी, सम्+सृज्+घिनुण् =संसर्गी, वि+विच्+घिनुण् =विवेकी, दुष्+घिनुण् =दोषी, द्रुह्+घिनुण् =द्रोही, युज्+घिनुण् =योगी, त्यज्+घिनुण् =त्यागी, रञ्ज्+घिनुण् (नलोप) =रागी, भज्+घिनुण् =भागी ।

**(ग) आलुच् प्रत्यय–** त्यसको स्वभाव आदि कर्ता अर्थमा वर्तमानकालमा दय्, निपूर्वक द्रा र श्रत्पूर्वक धा धातुदेखि आलुच् (आलु) प्रत्यय हुन्छ (अ.३।२।१५८), जस्तै : दय्+आलुच् =दयालुः, नि+द्रा+आलुच् =निद्रालुः, श्रत्+धा+आलुच् =श्रद्धालुः ।

**(घ) ष्ट्रन् प्रत्यय–** वर्तमानकालमा करण कारकमा नी, शस्, स्तु र पत् धातुदेखि ष्ट्रन् (त्र) प्रत्यय हुन्छ (अ.३।२।१५२), जस्तै : नयति अनेन– नी+ष्ट्रन्– नी+त्र– नेत्र+सु =नेत्रम्, शस्+ष्ट्रन् =शस्त्रम्, स्तु+ष्ट्रन् =स्तोत्रम्, पत्+ष्ट्रन् =पत्रम् ।

**(ङ) इत्र प्रत्यय–** वर्तमानकालमा करण कारकमा खन् र चर् धातुदेखि तथा संज्ञा बुझिएमा करण कारकमा पू धातुदेखि इत्र प्रत्यय हुन्छ (अ.३।२।१८४-१८५), जस्तैः खनति अनेन– खन्+इत्र– खनित्र+सु =खनित्रम् (कोदालो), चरति अनेन– चर्+इत्र– चरित्र+सु =चरित्रम्, पुनाति अनेन– पू+इत्र– पो+इत्र– पवित्र+सु =पवित्रम् ।

◆

# ११.३ उत्तरकृदन्त प्रकरण

अष्टाध्यायीमा तृतीय अध्यायको तृतीय पादको प्रथम सूत्र 'उणादयो बहुलम्' (३।३।१) देखि तृतीय अध्यायको चतुर्थ पादको पचहत्तरौं सूत्र 'ताभ्यामन्यत्रोणादयः' (३।४।७५) सूत्रसम्म पढिएका उण्, तुमुन्, ण्वुल् आदि प्रत्ययहरूको प्रकरणलाई उत्तर कृदन्तप्रकरण भनिन्छ । सिद्धान्तकौमुदीको लकारार्थप्रकरणसम्म पढिएका ५७ सूत्र धातुको अधिकारमा तिङ्भिन्न प्रत्ययका रूपमा पढिएकाले तिनलाई पनि कृत्प्रत्यय नै मान्न सकिने भएकाले अष्टाध्यायीमा तिनको अध्ययन कृत्प्रत्ययकै सन्दर्भमा गरिएको हो । लकारार्थमा पढिएका ५७ सूत्रमध्ये अघिल्ला १० सूत्रद्वारा विहित प्रत्ययहरू पूर्वकृदन्तका रूपमा र पछिल्ला ४६ सूत्रद्वारा विहित प्रत्ययहरू उत्तरकृदन्तका रूपमा ग्रहण गर्न सकिन्छ । तुलनात्मक रूपमा पूर्वकृदन्तभन्दा उत्तरकृदन्त छोटो छ । सिद्धान्तकौमुदीको उत्तरकृदन्तप्रकरणमा पढिएका ४४ वटा प्रत्ययहरूमध्ये यस अध्ययनमा १४ वटा कृत्प्रत्ययहरूको मात्र चर्चा गरिएको छ ।

**(३७०) उणादयो बहुलम् ३।३।१** (उण् आदि प्रत्यय)

वर्तमानकालमा संज्ञा बुझाएमा कर्ता अर्थमा धातुदेखि उण् आदि प्रत्ययहरू बहुल प्रकारले हुन्छन् । बहुल शब्दले कहीं सूत्रोक्त विहित कार्य हुनु, कहीं सूत्रले विधान गरेका कार्य नहुनु, कहीं विकल्पले हुनु र कहीं अर्कै कार्य हुनु भन्ने चार अवस्थालाई बुझाउँछ । त्यसैले उण् मात्र नभएर अन्य प्रत्यय पनि हुन्छन्, वर्तमानकालमा मात्र नभएर भूतकाल र भविष्यत्कालमा पनि प्रत्यय हुन्छन्, कर्ता कारक अर्थमा मात्र नभएर कर्म, करण, सम्प्रदान, अपादान र अधिकरण कारकमा पनि उणादि प्रत्ययहरू प्रवृत्त हुन्छन् । जस्तै : करोतीति– कृ+उण्– कृ+उ– क् आर्+उ– कारु+सु =कारुः, वातीति– वा+उण्– वा+उ– वा युक्+उ (युक् आगम)– वायु+सु =वायुः, पा+उण् =पायुः, जि+उण् =जायुः, मा+उण् =मायुः, स्वद्+उण् =स्वादुः, साध्नोति परकार्यम्– साध्+उण् =साधुः, अश्नुते– अश्+उण् =आशुः, रह्+उण् =राहुः, वस्+उण् =वासुः, स्ना+उण् =स्नायुः, दीर्यत इति– दृ+ञुण् =दारुः, तरत्यनेन– तृ+अनि =तरणिः, बिभेति अस्मात्– भी+मक् =भीमः, ध्रियन्ते प्राणिनोऽस्याम्– धृ+अनि =धरणिः, वृत्तं तत्– वृत्+मनिन् =वर्त्म, चरितं तत्– चर्+मनिन् =चर्म आदि ।

उण्, ञुण्, उ, कु आदि ३४६ वटा प्रत्ययहरूको अध्ययन गरिएको पाँच पाउमा विभक्त ७४८ सूत्रहरू रहेको छुट्टै उणादिप्रकरण रहेको छ । जुन प्रकरण सिद्धान्तकौमुदीको पूर्वकृदन्त र उत्तरकृदन्तका बीचमा पढिएको छ । उणादि सूत्रहरूको रचना शाकटायन मुनिले गरेका र पाणिनिले यिनको रचना नगरेका कारण यी सूत्रहरूको समावेश पाणिनिको अष्टाध्यायी र सिद्धान्तकौमुदीको मूलमा नभएको हो । 'उणादयोऽव्युत्पन्नानि

प्रातिपदिकानि' (म.भा. ७।१।२।६) भनेर महाभाष्यमा भाष्यकार पतञ्जलिले उणादि शब्दलाई अव्युत्पन्न प्रातिपदिक मानेका छन् । अष्टाध्यायीभन्दा बाहिरका भए पनि पाणिनीय व्याकरणका आधारमा यिनलाई प्रत्ययसंज्ञा एवं कृत्संज्ञा गर्न सकिन्छ । यी प्रत्ययहरू प्रायः कर्ता अर्थमा हुन्छन् । उणादि प्रत्ययान्त शब्दलाई प्रातिपदिकसंज्ञा पनि गर्न सकिन्छ । शाकटायन मुनिद्वारा रचना गरिएका उणादिप्रकरणका विचारहरूलाई सम्मान गर्दै त्यस प्रकरणमा रहेका न्यूनताको परिपूर्तिका लागि पनि पाणिनिले 'उणादयो बहुलम्' सूत्रमा बहुल ग्रहण गरेका हुन् । त्यसैले पाणिनीय व्याकरणमा नभेटिएका कतिपय कृदन्त शब्दहरूको निर्माणप्रक्रिया बुझ्नका लागि हरेक शिक्षक र विद्यार्थीले शाकटायन मुनिको उणादिप्रकरणको पृथक् अध्ययन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**(३७१) तुमुन्ण्वुलौ क्रियायां क्रियार्थायाम् ३।३।१०** (तुमुन्/ण्वुल् प्रत्यय)

क्रियार्थ क्रिया उपपद रहेमा भविष्यत् अर्थमा धातुदेखि तुमुन् (तुम्) र ण्वुल् (वु) प्रत्यय हुन्छन् । कुनै क्रियाको सफलताका लागि जब अर्को क्रियाको प्रयोग गरिन्छ त्यस्तो दोस्रो क्रियालाई क्रियार्थ क्रिया भनिन्छ । तुमुन् प्रत्ययान्त शब्दको अन्तमा मकार रहने भएकाले त्यस्ता शब्दहरू अव्यय हुन्छन् र अव्ययअन्तर्गत तुमुन् प्रत्ययान्त शब्दलाई क्रियाविशेषणका रूपमा ग्रहण गरिन्छ । ण्वुल् प्रत्यय पर भएमा धातुका उपधा वा अन्तमा रहेका अच्वर्णको गुण वा वृद्धि हुन्छ । जस्तै : दृश्+तुमुन्– दृश्+तुम्– दृ अम् श्+तुम् (अमागम)– द्रश्+तुम्– द्रष्+तुम्– द्रष्टुम्+सु =कृष्णं द्रष्टुं याति, दृश्+ण्वुल्– दृश्+वु– दृश्+अक– दर्श्+अक– दर्शक+सु =कृष्णं दर्शको याति । यहाँ क्रियार्थ 'याति' क्रिया उपपदमा रहेकाले दृश् धातुदेखि तुमुन् र ण्वुल् प्रत्यय भई 'द्रष्टुम्' र 'दर्शकः' शब्द सिद्ध भएका हुन् ।

यसैगरी शक्, धृष्, ज्ञा, ग्लै, घट्, रभ्, लभ्, क्रम्, सह्, अर्ह् र अस्त्यर्थक अस्, भू एवं भुज् धातु, अलम्, पर्याप्त, समर्थ, काल, समय र बेला शब्द उपपदमा रहेमा पनि धातुदेखि तुमुन् प्रत्यय हुन्छ (अ.३।४।६५–६६, ३।३।१६७), जस्तै : शक्नोति भोक्तुम्, अलं भोक्तुम्, बेला भोक्तुम् ।

**(३७२) भावे ३।३।१८** (घञ् प्रत्यय)

सिद्धावस्थापन्न धात्वर्थलाई बुझाएमा भावमा धातुदेखि घञ् (अ) प्रत्यय हुन्छ । क्रिया सिद्धा र साध्या गरी दुईप्रकारका हुन्छन् । तिङ् प्रत्ययद्वारा बताउने र लिङ्ग एवं वचनसँग अन्वयको अपेक्षा नराख्ने क्रियालाई साध्या क्रिया भनिन्छ भने कृत् प्रत्ययद्वारा बताउने र लिङ्ग एवं वचनसँग अन्वयको अपेक्षा राख्ने क्रियालाई सिद्धा क्रिया भनिन्छ । जस्तै : पच्+घञ्– पच्+अ– पाच्+अ– पाक्+अ– पाक+सु =पाकः, पाक+औ =पाकौ, पाक+जस् =पाकाः, त्यज्+घञ् =त्यागः, प्र+नम्+घञ् =प्रणामः, भज+घञ् =भागः, प्र+मद्+घञ् =प्रमादः, उत्+मद्+घञ् =उन्मादः आदि ।

यसैगरी कर्तादेखि भिन्न कारकमा धातुदेखि अच् प्रत्ययको अपवादमा इङ् धातुदेखि, प्रपूर्वक स्तु धातुदेखि, उद्पूर्वक गृ धातुदेखि, फैलिनु अर्थमा विपूर्वक स्तृ धातुदेखि र क्रम अर्थमा परिपूर्वक इण् धातुदेखि पनि घञ् प्रत्यय हुन्छ (अ.३।३।१९–३।३।३८), जस्तै : रज्यतेऽनेन– रञ्ज्+घञ् (नलोप)– रज्+अ– राज्+अ– राग+सु =रागः, वि+वह्+घञ् =विवाहः, उपेत्यस्मादधीयते – उप+अधि+इ+घञ्– उपाधि+ऐ+अ– उपाध्यै+अ– उपाध्य्+आय्+अ =उपाध्यायः, अध्यायः, प्रस्तूयतेऽनेन– प्र+स्तु+घञ्– प्रस्तौ+अ =प्रस्तावः, उद्+गृ+घञ् =उद्गारः, वि+स्तृ+घञ् =पटस्य विस्तारः, परि+इण्+घञ् =तव पर्यायः । त्यस्तै घर र शरीर अर्थ बुझिएमा चि धातुदेखि क प्रत्यय र चकारका स्थानमा क हुन्छ (अ.३।३।४१), जस्तै : नि+चि+घञ्– नि+कि+अ– नि+कै+अ =निकायः (घर), चि+घञ्– कि+अ– कै+अ =कायः (शरीर) ।

**(३७३) एरच् ३।३।५६** (अच् प्रत्यय)

कर्ताभिन्न कारक अर्थमा र भावमा इवर्ण अन्तमा हुने धातुदेखि अच् (अ) प्रत्यय हुन्छ, जस्तै : चि+अच्– चय+सु =चयः, जि+अच् =जयः, वि+जि+अच् =विजयः, इ+अच् =अयः, क्षि+अच् =क्षयः, क्री+अच् =क्रयः, ली+अच् =लयः, प्र+ली+अच् =प्रलयः, भी+अच् =भयः ।

**(३७४) ऋदोरप् ३।३।५७** (अप् प्रत्यय)

कर्ताभिन्न कारक अर्थमा र भावमा ऋकार अन्तमा हुने र उवर्ण अन्तमा हुने धातुदेखि अप् (अ) प्रत्यय हुन्छ, जस्तै : कृ+अप्– क् अर्+अ =करः, गृ+अप् =गरः, शृ+अप् =शरः, यु+अप्– या+अ =यवः, लू+अप् =लवः, स्तु+अप् =स्तवः, पू+अप् =पवः आदि ।

यसैगरी कर्ताभिन्न कारक अर्थमा र भावमा ग्रह्, वृ, दृ, निस्पूर्वक चि, गम् धातु, सम्, उप, नि एवं वि उपसर्गपूर्वक वा निरुपसर्ग यम् धातुदेखि र वध आदेशसहित हन् धातुदेखि पनि अप् प्रत्यय हुन्छ (अ.३।३।५८, ६३, ७६), जस्तै : ग्रह+अप् =ग्रहः, वृ+अप् =वरः, दृ+अप् =दरः, निस्+चि+अप् =निश्चयः, गम्+अप् =गमः, सम्+यम्+अप् =संयमः, उप+यम्+अप् =उपयमः (विवाह), नि+यम्+अप् =नियमः, वि+यम्+अप् =वियमः (दुःख), यम्+अप् =यमः, हन्+अप्– वध+अ– वध्+अ =वधः ।

**(३७५) स्त्रियां क्तिन् ३।३।९४** (क्तिन् प्रत्यय)

कर्ताभिन्न कारक अर्थ, भाव र स्त्रीलिङ्गमा धातुदेखि क्तिन् (ति) प्रत्यय हुन्छ । क्तिन् कित् प्रत्यय भएकाले धातुका अच्वर्णको गुण हुँदैन भने केही धातुमा रहेका अनुनासिक वर्णको लोप हुन्छ । जस्तै : कृ+क्तिन्– कृति+सु =कृतिः, चि+क्तिन् =चितिः, मन्+क्तिन् =मतिः, गम्+क्तिन् =गतिः, यम्+क्तिन् =यतिः, शम्+क्तिन् (दीर्घ) =शान्तिः, भ्रम्+क्तिन् =भ्रान्तिः, क्रम्+क्तिन् =क्रान्तिः, प्र+आप्+क्तिन् =प्राप्तिः, दीप्+क्तिन् =दीप्तिः आदि ।

यसैगरी सम्, वि र आ उपसर्गपूर्वक पत् धातुदेखि तथा करण अर्थमा श्रु, यज् र स्तु धातुदेखि पनि क्तिन् प्रत्यय हुन्छ, जस्तै : सम्+पत्+क्तिन् =सम्पत्तिः, वि+पत्+क्तिन् =विपत्तिः, आ+पत्+क्तिन् =आपत्तिः, श्रूयते(नया– यज्+क्तिन्– इज्+ति– इष्+ति =इष्टिः, इष्यते(नया– इष्+क्तिन् =इष्टिः, स्तूयते(नया– स्तु+क्तिन् =स्तुतिः ।

(३७६) गुरोश्च हलः ३।३।१०३ (अ प्रत्यय)

कर्ताभिन्न कारक र स्त्रीलिङ्गमा गुरुमान् हलन्त धातुदेखि अ प्रत्यय हुन्छ । दीर्घ वर्ण वा संयोगसंज्ञक वर्ण पर भएमा ह्रस्व वर्णलाई पनि गुरुसंज्ञा हुने भएकाले यहाँ त्यस्ता गुरुमान् धातुलाई ग्रहण गरिएको हो । अ प्रत्ययान्त शब्द स्त्रीलिङ्गमा प्रयोग हुने भएकाले टाप् प्रत्ययको विधान गरिन्छ । जस्तै : ईह्+अ– ईह+टाप् =ईहा, ऊह्+अ– ऊह+टाप् =ऊहा, चेष्ट्+अ– चेष्ट+टाप् =चेष्टा, भिक्ष्+अ– भिक्ष+टाप् =भिक्षा, प्रति+ईक्ष्+अ– प्रतीक्ष+टाप् =प्रतीक्षा, हिंस्+अ– हिंस+टाप् =हिंसा, रक्ष्+अ– रक्ष+टाप् =रक्षा, शङ्क्+अ– शङ्क+आ =शङ्का ।

**(३७७) आतश्चोपसर्गे ३।३।१०६** (अङ् प्रत्यय)

कर्ताभिन्न कारक र स्त्रीलिङ्गमा उपसर्गपूर्वक आकारान्त धातुदेखि अङ् (अ) प्रत्यय हुन्छ । श्रत् शब्दलाई समेत उपसर्गजस्तै व्यवहार गरिन्छ । अङ् प्रत्ययान्त शब्द पनि स्त्रीलिङ्गमा प्रयोग हुने भएकाले टाप् प्रत्ययको विधान गरिन्छ । जस्तै : प्र+दा+अङ्– प्रदा+अ– प्रद्+अ– प्रद+टाप्– प्रदा+सु =प्रदा, उप+दा+अङ्– उपद+टाप =उपदा, श्रत्+धा+अङ्– श्रत्+धा+अ– श्रद्धा+अ– श्रद्ध+टाप् =श्रद्धा, अन्तर्+धा+अङ्– अन्तर्ध+टाप् =अन्तर्धा, सम्+ज्ञा+अङ्– सञ्ज्ञ+टाप् =सञ्ज्ञा, प्र+ज्ञा+अङ्– प्रज्ञ+टाप् =प्रज्ञा आदि ।

**(३७८) ण्यासश्रन्थो युच् ३।३।१०७** (युच् प्रत्यय)

कर्ताभिन्न कारक र स्त्रीलिङ्गमा ण्यन्त धातुदेखि, अस् धातुदेखि र श्रन्थ् धातुदेखि पनि युच् (यु=अन) प्रत्यय हुन्छ, जस्तै : गण्+णिच्– गणि+युच्– गण्+अन (णिलोप)– गणन+टाप् =गणना, कल्प्+णिच्– कल्पि+अन– कल्पि+युच्– कल्पन+टाप् =कल्पना, कम्+णिच्– कामि+युच्– कामि+अन– कामन+टाप् =कामना, वञ्च्+णिच्– वञ्चि+युच्– वञ्च्+अन्– वञ्चन+टाप् =वञ्चना, तड्+णिच्– ताडि+युच्– ताडन+टाप् =ताडना, मन्त्र्+णिच्– मन्त्रि+युच्– मन्त्रण+टाप् =मन्त्रणा ।

यसैगरी अण्यन्त वन्द् र विद् धातुदेखि इच्छाभिन्न इष् धातुदेखि पनि युच् प्रत्यय हुन्छ, जस्तै : वन्द्+युच्– वन्दन+टाप् =वन्दना, विद्+युच्– वेदन+टाप् =वेदना, अनु+इष्+युच्– अनु+इष्+अन– अनु+एष्+अन– अन्वेषण+टाप् =अन्वेषणा ।

**(३७९) ल्युट् च ३।३।११५** (ल्युट् प्रत्यय)

नपुंसकविशिष्ट भावमा धातुदेखि ल्युट् (यु=अन) प्रत्यय हुन्छ, जस्तै : हस्

ल्युट्– हस्+यु– हस्+अन– हसन+सु =हसनम्, शी+ल्युट् =शयनम्, जल्प्+ल्युट् =जल्पनम्, शुभ्+ल्युट् =शोभनम् आदि ।

(३८०) **हलश्च ३।३।१२१** (घञ् प्रत्यय)

करण र अधिकरण कारकको अर्थमा हलन्त धातुदेखि प्राय: घञ् प्रत्यय हुन्छ, जस्तै : अपमृज्यतेऽनेन– अप+मृज्+घञ् =अपामार्ग:, लिख्यतेऽनेन– लिख्+घञ्– लिख्+अ =लेख:, विदन्त्यनेन– विद्+घञ् =वेद:, बध्यतेऽनेन– बन्ध्+घञ् =बन्ध:, रमन्ते योगिनोऽस्मिन्– रम्+घञ्– राम्+अ– राम+सु =राम:,

यसैगरी अधीयतेऽस्मिन्– अधि+इङ्+घञ्– अधि+ऐ+अ– अध्यै+अ– अध्याय+सु =अध्याय:, नीयते कार्याण्यनेन– नि+इण्+घञ्– नि+ऐ+अ– न्यै+अ– न्याय+सु =न्याय:, संह्रियन्तेऽनेन– सम्+हृ+घञ्– सम्+हार्+अ– संहार+सु =संहार: शब्दको पनि निर्माण हुन्छ ।

(३८१) **समानकर्तृकयो: पूर्वकाले ३।४।२१** (क्त्वा प्रत्यय)

दुई वा दुईभन्दा धेरै धातुहरूको अर्थको कर्ता समान वा एउटै छ र तीमध्ये एक वा एकभन्दा बढी धातुको अर्थ पूर्वकालमा रहेको छ भने पूर्वकालमा रहेका त्यस्ता धातुदेखि भावमा क्त्वा (त्वा) प्रत्यय हुन्छ । क्त्वा प्रत्ययान्त शब्दहरू अव्यय हुन्छन् । जस्तै : भुज्+क्त्वा– भुक्त्वा+सु =भुक्त्वा व्रजति, स्ना+क्त्वा भुज्+क्त्वा पा+क्त्वा =स्नात्वा भुक्त्वा पीत्वा व्रजति । यहाँ अघिल्लो वाक्यमा दुई धातुहरूमध्ये भुज् धातु पूर्वकालमा छ भने पछिल्लो वाक्यमा चार धातुहरूमध्ये अघिका तीन धातु पूर्वकालमा रहेकाले र दुवै वाक्यमा समान कर्ता रहेको हुँदा पूर्वकालिक अर्थमा रहेका धातुहरूदेखि क्त्वा प्रत्यय भएको हो ।

यसैगरी नम्+क्त्वा (नलोप) =नत्वा, शी+क्त्वा (अकित्, गुण, अयादेश) = शयित्वा, वद्+क्त्वा =उदित्वा, वस्+क्त्वा =उषित्वा, रुद्+क्त्वा =रुदित्वा, विद्+क्त्वा =विदित्वा, ग्रह्+क्त्वा =गृहीत्वा, वञ्च्+क्त्वा =वञ्चित्वा/वचित्वा, द्युत्+क्त्वा =द्युतित्वा/द्योतित्वा, लिख्+क्त्वा =लिखित्वा/लेखित्वा, शम्+क्त्वा =शमित्वा/शान्त्वा, क्रम्+क्त्वा =क्रान्त्वा/क्रन्त्वा, पू+क्त्वा =पवित्वा/पूत्वा, भञ्ज्+क्त्वा =भङ्क्त्वा/भक्त्वा, नश्+क्त्वा नंष्ट्वा/नष्ट्वा/नशित्वा, खन्+क्त्वा =खात्वा, स्था+क्त्वा =स्थित्वा, हा+क्त्वा =हित्वा, अद्+क्त्वा =जग्ध्वा आदि क्त्वा प्रत्ययान्त शब्दहरूको निर्माण हुन्छ ।

(३८२) **समासेऽनञ्पूर्वे क्त्वो ल्यप् ७।१।३७** (क्त्वा=ल्यप् आदेश)

नञ्समासभिन्न अव्यय पूर्वपदमा रहेका समस्त शब्दमा विद्यमान क्त्वा प्रत्ययका स्थानमा ल्यप् (य) आदेश हुन्छ । ल्यप् प्रत्यय पर भएमा धातुस्थ अच्वर्णको गुण निषेध हुन्छ भने धातुको अन्तमा ह्रस्व स्वरवर्ण भए त्यस्ता धातुको तुक् (त्) आगम हुन्छ । ल्यप् प्रत्ययान्त शब्द पनि अव्यय नै हुन्छन् । जस्तै : प्र+कृ+क्त्वा– प्रकृ+त्वा– प्रकृ+ल्यप्– प्रकृ+य– प्रकृ तुक्+य– प्रकृत्य+सु =प्रकृत्य, आ+दा+क्त्वा– आदा+त्वा– आदा+ल्यप् =आदाय, प्र+नम्+क्त्वा– प्रणम्+ल्यप् =प्रणम्य/प्रणत्य, आ+गम्+क्त्वा– आग+ल्यप्–

आग तुक्+य =आगत्य/आगम्य, वि+चर्+णिच्– विचारि+क्त्वा– विचारि+ल्यप् (णिलोप) =विचार्य आदि ।

**(३८३) आभीक्ष्ण्ये णमुल् ३।४।२२** (णमुल् प्रत्यय)

धातुहरूको कर्ता समान वा एउटै छ र तीमध्ये कुनै एउटा धातुको अर्थ पूर्वकालमा र क्रियाको बारम्बार हुने अर्थ बुझिएमा धातुदेखि णमुल् (अम्) र क्त्वा (त्वा) प्रत्यय हुन्छन् । दुवै प्रत्यय अन्तमा हुने शब्दको द्वित्व हुन्छ । णमुल् प्रत्ययलाई आधार मानेर धातुको अन्तमा रहेका इक्वर्णको वृद्धि हुन्छ भने उपधामा रहेका इकार एवं उकारको गुण र अकारको विकल्पले दीर्घ हुन्छ । णमुल् प्रत्ययान्त शब्दहरू पनि अव्यय नै हुन्छन् । जस्तै : स्मृ+णमुल्– स्मृ+अम्– स्मार्+अम् (वृद्धि)– स्मारम् (द्वित्व)– स्मारंस्मारम्+सु =स्मारंस्मारं नमति शिवम्, पा+णमुल् (युक् आगम) =पायंपायम्, भुज्+णमुल् (गुण) =भोजंभोजम्, श्रु+णमुल् (वृद्धि आवादेश) =श्रावंश्रावम्, गम्+णमुल् (दीर्घ) =गामंगामम्/गमंगमम्, लभ्+णमुल् (नुमागम) =लभ्यंलभ्यम्/लाभंलाभम्, जागृ+णमुल् (गुण) =जागरंजागरम् आदि ।

उत्तरकृदन्तका उपर्युक्त उण्, तुमुन्, ण्वुल्, घञ्, अच्, अप्, क्तिन्, अ, अङ्, युच्, ल्युट्, क्त्वा, ल्यप् र णमुल् प्रत्ययान्त शब्दका अतिरिक्त अन्य कृत् प्रत्यय अन्तमा हुने शब्दहरू पनि बहुप्रचलित देखिन्छन् । त्यसअन्तर्गत कृ+क्त्रि+मम् =कृत्रिमम्, वेप्+अथुच् =वेपथुः, यज्+नङ् =यज्ञः, यत्+नङ् =यत्नः, प्रच्छ्+नङ् =प्रश्नः, स्वप्+नन् =स्वप्नः, नि+धा+कि =निधिः, सम्+धा+कि =सन्धिः, आ+दा+कि =आदिः, जल+धा+कि =जलधिः, विद्+क्यप्– विद्य+टाप् =विद्या, शी+क्यप् (अयङ्)– शय्य+टाप् =शय्या, कृ+श– कृ+यक्+अ– कृय+अ (रिङ्)– क्रिय+टाप् =क्रिया, चिन्त्+अङ्– चिन्त+टाप् =चिन्ता, पूज्+अङ्– पूज+टाप् =पूजा, कथ्+अङ्– कथ+टाप् =कथा, चर्च्+अङ्– चर्च+टाप् =चर्चा, अव+स्तॄ+घञ् =अवतार आदि शब्दहरूको निर्माणप्रक्रियालाई लिन सकिन्छ ।

◆

# १२. स्वरवैदिक प्रकरण

पाणिनीय व्याकरण लौकिक संस्कृतमा मात्र होइन वैदिक संस्कृतमा पनि आधारित छ । पाणिनिले 'अष्टाध्यायी'को रचना गर्दा लौकिक र वैदिक दुवै प्रकारका शब्दहरूलाई एकै ठाउँमा राखेर अध्ययन गरेका थिए । भट्टोजिदीक्षितले 'सिद्धान्तकौमुदी'को रचना गर्दा लौकिक संस्कृत शब्दको निर्माणप्रक्रियाका लागि संज्ञाप्रकरणदेखि उत्तरकृदन्तसम्मका प्रकरणहरूको व्यवस्था गरे भने सिद्धान्तकौमुदीको अन्तमा वेदमा मात्र प्रयुक्त हुने शब्दको निर्माणप्रक्रियाका लागि 'वैदिक प्रकरण' र वैदिक शब्दको स्वरनिर्धारणका लागि 'स्वर प्रकरण'को व्यवस्था गरेका हुन् । लघुकौमुदीमा स्वरवैदिक प्रकरणको व्यवस्था नै गरिएको छैन भने मध्यकौमुदीमा अत्यन्त सङ्क्षिप्त रूपमा वैदिकप्रक्रिया र स्वरप्रक्रियाको अध्ययन गरिएको छ ।

## १२.१ वैदिक प्रकरण

सिद्धान्तकौमुदीको वैदिक प्रकरणमा २६३ सूत्र र ४१ वार्तिकहरू समावेश गरिएका छन् । यी सूत्र तथा वार्तिकहरू प्रथमदेखि अष्टम अध्यायसम्मका क्रममा राखिएका छन् । त्यसैले सिद्धान्तकौमुदीमा वैदिक प्रकरणको संरचना प्रक्रियाक्रम वा नव्यव्याकरणशैलीमा नभई अष्टाध्यायीक्रम वा प्राचीनव्याकरणशैलीमा भएको छ । लौकिक संस्कृतभन्दा वैदिक संस्कृतमा भिन्न रहेका प्रक्रियाहरूलाई मात्र वैदिक प्रकरणमा राखिएको हो । लौकिक र वैदिक दुवैमा समान रहेका प्रक्रियालाई पूर्ववर्ती उत्तरकृदन्तसम्मका प्रकरणमा समावेश गरिएको पाइन्छ ।

समास नभए पनि पति शब्दको घिसंज्ञा हुने, एउटै शब्दमा पनि आवश्यकतानुसार पदसंज्ञा र भसंज्ञा हुने, उपसर्गको प्रयोग पछाडि र व्यवधान भएमा पनि हुने जस्ता विशिष्ट प्रक्रियाहरू प्रथम अध्यायमा चर्चा गरिएका छन् । च्लि प्रत्ययको लुक् हुने, अदादिगणपठित धातुदेखि शप्को श्लु नहुने तर अन्य गणका धातुदेखि पनि शप्को श्लु हुने, जुहोत्यादिगणपठित धातुदेखि श्लु नहुने तर अन्य गणमा पढिएका धातुदेखि पनि श्लु हुने जस्ता प्रक्रियाहरूको अध्ययन द्वितीय अध्यायमा भएको छ ।

वेदमा मात्र प्रयोग हुने लेट् लकारका रूपहरूको सिद्धिप्रक्रियाका साथै सुप्, तिङ्, परस्मैपद, आत्मनेपद, लिङ्ग, पुरुष, लट् आदि लकार, हल्, अच्, उदात्तादि स्वर, कृत्, तद्धित आदि शब्दको व्यत्यय (साटफेर) हुने जस्ता विशिष्ट प्रक्रियाहरूको चर्चा तृतीय अध्यायमा छ । त्यस्तै लौकिक संस्कृतमा प्रयुक्त 'सभ्य' शब्दको पर्यायका रूपमा वेदमा 'सभेय' शब्द प्रयोग हुन्छ भन्ने जस्ता वैदिक तद्धितान्त शब्दहरूको निर्माणप्रक्रियाको अध्ययन चतुर्थ र पञ्चम अध्यायमा गरिएको छ ।

वेदमा लुङ्, लङ् र लृङ् लकार पर भएमा अनजादिको पनि आट् आगम हुने, माङ्को योग नभए पनि अट् र आट् आगम नहुने र माङ्को योग भए पनि अट् र आट् आगम हुने, 'त्र्यम्बकम्' र 'त्रियम्बकम्' दुवै प्रयोग हुने जस्ता विशिष्ट प्रक्रियाहरूको चर्चा षष्ठ अध्यायमा भएको छ । त्यस्तै लौकिक संस्कृतमा प्रयुक्त 'देवा:', 'ब्राह्मणा:' जस्ता शब्दको सट्टा वेदमा जस् प्रत्ययको असुक् आगमका कारण 'देवास:', 'ब्राह्मणास:' शब्दको निर्माण हुने भिन्न प्रक्रियाहरूको अध्ययन सप्तम अध्यायमा गरिएको छ । यसैगरी अष्टम अध्यायमा प्लुत, रुत्व, षत्व र णत्वका वैदिक प्रक्रियाहरूको चर्चा भएको छ । लौकिक संस्कृत शब्दको निर्माणप्रक्रियाको आधारभूत ज्ञान हासिल गरेपछि मात्र लौकिक संस्कृत शब्दसँग तुलना गर्दै वैदिक संस्कृत शब्दको निर्माणप्रक्रियाको अध्ययन गर्न सरल हुने देखिन्छ ।

## १२.२ स्वर प्रकरण

सिद्धान्तकौमुदीको स्वर प्रकरणमा ३२९ सूत्र र २८ वार्तिकहरू समावेश गरिएका छन् । यसका अतिरिक्त प्रातिपदिक स्वर प्रकरणपछि चार पाउमा विभक्त ८७ वटा फिट्सूत्रहरूको अध्ययनसमेत स्वर प्रकरणमै गरिएको छ । अपाणिनीय मानिए पनि महाभाष्य आदिमा व्यवहार गरिएकाले र पाणिनीय व्याकरणको सिद्धान्तसँग विरुद्ध नभए एकाले फिट्सूत्रलाई सिद्धान्तकौमुदीको स्वर प्रकरणमा समावेश गरिएको हो । स्वरप्रक्रियाको अध्ययन अष्टाध्यायीको मुख्यत: षष्ठ अध्यायको प्रथम र द्वितीय पादमा गरिएको छ भने अंशत: अष्टम अध्यायको प्रथम पादमा र प्रथम अध्यायको द्वितीय पादमा गरिएको छ ।

सिद्धान्तकौमुदीमा भने स्वरप्रक्रिया साधारणस्वर, धातुस्वर, प्रातिपदिकस्वर, प्रत्ययस्वर, समासस्वर र तिङन्तस्वर गरी ६ प्रकरणमा विभक्त छ । ती प्रकरणमध्ये धातुस्वर, प्रातिपदिकस्वर र प्रत्ययस्वरको चर्चा षष्ठ अध्यायको प्रथम पादका सूत्रद्वारा, समासस्वरको चर्चा षष्ठ अध्यायको द्वितीय पादका सूत्रद्वारा, तिङन्तस्वरको चर्चा अष्टम अध्यायको प्रथम पादका सूत्रद्वारा तथा साधारणस्वरको चर्चा प्रथम, षष्ठ र अष्टम अध्यायका सूत्रद्वारा गरिएको छ ।

सामान्यतया धातु, प्रातिपदिक र समासलाई अन्त उदात्त, प्रत्ययलाई आद्युदात्त र तिङन्तलाई सर्वानुदात्तको व्यवस्था गरिएको भए पनि तिनका प्रशस्त अपवादहरूका बारेमा स्वर प्रकरणमा गम्भीर विचारविमर्श भएको छ । पाणिनीय वैदिक स्वरप्रक्रियाको अध्ययनलाई विशेष विचार गर्ने हो भने तदनुसार बर्तमान समयमा राम्रोसँग वेदपाठ गर्ने व्यक्ति भेट्न निकै मुस्किल छ । वैदिक व्याकरणका रूपमा प्रसिद्ध प्रातिशाख्यहरू र शिक्षाशास्त्रहरूको गम्भीर अध्ययन एवं विश्लेषण गर्ने व्यक्तिले मात्र सस्वर वेदपाठ गर्न सम्भव देखिन्छ ।

◆

# सन्दर्भ कृति-सूची


ईश्वरचन्द्र, (व्याख्या. २००४ ई.), **अष्टाध्यायी**, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

जोशी, भार्गव शास्त्री (सम्पा. २००४ ई.), **व्याकरणमहाभाष्यम्** (प्रथम खण्ड), दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

त्रिपाठी, जयशङ्करलाल र मालवीय, सुधाकर (सम्पा. २०४१–२०५७), **काशिकावृत्तिः** (प्रथम–सप्तम भाग), वाराणसी : तारा बुक एजेन्सी ।

पाण्डेय, गोपादत्त (सम्पा. २०५८), **संस्कृत वाङ्मय का बृहद् इतिहास** (पञ्चदश खण्ड, व्याकरण) लखनऊ : उत्तर प्रदेश संस्कृत संस्थान ।

पाण्डेय, नारायणदत्त (सम्पा. २०४०), **लघुसिद्धान्तकौमुदी**, गोरखापुर : गीताप्रेस ।

मिश्र, नारायण (सम्पा. १९७७ ई.), **अष्टाध्यायीसूत्रपाठः** (पाणिनीयशिक्षासहितः), वाराणसी : चौखम्बा ओरियन्टालिया ।

शर्मा, गिरिधर र शर्मा परमेश्वरानन्द (सम्पा. १९५१ ई.), **वैयाकरणसिद्धान्तकौमुदी** (चतुर्थ भाग, बालमनोरमा, तत्त्वबोधिनी, शेखर, सुबोधिनी र चन्द्रकला टीकासहित, दोस्रो संस्क.), दिल्ली : मोतीलाल बनारसीदास ।

__________ (सम्पा. १९८२ ई.), **वैयाकरणसिद्धान्तकौमुदी** (द्वितीय भाग, बालमनोरमा र तत्त्वबोधिनी टीकासहित, दोस्रो संस्क.), दिल्ली : मोतीलाल बनारसीदास ।

__________ (सम्पा. १९८६ ई.), **वैयाकरणसिद्धान्तकौमुदी** (प्रथम भाग, बालमनोरमा र तत्त्वबोधिनी टीकासहित, छैटौं संस्क.), दिल्ली : मोतीलाल बनारसीदास ।

__________ (सम्पा. २००५ ई.), **वैयाकरणसिद्धान्तकौमुदी** (तृतीय भाग, बालमनोरमा र तत्त्वबोधिनी टीकासहित, आठौं संस्क.), दिल्ली : मोतीलाल बनारसीदास ।

शास्त्री, विश्वनाथ (सम्पा. १९८१ ई.), **मध्यसिद्धान्तकौमुदी**, वाराणसी : मोतीलाल बनारसीदास ।

## डा. मतिप्रसाद ढकाल



जन्म : २०२८ जेठ १९, बा.न.पा.-१२, अमलाचौर, बागलुङ

शिक्षा : नव्यव्याकरणाचार्य (२०५२), नेपाल संस्कृत विश्वविद्यालय

नेपाली एम.ए. (२०५५), त्रिभुवन विश्वविद्यालय

विद्यावारिधि (२०६७ : पाणिनीय सन्धिविज्ञान), नेसंवि

सेवा : २०४८ देखि हालसम्म, नेपाल संस्कृत विश्वविद्यालय

(गुल्मी, दाङ, जनकपुर, तनहुँ र नवलपरासी)


प्रकाशित कृतिहरू :

व्याकरण १. प्रारम्भिक संस्कृत व्याकरण र रचना (२०५६), लेखक स्वयम्

२. शब्दनिर्माणप्रक्रिया र सन्धि (२०६९), भुँडीपुराण प्रकाशन

३. संस्कृत, प्राकृत र नेपालीका सन्धिनियम (२०६९), विद्यार्थी पुस्तक भण्डार

४. संस्कृत व्याकरणको रूपरेखा (२०७५), आस्था आगम प्रकाशन

५. व्याकरणमहाभाष्यम् *(१-२ आह्निकको अनुवाद २०७५)*, आस्था आगम प्रकाशन

६. परमलघुमञ्जूषा *(अनुवाद २०७५)*, आस्था आगम प्रकाशन

निबन्ध ७. चुँदीरम्घामा पुनर्जन्म *(२०७२ : जीवनीपरक निबन्धसङ्ग्रह)*, आस्था आगम प्रकाशन

८. पुस्तकालयको भोक *(२०७२ : अनुभूतिमूलक निबन्धसङ्ग्रह)*, आस्था आगम प्रकाशन

९. म किन चिठी लेख्छु *(२०७२ : टिप्पणीमूलक निबन्धसङ्ग्रह)*, आस्था आगम प्रकाशन

समालोचना १०. भानुभक्तीय रामायणका पाठभेदहरू (२०६३), कमलमणि दीक्षित

११. भानुभक्तका लघुरचनाहरू (२०६४), आस्था आगम प्रकाशन

सम्पादन : समदर्शी, निशान्त, चरैवेति, अक्षरयुग, विजय खबर आदि पत्रिकाको सम्पादन

पुरस्कार/सम्मान :

- पं. वैयाकरण नेपाल पुरस्कार (२०४५), संस्कृत विद्या संवर्द्धिनी समिति, धरान, सुनसरी
- प्रशंसा-पत्र (२०५२), नेपाल संस्कृत विश्वविद्यालय, दाङ
- भानु द्विशत वार्षिक सम्मान (२०७१), भानु प्रतिष्ठान, काठमाडौं
- कदरपत्र (२०७२), अमलाचौर स्कुल एल्मुनाइ एसोसियसन, बागलुङ
- चिसाप कृष्ण कृष्णा साहित्य पुरस्कार (२०७२), चितवन साहित्य परिषद्, चितवन
- रत्न-श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार (२०७२), रत्न-श्रेष्ठ पुरस्कार गुठी, बागलुङ
- अभिनन्दन-पत्र (२०७४), असम नेपाली साहित्य सभा, गुवाहाटी, भारत

सम्प्रति :


पद : सहप्राध्यापक (नव्यव्याकरण), नेपाल संस्कृत विश्वविद्यालय

कार्यालय : कालिका संस्कृत विद्यापीठ, गैडाकोट, नवलपरासी

आवास : गैडाकोट नगरपालिका-१, विकासचोक, नवलपरासी

सम्पर्क : ९८४९२७९४३१ *dhakalmatip@gmail.com*



आस्था आगम प्रकाशन

गैडाकोट, नवलपरासी